
"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र सञ्चार: समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# हाम्रो तिलागुफा

## विद्यालय शिक्षाको स्थानीय पाठ्यक्रम-२०८१

## (आधारभूत तह १-८)




तिलागुफा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**शिक्षा, युवा तथा खेलकुद शाखा**

गाल्जे, कालिकोट

कर्णाली प्रदेश, नेपाल

**प्रकाशक**
तिलागुफा नगरपालिका
शिक्षा, युवा तथा खेलकूद शाखा, गाल्जे, कालीकोट ।
प्रथम संस्करण - २०८१

सार्वाधिकार © : प्रकाशकमा निहित

मुद्रण प्रति : ५००

**ले-आउट**
इन्द्रजित पहाडी
E-mail: pahadi427@gmail.com

**मुद्रक:**
अस्मिता प्रिन्टिङ्ग (अफ्सेट) प्रेस
वीरेन्द्रनगर, सुर्खेत ।
E-mail: asmitaoffsetskt@gmail.com

**पाठ्यक्रम निर्माण सल्लाहकार एवम् सुझाव समिति**

श्री शंकर प्रशाद उपाध्याय - नगर प्रमुख

श्री महेन्द्र बहादुर शाही - नगर उपप्रमुख

श्री पर्वलाल शाही - सामाजिक विकास समिति संयोजक

श्री देवकिरण बुढा - प्रमुख प्रशासकीय अधिकृत

श्री प्रकाशचन्द्र धिताल - निमित्त इकाइ प्रमुख, शिक्षा विकास तथा समन्वय इकाइ, कालिकोट ।

**पाठ्यक्रम निर्माण कार्यदल:**

श्री लिलाराज बम - संयोजक (शिक्षा अधिकृत, छैठौं)

श्री नरदीप शाही - सदस्य (प्रधानाध्यापक, श्री महादेव माध्यमिक विद्यालय, फोइकोट)

श्री वसन्त कुमार उपाध्याय - सदस्य (प्रधानाध्यापक, श्री शिवालय माध्यमिक विद्यालय, चिल्खाया)

श्री धर्मराज शर्मा - सदस्य (प्रधानाध्यापक, श्री सत्यदेवी माध्यमिक विद्यालय, जुविथा)

श्री खगेन्द्र बहादुर शाही - सदस्य (प्रधानाध्यापक, श्री कालीका माध्यमिक विद्यालय, राँचुली)

श्री देवीभक्त न्यौपाने - सदस्य (प्रधानाध्यापक, श्री कालीका माध्यमिक विद्यालय, खल्ला)

श्री शिव प्रसाद उपाध्याय - सदस्य (प्रधानाध्यापक, श्री नैनेलदेव माध्यमिक विद्यालय, ओखरभिट्टा)

श्री वीर वलभद्र विश्वकर्मा - सदस्य (प्रधानाध्यापक, श्री दुर्गा माध्यमिक विद्यालय, रतडा)

श्री राई बहादुर शाही - सदस्य (प्रधानाध्यापक, श्री राष्ट्रिय माध्यमिक विद्यालय, ढिम्निया)

श्री लक्ष्मी परियार - सदस्य (प्रधानाध्यापक, श्री महादेव माध्यमिक विद्यालय, रुडु)

श्री राजेन्द्र बहादुर शाही - सदस्य (प्रधानाध्यापक, श्री कालीका माध्यमिक विद्यालय, छाप्रे)

श्री बल बहादुर बुढा - सदस्य (प्रधानाध्यापक, श्री मालिमा माध्यमिक विद्यालय, नाग्म)

श्री तुलशा पाण्डे - सदस्य (प्रधानाध्यापक, श्री जगनाथ आधारभूत विद्यालय, घडेरा)

श्री हिरा उपाध्याय - सदस्य (प्रधानाध्यापक, श्री कालीका आधारभूत विद्यालय, ढाँडभिग्म)

श्री नबीन्द्र बहादुर हमाल - सदस्य सचिव (शैक्षिक स्रोत व्यक्ति)

**स्थानीय पाठ्यक्रम - २०८१**

पाठ्यक्रमको शीर्षक : हाम्रो तिलागुफा

पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक

तह : आधारभूत (कक्षा १-८)

पूर्णाङ्क : १००

साप्ताहिक पाठ्यघण्टा : कक्षा १-३ (साप्ताहिक ५ पाठ्यघण्टा)
कक्षा ४-८ (साप्ताहिक ४ पाठ्यघण्टा)

जम्मा वार्षिक कार्यघण्टा : कक्षा १-३ (१६० घण्टा)
कक्षा ४-८ (१२८ घण्टा)

# भूमिका

पाठ्यक्रम सिकारु तथा शिक्षकका लागि के र कसरी सिक्न सिकाउन पर्छ भनी निर्दिष्ट गरिएको मार्गदर्शन हो । यो एक वृहत योजना भएकाले यसमा उद्देश्य, विषयवस्तु, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन जस्ता पाठ्यक्रमका आधारभूत तत्वहरुलाई अनिवार्य रुपमा समावेश गरिएको हुन्छ । यस सन्दर्भमा स्थानीय पाठ्यक्रम पनि सो तथ्यको अपवाद हुन सक्दैन । भनाईको तात्पर्य स्थानीय पाठ्यक्रमले पनि पाठ्यक्रमका आधारभूत तत्वहरुलाई आत्मसाथ गर्न सक्नु पर्दछ । केन्द्रीय स्तरबाट विकसित पाठ्यक्रमबाट मात्र विविधतायुक्त समाजका सबै आवश्यकता पूरा नहुने हुँदा त्यस्ता आवश्यकताहरुको मानव समाजको सबै भन्दा तल्लो तह अथवा स्थानीय स्तरमा परिपूर्ति गर्ने हेतुले स्थानीय पाठ्यक्रमको विकास हुन पुगेको हो । स्थानीय सरोकारवालाले आवश्यक ठानेका विषयवस्तुलाई समेटी उनीहरुकै स्रोत, विज्ञता र सक्रिय सहभागितामा तयार गरिएको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रम भनिन्छ । हाल विश्वव्यापीकरणको तीव्रतर प्रतिस्पर्धाले स्थानीय परिवेश ओझेलमा पर्ने खतरा बढ्दै गएकाले स्थानीय पाठ्यक्रमको आवश्यकता झन टड्कारो रुपमा महशुश गर्न थालिएको छ । यसै आवश्यकतालाई मध्यनजर गर्दै राष्ट्रिय पाठयक्रम प्रारुप, २०७६ ले आधारभूत तह कक्षा १-३ मा मातृभाषिक सीप वा स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप अन्तर्गत १०० पूर्णाङ्क, कक्षा ४-५ मा मातृभाषा वा स्थानीय विषय अन्तर्गत १०० पूर्णाङ्क र कक्षा ६-८ मा मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा अन्तर्गत १०० पूर्णाङ्क रहने गरी स्थानीय पाठ्यक्रमलाई महत्व दिएको पाइन्छ । सोही अनुरुप तिलागुफा नगरपालिकाले पनि यहाँको स्थानीय परिवेश (विशेष गरी धार्मिक, साँस्कृतिक, कृषि, पर्यटन र प्राकृतिक स्रोत साधन) लाई समेट्ने गरी आधारभूत तह कक्षा १ देखि ८ सम्मका लागि १०० पूर्णाङ्कको **"हाम्रो तिलागुफा"** नामक स्थानीय विषयको पाठ्यक्रम निर्माण गरेको छ ।

स्थानीयस्तरमा स्थानीय परिवेशलाई ध्यानमा राखी कार्य गर्न विद्यार्थीहरुलाई प्रोत्साहन गर्न स्थानीय पाठ्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने हुँदा यसको निर्माण अपरिहार्य हुन पुगेको हो । राष्ट्रिय पाठ्यक्रमले सुक्ष्मरुपले समेट्न नसकेका स्थानीय महत्वका विषयवस्तुलाई समेटी स्थानीय पाठ्यक्रम निर्माण गरिने हुँदा यसमा स्थानीयता र स्थानीयकरणलाई सदैव अग्रभागमा राखिएको हुन्छ । विद्यालय तहका माथिल्ला कक्षा तथा उच्च शिक्षाका कक्षाहरुको अध्ययन पश्चात पनि विद्यार्थीहरुले आफनो स्थानीय परम्परा रीतिरिवाज धर्म, कला संस्कृति भेषभूषा रहनसहन चाडपर्व आदि नबिर्सिउन र यस्ता परिवेश तथा अवस्थासँग सहजरुपमा समायोजन हुन सकुन भन्ने हेतुले तिलागुफा नगरपालिकाले कक्षा १ देखि ८ सम्मका लागि १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निमार्ण गर्नु परेको हो । आधारभूत तहको शिक्षा आफैमा समग्र शिक्षा प्रणालीको आधारशिला भएकाले यस तहका लागि निर्माण गरिएको हाम्रो तिलागुफा नामक स्थानीय विषयको पाठ्यक्रमको माध्यमाद्वारा कलिला बालबालिकाको मानसपटलमा भोलिको असल समाज निर्माणका लागि सचित्र छवि बिजारोपण गर्न सकियोस्, देशका संवाहकका रुपमा रहेका आजका मुनाहरुमा विदेश पलायनको सोच मात्र नपलाओस्, देशभक्ति र राष्ट्रियताको भावना जागृत होस् र स्थानीय श्रम र सिप प्रति उच्च आदरभावको विकास हुन सकोस भन्ने अपेक्षा गरिएको छ ।

स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनद्वारा यस नगरपालिका अन्तर्गत रहेका धार्मिक, ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक तथा पर्यटकीय महत्त्व र कृषिका हिसाबले संभावना बोकेका प्रमुख स्थलहरुको संरक्षण र संवर्धन गर्ने अधिकतम् प्रयास गरिएको छ । यसलाई बहुआयामिक, समयानुकूल, व्यावहारिक र प्रयोगात्मक रुपमा प्रस्तुत गरेर विद्यार्थीहरुका लागि अझ उपयोगी बनाउन स्थानीय शैक्षिक सरोकारवाला तथा अन्य सबै सरोकारवालासँग प्रत्यक्ष तथा परोक्ष रुपमा आगामि दिनहरुमा अन्तक्रियात्माक तथा अन्य आवश्यक कार्यक्रमहरु जारी राखिनेछ । पाठ्यक्रम निर्माण कार्यलाई वैज्ञानिक र व्यवस्थित बनाउन विषयवस्तुको क्षेत्र

र क्रमलाई कक्षागतरुपमा क्षितीजीय तथा लम्बीय संगठनका आधारमा संगठित गर्न हरसम्भव प्रयास गरिएको छ । साथै यस पाठ्यक्रमको यथोचित कार्यान्वयनका लागि कक्षा १ देखि ८ सम्मका लागि आवश्यक पर्ने पाठ्यपुस्तकका लागि यथाशक्य चाँडो त्यस्ता पाठ्यपुस्तकहरूको विकास तथा निर्माण कार्यका लागि पहल कदमी समेत अगाडि बढाइनेछ ।

यो पाठ्यक्रम नगर प्रमुख श्री शंकर प्रसाद उपाध्याय, उप प्रमुख श्री महेन्द्र बहादुर शाही, प्रमुख प्रशासकीय अधिकृत श्री देवकिरण बुढा, कार्यपालिका सदस्यहरू, नगर शिक्षा समिति, पाठ्यक्रम निर्माण कार्यदलका संयोजक श्री लिलाराज बम र समग्र कार्यदल एवं समस्त कर्मचारी, शैक्षिक सरोकारवालाहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षकवर्ग, विद्यार्थीहरू र अन्य सरोकारवालाहरुसँग प्रत्यक्ष बहस, छलफल, प्रश्नोत्तर, अन्तर्वार्ता, अन्तर्क्रिया र सहमतिबाट तयार पारिएको हो । यस पाठ्यक्रमको प्रारम्भिक मस्यौदा लेखन कार्यमा आफनो अमुल्य समय दिई सहयोग गर्नुहुने शिक्षा पत्रकार समूहका केन्द्रीय अध्यक्ष कृष्ण मल्ल, प्रशिक्षक गोपाल बश्याल र शिक्षा पत्रकार समूह, कर्णाली प्रदेश सदस्य दीपकजंग शाही र त्यसै गरी किर्डाक नेपाल, धनडा कार्यालय, कालिकोटका शिक्षा कार्यक्रम संयोजक कृपाराज जोशीलाई विशेष धन्यवाद तथा कृतज्ञता प्रदान गरिन्छ । पाठ्यक्रमलाई मूर्त रुप दिई प्राविधिक तथा प्रकाशन कार्यमा उल्लेखनीय योगदान गर्नु हुने अस्मिता प्रिन्टिङ्ग (अफ्सेट) प्रेस, सुर्खेतलाई हार्दिक धन्यवाद दिन चाहान्छौं ।

अन्तमा यस कार्यमा सहयोग गर्नुहुने सम्पुर्णमा हृदयदेखि नै धन्यवाद सहित कृतज्ञता व्यक्त गर्न चाहन्छौं ।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदल
**तिलागुफा नगरपालिका**
**शिक्षा, युवा तथा खेलकुद शाखा**
गाल्जे, कालीकोट
कर्णाली प्रदेश, नेपाल

## शुभकामना

"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र सञ्चार: समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार" भन्ने नारालाई आत्मसात् गरी **"हाम्रो तिलागुफा"** नामक स्थानीय पाठ्यक्रम विकास गरी आधारभूत तह कक्षा १ देखि ८ सम्म शैक्षिक सत्र २०८१ देखि लागू गर्नेगरी निर्माण गरिएको छ । शिक्षालाई व्यावहारिक र जीविकोपार्जनको साधनको रुपमा विकास गराउनुका साथै विद्यार्थीहरुको मानसिक क्षितिजलाई समेत फराकिलो पार्ने हेतुले कुनै पनि पाठ्यक्रम निर्माण गरिनु पर्दछ । स्थानीय पाठ्यक्रमको चर्चा गर्दा यसले विशेष गरी स्थानीय आवश्यकताको पहिचान र सोको सम्बोधन गर्ने मूल उद्देश्य राख्दछ । हाम्रो तिलागुफा नामक स्थानीय पाठ्यक्रम निर्माणका क्रममा तिलागुफा नरपालिका भित्रका शैक्षिक, प्राज्ञिक, बौद्धिक तथा अन्य सरोकारवालाहरुसँग आवश्यक छलफल गरी छलफलबाट प्राप्त रचनात्मक र सिर्जनात्मक सुझावहरुलाई शिरोधार्य गरी पाठ्यक्रममा समावेश गर्न गरिएको प्रयास अत्यन्तै सराहनीय छ । पाठ्यक्रम एक गतिशील दस्तावेज भएकाले यसमा हाललाई समेट्न नसकिएका कतिपय विषयवस्तुलाई आगामी दिनहरुमा समेट्न सकिने र समेटिएका कतिपय विषयवस्तु समयको गति सँगै असान्दर्भिक हुने भएकाले पाठ्यक्रम निर्माण प्रक्रियालाई एक लचिलो प्रक्रियाका रुपमा लिन सकिन्छ ।

केन्द्र निर्मित पाठ्यक्रमले मात्र सबै आवश्यकता परिपूर्ति गर्न नसक्ने हुँदा स्थानीय पाठ्यक्रमको अवधारणाको विकास हुन पुगेको हो । अर्को शब्दमा भन्नुपर्दा स्थानीयस्तरका आवश्यकता परिपूर्तिका साथै स्थानीय सम्भाव्यता अध्ययन गर्नका लागि समेत स्थानीय पाठ्यक्रम आवश्यक हुन जान्छ । विज्ञान र प्रविधिको द्रुततर विकासले गर्दा स्थानीय परम्परा, संस्कृति, रीतिरिवाज, भाषा, स्रोत साधन, धर्म, ऐतिहासिकता आदि ओझेलमा पर्ने खतरा बढ्दै गईरहेको हालको अवस्थामा स्थानीय पाठ्यक्रमको सान्दर्भिकता झन बढ्दै गईरहेको छ । यस सन्दर्भमा **"हाम्रो तिलागुफा"** नामक स्थानीय विषयको पाठ्यक्रमले तिलागुफा नगरपालिकाको समग्र स्थानीय परिवेशलाई प्रतिनिधित्व गर्न सकोस् र विद्यार्थी भाइबहिनीहरुमा समेत सोको अपनत्व बोध भई दैनिक जीवनमा त्यसको उपयोग हुन सकोस् भन्ने अपेक्षा लिएको छु ।

अन्त्यमा पाठ्यक्रम निर्माण सल्लाहाकार एवम् सुझाव समिति तथा नगर प्रमुखको हैसियतले पाठ्यक्रम निर्माण कार्यदल र सरोकारवाला अन्य सबैले पाठ्यक्रम निर्माणका क्रममा गर्नु भएको योगदानलाई उच्च कदर गर्दै वहाँहरु प्रति हार्दिक आभार सहित धन्यवाद प्रकट गर्न चाहन्छु र निर्मित पाठ्यक्रमको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्न चाहन्छु ।

..............................

**शंकर प्रशाद उपाध्याय**

**(नगर प्रमुख)**

## शुभकामना

"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र सञ्चार: समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार" भन्ने नारालाई आत्मसात् गर्दै असल र गुणस्तरीय शिक्षाको माध्यमबाट समाज र राष्ट्रको आवश्यकता अनुसार दक्ष र क्षमतावान मानव संसाधनको विकास गरी समृद्ध नेपाल, सुखी नेपालीको दिर्घकालीन सोच पूरा गर्न सकिन्छ। गुणस्तरीय शिक्षाको माध्यमद्वारा नै अहिलेको युगमा साँचो अर्थमा सामाजिक-आर्थिक रुपान्तरण सम्भव छ। साँचो अर्थमा सामाजिक-आर्थिक रुपान्तरण प्राप्त गर्नका लागि शिक्षा प्रणालीको महत्वपूर्ण अवयव्का रुपमा रहने पाठ्यक्रमलाई कदापि बिर्सन सकिदैन। यसमा पनि विद्यालय शिक्षाको पाठ्यक्रम अन्य पाठ्यक्रमको आधारशीलाको रुपमा रहने हुँदा यसलाई विशेष महत्वको रुपमा हेर्नुपर्दछ।

पाठ्यक्रम विकास केन्द्रबाट निर्मित विद्यालय शिक्षाको पाठ्यक्रमका अतिरिक्त स्थानीयस्तरमा निर्माण हुने पाठ्यक्रमको पनि त्यतिकै महत्व हुन जान्छ। राष्ट्रिय पाठ्यक्र प्रारुप, २०७६ का अनुसार आधारभूत तह कक्षा १-८ मा केन्द्रबाट निर्माण हुने अन्य विषयका पाठ्यक्रमका अतिरिक्त १०० पूर्णाङ्को स्थानीय विषयको पाठ्यक्रम स्थानीय तहले नै निर्माण गरी लागू गर्न सक्ने प्रावधान रहेको छ। सोही प्रावधान बमोजिम तिलागुफा नगरपालिकाले शैक्षिक सत्र २०८१ देखि माथि उल्लिखित तहमा लागू हुने गरी **"हाम्रो तिलागुफा"** नामक स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयनमा ल्याएको छ। स्थानीय परिवेशलाई ध्यानमा राखी निर्माण गरिएको यो पाठ्यक्रम तिलागुफा नगरपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुमा एकै साथ लागू हुनेछ। यो पाठ्यक्रमको कार्यान्वयन पश्चात् आधारभूत तह कक्षा १-८ का सम्पूर्ण विद्यार्थी भाइबहिनीहरुमा तिलागुफा नगरपालिकाको समग्र स्थानीयताका विषयमा ज्ञान प्राप्त हुने र सो ज्ञानलाई उनीहरुले आफ्नो वास्तविक जीवनमा रुपान्तरण समेत गर्न सक्षम हुनेछन् भन्ने मैले दृढ विश्वास लिएको छु।

अन्त्यमा पाठ्यक्रम निर्माण सल्लाहकार एवम् सुझाव समिति तथा नगर उपप्रमुखको हैसियतले पाठ्यक्रम निर्माण कार्यदलका सम्पूर्ण सदस्य तथा अन्य व्यक्तित्वहरुलाई यो पाठ्यक्रम निर्माण कार्यमा उच्च योगदान गर्नु भएकोमा हृदय देखि नै धन्यवाद प्रकटका साथै निर्मित पाठ्यक्रमको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्न चाहन्छु।

..................................

**महेन्द्र बहादुर शाही**
**(नगर उपप्रमुख)**

## शुभकामना

पाठ्यक्रम समग्र शिक्षा प्रणालीको मेरुदण्ड हो । पाठ्यक्रम बिनाको शिक्षा प्रणाली गन्तव्य बिनाको यात्री सरह हुने भएकाले कुनै पनि शिक्षा प्रणालीलाई उचित तवरले मार्गदर्शन गर्ने एकमात्र दस्तावेज पाठ्यक्रम हो । तसर्थ पाठ्यक्रम एक यस्तो दस्तावेज हो, जसले समग्र शिक्षा प्रणालीले राखेका उद्देश्यहरुलाई प्राप्त गर्नमा महत्वपूर्ण भूमिका खेल्दछ । यहाँ पाठ्यक्रमको कुरा गर्दा विशेष गरी विद्यालय शिक्षाको पाठ्यक्रमलाई इङ्गित गर्न खोजिएको हो । विद्यालय शिक्षाको पाठ्यक्रम समग्र शिक्षा प्रणालीको आधारशिलाको रुपमा रहने हुनाले यसलाई विशेष महत्वका साथ हेरिनु पर्दछ । अर्को शब्दमा भन्नुपर्दा विद्यालय शिक्षाको पाठ्यक्रम एक यस्तो पाठ्यक्रम हो, जसले माथिल्लो तहको शिक्षा प्रणालीका पाठ्यक्रमहरुलाई समेत प्रभाव पार्ने गर्दछ ।

पाठ्यक्रम निर्माणका सम्बन्धमा केन्द्रस्तरबाट निर्मित पाठ्यक्रम नै हाल बढी प्रचलनमा रहेको पाइन्छ । यस अर्थमा केन्द्रबाट निर्मित पाठ्यक्रमले मात्र तल्लो तह अथवा स्थानीयस्तरका समग्र आवश्यकतालाई परिपूर्ति गर्न नसक्ने अवस्था छर्लङ्गै छ । त्यसैले मौजुदा कानुन तथा अन्य नीतिगत व्यवस्था अनुसार स्थानीय तहहरुले आधारभूत तह कक्षा १-८ सम्मका लागि १०० पूर्णाङ्कको स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी लागू गर्न सकिने प्रावधान रहेको छ । सोही प्रावधान अनुसार तिलागुफा नगरपालिकाले शैक्षिक सत्र २०८१ देखि कार्यान्वयनमा आउने गरी आधारभूत तह कक्षा १-८ सम्मका लागि **"हाम्रो तिलागुफा"** नामक स्थानीय विषयको पाठ्यक्रम ल्याएको छ । प्रस्तुत पाठ्यक्रमको माध्यमद्वारा आधारभूत तह कक्षा १-८ सम्म अध्ययनरत भाइबहिनीहरुमा तिलागुफा नगरपालिकाको स्थानीय परिवेश र सन्दर्भको अपनत्व बोध भई यहाँका स्थानीय परम्परा, रीतिरिवाज, धर्म, संस्कृति, भाषा, प्राकृतिक सम्पदा, पर्यटकीय स्थल, कृषि उपज आदिको अन्तस्करण हुने दृढ विश्वास लिएको छु । विश्वव्यापीकरणको तीव्र गतिसँगै स्थानीय परिवेशलाई ओझेलमा पर्न नदिन यो पाठ्यक्रमले महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास समेत लिएको छु । अहिलेको सन्दर्भमा विश्वस्तरमा सोच्ने र स्थानीयस्तरमा कार्य गर्ने (Think Globally, Act Locally) भन्ने उक्तिलाई आत्मसात् गर्न जरुरी छ । त्यसैले स्थानीय पाठ्यक्रमको माध्यमद्वारा एकातिर विद्यार्थी भाइबहिनीहरुको मानसिक क्षितिज फराकिलो बनाउनु छ भने अर्कोतिर स्थानीय परिवेशप्रति आदरभाव समेत जागृत गराउनु छ ।

अन्तमा यो पाठ्यक्रम निर्माणमा सल्लाह, सुझाव, हौसला र प्रेरणा प्रदान गर्नुहुने नगर प्रमुख शंकर प्रसाद उपाध्याय, उपप्रमुख महेन्द्र बहादुर शाही, प्रमुख प्रशासकीय अधिकृत देवकिरण बुढा, निमित्त शिक्षा विकास तथा समन्वय इकाई प्रमुख प्रकाशचन्द्र धिताल, शैक्षणिक स्रोत व्यक्ति नबीन्द्र बहादुर हमाल लगायत सम्पूर्ण व्यक्तित्वहरुमा हृदय देखि नै आभार प्रकट गर्न चाहन्छु । साथै निर्मित पाठ्यक्रमको सफल कार्यान्वयनको शुभकामना समेत व्यक्त गर्न चाहन्छु ।

..........................

**लिलाराज बम**

शिक्षा अधिकृत (छैठौं)

# विषय-सूची


**भाग : एक**

**स्थानीय पाठ्यक्रमको आवधारणा**

१. स्थानीय पाठ्यक्रमको परिचय १

२. स्थानीय पाठ्यक्रमको महत्त्व र विशेषता १

३. स्थानीय पाठ्यक्रमको सम्बन्धमा भएका व्यवस्था २

३.१ नेपालको संविधान २

३.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ २

३.३ पन्ध्रौं योजना (२०७६/०७७-२०७९/०८०) २

३.४ राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३ ३

३.५ राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ३

३.६ स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६ ४

**भागः दुई**

**हाम्रो तिलागुफा**

१. परिचय ५

२. पाठ्यक्रम निर्माणको सन्दर्भ र औचित्य ५

३. पाठ्यक्रम निर्माणमा अवलम्बन गरिएका सिद्धान्तहरू ७

४. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्यहरू ७

५. विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना ८

६. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना ८

६.१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना ८

६.२ आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम संरचना ९

६.३ आधारभूत तह (कक्षा ४-५) को पाठ्यक्रम संरचना ९

६.४ आधारभूत तह (कक्षा ६-८) को पाठ्यक्रम संरचना (साधारण) ९

७. तहगत सक्षमताहरु ९

८. पाठ्यभार ११

**भाग : तीन**

९. कक्षागत सिकाइ उपलब्धि १२

९.१ कक्षा १-३ १२

९.२ कक्षा ४-५ १६

**भाग : चार**

१०. विषयवस्तुको क्षेत्र र क्रम २५

१०.१ कक्षा १-३ २५

१०.२ कक्षा ४-५ २८

१०.३ कक्षा ६-८ ३०

**भाग : पाँच**

११. विषयवस्तुको विस्तृतीकरण, सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप र सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया ३४

**भाग : छ**

१२. प्रयोगात्मक तथा परियोजना कार्य (यहाँ दिइएका कतिपय परियोजना वा प्रयोगात्मक कार्य विषयवस्तुको विस्तृतीकरण खण्डमा पनि परेका छन् । शिक्षण र मूल्याङ्कनका क्रममा यी कार्यहरुको प्रयोग गर्नु आवश्यक हुन्छ) ९४

**भाग : सात**

१३. सिकाइ सहजीकरण विधि र प्रक्रिया ११२

**भाग : आठ**

१४. विद्यार्थी मूल्याङ्कन ११६

अनुसूचीहरु १२५

## भाग : एक
## स्थानीय पाठ्यक्रमको आवधारणा

**१. स्थानीय पाठ्यक्रमको परिचय**

केन्द्रबाट तय हुने पाठ्यक्रमले स्थानीय आवश्यकतालाई पूर्णरुपमा समेट्न सक्दैन भन्ने मान्यताको आधारमा स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो । नेपाल एक बहुजाति, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विषेशता भएको मूलुक हो । हरेक ठाउँको स्थानीय परिवेश अलग अलग हुन सक्छ । त्यसैले स्थानीय आवश्यकताका विषयवस्तुलाई मनन् गरी त्यहीँका नागरिकको अपनत्व हुने गरी सम्बन्धित सरोकारवालाले स्थानीय ज्ञान, सीप र प्रविधिलाई समेटी विकास गर्ने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यसमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषयवस्तु हुनु पर्दछ, जसले स्थानीय ज्ञानको प्रस्फुटन गर्नुका साथै नवीनतम ज्ञान र सीपको मार्ग दर्शन पहिल्याउन सहयोग गर्दछ । स्थानीय पाठ्यक्रमले स्थानीय स्तरमा रहेका आवश्यकता र चाहनालाई सम्बोधन गरी भोलिका राष्ट्रका संवाहक आजका बालबालिकाहरुलाई स्थानीय परिवेश र सन्दर्भको उपयुक्त पहिचान गर्न सक्षम बनाई आफ्नोपनको महसुस गराउन सक्नुपर्दछ । यसरी निर्माण गरिएको स्थानीय पाठ्यक्रमलाई केन्द्रीय पाठ्यक्रमको खुड्किलोका रुपमा पनि लिन सकिन्छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ का अनुसार, "स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकता अनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।" त्यसैगरी प्राथमिक तहको पाठ्यक्रम निर्माण निर्देशिका अनुसार स्थानीय आवश्यकता, विषय क्षेत्र, विषयवस्तु, शैक्षणिक व्यवस्था र सामाग्रीको निर्माण गरी स्थानीय परिवेशको शिक्षा दिने कुरालाई स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणाको रुपमा स्वीकार गरेको देखिन्छ ।

नेपालको संविधान २०७२ को धारा ३२ मा शिक्षा तथा भाषा तथा संस्कृति सम्बन्धी हकमा (क) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने (ख) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने (ग) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने कुरा उल्लेख गरिएको छ । विद्यालय तह सम्मको शिक्षाको जिम्मेवारी स्थानीय सरकार मातहतमा रहने व्यवस्था गरिएको छ । त्यसै गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को (ज) (१८) मा स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने अधिकार उल्लेख गरिएको छ ।

यसरी माथि उल्लिखित परिभाषा, कानुनी व्यवस्था र अवधारणा अनुसार स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवाला पक्षले आवश्यक ठानेका विषयवस्तुलाई समेटी उनीहरुकै विज्ञता र सक्रियतामा कम लागतमा निर्माण तथा विकास गरिएको पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रमले त्यस समाजका आवश्यकताहरुलाई सम्बोधन गर्दै सिकारुलाई सिकाइप्रति उत्प्रेरित गर्दछ । यसले सिकाइमा स्थायित्व र व्यावहारिकता प्रदान गर्दछ । स्थानीय परम्परा, मूल्य, मान्यता, धर्म, संस्कृति, कला, सिप, रीतिरिवाज, भेषभूषा, प्राकृतिक स्रोत साधन, रैथाने अन्न बाली आदिलाई जगेर्ना गर्नु स्थानीय पाठ्यक्रमको सबैभन्दा महत्वपुर्ण कार्य हो ।

**२. स्थानीय पाठ्यक्रमको महत्त्व र विशेषता :**

स्थानीय पाठ्यक्रम प्रारुप, २०७१ ले स्थानीय पाठ्यक्रमको महत्व एवम् विशेषताहरुलाई देहाय अनुसार उल्लेख गरेको पाइन्छ ।

- स्थानीय आवश्यकताको परिपूर्ति गर्ने ।
- स्थानीय मागमा आधारित हुने ।
- स्थानीय स्रोत, साधन, सिप र विज्ञताको उपयोग गर्ने ।
- स्थानीयस्तरमा सिक्ने र सिकाउनेको सहभागिता सुनिश्चित गर्ने ।
- पाठ्यक्रमप्रति सरोकारवालाको अपनत्वको सिर्जना एवम् विकास हुने ।
- सरोकारवालाको सक्रिय सहभागिता बढ्ने ।
- समावेशीकरण, सहभागिता र निर्णय प्रक्रियामा जनअपेक्षाले स्थान पाउने ।
- रोगजार तथा स्वरोजगारका अवसरहरु सिर्जना गर्ने ।
- व्यवहारिक पक्षलाई जोड दिने ।
- विद्यार्थी केन्द्रित प्रयोगात्मक विधिमा जोड दिने ।
- स्थानीयकरणले शिक्षकको सक्षमता र दक्षता अभिवृद्धि हुने ।

### ३. स्थानीय पाठ्यक्रमको सम्बन्धमा भएका व्यवस्थाः

स्थानीय पाठ्यक्रमलाई अवधारणागत रुपमा प्रष्ट्याउने क्रममा नेपालका विभिन्न दस्तावेजमा स्थानीय पाठ्यक्रम सम्बन्धी उल्लेख भएका प्रावधानहरुलाई हेर्नु सान्दर्भिक हुन्छ । यस्ता प्रावधानहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### ३.१ नेपालको संविधान

नेपालको संविधान २०७२ को भाग ३ को धारा ३१, उपधारा (५) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विधालय तथा शैक्षिक संस्था खोल्ने सञ्चालन गर्ने हक हुने छ भन्ने प्रावधान रहेको छ। यसै गरी धारा ३२ मा भाषा तथा संस्कृति सम्बन्धी हकमा (क) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने (ख) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने (ग) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने कुरा उल्लेख गरिएको छ ।

### ३.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन सम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई इङ्गीत गरेको छ। त्यस्तै उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरिएको छ ।

### ३.३ पन्ध्रौं योजना (२०७६/०७७-२०७९/०८०)

पन्ध्रौं योजनाको उद्देश्य प्राप्तिका लागि परिलक्षित मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सिपमा आधारित पाठ्यक्रम मार्फत सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने रणनीतिलाई विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गर्नुका साथै आधारभूत तह कक्षा १-३ को एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्दै आधारभूत तहको शिक्षण सिकाइका लागि आवश्यकता

अनुसार माध्यम भाषाको रुपमा मातृभाषा वा स्थानीय भाषा वा नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाई संघीय तहबाट तोकिएको मापदण्ड बमोजिम विद्यालय तहको स्थानीय पाठ्यक्रम तथा पाठ्यसामाग्री स्थानीय तहबाट विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गरिने छ भन्ने कार्यनीति मार्फत प्राप्त गर्ने व्यवस्था गरिएको छ ।

### ३.४ राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३

नेपाल सरकारले विद्यालय शिक्षा पाठ्यक्रमको मूल दस्तावेजका रुपमा २०६३ सालमा राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३ तयार गरेको थियो । पाठ्यक्रम स्थानीय आवश्यकतामा आधारित बनाउनुपर्ने कुराले विश्वव्यापी मान्यता पाइसकेकाले नेपालमा पनि सो सम्बन्धमा निम्नानुसारका अभ्यास हुन थालेको पाइन्छ भनी यस प्रारुपले उल्लेख गरेको थियो :

(क) स्थानीय पाठ्यक्रमका सामान्य पथ प्रदर्शनका सिद्धान्त तयार गर्ने र त्यसैका आधारमा थप विषयवस्तु स्थानीय तहमा समावेश गर्ने ।

(ख) केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यभारका लागि विषयवस्तु छनोट देखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने ।

(ग) स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्बोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्ने ।

### ३.५ राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १-३ मा साप्ताहिक पाठ्यभार ५ अर्थात वार्षिक १६० कार्यघण्टा र कक्षा ४-८ मा साप्ताहिक पाठ्यभार ४ अर्थात वार्षिक १२८ कार्यघण्टा छुट्टयाइएको छ । यस प्रारुपमा स्थानीय पाठ्यक्रमका सम्बन्धमा निम्नलिखित कुरा उल्लेख गरिएको पाइन्छ :

(क) स्थानीय आवश्यकताको पहिचानका लागि स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिनेछ ।

(ख) राष्ट्रिय पाठ्यक्रमको ढाँचाको आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिनेछ ।

(ग) स्थानीय पाठ्यक्रममा आवश्यकता अनुसार विषयवस्तुहरु परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिनेछ ।

(घ) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिनेछ ।

(ङ) राष्ट्रिय पाठ्यक्रमको संरचना भित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रुपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ ।

(च) स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ ।

(छ) स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रम सम्बद्ध संरचनाबाट हुने छ ।

### ३.६ स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६

यस मार्गदर्शनले स्थानीय पाठ्यक्रममा निम्नलिखित तीन पक्ष हुनुपर्छ भनी स्पष्ट पारेको छ ।

(क) स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकतामा आधारित हुनुपर्छ ।

(ख) स्थानीय पाठ्क्रमले स्थानीय विषयवस्तुलाई समावेश गर्नुपर्छ ।

(ग) स्थानीय पाठ्यक्रमले स्थानीय सहभागिता सुनिश्चित गर्नुपर्छ र स्थानीय विज्ञहरुलाई प्रयोग गर्नुपर्छ ।

**विशेष गरी, यस मार्गदर्शनले स्थानीय पाठ्यक्रमको विकास गर्न निम्न लिखित बुँदाहरु सिफारिस गरेको छ :**

(क) स्थानीय रुपमा अभिव्यक्त रुचि तथा आवश्यकताहरुमा जोड दिने ।

(ख) स्थानीय सन्दर्भ र विषयवस्तुहरुलाई आधार बनाउने ।

(ग) स्थानीयस्तरमा नै स्थानीय समुदायका व्यक्तिहरुद्वारा विकास गर्ने ।

(घ) स्थानीय जनशक्ति तथा भौतिक स्रोतहरुको उपयोग गर्ने ।

(ङ) स्थानीय सरोकारवालाहरुद्वारा पाठ्यक्रमको स्वामित्व लिन प्रोत्साहित गर्ने ।

(च) स्थानीय पाठ्यक्रमले कसरी पहुँच, समावेशिता र सिकाइको वृद्धि गर्छ भन्ने कुरामा केन्द्रित हुने ।

(छ) विद्यालय र समुदायबीचको बढ्दो सम्बन्धालाई सघाउने ।

(ज) सिकाइका लागि कम खर्च लाग्ने र खर्च नलाग्ने स्थानीय उपलब्ध सामग्रीको प्रयोगलाई प्रोत्साहित गर्ने, त्यसभन्दा पनि बढी, सिकाइमा स्थानीय प्राकृतिक तथा सांस्कृतिक वातावरणको प्रत्यक्ष प्रयोग गर्ने र यसलाई कक्षाकोठाको पढाइसँग आबद्ध गर्ने ।

(झ) विभिन्न सरोकारवालाहरुबीचको सक्रिय सहभागिता तथा सहकार्यमा सघाउने ।

## भागः दुई
## हाम्रो तिलागुफा

### १. परिचय

पाठ्यक्रम राष्ट्को शिक्षा नीति र राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्देश गरे अनुसारका लक्ष्य तथा प्रक्रियाहरू अनुरुप शिक्षा पद्धति सञ्चालनका लागि निर्माण गरिन्छ । पाठ्यक्रमले विद्यालय शिक्षाको निश्चित कक्षा वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरूले हासिल गर्ने सक्षमता, यसका लागि आवश्यक सिकाइ उपलब्धि, ती प्राप्तिका लागि आवश्यक विषयवस्तु, शिक्षणसिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी सिकाइ मूल्याङ्कनका लागि आवश्यक निर्देशन प्रदान गर्दछ । हाम्रो तिलागुफा नामक स्थानीय पाठ्यक्रम नेपाल सरकारबाट लागू गरिएका राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ हाल कार्यान्वयनमा रहेका विद्यालय शिक्षाका विभिन्न तहगत पाठ्यक्रमहरू र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले निर्देशित गरेका प्रावधानअनुसार स्थानीय विषयवस्तु, स्रोत र सहभागिताका आधारमा तयार गरिएको एक गतिशील शैक्षिक दस्तावेज हो ।

हाम्रो तिलागुफा नामक (आधारभूत तह कक्षा १-८) स्थानीय पाठ्यक्रम तिलागुफा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/३/८ गतेको बैठकको निर्णयानुसार स्वीकृत भई शैक्षिक सत्र २०८१ देखि लागू गरिएको हो । यो पाठ्यक्रम तिलागुफा नगरपालिका अन्तर्गत सञ्चालित सबै सामुदायिक एवम् संस्थागत विद्यालयहरूमा पठनपाठन गर्ने गरी लागू गरिएको छ ।

यस पाठ्यक्रममा आधारभूत तहका अन्य पाठ्यक्रमहरूमा व्यवस्था भए अनुसारको वार्षिक पाठ्यघण्टा, विषयक्षेत्र, कार्यघण्टा, स्थानीय विषयवस्तु संरचना,  सिकाई सहजीकरण क्रियाकलाप, व्यवहार कुशल सिप विकास र मूल्याङ्कन विधि समावेश गर्नुका साथै राष्ट्रिय पाठ्यक्रममा समेटिएका तहगत विषयहरूसँग तालमेल मिलाइएको छ । राष्ट्रिय पाठ्यक्रमले निर्देश गरेको कक्षा १-३ को एकिकृत पाठ्यक्रम, कक्षा ४-५ र कक्षा ६-८ को पाठ्यक्रम अनुसार मिश्रित ढाँचामा विषयवस्तु संयोजन र मूल्याङ्कन विधि निर्धारण गरी पाठ्यक्रम निर्माणको लम्बीय तथा समतलीय सम्बन्ध स्थापना गरी तदनुरुपका विषयवस्तु निर्धारण गर्नु यस पाठ्यक्रमको अर्को महत्वपुर्ण पक्ष हो ।

### २. पाठ्यक्रम निर्माणको सन्दर्भ र औचित्य

कुनैपनि बालबालिकालाई असल बनाउनु छ भने उनीहरूलाई सानैदेखि तदनुरुपको सिकाइको लागि अवसर प्रदान गर्नुपर्दछ । सिकाइको वातावरण सहज र बालमैत्री हुनुपर्दछ । सिकाइको क्रममा मस्तिष्कको विभिन्न पाटाहरुका अतिरिक्त सिकारुका सबै इन्द्रियहरू क्रियाशील हुनुपर्दछ । बालबालिकाहरूका निम्ति स्वभावको हिसावले समेत सुनेर भन्दा पनि गरेर सिक्ने विधिहरू प्रभावकारी हुन्छन् । बालबालिकाले घरपरिवार र स्थानीय स्तरमा देखेका र भोगेका सरल कुराहरूबाट सिकाइको आरम्भ गर्दा सिकाई दीगो, रुचिपूर्ण र व्यावहारिक हुने गर्दछ । ज्ञानका अतिरिक्त सिप, स्वभाव र श्रमसँग जोडिएको सिकाइले सिकारुलाई असल र अर्थपूर्ण जीवन जिउन प्रेरित गर्दछ । शिक्षा र सिकाइका उर्ललिखित मूल्य मान्यताहरूलाई आत्मसात गरी राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा भएको प्रावधान अनुरुप तिलागुफा नगरपालिकाले "हाम्रो तिलागुफा" नामको स्थानीय पाठ्यक्रमको विकास तथा निर्माण गरेको छ ।

राष्ट्रिय पाठ्यक्रममा समावेश नगरिएका तर बालबालिकाले आफ्नो समुन्नतिका लागि सिक्नै पर्ने विषयवस्तुहरूलाई समेटेर प्रस्तुत स्थानीय पाठ्यक्रमको विकास गरिएको छ। पाठ्यक्रमको मर्मअनुसार हरेक विषयवस्तुसँग सम्बन्धित सिकाइ सक्षमता, सिकाइ उपलब्धि, सिकाइ सहजीकरण क्रियाकलाप, व्यवहार कुशल सिप, मूल्याङ्कन विधि र आवश्यक कार्यघण्टाको बारेमा समेत पाठ्यक्रममा विश्लेषण गरिएको छ। शिक्षण सिकाइ क्रियाकलापहरूको सञ्चालन गर्दा सकेसम्म स्थानीय परिवेश, स्थानीय सिप र स्थानीय विज्ञतालाई समेत सदुपयोग गर्ने यस पाठ्यक्रमको अपेक्षा रहेको छ।

बालबालिकाहरूले आफैले गरेर सिक्ने विधिहरु प्रभावकारी हुने भएको कारण पाठ्यक्रमले सकेसम्म विद्यार्थीले आफैले गरेर सिक्ने गरी प्रयोगात्मक क्रियाकलापहरुको व्यवस्था गरिएको छ। ज्ञानका अतिरिक्त सिप, स्वभाव र श्रमसँग जोडिएको सिकाइले सिकारुलाई असल, अर्थपूर्ण र अत्यन्त खुशी जीवन जिउन प्रेरित गर्दछ।

समग्रमा प्रस्तुत स्थानीय पाठ्यक्रमले आफ्नो संस्कृति र संस्कारहरुतर्फ अभिप्रेरित हुने, बोली, भाषा र आचरणको हिसावले सुसंस्कृत हुने, श्रमको सम्मान गर्दै सानैदेखि श्रमलाई उत्पादनसँग जोड्ने कुरामा क्रियाशील हुने, हाम्रा परम्परादेखि चलिआएका असल आनीबानीहरुलाई आत्मासात गर्दै पूर्वीय दर्शनका आदर्श, मूल्य र मान्यताका आधारमा सकारात्मक किसिमले जिन्दगी जिउने जस्ता सिकाइका पक्षहरुको विकास हुने अपेक्षा गरिएको छ। पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट उल्लिखित सिकाइका पक्षहरुलाई हाम्रा बालबालिकाहरुले आफ्नो जीवनको दिनचर्या बनाई जीवनशैली बदल्न सक्नेछन् भन्ने समेत विश्वास गरिएको छ।

नेपालको हालको संबिधानअनुसार स्थानीय तहको कार्य क्षेत्रअधिकार अन्तर्गत आधारभूत र माध्यमिक तहको शिक्षा रहेको, आधारभूत तह पाठ्यक्रम २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) २०७६ मा स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयन गर्ने व्यवस्था भए अनुसार हाम्रो तिलागुफा नामक (आधारभूत तह कक्षा १-८) स्थानीय विषयको पाठ्यक्रम ल्याइएको छ। यो पाठ्यक्रमको औचित्यलाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ।

(क) स्थानीय आवश्यकता सम्बोधन गरी सिकाइ व्यावहारिक बनाउने।
(ख) स्थानीय ज्ञान, सिप, प्रविधि र अनुभव साटासाट गरी सिकेको ज्ञानलाई उत्पादनमूलक बनाउने।
(ग) स्थानीय कला, संस्कृति, पर्यटकीय स्थान आदिको संरक्षण र संवर्धन गर्ने।
(घ) स्वाबलम्बी र आत्मनिर्भर बनाउने शिक्षामार्फत रोजगार उन्मुख नागरिक तयार गर्ने।
(ङ) श्रमप्रति सम्मान र रोजगारी बृद्धि गरी आयआर्जन गर्न मद्दत गर्ने।
(च) बालमैत्री र जीवनोपयोगी शिक्षाको अवसर प्रदान गर्ने।
(छ) स्थानीय ज्ञान, सिप र प्रविधिको विश्वव्यापीकरण र विश्वव्यापी ज्ञान, सिप र प्रविधिको स्थानीयकरण गर्ने।
(ज) स्थानीय स्तरमा भौगोलिक, सामाजिक र साँस्कृतिक विविधताप्रति सम्मान र स्रोतको उपयोग हुने।
(झ) जीवन र जगतसँग सामञ्जस्यता कायम गरी सुखी, खुसी र समृद्ध जीवनका लागि आधार तयार हुने।
(ञ) पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय अपनत्व प्राप्त हुने।

## ३. पाठ्यक्रम निर्माणमा अवलम्बन गरिएका सिद्धान्तहरू

यो पाठ्यक्रम कक्षा १-३ मा एकिकृत पाठ्यक्रम र कक्षा ४ देखि ८ सम्म मिश्रित पाठ्यक्रमको सिद्धान्तमा आधारित भई निर्माण गरिएको छ । बालकेन्द्रित, परियोजनामा आधारित, ज्ञानको व्यवहारिक प्रयोग र सिर्जनात्मक सिप विकास, सामाजिक साँस्कृतिक विविधता र मूल्यमान्यताप्रति सम्मान, प्राविधिक सिप विकास गर्ने नवीनतम सोचमा आधारित शिक्षा प्रदान गर्ने सक्षमतामा आधारित ढाँचामा यो पाठ्यक्रम निर्माणमा प्रयोग गरिएको छ ।

## ४. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्यहरू

राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार छन् ।

(१) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

(२) राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान, नैतिकवान एवम् जिम्मेवार नागरिक तयार गर्ने,

(३) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने,

(४) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने,

(५) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,

(६) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने,

(७) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

(८) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,

(९) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने,

(१०) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपालको इतिहास र भूगोलको ज्ञान भएको नेपाली पहिचान र जीवनशैली प्रति गौरव गर्ने नागरिक तयार गर्ने,

(११) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने,

(१२) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

## ५. विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना :

विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना देहाय अनुसार रहेको छ ।

तालिका नं. १

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १-३ | ५ दखि ७ वर्ष सम्म | तह १ |
| | कक्षा ४-५ | ८ दखि ९ वर्ष सम्म | तह २ |
| | कक्षा ६-८ | १० दखि १२ वर्ष सम्म | तह ३ |
| माध्यमिक | कक्षा ९-१० | १३ दखि १४ वर्ष सम्म | तह ४ |
| | कक्षा ११-१२ | १५ दखि १६ वर्ष सम्म | तह ५ |

## ६. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

विद्यालय तहको पाठ्यक्रम संरचना निम्नानुसार रहेको छ :

### ६.१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

तालिका नं. २

| क्र.सं. | सिपका क्षेत्रहरू | सिपहरू | वार्षिक समय (घण्टामा) |
|---|---|---|---|
| १. | आधारभूत सिप सिकाइका क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, साँस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सामाजिक सिप | ३८४ |
| २. | विषयगत सिप सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वरपरको वातावरण<br>(ङ) सामाजिक सिप | १९२ |
| | | **जम्मा** | **५७६** |

(उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समय बाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय गरी कम्तीमा दैनिक १ घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुन सक्ने छ) ।

पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा मानिएको छ ।

### ६.२ आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम संरचना

तालिका नं. ३

| क्र.सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २ | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अंग्रेजी) | ४ | १२८ |
| ३ | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप (सेरोफेरो) | ८ | २५६ |
| ५ | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | **जम्मा** | **२६** | **८३२** |

### ६.३ आधारभूत तह (कक्षा ४-५) को पाठ्यक्रम संरचना

तालिका नं. ४

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अंग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| **जम्मा** | | **३२** | **१०२४** |

### ६.४ आधारभूत तह (कक्षा ६-८) को पाठ्यक्रम संरचना (साधारण)

तालिका नं. ५

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अंग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य तथा शारीरिक शिक्षा (सिर्जनात्मक कला सहित) | ३ | ९६ |
| ७ | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | ४ | १२८ |
| **जम्मा** | | **३२** | **१०२४** |

### ७. तहगत सक्षमताहरु:

"हाम्रो तिलागुफा" स्थानीय विषय पाठ्यक्रमको तहगत सक्षमताहरू देहाय अनुसार रहेका छन् ।

(क) **सक्षमताहरु (कक्षा १-३)**

१. आफ्नो नगरपालिकाको नामका साथै स्थानीय बजार, विद्यालय, जनप्रतिनिधिको नाम र आफ्नो परिवार, गाउँ, बस्ती, टोल र वडाको सामान्य परिचय,

२. तिलागुफा नगरपालिकाको परम्परागत रहनसहन, खानपिन, धर्म, संस्कृति, जातजाति र भाषिक सम्पदाहरूको बारेमा सामान्य जानकारी,

३. आफ्नो गाउँवस्ती, टोल र वडामा भएका परम्परागत पेशा, व्यवसाय र प्रविधिको बारेमा जानकारी,

४. स्थानीय चाडपर्वमा गरिने क्रियाकलाप, गीतसङ्गीत र नृत्य एवम् आहार र व्यायामको माध्यमबाट खुसी हुने र खुसी बनाउने कलाको अभ्यास,

५. विद्यालय लगायत आफ्नो वरपरको वातावरणमा भएका वस्तुहरुको पहिचान, महत्वबोध तथा बालउद्यान निर्माण र वातावरणको सरसफाइमार्फत वातावरण संरक्षण र दीगो विकासमा सहयोग,

६. घर, विद्यालय, समुदाय र समाजमा हुने सामाजिक विकृति र विसङ्गतिको परिचयका साथै जोगिने उपायहरुको बारेमा जानकारी,

७. स्थानीयस्तरमा हुनसक्ने विपद्को परिचय र जोखिम न्युनीकरण गर्ने उपायको बारेमा जानकारी ।

(ख) **सक्षमताहरु (कक्षा ४-५)**

१. तिलागुफा नगरपालिकाको अवस्थिति लगायत यहाँको प्राकृतिक, सामाजिक र साँस्कृतिक अवस्थाका साथै वडाले प्रवाह गर्ने सेवाको बारेमा परिचय दिने क्षमताको विकास,

२. तिलागुफा नगरपालिकामा रहेका धार्मिक स्थल र मठमन्दिर, साँस्कृतिक रीतिरिवाज, चाडपर्व, गीतसङ्गीत, नृत्य, भाषा र भेषभूषाको बारेमा जानकारी,

३. तिलागुफा नगरपालिकामा स्थानीयस्तरमा प्रयोग गरिने परम्परागत कृषि औजार र अन्य प्रविधिहरुको पहिचान र प्रयोगका साथै यहाँ गरिदै आएका पशुपन्छी पालन र कृषि उत्पादनको पहिचान, परिचय र संलग्नता,

४. सकारात्मक सोच, गीतसङ्गीत, योग र आहार एवम् मानिसका असल आचरणहरुको अनुसरणको माध्यमबाट समाजको असल र सुखी नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरुको जानकारीर अभ्यास,

५. आफ्नो वरपरको वातावरणमा भएका वस्तुहरुको महत्वबोध र उपयोग तथा वातावरण संरक्षण र सरसफाइमा सहयोग,

६. सामाजिक विकृति, विसंगति र चाडपर्वमा हुने जोखिम लगायत हावाहुरी, चट्याङ, हिमपात, असिना, भूकम्प, बाढी, पहिरो, आगलागी जस्ता विपद्को परिचय र त्यस्ता विपद्बाट बच्ने उपायहरुको जानकारीर अभ्यास ।

(ग) **सक्षमताहरु (कक्षा ६-८)**

१. तिलागुफा नगरपालिकाको समग्र अवस्था एवम् नगर कार्यपालिका र नगरसभाले यहाँका नागरिक र नगरपालिकाको विकासका लागि गरेका, गरिरहेका र गर्नुपर्ने कामहरुको बारेमा परिचित भइ आवश्यक सुझाव सहित सुधारमा सक्रियता,

२. तिलागुफा नगरपालिकामा अस्तित्वमा रहेका विभिन्न भाषाभाषी, जातजाति र धार्मिक सम्प्रदाय र व्यक्तिहरु बीचको सामाजिक सद्भावको पहिचान र प्रवर्द्धनका लागि थप पहल र नगरपालिकास्तरमा राम्रो काम गर्नेहरुको पहिचान,
३. तिलागुफा नगरपालिकामा गरिने विभिन्न कृषि खेती, कौशी खेती, जडीबुटी, पशुपंक्षीपालन र अनलाइन व्यापारको परिचय, अभ्यास र उक्त कार्यमा सहयोग,
४. जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र बानीको विकास, अभ्यास एवम् प्रस्तुतिका साथै जीवनलाई सन्तुलित, खुसी र स्वस्थ बनाउनका लागि आवश्यक पर्ने विविध पक्षहरुको जानकारी, प्रयोग र अनुसरण,
५. आफ्नो वरपरको वन व्यवस्थापन, हरियाली प्रवर्द्धन, पानीका मुहान संरक्षण र फोहोर व्यवस्थापनको अवधारणा बोध, प्राकृतिक स्रोत साधनको समुचित प्रयोग, संरक्षण र प्रवर्द्धनमा सहयोग,
६. सामाजिक विकृति र विसंगतिको निराकरण, विभिन्न विपद् र महामारीको बारेमा जानकारी हासिल एवम् तिनीहरुबाट हुने क्षति न्यूनीकरण गर्नका लागि आवश्यक उपायहरुको पहिचान, अभ्यास र कार्यान्वयन ।

**ट. पाठ्यभार :**

"हाम्रो तिलागुफा" स्थानीय विषयको पाठ्यक्रमको पाठ्यभारलाई देहाय अनुसार विभाजन गरिएको छ ।

| कक्षा | विषयवस्तुको क्षेत्र र पाठ्यभार (शिक्षण र मूल्याङ्कन घण्टा)* | | | | | |
|---|---|---|---|---|---|---|
| | हाम्रो तिलागुफा | हाम्रो समाज, भाषा, धर्म, संस्कृति र सम्पदा | कृषि, पेशा, व्यवसाय, पर्यटन र प्रविधि | जीवन कला र अनिवार्य सिपहरू | हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन | जम्मा |
| १ | ३० | ४० | ३० | ३० | ३० | १६० |
| २ | ३० | ४० | ३० | ३० | ३० | १६० |
| ३ | ३० | ४० | ३० | ३० | ३० | १६० |
| ४ | २० | ३६ | ३० | २० | २२ | १२८ |
| ५ | २० | ३६ | ३० | २० | २२ | १२८ |
| ६ | २० | ३६ | ३० | २० | २२ | १२८ |
| ७ | २० | ३६ | ३० | २० | २२ | १२८ |
| ८ | २० | ३६ | ३० | २० | २२ | १२८ |

* कक्षा १-३ मा २५ घण्टा र कक्षा ४-८ मा १० घण्टा समय मूल्याङ्कनका लागि छुट्टयाउनु उपयुक्त हुन्छ ।

## ९. कक्षागत सिकाइ उपलब्धि

भाग : तीन

### ९.१. कक्षा १-३

| क्र. सं. | विषयवस्तुको क्षेत्र | क्षेत्रगत सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १ | हाम्रो तिलागुफा | • आफ्नो परिवारका सदस्य तथा आफू बसेको गाउँटोलको नाम बताउन ।<br>• आफ्नो गाउँ वरपर रहेका नदी, खोला र बाटाको नाम बताउन ।<br>• आफ्नो विद्यालयको नाम र ठाउँ बताउन ।<br>• आफ्नो नगरपालिकाको नाम बताउन । | • आफ्नो गाउँ वरपरका मुख्य टोल एवम् बाटोहरूको नाम, अवस्थिति र संक्षिप्त विशेषता बताउन ।<br>• आफ्नो घर नजिकै रहेका बजारको पहिचान गर्न ।<br>• तिलागुफा नगरपालिकाका नगरप्रमुख, उपप्रमुख र आफ्नो वडाका अध्यक्ष र सदस्यहरूको नाम बताउन ।<br>• नगरपालिकाको नक्सामा आफ्नो वडा र छिमेकी वडाहरू पहिल्याउन । | • तिलागुफा नगरपालिकाको भौगोलिक अवस्था एवम् हावापानीको परिचय दिन ।<br>• नगरपालिकाको नक्सा हेरी विभिन्न भौगोलिक अवस्थितिको बारेमा जानकारी दिन ।<br>• आफ्नो विद्यालयको परिचय दिन ।<br>• नगरपालिकामा रहेका बजार एवम् त्यहाँ पाइने वस्तु तथा सेवा र व्यवसायको परिचय दिन । |
| २ | हाम्रो समाज, भाषा, धर्म, संस्कृति र सम्पदा | • स्थानीय परिवेश अनुसार प्रयोग गरिने अभिवादनका शब्दहरु प्रयोग गर्न ।<br>• स्थानीय खेलहरूको सामान्य अभ्यास गर्न ।<br>• हाम्रो सेरोफेरोका धार्मिक सम्पदाहरूको पहिचान गर्न ।<br>• आफू र आफू वरिपरिका जातजातिले मनाउने चाडपर्व, गीत, नाच  र बाजाहरूको सामान्य परिचय दिन ।<br>• घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरुमा गरिने क्रियाकलापहरु बताउन । | • स्थानीय खस भाषाको प्रयोग गरी अभिवादन गर्न र परिचय दिन ।<br>• आफ्नो समुदायका भेषभूषाहरूको जानकारी दिन ।<br>• स्थानीय खेलहरूको सामान्य अभ्यास गर्न ।<br>• आफ्नो वडामा रहेका पर्यटकीय एवम् साँस्कृतिक स्थलहरुको पहिचान गर्न ।<br>• आफ्ना वडाभित्र रहेका विभिन्न जातजाति र भाषाभाषीहरुको पहिचान गर्न ।<br>• हाम्रो वडामा रहेका विभिन्न जातजातिहरुले मनाउने प्रमुख चाडपर्व र चाडपर्वमा गरिने प्रमुख क्रियाकलापहरु बताउन  ।<br>• नगरपालिकाका प्रमुख ठाउँहरु र बजारहरुको संक्षिप्त परिचय दिन । | • नगरपालिकाभित्रका विभिन्न समुदायमा प्रचलित संस्कार र मनाइने चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलापहरुको वर्णन गर्न ।<br>• तिलागुफा नगरपालिकामा बसोबास गर्ने जातजाति (बाहुन, क्षेत्री, ठकुरी, दलित, अल्पसंख्यक) को परिचय दिन र तिनीहरुका विशेषता बताउन ।<br>• स्थानीय परम्परागत खेलहरूको परिचय दिन र त्यस्ता खेलहरूको अभ्यास गर्न ।<br>पर्यटकीय स्थलसहित तिला नदीको किनारमा अवस्थित तिलागुफाको परिचय दिन र यसका विशेषता बताउन ।<br>• तिलागुफा नगरपालिका भित्र नाँचिने विभिन्न नाँचहरुको (धामी नाँच, हुड्के, देउडा नाँच आदि) परिचय दिन ।<br>• हाम्रो  भान्साका परिकार (सिन्कि, कर्कलो, गाभा, लहरे पाप्रो, चाना, सँदिको अचार, लाड्डु, अर्सा, टाटे बाबर, रोटी, दाल, भात, खिर, सातु आदि)को महत्व र विशेषता बताउन । |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | क्षेत्रगत सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| ३ | कृषि, पेशा, व्यवसाय, पर्यटन र प्रविधि | • आफ्नो घरमा प्रयोग गरिने केही अन्नबाली, गेडागुडी, फलफूल, तरकारीको नाम र तिनीहरुको स्वाद बताउन ।<br>• आफ्नो घरमा तथा छिमेकमा पालिने जनावर र पशुपन्छीको परिचय दिन ।<br>• परीवारका सदस्यहरूको पेशा र व्यवसायको परिचय दिन ।<br>• नगरपालिकामा रहेका पर्यटकीय स्थलको नाम बताउन । | • हाम्रो स्थानीय चुल्हो (जस्तैः अगेनो, भट्टि चुलो, सुधारिएको चुलो र ग्याँस चुलो) र परम्परागत भाँडाकुँडाहरु<br>• (जस्तैः हुन्डो, खट्करो, अम्खोरा,ताउलो, कलश, पन्यू, डाडू, कराइ, ताप्के, करुवा, गाग्री, ताइताप्के, माना, पाथी, ठेकी, गाबु मदानी आदि) को पहिचान गर्न र प्रयोग गर्ने तरिका बताउन ।<br>• घरायसी कृषि उपज, अन्नबाली उत्पादन गर्ने तरिका, तरकारी खेती गर्ने तरिकार त्यस्ता उपजहरुको उपयोग गर्ने तरिकाबारे जानकारी गराउन ।<br>• घरमा पालिने पशुपंक्षी र तिला नदि लगायत अन्य खोलाहरुमा पाइने माछाको जानकारी र उपयोगबारे बताउन ।<br>• परिवार र छिमेकमा अपनाइने पेशा तथा व्यवसायमा प्रयोग भई रहेका परम्परागत प्रविधिको परिचय दिन । | • हाम्रा स्थानीय सामग्री (जस्तैः डोको, डालो, जेउडो, सुपो, नाइलो, छाप्री, डोइलो, कोठो, स्याँकु, भकारी, खाट, मुदुस, पेटारो, कोसी, ठेकी, मदानी, डाडु, पनियो, कराइ आदि) को परिचय दिन र तिनको उपयोगिता बारे बताउन ।<br>• नगरपालिका भित्र उत्पादन गरिने प्रमुख अन्नबाली, तरकारी, फलफूल र पालन गरिने पशुपन्छीको बारेमा व्यावसायिक जानकारी दिन ।<br>• स्थानीय प्रविधिमा आधारित उद्योगहरूको परिचय दिन र महत्वबोध गर्न ।<br>• स्थानीय खोलामा माछा मार्न प्रयोग गरिने परम्परागत औजारहरूको जानकारी दिन ।<br>• स्थानीयस्तरमा प्रयोग हुने परम्परागत प्रविधि एवम् औजारहरू जस्तैः हलो, जाँतो, पानी घट्ट र आधुनिक प्रविधि एवम् औजार जस्तैः ट्रेक्टर, मील आदिको तुलना गर्न । |

| | | | | |
|---|---|---|---|---|
| ४ | जीवनकला र अनिवार्य सिपहरु | • आफ्नो सामानको स्याहार गरी सुरक्षित राख्न ।<br>• साथीलाई सिकाउने र सहयोग गर्ने जस्ता सहयोगात्मक ब्यवहार प्रदर्शन गर्न ।<br>• आफूलाई मन पर्ने साथीहरुमा भएका असल स्वभावहरुको पहिचान र अभ्यास गर्न ।<br>• स्थानीयस्तरमा प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीतको श्रवण र नृत्यहरुको अवलोकन र अभ्यास गर्न ।<br>• जङ्कफूड (पत्रु खाना) पहिचान गर्न र नखाने बानीको विकास गर्न । | • कक्षाकोठाका सामानको स्याहार गरी सुरक्षित ठाउँमा राख्न ।<br>• साथीहरूलाई सहयोग गर्ने र सहकार्य गर्ने जस्ता व्यवहार प्रदर्शन गर्न ।<br>• आफूलाई मनपर्ने गीत, सङ्गीतको श्रवण र नृत्यहरुको अवलोकन र अभ्यास प्रस्तुत गर्न ।<br>• घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र चाडपर्वहरु मनाउँदा गर्न हुने र गर्न नहुने कुराहरुको सूची बनाउन र जीवनमा त्यसको अभ्यास प्रस्तुत गर्न ।<br>• श्रम र सिर्जनालाई सम्मान गर्न र सोको अभ्यासका लागि कक्षाकोठाको सरसफाइ र सजावटमा ध्यान दिन ।<br>• अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने बानीको विकास गर्न ।<br>• जङ्कफूड (पत्रु खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरु वर्णन गर्न । | • स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, संगीतको श्रवण र नृत्यहरुको अवलोकन, सिर्जना र प्रदर्शन गर्न ।<br>• आफ्नो घरपरिवार तथा समाजमा चाडपर्व तथा उत्सव मनाउँदा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी लिन र सोका लागि अभ्यास प्रस्तुत गर्न ।<br>• आफू र अरुलाई खुसी बनाउने कलाको विकास गरी सो सम्बन्धी अभ्यास प्रस्तुत गर्न ।<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा सँगै सो सम्बन्धी अभ्यास प्रस्तुत गर्न ।<br>• शारीरिक अभ्यास तथा ध्यान केन्द्रित गर्ने योगाभ्यास गर्न ।<br>• समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको विकास र सो सम्बन्धी अभ्यास प्रस्तुत गर्न ।<br>• परिवारका सदस्य, अन्य मान्यजन र पाहुनालाई गरिने अभिवादन, शिष्टाचार, सत्कार एवम् सभ्य व्यवहारको प्रदर्शन गर्न ।<br>• हामीले घरमा खाने मुख्य खानाहरू र पत्रु खानाहरूको फाइदा-बेफाइदाको तुलना गर्न । |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | क्षेत्रगत सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| ५ | हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन | • स्थानीय रुखविरुवा, जडीबुटी, जंगली जनावर र ढुँगा खानीको नाम भन्न ।<br>• स्थानीय धारा, कुवा, खोला, नदी जस्ता पानिका स्रोतहरूको नाम बताउन । घर, छिमेक र विद्यालयमा भएका बगैंचा र फूलबारीको संरक्षण गर्न ।<br>• घर तथा विद्यालयमा भएको फोहर व्यवस्थापन गरी सरसफाइ कायम गर्ने कार्य गर्न ।<br>• लाइनमा हिंड्ने, पालो पर्खने, जोखिम क्षेत्रमा नजाने, कक्षाकोठामा सुरक्षित तरिकाले कार्य गर्ने बानीको अभ्यास गर्न ।<br>• स्थानीयस्तरमा भईरहेका र हुन सक्ने बिपद्हरु जस्तै: सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुबान (खोला, ताल, खाल्डो) आदिबाट हुने विपद्हरुको चित्रात्मक पहिचान गर्न ।<br>• विद्यालय र घरमा आउँदाजाँदा बाटोमा हुने जोखिमहरु जस्तै: बाटो बिग्रने, खोलानाला तर्ने, हावाहुरी चल्ने, बाटो काट्ने आदीको पहिचान गरी सो बाट बच्न पूर्वसावधानी अपनाउन । | • नगरपालिका भित्रका वनमा पाइने वन्यजन्तु र चराहरुको पहिचान गर्न ।<br>• आफ्नो वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरुको पहिचान गर्न ।<br>• करेसाबारी निर्माणमा सहभागी हुन ।<br>• विद्यालयमा बाल बगैंचा निर्माण र वृक्षारोपण कार्यमा सहभागी हुन ।<br>• नगरपालिका क्षेत्रमा भएका पानिका स्रोतहरुको परिचय दिन तथा तिनीहरुको उपयोग पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्न ।<br>• फोहोरमैलाले स्थानीयस्तरमा पारेको नकारात्मक असर पहिचान गर्न ।<br>• हावाहुरी, चट्यांङ्ग, बाढि, पहिरो, हिमपात, असिना, आगलागी, सर्पदंश र जङगली जनावरको आक्रमण आदिबाट हुने विपद्को परिचय दिन ।<br>• घरभित्र हुने जोखिमहरु (छत, भऱ्याङ, बरण्डा, हातहतियार आदि) को परिचय दिन ।<br>• घरभित्र हुने जोखिमहरूबाट बच्ने उपायहरु बताउन र सोको अनुसरण गर्न । | • नगरपालिका भित्रका सामुदायिक वनजङ्गल, नदी, ताल र गुफाको परिचय दिन ।<br>• नगरपालिका भित्रका वनमा पाइने वन्यजन्तु तथा चराचुरुङ्गीहरुको परिचय दिन र तिनीहरुको महत्व बताउन ।<br>• स्थानीयस्तरमा पाइने बोटबिरुवा तथा जडीबुटीहरूको परिचय, महत्व तथा उपयोग बताउन ।<br>• घर र विद्यालयमा बालबगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न ।<br>• घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका बताउन र पानीको सदुपयोग गर्न ।<br>• फोहोरमैला व्यवस्थापनको पहिचान गरी घर,समुदाय र विद्यालयमा फोहोरमैलाको वर्गीकरण गर्न र त्यसको व्यवस्थापनमा सहभागी हुन ।<br>• व्यक्तिगत सामग्रीको हिफाजत गर्न, सरसफाइको परिचय दिन र सो सम्बन्धी अभ्यास प्रस्तुत गर्न ।<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता जनाउन ।<br>• विपद्को परिचय दिन ।<br>• विपद्को किसिम (प्राकृतिक र मानव सिर्जित) छुट्टयाउन ।<br>• विद्यालयभित्र जस्तै : छत, बिजुली, भर्याङ् बरण्डा, खेलसामग्री, फर्निचर, शौचालय आदिमा हुने जोखिमहरुको पहिचान गर्न । |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | क्षेत्रगत सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| | | • कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरु जस्तै: चोटपटक, करेन्ट, पहिरो खस्ने, ढुङ्गा खस्ने, आगलागि आदिको परिचय दिन र सोबाट बच्ने सामान्य उपायहरु बताउन र सो को अनुसरण गर्न । | • कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने वर्षा, हावाहुरी, करेन्ट,चट्याङ, बाढि, पहिरो र जङगली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरु बताउन । | • विद्यालयभित्र हुने जोखिमबाट बच्न सावधानी अपनाउन ।<br>• भूकम्प र अन्य महामारीबाट सुरक्षित हुनको लागि आवश्यक सावधानी अपनाउन । |

९.२. कक्षा ४-५

| क्र. सं. | विषयवस्तुको क्षेत्र | क्षेत्रगत सिकाइ उपलब्धि | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| १ | हाम्रो तिलागुफा | • नगरपालिकाको पार्श्वचित्र अध्ययन गरी तथ्याङ्कसहित नगरपालिकाको बारेमा सामान्य जानकारी प्राप्त गर्न । जस्तै : जातजाति, जनसंख्या, बजार, विद्यालय, सडक, उत्पादन, कृषि, पेशा, व्यवसाय आदि । | • नगरपालिकाको भौगलिकि अवस्थिति (अक्षांश, देशान्तर र उचाइ) पत्ता लगाउन ।<br>• नगरपालिकाका केही महत्वपूर्ण धार्मिक पर्यटकीय तथा अन्य पर्यटकीय स्थलका नाम बताउन ।<br>• नगरपालिकाको नक्सा बनाइ आफ्नो गाउँ, विद्यालय, वडा कार्यालय,मुख्य सडक र बाटाहरु देखाउन ।<br>• नगरपालिकाको मुख्य काम, कर्तव्य र अधिकारबारे बताउन ।<br>• नगरपालिका वरपरका अन्य छिमेकि स्थानीय तहहरुको परिचय, अवस्थिति र मुख्य विशेषताहरू बताउन ।<br>• नगरपालिकाभित्रका विभिन्न शिक्षालयहरूमा सञ्चालित कक्षा र कार्यक्रमकाबारेमा जानकारी लिन । |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | क्षेत्रगत सिकाइ उपलब्धि | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| २ | हाम्रो समाज, भाषा, धर्म संस्कृति र सम्पदा | • स्थानीय मौलिक बाजा, भाका, गीत, नाँच आदिको जानकारी दिन, अभ्यास गर्न र तिनको साँस्कृतिक सम्बन्ध बताउन ।<br>• प्राकृतिक सम्पदा (जमिन, वनजङ्गल, गाड, खोला, ताल, पोखरी)को परिचय दिन र महत्व वताउन ।<br>• मानव निर्मित सम्पदा (मन्दिर, अस्पताल, विद्यालय, कूलो, धारा, कुवा आदि)को परिचय दिन र महत्व बताउन ।<br>• स्थानीय मेला, जात्रा, चाडपर्व (तीज, माघे संक्रान्ति, चैते दशैं, असारे संक्रान्ति, भदौ पूर्णिमा, पैठ, तागा, भैलीपूर्णिमा, साउने संक्रान्ति) र स्थानीय लोकगीत (तीज गीत, भजन, देउडा, ठाडी भाका, झोडा, माँगल, चुट्किला, धमारी आदि)को परिचय दिन र अभ्यास गर्न । | • स्थानीयस्तरका पर्वहरूमा अपनाइने मुख्य संस्कार, पहिरन, खाना, गीत आदिका बारेमा जानकारी दिन र सो सम्बन्धी अभ्यास गर्न ।<br>• सार्वजनिक सम्पतिप्रति दायित्वबोध गर्न र त्यस्तो सम्पतिको संरक्षण कार्य गर्न ।<br>• धार्मिक, सामाजिक र साँस्कृतिक सम्पदाको संरक्षणमा हाम्रो भूमिका उल्लेख गर्न ।<br>• नगरपालिभित्र रहेका विभिन्न धार्मिक र साँस्कृतिक स्थल (मठमन्दिर, चर्च, गुफा, कुल देवताका थान, गुठी आदि) को अवस्थिति पत्ता लगाइ तिनीहरुको सूची बनाउन ।<br>• परम्परागत स्थानीय लोकगीत, लोक नृत्य, गाउँखाने कथा, आहान, पुरान र लोक देउडा कथाको बारेमा जानकारी संकलन गरी सुनाउन । |
| ३ | कृषि, पेशा, व्यवसाय र प्रविधि | • आफ्नो घर,समुदाय वा विद्यालयमा गरिने लसुन, अदुवा, टीमुर, प्याज,बेसार, सखरखण्ड, बदाम, धनिया खेतीमा सहयोग गर्न ।<br>• स्थानीय स्तरमा उत्पादित वस्तुहरु जस्तै: चकटी, डोको, सुपो, हँसिया, डोरी, फेरुवा, लिउ, राडी, ढरिया, ठेकी, मदानी, खिरे, खाप, मदुस, कोर्को, सागु, ओखल, मुसल, परालको गुन्द्री, बाबियोको डोरी, आल्लोको डोरी आदिको परिचय दिन ।<br>• परम्परागत कृषि औजारहरु जस्तै: हलो, जुवा, फरुवा, हँसिया, मैमुडो, बिगारो, कुटो, कोदाली, बन्चरो, खुकुरी आदिको चिनारी र त्यस्ता औजारहरुको कृषि कार्यमा प्रयोग तथा महत्व बताउन ।<br>• स्याउ, ओखर, आरु, कागती, सुन्तला, सिमि, भट्मास, केरा, तरकारी, तोरी, आलु जस्ता नगदे बालीहरूको खेतीप्रविधि, उत्पादन र बजारीकरणको अवस्था बताउन । | • स्थानीयस्तरमा परम्परागतरुपमा अपनाइने पेसा, व्यवसाय (गाईपालन, भेडापालन, बाखापालन, कुखुरापालन, भैंसीपालन, बंगुरपालन, खरायोपालन, कालिजपालन, परेवापालन आदि) को परिचय दिन ।<br>• आलु, टमाटर, केराउ, अदुवा, बेसार, खुर्सानी, धनिया, गोलभेडा, लसुन, च्याउखेती आदिको सामान्य परिचय दिन र महत्व बताउन ।<br>• मौरी पालनको परिचय दिन र महत्व बताउन ।<br>• स्थानीयस्तरका मुख्य बजारमा रहेका पसल तथा व्यवसाय र त्यस्ता पसल, व्यवसायमा उपलब्ध सेवाहरुको जानकारी दिन ।<br>• त्यस्ता पसल र व्यवसायमा प्रयोग भएका प्रविधिहरुको बारेमा अध्ययन गर्न । |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | क्षेत्रगत सिकाइ उपलब्धि | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| ४ | जीवनकला र अनिवार्य सिपहरु | • समाज र राष्ट्रका असल मानिसहरुका व्यवहार एवम् गुणहरुको पहिचान,असल कार्यहरुको चर्चा एवम् अनुसरण गर्न ।<br>• आफूलाई मन पर्ने गीत, सङ्गीतको श्रवण र नृत्यहरुको अवलोकन, सिर्जना र अभ्यास गर्न ।<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरुलाई आफ्नो जीवनमा अनुसरण गर्न ।<br>• योग र ध्यान (प्रणव ध्यान, भस्त्रिका, अनुलोम-विलोम प्राणायाम, बक्रासन, शलभासन)को परिचय दिई यसको अभ्यास गर्न ।<br>• परिवार, विद्यालय, समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको अभ्यास गर्न ।<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिकतत्वहरु नष्ट नहुने गरी फलफूल र तरकारी खाने तरिकाको जानकारी प्राप्त गरी सोको अभ्यास गर्न ।<br>• बैयक्तिक स्वास्थ्यका लागि चाहिने सन्तुलित भोजनको ज्ञान लिन र सो प्राप्तिका लागि स्थानीय खानाहरुको पहिचान गर्न र पत्रु खाना नखान ।<br>• शारीरिक कसरतको अभ्यास गर्न । | • भोजन व्यवहार व्यवस्थित गर्न ।<br>• स्थानीय खाना र हाम्रो स्वास्थ्यका लागि आवश्यक पर्ने पौष्टिक खानाको सम्बन्ध पहिचान गर्न ।<br>• आत्म-अनुशासन कायम गर्न ध्यान र योग अभ्यास गर्न ।<br>• समाज र राष्ट्रको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरुको अभ्यास प्रस्तुत गर्न ।<br>• थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने स्वभावको अनुसरण गरी खुसी र सुखी हुने स्वभावको वर्णन एवम् अभ्यास प्रस्तुत गर्न ।<br>• आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुति गर्न ।<br>• जीवन र जगतका हरेक कुराहरुभित्र केही न केही असल कुरा हुने कुराको परिचय, बोध र अभ्यास प्रस्तुत गर्न । सकारात्मक सोंचको विकास गर्न ।<br>• समालोचकीय र सिर्जनात्मक चिन्तनको अभ्यास गर्न । |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | क्षेत्रगत सिकाइ उपलब्धि | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| ५ | हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन | • स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरु जस्तै: टिमुर, काउलो, अमला, कुरिल्लो, घुच्ची च्याउ, खिरौंलो, तेजपत्ता, घोडटाप्रे, हात पसारो, गुर्जो, भाँगेचुक, बाँको, सिल्पाउरी, जामुनो, बोजो, पदमचाल्नो, भुतकेश, कटुको, पोकचाल्नो, यार्शागुम्बा, सुनगाभा, धसिङग्रे आदिको पहिचान गर्न ।<br>• नगरपालिका भित्रका वनमा पाइने वन्यजन्तु र चराहरुको परिचय दिन र तिनीहरुको महत्व बताउन ।<br>• नगरपालिका क्षेत्रमा पाइने ठुला बनस्पतिजन्य रुखहरुको पहिचान गर्न ।<br>• करेसाबारी निर्माणमा सहभागी हुन ।<br>• विद्यालयमा बाल बगैंचा निर्माण र वृक्षारोपण कार्यमा सहभागी हुन ।<br>• वातावरण र विकासको परिचय दिन ।<br>• नगरपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय दिन तथा उपयोग पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्न ।<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको नकरात्मक असरको पहिचान गर्न ।<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान गर्न ।<br>• फोहोरमैलाको वर्गीकरण तथा व्यवस्थापनमा सहयोग गर्न ।<br>• विद्यालय परिसर,आउने जाने बाटो र छरछिमेकमा भएका सम्भावित जोखिमका स्थान पहिचान गर्न र त्यस्ता ठाउँमा हिँड्दा र अन्य क्रियाकलाप गर्दा अपनाउनुपर्ने सावधानीको जानकारी र सोको अभ्यास गर्न । | • स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको प्रशोधन प्रक्रियाको अभ्यास गर्न र त्यस्ता वनस्पतिहरुको उपयोगको परिचय दिन ।<br>• घर तथा विद्यालयमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माण कार्यमा सहयोग गर्न ।<br>• नगरपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय र समुदायको भूमिका पहिचान गर्न ।<br>• वातावरण संरक्षणको परिचय दिन ।<br>• नगरपालिका क्षेत्रमा जलस्रोत प्रदूषणका कारण, असरहरु र प्रदूषण न्यूनीकरणका उपायहरु बताउन र अवलम्बन गर्न ।<br>• पानीको संरक्षण गर्ने उपायहरु बताउन ।<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यबस्थापनका उपायहरुको खोजी गर्न र व्यबस्थापनका लागि त्यस्ता उपायाहरु अवलम्बन गर्न ।<br>• गोरेटो, घोडेटो तथा मोटरबाटोमा हिँड्दा र खोला, पुल र पहिरो पार गर्दा अपनाउनुपर्ने सावधानीका उपायहरु थाहा पाउन र सोको अवलम्बन गर्न । |

९.३. कक्षा ६-८

| क्र. सं. | विषयवस्तुको क्षेत्र | क्षेत्रगत सिकाइ उपलब्धी | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्ष ७ | कक्षा ८ |
| १ | हाम्रो तिलागुफा | • नगरपालिका र वडा कार्यालयहरूबाट प्राप्त हुने सेवा, सुविधा र सर्तहरू सम्बन्धी जानकारी लिन ।<br>• नागरिक बडापत्रको अवधारणा बताउन र पालना गर्न । | • नगरपालिका अन्तर्गतका विषयगत कार्यालयहरूबाट प्राप्त हुने सेवा, सुविधा र सर्तहरूको सूची तयार गर्न ।<br>• नगरपालिकाको प्रशासनिक संरचनाबारे बताउन ।<br>• कालीकोट जिल्लाको नक्सा बनाइ नगरपालिकाको मुख्य मुख्य स्थानहरु, मुख्य सडक तथा बाटाहरु, धार्मिक तथा पर्यटकीय स्थल,नदी, खोलानाला र तालहरु सो नक्सामा भर्न ।<br>• नगरपालिकाको समग्र शैक्षिक अवस्था र प्राविधिक शिक्षाको वर्तमान अवस्थाको प्रस्तुति गर्न । | • नगरसभाको गठन, काम, कर्तव्य र अधिकारबारे जानकारी लिन ।<br>• नगरपालिकामा सञ्चालित गौरवका योजनाहरुको स्रोत,कार्य र प्रभावबारे बताउन ।<br>• नगरपालिकाभित्र कार्यरत सामुदायिक संघसंस्था र त्यस्ता संघसंस्थाबाट प्राप्त हुने सेवाहरूको जानकारी प्राप्त गर्न । |
| २ | हाम्रो समाज, भाषा, धर्म, संस्कृति र सम्पदाहरु | • सामाजिक विकृतिका रुपमा रहेका बालश्रम, बालविबाह, अन्धविश्वास, भूतप्रेत, बोक्सी आदिका कारण समाजमा परेका नकरात्मक असर र त्यस्ता असरहरुलाई न्यूनीकरण गर्नका लागि आवश्यक उपायहरु अपनाउन ।<br>• स्थानीय साझा मेला, चाडपर्वहरूका विशेषता, मनाइने समय,समुदाय आदिबारे जानकारी दिन । | • विविध सामुदायिक सम्बन्धका अवयवहरूको पालना गर्न ।<br>• विद्यालयभित्रका सामूहिक संरचना जस्तैः विज्ञान क्लब, रेडक्रस जस्ता परोपकारी संघसंस्थाहरुले सञ्चालन गर्ने क्रियाकलापमा सहभागी भई सामाजिक कार्यलाई बढवा दिन ।<br>• सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेका महिला हिंसा, चेलीबेटी बेचबिखन र यौनजन्य हिंसाको परिचय दिन र त्यस्ता विसङ्गतिको न्यूनीकरण गर्ने उपायहरु बताउन ।<br>• तिलागुफा नगरपालिकामा रहेका पर्यटकीय स्थलहरुको परिचय दिन र महत्व बताउन । | • सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेका जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंसा, बाल श्रम, बालविबाह आदिको न्यूनीकरणका उपाय पहिचान गरी कार्यान्वयन गर्न ।<br>• साँस्कृतिक विविधताको सम्मान गर्ने बानीको विकास गर्न ।<br>• नगरपालिकामा रहेका पर्यटकीय स्थलहरुका विशेषता, संरक्षण र संवर्धनका बारेमा बताउन ।<br>• नगरपालिकामा रहेका वभिन्न जातजातिका बीचमा सामाजिक सद्भाव कायम गर्नुका साथै स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा नगरपालिकाको भूमिका बताउन । |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | क्षेत्रगत सिकाइ उपलब्धी | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्ष ७ | कक्षा ८ |
| | | • स्थानीय सामाजिक विकृतिहरू पहिचान गरी सुधारका प्रयासहरू अवलम्बन गर्न र त्यस्ता प्रयासहरुको अभ्यास गर्न ।<br>• तिलागुफा नगरपालिकामा रहेका विभिन्न खोला, नदी, धारा, पोखरी, कुवाजस्ता जलसम्पदाले पुऱ्याएको योगदानको चर्चा गर्न ।<br>• नगरपालिकास्तरमा अस्तित्वमा रहेका कला, सँस्कृति र साहित्यको सामान्य परिचय दिन ।<br>• तिलागुफा नगरपालिकामा रहेका धार्मिक सम्पदाहरुको परिचय र महत्व बताउन । | • तिलागुफा नगरपालिकामा बसोबास गर्ने प्रमुख जातजाति - ब्राम्ह्ण, क्षेत्री, ठकुरी, दलित र अन्य जातीय अल्पसंख्यक आदिले मनाउने चाडपर्व, लगाउने वेशभूषा र बोल्ने भाषाका साथै उनीहरु बीचको आपसी सम्बन्धको बारेमा परिचय दिन ।<br>• व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो वडा, नगरपालिका र समग्र मुलुकको हितका लागि काम गर्न ।<br>• नगरपालिकाका कलाकार, खेलाडी, लेखक, साहित्यकार, राजनीतिज्ञ, सामाजिक अभियन्ता जस्ता व्यक्तित्वहरुको पहिचान गरी तिनीहरुको योगदानको बारेमा चर्चा गर्न । | • नगरपालिकामा रहेका धार्मिक स्थलहरुको विशेषता र तिनीहरुको संरक्षण र संवर्धनको बारेमा बताउन ।<br>• नगरपालिकास्तरीय मेयरकप खेलकुद प्रतियोगिता र त्यसको महत्वको बारेमा जानकारी दिन ।<br>• बैकल्पिक उर्जाको (सोलार, गोवर ग्याँस आदि)परिचय र यसको प्रयोगबारे बताउन ।<br>• नगरपालिकामा उपलब्ध जल, जमिन, जङ्गल, जडीबुटी र यसको समुचित प्रयोगका लागि जनशक्तिको विकास गर्ने सम्बन्धमा नगरपालिकाको भूमिका बताउन ।<br>• पर्यटन विकासमा समुदाय र स्थानीय सरकारको सहकार्यको सम्भावना अध्ययन गर्न । |
| ३ | हाम्रो कृषि, पेशा, व्यवसाय, पर्यटन र प्रविधि | • तरकारी बालीहरुमध्ये आलुको खेती गर्ने तरिका बताउन र खेती कार्यमा सहयोग गर्न ।<br>• हातबाट निर्मित बस्तुहरु जस्तै: सुपो, लिउ, काम्लो, भाँगोको डोरी, पातो, नाङ्लो, जावो, फेरे र परालको गुन्द्री, निगालाको डोको आदि बनाउने तरिकाबारे बताउन ।<br>• व्यावसायिक कृषिको परिचय दिन तथा कृषि पकेट क्षेत्र र यसको महत्त्वबारे बताउन । | • नगरपालिकास्तरमा कृषिमा प्रयोग भई रहेको परम्परागत तथा आधुनिक प्रविधिबारे अध्ययन गर्न ।<br>• सिँचाई प्रणाली, परियोजना र कुलो सिंचाई सुविधाहरुको स्रोत व्यवस्थापन र पद्धतिको बारेमा अध्ययन गर्न ।<br>• नगरपालिकामा उत्पादन हुने प्रमुख अन्नबाली, तरकारी, फलफूल र पशुपन्छी पालनको उत्पादन प्रविधि, उपभोग र त्यस्ता उत्पादनहरुको बजारीकरणको अवस्था अध्ययन गर्न । | • गाईपालन/बंगुरपालन/माछापालन/कुखुरापालनको महत्व तथा पालन गर्ने तरिका वताउन र त्यस्तो कार्यमा सहयोग गर्न ।<br>• बेमौसमी तरकारी (टमाटर, लौका, करेला, भिण्डी, काँक्रा, सिमी, मुला आदि) खेती गर्ने तरिका बताउन र त्यस्ता तरकारीको खेती कार्यमा सहयोग गर्न ।<br>• नगदेबालीको (तोरी, मसुरो, तिल, लसुन उखु, प्याज, आलु आदि) खेती गर्ने तरिका बताउन र त्यस्ता बालीको उत्पादन कार्यमा सहयोग गर्न । |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | क्षेत्रगत सिकाइ उपलब्धी | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्ष ७ | कक्षा ८ |
| | | • मौरी पालनगर्ने तरिका बताउन । <br>• पेशा र व्यवसायको प्रवर्द्धनमा नगरपालिकाको भूमिका बताउन । <br>• व्यावसायिक कृषि तथा अन्य उद्योगहरुमा प्रयोग गरिने प्रविधिबारे जानकारी प्राप्त गर्न र उत्पादनका हिसाबले <br>• बजारीकरणको अवस्था अध्ययन गर्न । <br>• डिजिटल साक्षरता सिपको प्रयोग गर्न । | • नगरपालिकामा उत्पादन हुने विभिन्न फलफूलहरु (जस्तै: स्याउ,ओखर,कागती, सुन्तला, नास्पति, केरा, आदि)को परिचय, महत्व, खेतीप्रविधि र त्यस्ता उत्पादनहरुको उपभोगका बारेमा बताउन । <br>• बाखापालन, भेडापालन र मौरीपालनको महत्व र पालन गर्ने तरिका बताउन र त्यस्ता कार्यमा सहयोग गर्न । <br>• दलहन बाली (केराउ, मास, गहत, भटमास, सोइटा, मसुरो आदि) को खेती गर्ने तरिका बताउन र त्यस्ता बालीको खेती गर्ने कार्यमा सहयोग गर्न । <br>• हस्त निर्मित बस्तुहरु निर्माण गर्ने तरिका बताउन र आफै निर्माण गर्ने प्रयास गर्न । <br>• होटल व्यवसाय तथा होमस्टे सञ्चालनको सम्भाव्यता पहिचान गर्न । <br>• डिजिटल साक्षरता सिपको प्रयोग गर्न । | • हस्त निर्मित वस्तुहरु (जस्तैः स्याँखु, डोको, छाप्री, गुन्द्री आदि) बनाउने तरिका बताउन र निर्माण गर्ने प्रयास गर्न । <br>• खाद्य सुरक्षाको लागि कृषिको व्यावसायिक उत्पादनको सम्भावना अध्ययन गर्न । <br>• स्वरोजगारका लागि आयआर्जनका वैकल्पिक कियाकलापहरुको अध्ययन गर्न । <br>• बैंक एवम् वित्तीय संस्थाहरुले प्रदान गर्ने सेवा र तोकिएका सर्तहरूबारे सूचना संकलन गर्न । <br>• डिजिटल साक्षरता सिपको प्रयोग गर्न । |
| ४. | जीवनकला र अनिवार्य सिपहरु | • परम्परादेखि चली आएको जडीबुटीको सेवन, प्राकृतिक चिकित्सा पद्धति र आयुर्वेदिक उपचार पद्धतिको बारेमा परिचय दिन । <br>• प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ राष्ट्रको जिम्मेवार नागरिक भई अघि बढ्ने क्षमताको अभ्यास प्रस्तुत गर्न । | • गीत, सङ्गीत र नृत्यहरुमा सक्रियताका साथै सहभागी हुने सिप र कलाको अभ्यास एवम् प्रस्तुति प्रदर्शन गर्न । <br>• जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र बानीको अभ्यास गर्न । <br>• अरुमा भएका राम्रा आनीबानीको पहिचान, सम्मान र प्रसंशा र त्यस्ता आनीबानीको जीवनमा अनुसरण गर्न । | • गीत, सङ्गीत र नृत्यहरुको सिर्जना र अभ्यास गर्न । <br>• धार्मिक सहिष्णुताको मूल मर्मका बारेमा संक्षिप्त परिचय दिन र सोको समुदायस्तरमा अनुसरण गर्न । <br>• जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र बानीको विकास एवम् सोको अभ्यास एवम् प्रस्तुतीकरण गर्न । |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | क्षेत्रगत सिकाइ उपलब्धी | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्ष ७ | कक्षा ८ |
| | | . गीत, सङ्गीत र नृत्यहरुमा सक्रिय रुपमा सहभागी हुन र तिनीहरुको सिर्जना गर्ने सिप र कलाको अभ्यास प्रस्तुत गर्न ।<br>. जीवन र जगत्लाई सकारात्मक किसिमले सोच्ने सिप र बानीका साथै खुसी र सन्तुलित जीवनका विविध पक्षहरुको जानकारी लिन र अनुसरण गर्न ।<br>. योग र ध्यान (सर्वाङ्गीण व्यायाम, प्रणव ध्यान, उद्गीथ प्राणायाम, अनुलोम विलोम प्राणायाम, उर्ध्वताडासन, कोणासन)लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास गर्न ।<br>. परिवार र समाजका जेष्ठनागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने भावनाको वर्णन र सोको अभ्यास गर्न ।<br>. कक्षामा सहयोगात्मक कार्य सिप, नेतृत्व सिप र सञ्चार सिप जस्ता अनिवार्य सिपको प्रदर्शन गर्न । | . विभिन्न स्थानीय परिकारहरु पकाउन र व्यक्तिगत सरसफाइ गर्ने सिपको विकास र जीवनमा त्यस्ता सिपको कार्यान्वयन गर्न ।<br>. योग र ध्यान (सूर्य नमस्कार, प्रणव ध्यान, अनुलोमविलोम, सर्वाङगासन, पश्चिमोत्तासन आदि)लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास गर्न ।<br>. हाम्रा असल आचरण,संस्कार र मूल्य मान्यताहरुको बोध गरी अभ्यास गर्न ।<br>. घरपरिवार र समाजका जेष्ठ नागरिक लगायत असहज स्थितिका मानिसहरुप्रति सद्भाव राखी सहयोग गर्न र त्यस्तो सहयोगको अभ्यास प्रस्तुत गर्न ।<br>. आहार अनुशासनको अभ्यास गर्न ।<br>. घरपरिवार र व्यक्तिगत सरसफाइ गर्ने सिपको विकास गरी जीवनमा त्यस्ता सिपको प्रयोग गर्न ।<br>. कक्षाकोठामा वा दैनिक जीवनमा समालोचनात्मक चिन्तन, समस्या समाधान, सिर्जनशीलता जस्ता सिपहरुको विकास गर्न र त्यस्ता सिपहरुको अभ्यास प्रस्तुत गर्न । | . अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रशंसा गर्न र त्यस्ता स्वभावहरुको जीवनमा निरन्तर अभ्यास र अनुसरण गर्न ।<br>. श्रमको सम्मान र अभ्यास गर्ने बानीको विकास गर्न ।<br>. विद्यालय हाताभित्र वृक्षारोपण गर्न र रोपेका विरुवाहरुको संरक्षण गर्न ।<br>. योग र ध्यान (प्रणव ध्यान, उद्गीथ, कपालभाति, प्राणायाम, अनुलोमविलोम, तिर्यकताडासन, चक्किआसन)लाई स्वस्थ र खुसी हुनका लागि दैनिक जीवनमा अभ्यास र प्रयोग गर्न ।<br>. घरपरिवार र समाजका जेष्ठ नागरिक एवम् असहज स्थितिका मानिसहरुप्रति सद्भाव राखी सहयोग गर्न र त्यस्तो भावनाको दैनिक जीवनमा अभ्यास एवम् अनुसरण गर्न ।<br>. हाम्रा पुर्खा, वंश तथा गोत्रको पहिचान गर्दै यसको महत्व र उपादेयताको बारेमा जानकारी दिन ।<br>. खाद्य स्वच्छतामा ध्यान दिई सन्तुलित भोजनको उपयोग गर्न ।<br>. समालोचनात्मक चिन्तन, सिर्जनशीलता, सहयोगात्मक व्यवहार र सञ्चार एवम् नागरिक सिपको विकास गर्न । |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | क्षेत्रगत सिकाइ उपलब्धी | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्ष ७ | कक्षा ८ |
| ५. | हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन | • आगो, हिटर, डढेलो, भूक्षय, बाढी पहिरो, असिना पानी, हावाहुरी, सर्पदंश, जङ्गली जनावरको आक्रमण,विष र विषालु च्याउ लगायतबाट हुने दुर्घटना रोकथामका लागि पूर्व तयारी गर्न ।<br>• सडक दुर्घटनाबाट आफू बच्न र अरुलाई पनि बचाउने उपायहरु बताउन ।<br>• विभिन्न खोलानालाबाट हुने कटान तथा डुबान कम गर्न गरिएका र गनुपर्ने कार्यहरु लेख्न ।<br>• उल्लिखित घटना तथा दुर्घटना न्यूनीकरण गर्नका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका प्रदर्शन गर्न ।<br>• सामुदायिक वन संरक्षणमा समुदाय र नगरपालिकाको भूमिका पहिचान गर्न । | • नगरपालिको वन क्षेत्रमा पाइने विभिन्न किसिमका औषधीजन्य विरुवा र जडीबुटीको जानकारी, तिनीहरुको महत्वबोध र संरक्षण गर्न ।<br>• तीला नदीको सभ्यताको अध्ययन गर्न ।<br>• भूकम्पको जोखिमको हिसावले घर र विद्यालयमा भएको सबैभन्दा सुरक्षित स्थलको पहिचान गर्न ।<br>• यात्राको समयमा साइकल, स्कुटर वा मोटरसाइकल र अन्य सार्बजनिक सवारीबाट हुने जोखिम पहिचान गर्न ।<br>• सडक दुर्घटनाबाट बच्न सावधानी अपनाउन ।<br>• कोभिड –१९, बर्ड फ्लू, डेङ्गु र झाडापखालाबाट बच्नका लागि रोकथामका उपायहरु बताउन ।<br>• नगरपालिकास्तरमा विपद् व्यवस्थापनका लागि संलग्न संयन्त्र, संघसंस्था, योजना र कार्यक्रमहरुबारे बताउन ।<br>• विपद सावधानीको अभिनय गर्न । | • भूकम्पबाट हुने जोखिम न्यूनीकरणका लागि विद्यालय र समुदायको भूमिका प्रदर्शन गर्न ।<br>• सुरक्षित विद्यालयको लागि विद्यार्थीको भूमिका बताउन र सोको कार्यान्वयन गर्न ।<br>• विश्वका प्रमुख महामारीहरू- कोभिड–१९, प्लेग, फ्लु, एचआईभी एड्स, हैजा, सार्स आदिको को बारेमा बताउन ।<br>• महामारीबाट विश्व समुदायमा भएका सिकाइको बारेमा जानकारी दिन ।<br>• किशोरीहरुमा देखिने मास हिष्टेरियाबाट बच्ने उपायको पहिचान गरी त्यस्ता उपायहरुको प्रयोग गर्न ।<br>• विपद्को लागि सामूहिक प्रतिकार्यका उपायहरू बताउन ।<br>• विपद्को सामूहिक प्रतिकार्यमा विद्यार्थीको भूमिका (जुरेस,स्काउट,इको क्लब,बाल क्लब लगायत अन्य) बताउन ।<br>• नगरपालिकामा भू-क्षय,नदी कटान एवम् पहिरोको जोखिम रहेका क्षेत्रको पहिचान गर्न ।<br>• विपद् रोकथाम तथा व्यवस्थापनका लागि नगरपालिकाले गरेका प्रयासबारे जानकारी लिन र दिन । |

## १०. विषयवस्तुको क्षेत्र र क्रम

### १०.१. कक्षा १-३

| क्र. सं. | मुख्य विषयवस्तु | विषयवस्तुको क्षेत्र र क्रम | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १ | हाम्रो तिलागुफा | • आफ्नो परिवारका सदस्य तथा गाउँटोलको नाम ।<br>• आफ्नो गाउँ वरपर रहेका नदी, खोला र बाटा ।<br>• आफ्नो विद्यालयको नाम र ठाउँ ।<br>• आफ्नो नगरपालिकाको नाम । | • आफ्नो गाउँ वरपरका मुख्य टोल एवम् बाटोहरूको नाम, अवस्थिति र संक्षिप्त विशेषता ।<br>• आफ्नो घर नजिकै रहेका बजार ।<br>• तिलागुफा नगरपालिकाका नगर प्रमुख, उपप्रमुख र आफ्नो वडाका अध्यक्ष र सदस्यहरूको नाम ।<br>• नगरपालिकाको नक्सामा आफ्नो र छिमेकी वडाहरू । | • तिलागुफा नगरपालिकाको भौगोलिक अवस्थिति एवम् हावापानी ।<br>• नगरपालिकाको नक्सामा उल्लिखित जानकारी जस्तै: सीमा, छिमेकी वडा, गाउँपालिका, नगरपालिका, मन्दिर, खोलानाला, वन, महत्वपूर्ण स्थल र नगरपालिकाको केन्द्रस्थल आदि ।<br>• आफ्नो विद्यालयको परिचय ।<br>• नगरपालिकामा रहेका विभिन्न बजार, एवम् त्यहाँ पाइने सेवा वा व्यावसायको परिचय । |
| २ | हाम्रो समाज, भाषा, धर्म, संस्कृति र सम्पदा | • स्थानीय जातजातिहरू अनुसारका अभिवादन ।<br>• स्थानीय खेलहरू ।<br>• विभिन्न धार्मिक, सम्पदाहरू ।<br>• आफ्नो वरिपरिका चाडपर्व, गीत, नाच र बाजाहरू ।<br>• घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरुमा गरिने क्रियाकलापहरु । | • अभिवादन गर्ने र परिचय दिने । आफ्नो समुदायका भेषभूषाहरू ।<br>• स्थानीय खेलहरु ।<br>• आफ्नो वडामा रहेका पर्यटकीय एवम् साँस्कृतिक स्थलहरु ।<br>• वडाभित्र रहेका विभिन्न जातजाति र भाषाभाषीहरुको पहिचान, प्रमुख चाडपर्वहरुमा गरिने प्रमुख क्रियाकलापहरु ।<br>• नगरपालिकाका प्रमुख ठाउँहरु र बजारहरुको सङ्क्षिप्त परिचय । | • नगरपालिकाभित्रका मुख्य समुदायमा प्रचलित संस्कार र मनाइने चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलाप ।<br>• तिलागुफा नगरपालिकाभित्र बसोबास गर्ने जातजाति (बाहुन, क्षेत्री, ठकुरी, दलित, अल्पसंख्यक) को विशेषता र परिचय ।<br>• स्थानीय परम्परागत खेलहरूको परिचय र अभ्यास ।<br>• पर्यटकीय स्थलसहित तिलागुफाको परिचय र विशेषता ।<br>• तिलागुफा नगरपालिकाभित्र नाँचिने विभिन्न नाँचहरुके परिचय ।<br>• हाम्रो भान्साका परिकारको महत्व र विशेषता । |

| क्र. सं. | मुख्य विषयवस्तु | विषयवस्तुको क्षेत्र र क्रम | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| ३ | कृषि, पेशा, व्यवसाय, पर्यटन र प्रविधि | • आफ्नो घरमा प्रयोग गरिने केही अन्नबाली, गेडागुडी, फलफूल, तरकारीको नाम र स्वाद ।<br>• आफ्नो घरमा वा छिमेकमा पालिने पशुपन्छी ।<br>• परीवारका सदस्यहरूको पेशा, व्यापार र व्यवसायको परिचय । | • स्थानीय चुल्हो र परम्परागत भाँडाकुँडाको पहिचान र प्रयोग गर्ने तरिका ।<br>• घरायसी कृषि उपज, खेती जस्तै: अन्नबाली र तरकारी खेती गर्ने तरिका ।<br>• घरमा पालिने पशुपन्छी र तिला नदीमा पाइने माछा र उपयोग ।<br>• परिवार र छिमेकमा गरिने पेशा र व्यवसायमा प्रयोग भैरहेका परम्परागत प्रविधिको परिचय । | • हाम्रा स्थानीय सामग्रीको परिचय र उपयोगिता ।<br>• नगरपालिकाभित्र गरिएको प्रमुख अन्नवाली, तरकारी खेती, फलफूल र पालिने पशुपन्छी सम्बन्धी ब्यावसायिक उत्पादन ।<br>• स्थानीय प्रविधिमा आधारित उद्योगहरूको परिचय र महत्व ।<br>• स्थानीय खोलामा माछा मार्न प्रयोग गरिने परम्परागत औजारहरू ।<br>• स्थानीयस्तरमा प्रयोग हुने परम्परागत प्रविधि एवम् औजारहरू र आधुनिक प्रविधि एवम् औजारहरुको तुलना । |
| ४ | जीवनकला र अनिवार्य सिपहरू | • आफ्नो सामानको स्याहार ।<br>• साथीलाई सिकाउने, सहयोग गर्ने व्यवहार ।<br>• असल स्वभावहरुको पहिचान र अभ्यास ।<br>• स्थानीय गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास ।<br>• जङ्कफूड (पत्रु खाना) । | • स्थानीय गीत, सङ्गीत र नृत्यहरु ।<br>• घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र चाडपर्वहरु मनाउँदा गर्न हुने र गर्न नहुने व्यवहारहरु ।<br>• कक्षाकोठाको सरसफाइ र सजावट ।<br>• अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग ।<br>• जङ्कफूड (पत्रु खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरु ।<br>• सामानको स्याहार र सुरक्षा ।<br>• सहयोग र सहकार्य । | • स्थानीय गीत, संगीत र नृत्यहरु ।<br>• आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्वहरु मनाउँदा अपनाउने व्यवहारहरु ।<br>• आफू र अरुलाई खुसी बनाउने कला ।<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास ।<br>• ध्यान केन्द्रित गर्ने योग तथा शारीरिक अभ्यास ।<br>• समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोगी व्यवहार ।<br>• परिवार, मान्यजन र पाहुनालाई गरिने अभिवादन, शिष्टाचार, सत्कार एवम् सभ्य व्यवहार ।<br>• हामीले घरमा खाने मुख्य खानाहरू र पत्रु खानाहरूको फाइदा बेफाइदा । |

| क्र.सं. | मुख्य विषयवस्तु | विषयवस्तुको क्षेत्र र क्रम | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| ५ | हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन | •स्थानीय रुखविरुवा, जडीबुटी, जंगली जनावर र ढुँगा खानी ।<br>•स्थानीय धारा, कुवा, खोला, नदी जस्ता जलस्रोतहरू ।<br>•घर, छिमेक र विद्यालयमा भएका बगैंचा र फूलबारीको संरक्षण ।<br>•घर तथा विद्यालयको फोहर व्यवस्थापन र सरसफाइ ।<br>•लाइनमा हिंड्ने, पालो पर्खने, जोखिम क्षेत्रमा नजाने, कक्षाकोठामा सुरक्षित तरिकाले कार्य गर्ने जस्ता वैयक्तिक अनुशासन सिप ।<br>•स्थानीयस्तरमा भईरहेका र हुन सक्ने विपद्हरु ।<br>•विद्यालय र घरमा आउँदाजाँदा बाटोमा हुने जोखिमहरु र सावधानीका उपाय ।<br>•कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरु र सावधानीका उपायहरु । | • नगरपालिका भित्रका वनमा पाइने वन्जजन्तु र चराहरु ।<br>• वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरु ।<br>• करेसाबारी,बाल बगैंचा र वृक्षारोपण ।<br>• नगरपालिका क्षेत्रमा भएका पानीका स्रोतहरु तथा तिनको उपयोग ।<br>• फोहोरमैलाको असर ।<br>• स्थानीय जल र वनको महत्व र उपयोगिता ।<br>• हावाहुरी, चट्यांङ्ग, बाढि, आगलागी, पहिरो, सर्पदंश र जङगली जनावरको आक्रमण आदिबाट हुने विपद् ।<br>• घरभित्र हुने जोखिमहरु र बच्ने उपायहरु ।<br>• कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने वर्षा, हावाहुरी, करेन्ट, चट्याङ, बाढि, पहिरो र जङ्गली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरु । | • नगरपालिकाको सामुदायिक वनजङ्गलको परिचय ।<br>• नगरपालिका भित्रका वनमा पाइने वन्यजन्तु र चराहरु ।<br>• स्थानीय बोटबिरुवाहरूको परिचय, महत्व तथा उपयोग ।<br>• घर र विद्यालयमा बाल बगैंचा निर्माण ।<br>• घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग ।<br>• फोहोरमैला वर्गीकरण र व्यवस्थापन ।<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइ ।<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता ।<br>• विपद्को परिचय ।<br>• विपद्को किसिम (प्राकृतिक र मानव सिर्जित) ।<br>• विद्यालयभित्र हुने जोखिमहरु र सावधानीका उपाय ।<br>• भूकम्प र महामारीबाट सुरक्षित हुनको लागि आवश्यक सावधानी । |

१०.२. कक्षा ४-५

| क्र. सं. | मुख्य विषयवस्तु | विषयवस्तुको क्षेत्र र क्रम | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| १ | हाम्रो तिलागुफा | • नगरपालिकाको प्रोफाइल (पार्श्वचित्र) अध्ययन (जस्तै: जातजाति, जनसंख्या, बजार, विद्यालय, सडक, उत्पादन, कृषि, पेशा, व्यवसाय आदि) । | • नगरपालिकाको अवस्थिति (अक्षांश, देशान्तर र उचाइ) ।<br>• नगरपालिकाका केही महत्वपूर्ण स्थलका नामाकरण ।<br>• नगरपालिकाको नक्सामा आफ्नो गाउँ, विद्यालय, वडा कार्यालय, मुख्य सडक र बाटाहरु ।<br>• नगरपालिकाको मुख्य काम, कर्तव्य र अधिकार ।<br>• छिमेकी स्थानीय तहहरूको परिचय, नाम, अवस्थिति र मुख्य विशेषताहरू ।<br>• नगरपालिकाभित्रका विभिन्न शिक्षालयहरू । |
| २ | हाम्रो समाज, भाषा, धर्म, संस्कृति र सम्पदा | • स्थानीय जातजातिका मौलिक बाजा, भाका, गीत, नाँच अभ्यास र तिनको साँस्कृतिक सम्बन्ध ।<br>• प्राकृतिक सम्पदा (जमिन, वनजङगल, गाड, खोला, ताल, पोखरीको परिचय र महत्व ।<br>• मानव निर्मित सम्पदा (मन्दिर, अस्पताल, विद्यालय, कूलो, धारा, कुवा आदि) को परिचय र महत्व ।<br>• स्थानीय मेला, जात्रा, चाडपर्व (तीज, माघे संक्रान्ति, चैते दशैं, असारे संक्रान्ति, भदौ पूर्णिमा, पैठ आदि) र स्थानीय लोकगीत -तीज गीत, भजन, देउडा, ठाडी भाका, मागल, चुट्कीला, आरती आदि । | • स्थानीय मुख्य जातजातिका विशेष पर्वहरूमा अनुसरण गरिने मुख्य संस्कार, पहिरन, खाना, गीत आदि ।<br>• सामाजिक एवम् सार्वजनिक सम्पतिप्रतिको दायित्वबोध र संरक्षण ।<br>• सम्पदाको संरक्षणमा नागरिकको भूमिका ।<br>• नगरपालिकाभित्र रहेका विभिन्न धार्मिक र साँस्कृतिक स्थलहरु (मठमन्दिर, चर्च, गुफा, कुल देवताका थान, गुठी) ।<br>• नगरपालिकाका परम्परागत स्थानीय लोकगीत, लोक नृत्य, गाउँ खाने कथा, आहान, पुरान र लोक कथाको जानकारी र संकलन । |
| ३ | कृषि, पेशा, व्यवसाय, पर्यटन र प्रविधि | • आफ्नो घर, समुदाय वा विद्यालयमा गरिने लसुन, अदुवा, प्याज, बेसार, सखरखण्ड, धनिया खेती ।<br>• स्थानीयस्तरमा उत्पादित वस्तुहरु-परालको गुन्द्री, चकटी, डोको, सुपो, हँसिया, बाबियोको डोरी, आल्लोको डोरी, ठेकी, मदानी, खिरे, खाप, मदुस, कोर्को, सागु, ओखल, मुसल आदिको परिचय । | • स्थानीय परम्परागत पेशा, व्यवसाय (गाईपालन, भेडापालन, बाखापालन, कुखुरापालन, भैंसीपालन, बंगुरपालन, खरायोपालन, कालिजपालन, परेवापालन आदि) को परिचय ।<br>• आलु, टमाटर, केराउ, अदुवा, बेसार, धनिया, गोलभेडा, लसुन, च्याउखेती आदिको परिचय र महत्व ।<br>• मौरी पालनको परिचय र महत्व । |

| क्र. सं. | मुख्य विषयवस्तु | विषयवस्तुको क्षेत्र र क्रम | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| | | . परम्परागत कृषि औजारहरु-हलो, जुवा, फरुवा, लिङ्को, कुटो, कोदाली, बन्चरो, खुकुरी आदिको चिनारी र कृषि कार्यमा तिनको प्रयोग तथा महत्व ।<br>. आलु लगायत अन्य नगदे बालीहरूको खेती प्रविधि, उत्पादन र बजारीकरणको अवस्था । | . स्थानीय मुख्य मुख्य बजारमा भएका पसल, व्यवसाय र त्यहाँ उपलब्ध सेवाहरुको जानकारी ।<br>. पसल र व्यवसायमा प्रयोग भएका प्रविधिहरुको अध्ययन । |
| ४ | जीवनकला र अनिवार्य सिपहरु | . समाज र राष्ट्रका असल मानिसहरुका व्यवहार एवम् असल कार्यहरु ।<br>. गीत, सङ्गीत र नृत्य ।<br>. योग र ध्यान (प्रणव ध्यान, भस्त्रिका, अनुलोम-विलोम प्राणायाम, बक्रासन, शलभासन) को परिचय र अभ्यास ।<br>. परिवार, विद्यालय र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग ।<br>. पौष्टिकतत्वहरु नष्ट नहुने गरी फलफूल र तरकारी खाने तरिका ।<br>. बैयक्तिक स्वास्थ्यका लागि सन्तुलित भोजन ।<br>. जंक फूडका हानी ।<br>. शारीरिक कसरत । | . भोजन व्यवहार ।<br>. स्थानीय खाना र हाम्रो स्वास्थ्यका लागि आवश्यक पौष्टिक खानाको सम्बन्ध पहिचान ।<br>. आत्म-अनुशासन र ध्यान योग ।<br>. असल नागरिकका सिप र स्वभावहरु ।<br>. बोली बचन र खुसी ।<br>. गीत, सङ्गीत र नृत्यहरु ।<br>. सकारात्मक सोचको विकास ।<br>. समालोचकीय र सिर्जनात्मक चिन्तन अभ्यास । |
| ५ | हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन | . स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरु जस्तैः टिमूर, काउलो, अमला, कुरिल्लो, घुच्ची च्याउ, खिरौलो, तेजपत्ता, घोडटाप्रे, दुधे, गुर्जो, भाँगेचुक, बाँको, सिल्पाउरी, जामुनो, बोजो, पदमचाल्नो, पोकचाल्नो, हातेजडी, भुतकेश, कटुको, यार्शागुम्बा, सुनगाभा, धसिङग्रे आदि ।<br>. नगरपालिका भित्रका वनमा पाइने वन्यजन्तु र चराहरुको परिचय र महत्व । | . स्थानीय वनक्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको प्रशोधन र उपयोग ।<br>. घर तथा विद्यालयमा स्थानीय औषधिजन्य वनस्पति र फलफूलको बगैंचा निर्माण ।<br>. नगरपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका ।<br>. वातावरण संरक्षणको परिचय ।<br>. नगरपालिका क्षेत्रमा जलस्रोत प्रदूषणको कारण, असरहरु र न्यूनीकरणका उपायहरु । |

| क्र. सं. | मुख्य विषयवस्तु | विषयवस्तुको क्षेत्र र क्रम | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| | | • नगरपालिका क्षेत्रमा पाइने ठुला रुखहरुको पहिचान ।<br>• करेसाबारी निर्माण ।<br>• विद्यालयमा बालबगैंचा निर्माण र वृक्षारोपण ।<br>• वातावरण र विकासको परिचय ।<br>• पानीका स्रोतहरु ।<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर ।<br>• वातावरण प्रदूषणको स्थानीय अवस्था ।<br>• फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन ।<br>• विद्यालय परिसर, आउनेजाने बाटो र छरछिमेकमा भएका सम्भावित जोखिमका स्थान पहिचान र ती ठाउँमा हिँड्दा, क्रियाकलाप गर्दा अपनाउनुपर्ने सावधानी । | • पानीको संरक्षण गर्ने उपायहरु ।<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैला व्यवस्थापनका उपायहरु ।<br>• गोरेटो, घोडेटो तथा मोटरबाटोमा हिँड्दा र खोला, पुल, पहिरो पार गर्दा अपनाउनुपर्ने सावधानीका उपायहरु । |

१०.३. कक्षा ६-८

| क्र. सं. | मुख्य विषयवस्तु | विषयवस्तुको क्षेत्र र क्रम | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १ | हाम्रो तिलागुफा | • नगरपालिका र वडा कार्यालयहरूबाट प्राप्त हुने सेवा, सुविधा र शर्तहरू ।<br>• नागरिक बडापत्र । | • नगरपालिका अन्तर्गतका विषयगत कार्यालयहरूबाट प्राप्त हुने सेवा र शर्तहरू ।<br>• नगरपालिकाको प्रशासनिक संरचना ।<br>• कालीकोट जिल्लाको नक्शा बनाई आफ्नो नगरपालिकाका मुख्य स्थानहरु, मुख्य सडक तथा बाटाहरु, धार्मिक तथा पर्यटकीय स्थल, नदी, खोलानाला र तालहरु ।<br>• नगरपालिकाको समग्र शैक्षिक अवस्था र प्राविधिक शिक्षाको वर्तमान अवस्था । | • नगरसभाको गठन, काम, कर्तब्य र अधिकार ।<br>• नगरपालिकामा सञ्चालित प्रमुख/गौरवका योजनाहरुको स्रोत, कार्य र प्रभाव ।<br>• नगरपालिकाभित्र कार्यरत सामुदायिक संघसंस्था र प्राप्त हुने सेवाहरू । |

| क्र. सं. | मुख्य विषयवस्तु | विषयवस्तुको क्षेत्र र क्रम | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| २ | हाम्रो समाज, भाषा, धर्म, संस्कृति र सम्पदाहरु | • सामाजिक चुनौतिको रुपमा रहेका बालश्रम, बालविबाह, अन्धविश्वास, भूतप्रेत, बोक्सीका कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनीकरण गर्नका लागि आवश्यक उपायहरु ।<br>• स्थानीय साझा मेला, चाडपर्वहरूका विशेषता, मनाइने समय, समुदाय ।<br>• सामाजिक विकृतिहरू र सुधारका प्रयासहरू ।<br>• तिलागुफा नगरपालिकामा रहेका विभिन्न खोला, नदी, धारा, पोखरी, कुवाजस्ता जलसम्पदाले पुऱ्याएको योगदान ।<br>• नगरपालिकामा अस्तित्वमा रहेका कला, सँस्कृति र साहित्य ।<br>• तिलागुफा नगरपालिकाका धार्मिक सम्पदाहरु र तिनको महत्व । | • विविध सामुदायिक सम्बन्धका अवयवहरू ।<br>• विद्यालयभित्रका सामूहिक संरचना जस्तैः विज्ञान क्लब, बालक्लब, रेडक्रसका क्रियाकलाप आदि ।<br>• महिला हिंसा, चेलीबेटी बेचबिखन, यौनजन्य हिंसा र न्यूनीकरणका उपायहरु ।<br>• तिलागुफा नगरपालिकाका पर्यटकीय स्थलहरु ।<br>• तिलागुफा नगरपालिकाभित्र बसोबास गर्ने प्रमुख जातजाति - ब्राम्ह्ण, क्षेत्री, दलित र अन्य अल्पसंख्यक आदिले मनाउने चाडपर्व, लगाउने भेषभूषा र गरगहना, बोल्ने भाषाका साथै उनीहरु बीचको आपसी सम्बन्ध ।<br>• व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो वडा, नगरपालिका र समग्र मुलुकको हितका लागि काम गर्ने नगरपालिकाका कलाकार, खेलाडी, लेखक, साहित्यकार, राजनीतिज्ञ, सामाजिक अभियन्ता र वहाँहरुको योगदान । | • सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेका जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंसा, बाल श्रम, बालविबाह आदिको न्यूनीकरणका उपायहरु ।<br>• साँस्कृतिक विविधता ।<br>• नगरपालिकाका पर्यटकीय स्थलहरुका विशेषता, संरक्षण र संबर्धन ।<br>• सामाजिक सद्भावका साथै स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा नगरपालिकाको भूमिका ।<br>• तिलागुफा नगरपालिकाका धार्मिक स्थलहरुको विशेषता, संरक्षण र संबर्धन ।<br>• नगरपालिकास्तरीय मेयरकप खेलकुद प्रतियोगिता ।<br>• बैकल्पिक उर्जा (सोलार, विद्युत, गोवर ग्याँस) ।<br>• नगरपालिकामा रहेको जल, जमीन, जङ्गल, जडीबुटी, जनशक्ति र यसको विकासमा नगरपालिकाको भूमिका ।<br>• पर्यटन विकासमा समुदाय र स्थानीय सरकारको सहकार्य । |
| ३ | हाम्रो कृषि, पेशा, व्यवसाय, पर्यटन र प्रविधि | • मुख्य तरकारी बाली आलुको खेती ।<br>• विद्यालय बगैंचामा आलु खेती ।<br>• हस्त निर्मित सामग्रीहरु जस्तैः सुपो, लिउ, काम्लो, फेरुवा, जावो र परालको गुन्द्री । | • कृषि प्रविधि ।<br>• सिंचाई प्रणाली,परियोजना र कूलो सिंचाई ।<br>• तिलागुफा नगरपालिकामा उत्पादन हुने मुख्य अन्न बाली, आलु, अन्य तरकारी, फलफुल र पशुपन्छी पालनको उत्पादन प्रविधि, उपभोग र बजारीकरण । | • गाईपालन/बंगुरपालन/माछापालन कुखुरापालन आदि ।<br>• बेमौसमी तरकारी (टमाटर, लौका, करेला, भिण्डी, काँक्रा, सिमी, मुला आदि) खेती । |

| क्र. सं. | मुख्य विषयवस्तु | विषयवस्तुको क्षेत्र र क्रम | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| | | • व्यावसायिक कृषिको परिचय ।<br>• कृषि पकेट क्षेत्र ।<br>• मौरी पालन ।<br>• पेशा र व्यवसायको प्रवर्द्धनमा नगरपालिकाको भूमिका ।<br>• व्यावसायिक कृषि तथा अन्य उद्योग, फर्महरूको खेती तथा उत्पादन प्रविधि ।<br>• बजारीकरणको अवस्था ।<br>• डिजिटल साक्षरता सिप । | • तिलागुफा नगरपालिकामा उत्पादन हुने विभिन्न फलफूलहरु (कागती, सुन्तला, नास्पति, केरा, ओखर, स्याउ, ज्यामिर आदि) को खेती प्रविधि र उपभोग ।<br>• बाखापालन, भेडापालन, मौरीपालनको महत्व र पालन गर्ने तरिका ।<br>• दलहन बाली (केराउ, मास, गहत, भटमास, सिमी, सोइटा, मसुरो आदि) को खेती ।<br>• हस्त निर्मित सामग्री (चकटी, नाङ्लो, बाबियोको डोरी आदि) ।<br>• होटल व्यवसाय तथा होमस्टे सञ्चालनको सम्भाव्यता ।<br>• डिजिटल साक्षरता सिप । | • नगदेबाली (तोरी, मसुरो, सिमी, मास, तिल, लसुन, उखु, प्याज, आलु आदि) को खेती ।<br>• हस्त निर्मित सामग्रीहरु (जस्तै: स्याँखु, डोको, छाप्री, गुन्द्री, खाट, ठेकी, हलो आदि) ।<br>• खाद्य सुरक्षाको लागि कृषिको व्यावसायिक उत्पादन ।<br>• स्वरोजगारमूलक आयआर्जनका क्रियाकलाप र वैकल्पिक पेशा ।<br>• बैंक एवम् वित्तीय संस्थाहरूले प्रदान गर्ने सेवा, सुविधा र शर्तहरू ।<br>• डिजिटल साक्षरता सिप । |
| ४. | जीवनकला र अनिवार्य सिपहरु | • परम्परादेखि चलि आएको जडीबुटीको सेवन, प्राकृतिक चिकित्सा पद्धती र आयुर्वेदिक उपचार ।<br>• प्रतिभा र क्षमताको स्वमूल्याङ्कन ।<br>• गीत, सङ्गीत र नृत्यहरु सिर्जना र अभ्यास ।<br>• सकारात्मक चिन्तन, सन्तुलित विचार र जीवनशैली ।<br>• योग र ध्यान (सर्वाङ्गीण व्यायाम, प्रणव ध्यान, उद्गीथ प्राणायाम, अनुलोम विलोम प्रणायाम, उर्ध्वताडासन, कोणासन) ।<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग । | • गीत, सङ्गीत र नृत्यहरुको सिर्जना एवम् अभ्यास ।<br>• सकारात्मक सोंचाइ सिप ।<br>• असल बानी व्यवहार ।<br>• खानाका विभिन्न स्थानीय परिकारहरु पकाउने र व्यक्तिगत सरसफाइ गर्ने सिप ।<br>• योग र ध्यान (सूर्य नमस्कार, प्रणव ध्यान, अनुलोमविलोम, सर्वाङ्गासन, पश्चिमोत्तासन आदि) ।<br>• हाम्रा असल आचरण, संस्कार र मूल्य मान्यताहरुको बोध ।<br>• घरपरिवार र समाजका जेष्ठ नागरिक लगायत असहज स्थितिका मानिसहरुप्रति सहयोग ।<br>• आहार अनुशासन । | • गीत, सङ्गीत र नृत्यहरुको सिर्जना र अभ्यास ।<br>• स्थानीयस्तरका प्रमुख धर्महरु र आपसी सद्भाव ।<br>• सकारात्मक सोचाइ सिप ।<br>• असल बानी व्यवहारहरु ।<br>• श्रम र विद्यालय बगैंचा निर्माण ।<br>• विद्यालय हातामा विरुवा रोपण ।<br>• योग र ध्यान (प्रणव ध्यान, उद्गीथ, कपालभाती प्रणायाम, अनुलोमविलोम, तिर्यकताडासन, चक्किआसन) ।<br>• घरपरिवार र समाजका जेष्ठ नागरिक एवम् असहज स्थितिका मानिसहरुप्रति सहयोग । |

| क्र. सं. | मुख्य विषयवस्तु | विषयवस्तुको क्षेत्र र क्रम | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| | | • कक्षामा सहयोगात्मक कार्य, नेतृत्व सिप, सञ्चार सिप जस्ता अनिवार्य सिपको प्रदर्शन । | • घरपरिवार र व्यक्तिगत सरसफाइ ।<br>• कक्षाकोठामा वा दैनिक जीवनमा समालोचनात्मक चिन्तन, समस्या समाधान र सिर्जनशीलता । | • हाम्रा पुर्खा, वंश तथा गोत्रको पहिचान र महत्व ।<br>• आहार व्यवहार र सन्तुलित भोजन ।<br>• समालोचनात्मक चिन्तन, सिर्जनशीलता, सहयोगात्मक व्यवहार र सञ्चार एवम् नागरिक सिपको विकास । |
| ५. | हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन | • आगो, हिटर, डढेलो, भूक्षय, बाढी पहिरो, असिना पानी, हावाहुरी, सर्पदंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउ ।<br>• सडक दूर्घटना ।<br>• विभिन्न खोलानालाबाट हुने कटान तथा डुबान ।<br>• उल्लिखित घटना, दुर्घटना न्यूनीकरणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका ।<br>• सामुदायिक वन संरक्षणमा समुदाय र नगरपालिकाको भूमिका । | • तिलागुफा नगरपालिकाको वनमा पाइने विभिन्न किसिमका औषधीजन्य वनस्पति र जडीबुटीको जानकारी, महत्व र संरक्षण ।<br>• तीला नदीको सभ्यता ।<br>• भूकम्पको जोखिम ।<br>• यात्राको समयमा साइकल, स्कुटर वा मोटरसाइकल र सार्वजनिक सवारीबाट हुने जोखिम र सडक दुर्घटनाबाट बच्ने उपाय ।<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला आदि रोकथामका लागि गरिने पूर्व तयारी ।<br>• नगरपालिकास्तरमा विपद् व्यवस्थापनका लागि संलग्न संयन्त्र, संघसंस्था, योजना र कार्यक्रमहरु ।<br>• विपद् सावधानीको अभिनय । | • भूकम्पबाट हुने जोखिम न्यूनीकरणमा विद्यालय र समुदायको भूमिका ।<br>• सुरक्षित विद्यालय ।<br>• विश्वका प्रमुख महामारीहरू (जस्तैः Black death, प्लेग, फ्लू, एचआईभी एड्स, हैजा, सार्स र कोभिड १९ आदि) ।<br>• महामारीहरुबाट विश्व समुदायमा भएका सिकाइ ।<br>• किशोरीहरुमा देखिने मास हिष्टेरिया ।<br>• विपद्को सामूहिक प्रतिकार्यका उपायहरू ।<br>• विपद्को सामूहिक प्रतिकार्यमा विद्यार्थीको भूमिका (जस्तैः जुरेस, स्काउट, इको क्लब लगायत अन्य) ।<br>• कृत्रिम घटना अभ्यास (Simulation) ।<br>• भू-क्षय, नदी कटान एवम् पहिरोको जोखिम रहेका क्षेत्रको पहिचान ।<br>• तटबन्धन लगायत भू-क्षय रोकथाममा नगरपाकिलाको भूमिका । |

## भाग : पाँच

### ११. विषयवस्तुको विस्तृतीकरण, सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप र सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १

| क्र सं. | विषयवस्तु को क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो तिलागुफा | • आफ्नो परिवारका सदस्य तथा आफू बसेको गाउँ टोलको नाम बताउन ।<br>• आफ्नो गाउँ वरपर रहेका नदी, खोलाको नाम बताउन ।<br>• आफ्नो विद्यालयको नाम र विधालय रहेको ठाउँका बारेमा बताउन ।<br>• आफ्नो नगरपालिकाको नाम बताउन । | • आफ्नो परिवारका सदस्य तथा गाउँटोलको नाम ।<br>• आफ्नो गाउँ वरपर रहेका नदी, खोला र बाटोको नाम ।<br>• आफ्नो विद्यालयको नाम र ठाउँ ।<br>• आफ्नो नगरपालिकाको नाम । | •प्रत्यक्ष व्यक्ति वा चित्र एवं श्रव्यदृश्य सामग्रीको माध्यमबाट कुनै व्यक्तिको परिवारका सदस्यहरुका साथै उ बस्ने नगरपालिका वा गाउँपालिका र गाउँवस्तीको नाम एवम् वडाको बारेमा छलफल गर्न लगाउने ।<br>•तत्पश्चात् विद्यार्थीहरुलाई आफ्नो परिवारका सदस्यहरु र उ बस्ने नगरपालिका वा गाउँपालिका अन्तर्गतको गाउँवस्ती र वडा नम्वर भन्नका लागि कक्षा वातावरणको सिर्जना गराउने ।<br>•सर्वप्रथम विद्यार्थीहरुले देखेको नदी, खोला र बाटोको नाम भन्न लगाउने ।<br>•तपाईले देखेको नदी, खोला र बाटोमध्ये कुन कुन तपाईको गाउँवस्ती र त्यसको वरिपरी रहेका छन् छलफल गरी भन्न लगाउने ।<br>•उल्लिखित नदी, खोलानाला र बाटोका कारण के फाइदा भएको छ उनीहरुलाई कल्पना गर्न लगाउने र तिनीहरुको उपयोगिताको बारेमा भन्न लगाउने ।<br>•आफ्नो विद्यालयको नाम के हो भनेर सोध्न लगाउने र विद्यार्थीहरुलाई आफ्नो विद्यालयको नाम, विद्यालय रहेको स्थान र वडासमेत भन्न लगाउने । | .विद्यार्थीहरुलाई उनीहरुको परिवारका सदस्यको नाम सोधेर ।<br>.विद्यार्थीलाई उनीहरु बस्ने गाउँवस्तीको नाम सोधेर ।<br>.विद्यार्थीहरुलाई उनीहरु बस्ने वडा नम्वर भन्न लगाएर ।<br>.विद्यार्थीहरुलाई उनीहरुको गाउँवस्ती र त्यसको वरिपरी भएका बाटो, खोला नाला र नदीको नाम भन्न लगाएर ।<br>.घरहरु, बजार, बाटो, खोलानाला,नदी आदिको चित्र बनाई चित्रहरुमा रङ समेत भर्नुहोस् ।<br>.आफ्नो वडाको वडा अध्यक्षको नाम भन्नुहोस् । | ३० |

| क्र सं. | विषयवस्तु को क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | •विद्यार्थीलाई कुनै सामान र वस्तु चाहियो भने कहाँ गएर किनेर ल्याउनुहुन्छ भनेर सोध्न लगाउने ।<br>•गाउँबस्ती नजिकै रहेको बजारको नाम के हो र त्यहाँ गएर तपाईहरु के के सामान खरिद गर्नुहुन्छ भनेर सोध्न लगाउने ।<br>•विद्यार्थीहरुको पूर्व ज्ञानलाई आधार बनाई नगरपालिकाका प्रमुख, उपप्रमुख र वडाध्यक्षको नाम भन्न लगाउने । | | |
| २ | हाम्रो समाज, भाषा, धर्म, संस्कृति र सम्पदा | • स्थानीय जातजातिहरू अनुसारका अभिवादन गर्न ।<br>• स्थानीय खेलहरूको सामान्य अभ्यास गर्न ।<br>• हाम्रो सेरोफेरोका विभिन्न धार्मिक सम्पदाहरूको पहिचान गर्न ।<br>• आफू र आफ्नो वरिपरिका जातजातिले मनाउने चाडपर्व, गीत, नाच र बाजाहरूको सामान्य परिचय दिन ।<br>• घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरुमा गरिने क्रियाकलापहरु बताउन । | •स्थानीय जातजातिहरू अनुसारका अभिवादन ।<br>•स्थानीय खेलहरू ।<br>•विभिन्न धार्मिक सम्पदाहरू ।<br>• आफ्नो वरिपरिका चाडपर्व, गीत, नाच र बाजाहरू ।<br>•घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरुमा गरिने क्रियाकलापहरु । | •कक्षामा वा विद्यालयमा विभिन्न जातजातिमा प्रचलित अभिवादनका शब्द एवम् हाउभाउसहित क्रियाकलाप गर्न लगाउने ।<br>•स्थानीय खेलहरू खेल्न लगाउने ।<br>•स्थानीय धार्मिक सम्पदाहरू मष्टो, मन्दिर आदिको चित्र देखाई चिनारी गराउने र नजिकै रहेका सम्पदाहरुको भ्रमण गराई परिचित गराउने ।<br>• विभिन्न चाडपर्वसँग सम्बन्धित फोटो र चित्रहरु देखाई यो कुन चाडपर्वसँग सम्बन्धित फोटो हो भनेर छलफल गर्न लगाउने । | • अभिवादन प्रस्तुतिको अवलोकन गरेर ।<br>• स्थानीय सम्पदाको चित्र हेरी सम्पदाको चिनारी दिनुहोस् ।<br>• दिइएका चाडपर्वका फोटो हेरी चाडपर्वका नाम लेख्नुहोस् ।<br>• चाडपर्वमा गाइने गीत गाउन लगाएर र नाच नाच्न लगाएर सोको अवलोकन गरी अभिलेख राख्ने । | ४० |

| क्र सं. | विषयवस्तु को क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | • तपाईको प्रमुख चाड कुन हो र उक्त चाड मनाउँदा के के गर्नुहुन्छ भनेर सोध्नुका साथै आफ्नो गाउँटोलमा विभिन्न जातजातिले मनाउने चाडपर्वहरु- तीज, माघे संक्रान्ती, होली, असारे सङ्क्रान्ति, भदौ पूर्णिमा, पितृ पुजा आदिको बारेमा छलफल गर्दै चाडपर्वहरुको नाम र क्रियाकलाप भन्न लगाउने ।<br>• कुनै नाचको फोटो देखाएर यो कुन नाच हो र हाम्रो गाउँटोलमा कुन जातिले यो नाच नाच्ने गर्दछन् भनेर विद्यार्थीहरुसँग सोधपुछ र छलफल गर्दै स्थानीय स्तरमा नाचिने नाचहरु - देउसी भैलो, तीज, हुड्के, देउडा आदि नाचको सूची बनाउन लागाउने । | परियोजना कार्य :<br>• विद्यार्थीका घरमा वा छिमेकमा गई स्थानीय चाडपर्वसँग सम्बन्धित कुनै चित्र वा फोटो ल्याउने र वर्णन गर्ने । | |
| ३ | कृषि, पेशा, व्यवसाय, पर्यटन र प्रविधि | • आफ्नो घरमा उपभोग गरिने केही अन्नबाली, गेडागुडी, फलफूल, तरकारी आदिको नाम र स्वाद बताउन ।<br>• आफ्नो घरमा वा छिमेकमा पालिने पशुपन्छीको परिचय दिन ।<br>• परिवारका सदस्यहरूको पेशा, व्यापार व्यवसायको परिचय दिन । | • आफ्नो घरमा उपभोग गरिने केही अन्नबाली, गेडागुडी, फलफूल, तरकारी आदिको नाम र स्वाद ।<br>• आफ्नो घरमा वा छिमेकमा पालिने पशुपन्छी ।<br>• परिवारका सदस्यहरूको कृषि, पेशा, व्यापार र व्यवसायको परिचय । | • विभिन्न अन्नबालीहरु (धान, मकै, गहुँ, जौं आदि) को चित्र प्रत्यक्षरुपमा वा अन्य माध्यमद्धारा देखाउने र तिनीहरुको नाम भन्न लगाउने ।<br>• विद्यार्थीहरुलाई त्यस्ता अन्नबाली खेती गरिएको स्थानमा भ्रमणमा लैजाने र ती अन्नबालीहरुको चिनारी गराउने ।<br>• दलहन बालीहरु (केराउ, चना, मसुरो, मास, सिमी आदि) का बोट र गेडागुडीका नमूना देखाएर तिनीहरुको नाम बताउन लगाउने । | • अन्नबाली, तरकारी, फलफुल खेती गरिएको क्षेत्रभ्रमणपछि त्यहाँ देखेका अन्नबाली, तरकारी र फलफूलको परिचय दिन लगाउने र दिएका उत्तरका आधारमा सिकाइस्तर अभिलेख गर्ने । | ३० |

| क्र सं. | विषयवस्तु को क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | . विद्यार्थीहरुलाई त्यस्ता दलहन बाली खेती गरिएको ठाउँमा भ्रमणमा लैजाने र दलहन बालीको चिनारी गराउने ।<br>. घरमा उपभोग गरिने तरकारीहरुको नाम बताउन लगाउने ।<br>. खेती गरिने विभिन्न तरकारीहरु (साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी, भन्टा, करेला, लौका, फर्सी, कुभिण्डो, सिमी, भिण्डी, बोडी, मेथी, मुला, गाजर, सलगम आदि) को चित्र वा भिडियो देखाउने र ती मध्ये कुन कुन तरकारीहरु घरमा खाने गरिएको छ भन्ने बारेमा बताउन लगाउने ।<br>. विद्यार्थीहरुलाई विद्यालय नजिकै तरकारी खेती गरिएको स्थानमा लैजाने र विभिन्न तरकारीहरुको चिनारी गराउने ।<br>. घरमा पाल्ने गरिएका पशुपन्छीहरू जस्तै: भैंसी, गाइ, गोरु, बाखा, हाँस, कुखुरा, परेवा आदिको चित्र देखाई तिनिहरुमध्ये बालबालिकाको घरमा पालन गरिएका पशुपन्छी पहिचान गर्न लगाउने ।<br>. विभिन्न अन्नवाली,तरकारी, फलफूल र पशुपन्छीको चित्र बनाउन लगाउने र त्यस्ता चित्रहरुमा रङ भर्ने अभ्यास गर्न लगाउने ।<br>. विद्यार्थीहरुलाई उनीहरुका परिवार र छिमेकका सदस्यहरुले गर्ने पेसा तथा व्यवसायहरुबारे बताउन लगाउने । | . अन्नबाली, दलहन, फलफुल र पशुपन्छीहरुको शब्द र चित्रबिच जोडा मिलाउन लगाउने ।<br>. परिवार र छिमेकीले गर्ने पेसा र व्यवसायको नाम बताउन लगाउने ।<br>परियोजना कार्य : आफ्नो घर र छिमेकमा गरिने खेती र पशुपन्छी पालनसँग सम्बन्धित चित्र कोर्न लगाई पेश गर्न लगाउने र सोका आधारमा सिकाइ स्तर अभिलेखीकरण गर्ने । | |

| क्र सं. | विषयवस्तु को क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ४ | जीवनकला र अनिवार्य सिपहरू | • आफ्ना सामानको स्याहार गरी सुरक्षित राख्न ।<br>• साथीलाई सिकाउने, सहयोग गर्ने जस्ता सहयोगात्मक व्यवहार गर्न ।<br>• आफूलाई मन पर्ने साथीहरुका असल स्वाभावको पहिचान र अभ्यास गर्न ।<br>• स्थानीय स्तरमा प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीतको श्रवण,नृत्यहरुको अवलोकन र अभ्यास गर्न ।<br>• जङ्कफूड (पत्रु खाना) पहिचान गर्न र नखाने बानीको विकास गर्न । | •आफ्ना सामानको स्याहार<br>•साथीलाई सिकाउने, सहयोग गर्ने व्यवहार ।<br>•असल स्वभावको पहिचान र अभ्यास ।<br>•स्थानीय गीत, सङ्गीतको श्रवण,नृत्यहरुको अवलोकन र अभ्यास ।<br>जङ्कफूड (पत्रु खाना) । | .विद्यार्थीहरुलाई वब चार्ट अनुसारका काममा लगाई श्रम गर्ने बानी विकास गराउने ।<br>.समूह कार्य, जोडी कार्य, विद्यार्थी-विद्यार्थी सिकाइ अभ्यास गराई सिकाइ कार्यमा एकले अर्कोलाई सहयोग गर्ने बानीको विकास गराउने ।<br>.असल र खराब व्यवहार पहिचान गर्न लगाउने ।<br>.असल व्यवहार अवलम्बन गर्न विभिन्न अभ्यास गराउने । जस्तै:साथीलाई धकेल्दा उत्पन्न हुनसक्ने झगडाको अभिनय गर्न लगाउने ।<br>.चित्र, भिडियो एवम् अन्य माध्यमबाट असल व्यवहार प्रदर्शन गर्ने ।<br>.स्थानीय गीत, संगीत र सोसँग सम्बन्धित अडियो रेकर्ड र भिडियो सुनाउने,देखाउने र त्यसको अभिनय गर्न लगाउने ।<br>.ताली पिट्ने, भाटाकूटी, भात पकाइ आदि जस्ता खेलहरू खेलाउने ।<br>.मोबाइल, टिभी, साउण्ड सिष्टम, कम्प्यूटर आदिको प्रयोग गरेर विभिन्न बाल गीत बजाउने ।<br>.विद्यार्थीहरुलाई उनीहरुले मन पराएको गीत र सङ्गीतमा नृत्य गर्नका लागि प्रेरित गर्ने ।<br>.विद्यार्थीहरुलाई श्वास लिन र फ्याक्न लगाउने (भस्त्रिका प्राणायम) र प्रणव ध्यान र शसकासन गर्नका लागि शिक्षकले नमुना प्रस्तुत गरेर देखाउने । | परियोजना कार्य :<br>.आफूले भोगेका, अनुभव गरेका असल र खराव व्यवहारका बारेमा छलफल गर्नुहोस ।<br>. विद्यार्थीले गरेको अभिनय, हाउभाउ सहितका व्यवहारको अवलोकन गरी अभिलेखीकरण गर्ने ।<br>. गायन, बाद्यबादन, अभिनय जस्ता कार्यमा विद्यार्थीको प्रदर्शन सिपको अवलोकन गरी सिकाइस्तर अभिलेखीकरण गर्ने ।<br>. विद्यार्थीलाई मन पर्ने चाडपर्व र त्यस्ता चाडपर्वमा गरिने मुख्य क्रियाकलापहरुको विधार्थीलाई अभिनय गर्न लगाउने र अभिनयका आधारमा सिकाइस्तर मापन गर्ने । | ३० |

| क्र सं. | विषयवस्तु को क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | . विद्यार्थीहरुलाई प्राणायम, ध्यान र आसनको अभ्यास गर्न लगाउने र त्यस्ता ध्यान, प्राणायाम र आसनहरुको नाम र महत्वको बारेमा विधार्थीहरुलाई बताउने ।<br>.जङ्कफुड के के हुन् ? बजारमा पाइने चाउचाउ, बिस्कुटजस्ता खाना देखाई यी खानालाई किन पत्रु खाना भनिन्छ? यी खाना किन खानुहुदैन ? भनी प्रश्न सोध्ने र त्यस्ता प्रश्नको उत्तर भन्न लगाउने ।<br>.आहार स्वास्थ्यका बारेमा सामान्य जानकारी दिने । | .मोबाइल, कम्प्युटर वा टेलिभिजनमार्फत् अडियो, अडियोभिडियो सामग्री देखाउने, सुनाउने र त्यसपछि उनिहरुको प्रतिकिया ग्रहण गरी सिकाइस्तर मापन गर्ने । | |
| ५ | हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन | .स्थानीय रुखविरुवा, जडीबुटी, जंगली जनावर र ढुंगा खानीको नाम भन्न ।<br><br>.स्थानीय धारा, कुवा, खोला र नदी जस्ता जलस्रोतहरूको नाम बताउन ।<br><br>.घर, छिमेक र विद्यालयमा भएका बगैंचा, फूलबारीको संरक्षण गर्न ।<br>.घर तथा विद्यालयमा भएको फोहर व्यवस्थापन गरी सरसफाइ कायम गर्न । | .स्थानीय रुखविरुवा, जडीबुटी, जंगली जनावर र ढुंगा खानी ।<br>.स्थानीय धारा, कुवा, खोला, नदी जस्ता जलस्रोतहरू ।<br>.घर, छिमेक र विद्यालयमा भएका बगैंचा र फूलबारी ।<br>.घर तथा विद्यालयको फोहर व्यवस्थापन र सरसफाइ ।<br>.लाइनमा हिंड्ने, पालो पर्खने, जोखिम क्षेत्रमा नजाने, कक्षाकोठामा सुरक्षित तरिकाले कार्य गर्ने जस्ता वैयक्तिक अनुशासन सिप । | .घर वरपर भएका र घरको बगैंचामा भएका बिरुवाको नाम बताउन लगाउने ।<br>.विद्यालयको बगैंचा तथा विद्यालय वरपर भएका बिरुवाहरुको अवलोकन गराई तिनीहरुको नाम पहिचान गर्न लगाउने ।<br>.घरको बगैंचा वा खेतवारीको छेउछाउमा वृक्षारोपण गर्ने सम्बन्धमा विद्यार्थीहरुलाई प्रश्न सोध्ने र खाली ठाउँमा वृक्षरोपण गर्नुपर्ने कुरा बताउने ।<br>.आफ्नो घर वरपर भएका पानीका स्रोतहरु पहिचान गरी अवस्था र अनुभवको बारेमा भन्न लगाउने । | .चित्रमा दिइएका बोटविरुवाहरुको नाम पहिचान गर्नुहोस ।<br><br>परियोजना कार्य :<br>.घरमा कुनै विरुवा रोप्न लगाई हुर्काउन लगाउनुहोस् ।<br><br>.आफ्नो घरको बगैंचामा वा घर वरिपरी वा विद्यालयको बगैंचामा भएका बोटविरुवाको नाम सोध्नुहोस् । | ३० |

| क्र सं. | विषयवस्तु को क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | • लाइनमा हिंड्ने, पालो पर्खने, जोखिमयुक्त क्षेत्रमा नजाने र कक्षाकोठामा सुरक्षित तरिकाले कार्य गर्न ।<br>• स्थानीयस्तरमा भईरहेका र हुन सक्ने बिपद्हरु जस्तै सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुबान आदिबाट सिर्जित हुने विपदहरुको चित्रात्मक पहिचान गर्न ।<br>• विद्यालय र घरमा आउँदाजाँदा बाटोमा हुने सम्भावित जोखिमहरु जस्तै : बाटो बिग्रने, खोलानाला तर्ने, हावाहुरी चल्ने, बाटो काटने आदीको पहिचान गरी सावधानी अपनाउन ।<br>• कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरु जस्तै: चोटपटक, करेन्ट, पहिरो खस्ने, ढुङ्गा खस्ने, आगलागि, आदिको परिचय र सोबाट बच्नका लागि सामान्य उपायहरु बताउन र सोको अनुसरण गर्न । | • स्थानीयस्तरमा भईरहेका र हुन सक्ने बिपद्हरु जस्तै :<br>• विद्यालय र घरमा आउदाजाँदा बाटोमा हुने जोखिमहरु र सावधानी ।<br>• कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरु र सावधानीका उपायहरु । | • चित्रको माध्यमबाट आफ्नो वरपर भएका पानीका स्रोतहरुको जानकारी दिन लगाउने ।<br>• व्यक्तिगत सरसफाइअन्तर्गत गरिने कार्यहरुको जानकारी गराउने । जस्तै : नुहाउने, कपाल कोर्ने, कपडा सफा गर्ने, हात धुने, नङ काट्ने, जुत्ता सफा गर्ने आदि ।<br>• व्यक्तिगत सरसफाइअन्तर्गत गर्न सकिने केही कार्यहरुको प्रदर्शन गर्ने र विद्यार्थीहरुलाई त्यस्ता कार्यमा सरिक गराउने । जस्तै: साबुन पानीले हात खुट्टा धुने, नङ काट्ने आदि ।<br>• कक्षाकोठाभित्र तथा कक्षाकोठा बाहिरका फोहोरमैलाहरुको अवलोकन गराई फोहोरमैलाको पहिचान गर्न लगाउने र फोहोरको रखाई व्यवस्थापनमा सहभागी गराउने र साबुन पानीले हातखुट्टा सफा गर्न लगाउने ।<br>• चित्र वा भिडियोको माध्यमबाट विद्यालय आउनेजाने बाटो तथा घर र छिमेकमा हुनसक्ने जोखिमका क्षेत्रहरू देखाई सतर्क रहने उपाय बताउने । | • विद्यालय र समुदाय वरपर भएका धारा, कुवा, खोला, नदी जस्ता पानीका स्रोतहरू पहिचान गर्न लगाई नाम भन्न लगाउनुहोस्<br>• वैयक्तिक सरसफाइ अवलोकन गरी विद्यार्थीका असल गुण सबैलाई सुनाएर मापनस्तर दिनुहोस् ।<br>• सुरक्षित हिँडडुल, बसाइ, व्यवहार अवलोकन गरी सिकाइस्तर मापन गर्नुहोस् ।<br>• पत्रु खाना बाहेक घरमा वा विद्यालयमा खाइने स्थानीय खानाका परिकारका बारेमा भन्न लगाउनुहोस् । | |

कक्षा २

| क्र.सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो तिलागुफा | • आफ्नो गाउँ वरपरका मुख्य टोल एवम् बाटोहरूको नाम, अवस्थिति र संक्षिप्त विशेषता बताउन ।<br>• आफ्नो घर नजिकै रहेका बजारको पहिचान गर्न ।<br>• तिलागुफा नगरपालिकाका नगर प्रमुख, उपप्रमुख र आफ्नो वडाका वडा अध्यक्ष र सदस्यहरूको नाम बताउन ।<br>• नगरपालिकाको नक्सामा आफ्नो वडा र छिमेकी वडाहरू पत्ता लगाउन । | • आफ्नो गाउँ वरपरका मुख्य टोल एवम् बाटोहरूको नाम, अवस्थिति र संक्षिप्त विशेषता ।<br>• आफ्नो घर नजिकै रहेका बजार ।<br>• तिलागुफा नगरपालिकाका नगरप्रमुख, नगर उपप्रमुख र आफ्नो वडाका अध्यक्ष र सदस्यहरूको नाम ।<br>• नगरपालिकाको नक्सामा रहेको आफ्नो र छिमेकी वडाहरु । | • आफू बसेको वडाभित्र अरु कुन-कुन गाउँवस्तीहरु पर्दछन् भनेर छलफल गर्न लगाउने ।<br>• वडाभित्रका बाटाहरुको नाम समेत भन्न लगाउने ।<br>• आफ्नो वडा कार्यालय रहेको ठाउँको नाम र आफ्नो वडामा रहेका विद्यालयहरुको नामको बारेमा छलफल गर्न लगाउने ।<br>• तपाइको वडामा रहेका बजारहरु र त्यहाँ गएर खरिद गरिने सामानहरुको सूची बनाउनुहोस् भनेर समूहमा काम दिने र त्यस्तो कामको प्रस्तुती गर्न लगाउने ।<br>• तिलागुफा नगरपालिकाका वडाहरु र गाउँवस्ती उल्लेख गरिएको नक्सा विद्यार्थीहरुलाई अवलोकनका लागि उपलब्ध गराउने र उक्त नक्सामा आफ्नो साथीको र आफन्तहरुको वडा, गाउँटोल र बस्ती पहिचान गर्न लगाउने ।<br>• विद्यालय रहेको वडाका जनप्रतिनिधिहरुको फोटोसहित परिचय गर्न लगाउने । | प्रश्नोत्तर:<br>• तपाईंका वडाध्यक्षको नाम के हो ?<br>• हाम्रो विद्यालय कति नम्बर वडामा पर्दछ ?<br>• आफ्नो वडाका वडा अध्यक्षसहित जनप्रतिनिधिहरूको नाम भन्नुहोस् ।<br>परियोजना कार्य :<br>• आफ्नो वडामा भएका मुख्यमुख्य टोल, बाटो र बजारहरुको सूचि बनाउनुहोस् । | ३० |
| २ | हाम्रो समाज, भाषा, धर्म, संस्कृति र सम्पदा | • स्थानीय जातजातिले बोल्ने भाषाको प्रयोग गरी अभिवादन गर्न र आफ्नो परिचय दिन ।<br>• आफ्नो समुदायका भेषभूषाहरूको जानकारी दिन । | • अभिवादन गर्ने र परिचय दिने ।<br>• आफ्नो समुदायका भेषभूषाहरू ।<br>• स्थानीय खेलहरू । | • अभिवादन र परिचयको अभिनयात्मक खेल प्रदर्शन गर्न लगाउने ।<br>• आफ्नो समुदायका परम्परागत भेषभूषा लगाई प्रदर्शन गर्न लगाउने ।<br>• विभिन्न जातीय भेषभुषाका बारेमा छलफल गर्न लगाउने । | • विद्यार्थी व्यवहारको अवलोकन गरी मापन गर्नुहोस् ।<br>प्रश्नोत्तर :<br>• तपाईंको घर वरिपरिको पर्यटकीय महत्वको स्थान कुन हो ? | ४० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | . स्थानीय खेलहरूको सामान्य अभ्यास गर्न ।<br>. आफ्नो वडामा रहेका पर्यटकीय एवम् साँस्कृतिक स्थलहरुको पहिचान गर्न ।<br>. आफ्नो वडाभित्र रहेका विभिन्न जातजाति र भाषाभाषीहरुको पहिचान गर्न ।<br>. आफ्नो वडामा रहेका विभिन्न जातजातिहरुले मनाउने प्रमुख चाडपर्वहरुमा गरिने प्रमुख क्रियाकलापहरु भन्न ।<br>. नगरपालिकाका प्रमुख ठाउँहरु र वजारहरुको सङ्क्षिप्त परिचय दिन । | . आफ्नो वडामा रहेका पर्यटकीय एवम् साँस्कृतिक स्थलहरु ।<br><br>. वडाभित्र रहेका विभिन्न जातजाति र भाषाभाषीहरुको पहिचान ।<br><br>. प्रमुख चाडपर्वहरुमा गरिने प्रमुख क्रियाकलापहरु ।<br><br>. नगरपालिकाका प्रमुख ठाउँ र वजारहरुको सङ्क्षिप्त परिचय । | . विद्यार्थीहरुलाई उनीहरुको वडामा भएका विभिन्न पर्यटकीय एवम् साँस्कृतिक स्थलहरुको नाम भन्न लगाउने । चित्र एवं श्रव्यदृश्य सामग्रीको माध्यमबाट त्यस्ता केही पर्यटकीय एवम् साँस्कृतिक स्थलहरुको प्रदर्शन गर्ने र ती स्थलहरुको अवलोकन भ्रमण गर्न लगाउने ।<br>. विद्यार्थीका आ–आफ्ना समुदायमा प्रचलित मुख्यमुख्य चाडपर्वहरुको सूची बनाउन लगाउने र ती चाडपर्वमा गरिने मुख्य क्रियाकलापहरुको सूची बनाई प्रस्तुति गर्न लगाउने ।<br>. चित्र र भिडियोको माध्यमबाट स्थानीय मुख्यमुख्य चाडपर्वका बारेमा छलफल गर्न लगाउने ।<br>. नगरपालिका भित्र रहेको कुनै महत्वपूर्ण बजारको अवलोकन भ्रमण गर्न लगाउने र त्यस बजारमा प्राप्त हुने सेवा वा व्यवसायको जानकारी प्रस्तुत गर्न लगाउने । | . आफ्नो समुदायमा लगाइने पहिरन, मनाइने चाडपर्व र क्रियाकलापहरुको बारेमा बताउनुहोस् ।<br><br>परियोजना कार्य :<br>आफ्नो छिमेकमा मनाइने मुख्यमुख्य चाडपर्व र ती पर्वमा गरिने क्रियाकलापहरुको सूची बनाउनुहोस् ।<br><br>. स्थानीय भेषभुषा वा चाडपर्व वा पर्यटकीय स्थलका फोटोहरु संकलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् । | |
| ३ | कृषि, पेशा, व्यवसाय, पर्यटन र प्रविधि | . हाम्रा स्थानीय चुल्हो (अगेनो, भट्टि चुलो, सुधारिएको र ग्याँस चुल्हो) र परम्परागत भाँडाकुँडा: (जस्तै: हुन्डो, खट्करो, अम्खोरा, ताउलो, कलश, पन्यू डाडू, कराइ, ताप्के, करुवा, गाग्री, ताइताप्के, माना, पाथी, ठेकी, गाबु मदानी आदि) को पहिचान गर्न र प्रयोग गर्ने तरिका बताउन । | . स्थानीय चुल्हो र परम्परागत भाँडाकुँडाको पहिचान र प्रयोग गर्ने तरिका ।<br>. घरायसी कृषि उपज खेती जस्तै: अन्नबाली र तरकारी खेती गरिने तरिका ।<br>. घरमा पालिने पशुपन्छी र तिला नदीमा पाइने माछा र तिनको उपयोग । | . विभिन्न पेसा र व्यवसाय झल्किने चित्र वा भिडियो देखाइ पेसा र व्यवसायको जानकारी गराउने ।<br>. विद्यार्थीहरुलाई उनीहरुको छिमेकी घरका सदस्यहरुले गर्ने पेसा र व्यवसायबारे बताउन लगाउने ।<br>. विद्यार्थीका घरमा भएका परम्परागत घरायसी प्रयोगका सामानहरु जस्तै: हँसीया, कुटो, कोदालो, अम्खोरा, गिलास आदि ल्याउन लगाउने र ती सामग्रीको उपयोग के का लागि कसरी गरिन्छ प्रदर्शन गरी अभिनय गर्न लगाउने । | प्रश्नोत्तर:<br>. तरकारी खेती, अन्न खेती र पशुपालन क्षेत्रमा अवलोकन भ्रमण गराई विद्यार्थीलाई सिकाइ प्रतिवेदन तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने र त्यस्तो प्रस्तुति र विषयवस्तुको आधारमा उनिहरुको सिकाइस्तर मापन गर्ने । | ३० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | • घरायसी कृषि उपज खेती जस्तै:अन्नबाली र तरकारी खेती गरिने तरिका, उपयोग गरिने तरिकाबारे जानकारी गराउन ।<br>• घरमा पालिने पशुपन्छी र तिला नदीमा पाइने माछा र तिनीहरुको उपयोगबारे जानकारी दिन ।<br>• परिवार र छिमेकमा गरिने पेशा, व्यवसायमा प्रयोग भई रहेका परम्परागत प्रविधिको परिचय दिन । | • परिवार र छिमेकमा गरिने पेशा, व्यवसायमा प्रयोग भई रहेका परम्परागत प्रविधिको परिचय । | • छिमेकी परिवारका सदस्यहरुले गर्ने मुख्य मुख्य पेसा र व्यवसायको नाम र परिचय बताउन लगाउने ।<br>• नगरपालिकामा खेती गरिने विभिन्न अन्नबालीहरु जस्तै : धान, मकै, गहुँ, जौं, फापर आदिलाई चित्र वा भिडियोको माध्यमद्धारा देखाउने र तिनीहरुको परिचय दिन लगाउने ।<br>• ती अन्नबालीहरु मध्ये आफ्नो घर तथा छिमेकमा कुन कुन अन्नबालीहरुको खेती गरिएको छ बताउन लगाउने ।<br>• विद्यार्थीहरुलाई अन्नबाली खेती गरिएको स्थानमा भ्रमणमा लैजाने र ती अन्नबालीहरुको परिचय दिने ।<br>• नगरपालिकामा खेती गरिने विभिन्न तरकारीहरु जस्तै : साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी, भन्टा, करेला, लौका, फर्सी, कुभिण्डो, सिमी, भिण्डी, बोडी, मेथी, मुला, गाजर, सलगम, इस्कुश आदिको चित्र वा भिडियो देखाउने र ती मध्ये कुन कुन तरकारीहरु खाने गरिएको छ बताउन लगाउने र तिनको परिचय दिन लगाउने ।<br>• विद्यार्थीहरुलाई विद्यालय नजिकै तरकारी खेती गरिएको स्थानमा लैजाने र तरकारीहरुको परिचय दिने ।<br>• परिवार र छिमेकमा पालिने पशुपन्छीको सूची बनाउन लगाई तिनीहरुको उपयोग के का लागि गरिन्छ छलफल गर्न लगाउने ।<br>• कृषि तथा पशुपालनमा प्रयोग भई रहेका परम्परागत प्रविधि र औजारका बारेमा छलफल गर्न लगाउने । | • परम्परागत औजार र प्रविधिको चिनारी गर्न लगाउने र कुराकानी र व्याख्याका क्रममा विद्यार्थीको अभिव्यक्ति सिपको मापन गर्ने ।<br><br>परियोजना कार्य :<br>• छिमेकिले अवलम्बन गर्दै आएका कृषि, अन्य पेशा एवम् व्यवसायको सूची बनाउन लगाई प्रस्तुति गर्न लगाउने र त्यसको आधारमा सिकाइस्तर मापन गर्ने ।<br><br>• तरकारी, फलफूल, पशुपन्छीका चित्र कोर्न लगाई रङ भर्न लगाउनुहोस् र त्यसको वर्णन समेत गर्न लगाउनुहोस् । | |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ४ | जीवनकला र अनिवार्य सिपहरू | . कक्षाकोठाका सामानको स्याहार गरी सुरक्षित ठाउँमा राख्न ।<br>. साथीहरूलाई सहयोग गर्ने र सहकार्य गर्ने जस्ता व्यवहार प्रदर्शन गर्न ।<br>. आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास प्रस्तुत गर्न ।<br>. घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र चाडपर्वहरु मनाउँदा गर्न हुने र गर्न नहुने कुराहरुको सूची तयार गर्न र जीवनमा त्यसको अभ्यास प्रस्तुत गर्न ।<br>. श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको अभ्यासका लागि कक्षाकोठाको सरसफाइ र सजावटमा ध्यान दिन ।<br>. अशक्त,जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने बानीको अभ्यास प्रस्तुत गर्न । | . स्थानीय गीत, सङ्गीत र नृत्यहरु ।<br>. घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र चाडपर्वहरु मनाउँदा गर्न हुने र गर्न नहुने व्यवहारहरु ।<br>. कक्षाकोठाको सरसफाइ र सजावट ।<br>. अशक्त, जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग ।<br>. जङ्कफूड (पत्रु खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरु ।<br>. सामानको स्याहार र सुरक्षा ।<br>. सहयोग र सहकार्य ।<br>. विभिन्न योगाभ्यास । | . हरेक विद्यार्थीलाई मानिसका मन पर्ने र नपर्ने आनीबानी सम्झन लगाएपछि त्यसपछि पालैपालो बताउन लगाउने ।<br>. स्थानीय गीत, संगीत र नृत्यको अभ्यास गराउने ।<br>. कक्षाकोठा तथा वरपरको सरसफाइ, सामग्री सजावट एवम् व्यवस्थापनमा खटाउने ।<br>. घर, परिवार र गाउँटोलमा मनाइने उत्सव र चाडपर्वहरुको नाम भन्न लगाउने । त्यस्ता उत्सव र चाडर्वहरुमा हुने गरेका मन पर्ने र नपर्ने क्रियाकलापहरुको बारेमा भन्न लगाउने । साथै त्यसरी मनाइने उत्सव र चाडपर्वमा हुने गरेका मन पर्ने क्रियाकलापहरुको अनुसरण, अभ्यास र प्रयोग गर्ने सम्बन्धमा छलफल गर्ने र भूमिका अभिनय गर्न लगाउने ।<br>. विद्यार्थीका परीवारमै भएका जेष्ठ नागरिकहरुलाई कस्तो ब्यवहार गर्नुपर्छ भन्ने सम्बन्धमा छलफल चलाउने ।<br>. आवश्यकता अनुसार यससम्बन्धी फोटो र भिडियोहरु प्रस्तुत गर्ने ।<br>. स्वास्थ्य सम्बन्धी काम गर्ने कर्मचारीलाई स्रोतव्यक्तिका रुपमा आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने ।<br>. विद्यार्थीहरुलाई प्रणव ध्यान, भास्त्रिका प्रणायाम, सिंहासन, गरुडासन आदि योगासान सिकाउनका लागि शिक्षक आफैले अभ्यास गरेर देखाउने । | . विद्यार्थीहरुको सहयोगी व्यवहारको अवलोकन गरी सोका आधारमा सिकाइ स्तर मापन गर्ने ।<br>. स्थानीय गीत तथा नृत्य प्रस्तुत गर्न लगाई सिकाइस्तर मापन गर्ने ।<br>. परिवार र छिमेकमा मनाइने चाडपर्वसँग सम्बन्धित क्रियाकलापहरु समेटिएको पोष्टर बनाउन लगाउने र सोका आधारमा सिकाइस्तर मापन गर्ने ।<br>प्रश्नोत्तर :<br>. जेष्ठ नागरिक प्रति गरिने कुनै दुईवटा असल ब्यवहार भन्नुहोस् ।<br>. घरमा र बजारमा पाइने खानाका दुई दुईवटा फाइदा र बेफाइदा भन्नुहोस् । | ३० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | . जङ्कफूड (पत्रु खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरु वर्णन गर्न ।<br>. विभिन्न योगासनको अभ्यास गर्न । | | | परियोजना कार्य :<br>• घरमा पाइने खानेकुराको चित्रात्मक पोष्टर बनाउनुहोस् । | |
| ५ | हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन | • नगरपालिका भित्रका वनमा पाइने वन्जजन्तु र चराहरुको पहिचान गर्न ।<br>. करेसाबारी निर्माण र बृक्षारोपण कार्यमा सहभागी हुन ।<br>. नगरपालिका क्षेत्रमा उपलब्ध पानीका स्रोतहरुको परिचय दिन तथा उपयोग पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्न ।<br>. फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्न ।<br>. हावाहुरी, चट्यांङ्ग, बाढिपहिरो, आगलागी, सर्पदंश र जङगली जनावरको आक्रमण आदिबाट हुने विपद्को पहिचान र परिचय दिन । | • नगरपालिका भित्रका वनमा पाइने वन्जजन्तु र चराहरु ।<br>. वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरु ।<br>. करेसाबारी, बाल बगैंचा र वृक्षारोपण कार्यक्रम ।<br>. नगरपालिका क्षेत्रमा भएका पानीका स्रोतहरु तथा तिनको उपयोग ।<br>. फोहोरमैलाको असर ।<br>. स्थानीय जल र वनको महत्व र उपयोगिता । | . नगरपालिका क्षेत्र भित्रका वनमा भएका वन्यजन्तु तथा चराहरुको बारेमा अवलोकन भ्रमण/चित्र/भिडियो प्रदर्शन आदिको माध्यमबाट विद्यार्थीहरुलाई परिचित गराउने ।<br>. विद्यार्थीको समूहमा एवम् अभिभावकसँग समेत छलफल गरी नगरपालिका क्षेत्र भित्रका वनमा रहेका वन्यजन्तु तथा चराचुरुङ्गीहरुको सूची बनाई विद्यार्थीहरुलाई प्रस्तुत गर्न लगाउने ।<br>. विद्यार्थीहरुलाई विद्यालयमा बालबगैंचा निर्माणमा सहभागी गराउने ।<br>. विद्यालय भित्र तथा विद्यालय वरपर वृक्षारोपण कार्यमा विद्यार्थीहरुलाई सहभागी गराउने र वृक्षरोपण कार्य गर्दा हुने फाइदाहरुको बारेमा जानकारी दिने ।<br>. नगरपालिका क्षेत्र भित्र भएका पानीका स्रोतहरुको पहिचान, उपयोग के कसरी भएको छलफल चलाउने ।<br>. घर, विद्यालय, अस्पताल, कारखानाबाट निस्कने फोहोरले स्थानीयस्तरमा पारेको असर (स्वास्थ्य, वातावरण, कृषि आदि क्षेत्र) सम्बन्धमा अवलोकन, चित्र तथा श्रव्यदृश्य सामग्री आदिको माध्यमबाट छलफल गराउने । | प्रश्नोत्तर:<br>. वन्यजन्तु एवम् चराहरुको चित्र कोर्न लगाई रङ भर्न लगाउने र सो का आधारमा सिकाइस्तर मापन गर्ने ।<br>. विद्यालयमा बगैंचा निर्माण गर्न लगाउने र विद्यार्थीको काम गराइको आधारमा उनीहरुको सिकाइस्तर अभिलेखीकरण गर्ने ।<br>परियोजना कार्य :<br>. नगरपालिका क्षेत्र भित्र भएका वनजंगल, पशुपन्छी र नदीनाला देखाउने गरी सामूहिक चित्र पोष्टर बनाउन लगाउने । | ३० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | . घरभित्र हुने जोखिमहरु (जस्तै : छत, भऱ्याङ, बरण्डा, हातहतियारको प्रयोग आदिबाट हुने) को परिचय दिन,बच्ने उपायहरु बताउन र त्यसको अनुसरण गर्न । | . हावाहुरी, चट्याङ्ग, बाढिपहिरो , आगलागी, सर्पदंश र जङगली जनावरको आक्रमण आदिबाट हुने विपद् ।<br>. घरभित्र हुने जोखिम र बच्ने उपायहरु ।<br>. कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने वर्षा, हावाहुरी,करेन्ट, चट्याङ, बाढिपहिरो र जङ्गली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरु । | . चित्र, पोष्टर वा श्रव्यदृश्य सामग्री र त्यस्ता सामाग्रीको माध्यमबाट विपद्हरु (जस्तै: हावाहुरी, चट्यांङ्ग, बाढीपहिरो, आगलागी, सर्पदंश र जङगली जनावरको आक्रमण आदि) को पहिचान र परिचय गराउने ।<br>. उल्लिखित जोखिमबाट जोगिने सम्भावित उपायहरुको सूची बनाउन लगाउने ।<br>. विद्यालय वा घरमा हुने सम्भावित जोखिमका क्षेत्रहरु पहिचान गर्न लगाउने र त्यस्ता जोखिमबाट बच्ने उपायहरुको छलफल एवम् अभिनय गर्न लगाउने । | . विभिन्न कारणबाट उत्पन्न हुने जोखिमबाट बच्नका लागि अपनाइने उपायहरुका बारेमा विद्यार्थीहरुलाइ बोल्न लगाई उनीहरुको अभिव्यक्तिस्तर मापन गर्ने । | |

कक्षा ३

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो तिलागुफा | •तिलागुफा नगरपालिकाको भौगोलिक अवस्था एवम् हावापानीको परिचय दिन ।<br>•नगरपालिकाको नक्सा हेरी विभिन्न विषयवस्तुको जानकारी दिन ।<br>•आफ्नो विद्यालयको परिचय दिन ।<br>•नगरपालिकामा रहेका विभिन्न बजार एवम् त्यहाँ पाइने सेवा वा व्यवसायको परिचय दिन । | • तिलागुफा नगरपालिकाको भौगोलिक अवस्था एवम् हावापानी ।<br>• नगरपालिकाको नक्सामा उल्लिखित जानकारी, जस्तै : सीमा, छिमेकी वडा र स्थानीय तह, मन्दिर, खोलानाला, वन, महत्वपूर्ण स्थल,र आफ्नो नगरपालिकाको केन्द्रस्थल आदि ।<br>• आफ्नो विद्यालयको परिचय ।<br>• नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न बजार एवम् त्यहाँ पाइने सेवा वा व्यवसायको परिचय । | • नगरपालिकाको नक्सा वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट वडा संख्या, जनसंख्या, जातजाति, प्रमुख स्थलहरु सहित नगरपालिकाको परिचय दिने ।<br>• भौगोलिक अवस्थिति र हावापानीका बारेमा विद्यार्थीहरुको पूर्वज्ञान र अनुभवको आधारमा छलफललाई अघि बढाउने ।<br>• विद्यार्थीहरुलाई आफू अध्ययनरत विद्यालयको विभिन्न कक्षाको अवलोकन गराई विद्यालयको परिचयका सम्बन्धमा छलफल गराउने । जस्तै:नामाकरणको अर्थ, स्थापना मिति, सञ्चालित कक्षा एवम् कार्यक्रम, विद्यार्थी शिक्षक संख्या, अन्य सुविधाहरु, पुस्तकालय, प्रयोगशाला आदि ।<br>• नगरपालिकाभित्र रहेका मुख्य बजार र प्रमुख सडकहरुको बारेमा छलफल गर्न लगाउने ।<br>• कर्णाली प्रदेशको नक्सामा तिलागुफा नगरपालिकाको अवस्थितिलाई पहिचान गर्न लगाउने । | प्रश्नोत्तर:<br>• नगरपालिकाको वडा विभाजनसहितको नक्सा निर्माण गर्नुहोस् ।<br>परियोजना कार्य :<br>• आफू नजिकको बजारमा गई त्यहाँ रहेका पसल, व्यवसाय र प्रदान गरिने सेवाका बारेमा सूची बनाउनुहोस् ।<br>• नगरपालिकाको नक्सामा विभिन्न स्थल, खोला, सामुदायिक वन, विद्यालयहरु आदि पहिल्याउन लगाउने ।<br>• आफ्नो विद्यालयको परिचय दिँदै एक सय शब्द सम्मको निबन्ध लेख्नुहोस् । | ३० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| २ | हाम्रो समाज, भाषा, धर्म, संस्कृति र सम्पदा | . नगरपालिका भित्रका मुख्य समुदायमा प्रचलित संस्कार र मनाइने चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलाप वर्णन गर्न ।<br>. तिलागुफा नगरपालिका भित्र बसोबास गर्ने जातजाति (जस्तै :बाहुन, क्षेत्री, ठकुरी, मगर, दलित, अल्पसंख्यक) को परिचय दिन र विशेषता बताउन ।<br>. स्थानीय परम्परागत खेलहरूको परिचय दिन तथा अभ्यास गर्न ।<br>. पर्यटकीय स्थलसहित तिलागुफाको परिचय र विशेषता बताउन ।<br>. तिलागुफा नगरपालिका भित्र नाँचिने विभिन्न नाँचहरु (देउसी, भैलो, तीज, देउडा नाँच, झ्याउरे नाचका साथै अन्य) को परिचय दिन । | . नगरपालिकाभित्रका मुख्य समुदायमा प्रचलित संस्कार र मनाइने चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलाप ।<br>. तिलागुफा नगरपालिका भित्र बसोबास गर्ने जातजाति (जस्तै : बाहुन, क्षेत्री, ठकुरी, मगर, दलित, अल्पसंख्यक) को विशेषता र परिचय ।<br>. स्थानीय परम्परागत खेलहरूको परिचय र अभ्यास ।<br>. पर्यटकीय स्थलसहित तिलागुफाको परिचय र विशेषता ।<br>. तिलागुफा नगरपालिका भित्र नाचिने विभिन्न नाचहरुको परिचय ।<br>. हाम्रो भान्साका परिकारको महत्व र विशेषता । | .कक्षामा कुनै पर्व मनाउने विशेष समुदायका विद्यार्थीलाई पर्वका बेलामा हुने क्रियाकलापका बारेमा भन्न लगाउने, शिक्षकले पृष्ठपोषण दिने र<br>.सम्बन्धित समुदायको अभिभावकलाई आमन्त्रण गरी जानकारी दिन लगाउने ।<br>.कक्षामा भएका विभिन्न जातजातिका विद्यार्थीहरु जस्तै: बाहुन, क्षेत्री, ठकुरी, मगर, दलित आदिलाई प्रतिनिधिका रुपमा अगाडि अन्य विद्यार्थीले हेर्ने गरी बस्न लगाउने ।<br>.विद्यार्थीहरुलाई आ–आफ्ना समुदायका रीतिरिवाज, चाडपर्वका बारेमा बताउन लगाउने र अन्य जातिका विद्यार्थीलाई जिज्ञासा राख्न र प्रश्नोत्तर गर्न लगाउने ।<br>.स्थानीय खेलहरु खेल्ने अभ्यास गर्न लगाउने ।<br>.नगरपालिका भित्रका पर्यटकीय स्थलहरुको चित्र, भिडियो र अवलोकन भ्रमणका माध्यमद्धारा परिचित गराउने ।<br>.तिलागुफा नगरपालिका भित्र नाचिने प्रमुख नाचहरुको परिचय, नाच्ने विधि र त्यस्ता नाचहरुको साँस्कृतिक वा धार्मिक सन्दर्भसहित चिनारी र अभ्यास गराउने । | .छलफल, कुराकानी र प्रस्तुति जस्ता कार्यमा सहभागी गराई विधार्थीको सिकाइस्तर मापन गर्ने । जस्तै: आफ्नो समुदायमा मनाइने चाडपर्व, आफ्नो छिमेक वरपरका पर्यटकीय स्थल आदिका बारेमा प्रस्तुति गर्न लगाउन सकिन्छ ।<br>.आफ्नो जातिगत विशेषताहरु उल्लेख गनुहोस् ।<br>.साथी वा आमन्त्रित व्यक्तिसँग जिज्ञासा राख्ने वा प्रश्नोत्तर गर्ने व्यवहारको अवलोकन गरी सिकाइ स्तर मापन गर्न सकिने ।<br>.खेल अनुशासन र प्रदर्शनको मापन गर्ने । | ४० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | • हाम्रो भान्साका परिकार<br>• (जस्तै: आटो, ढिँडो, गुन्द्रुक, कर्कलो, गाभा, लहरे पाप्रो, चाना, खँदिको अचार, लाडु, अर्सा, सेलरोटी, दाल भात, खिर, सातु आदि) को महत्व र विशेषता बताउन । | | •सम्बन्धित नाच नाच्ने स्थानीय मानिसहरुलाई स्रोत व्यक्तिका रुपमा आमन्त्रण गरी नाच सिकाउन लगाउने ।<br>• विद्यार्थीहरुलाई घरमा पकाइने खानाका परिकारहरुको सूची बनाउन, चित्र कोर्न, आवश्यक परिकार पकाउन र खाने तरिका सम्बन्धीको जानकारीका लागि एक आपसमा छलफल गर्न लगाउने ।<br>• विद्यार्थीहरुको पूर्व ज्ञान र अनुभवको आधारमा हाम्रो भान्साका परिकारहरू जस्तै :आटो, ढिँडो, गुन्द्रुक, बडी, कर्कलो, गाभा, लहरे पाप्रो, चाना, खँदिको अचार, लाडु, अर्सा, सेलरोटी, दाल भात, खिर, सातु आदिको महत्व र विशेषताका बारेमा छलफल चलाउने र यस सम्बन्धमा आवश्यक सहजीकरण समेत गर्ने ।<br>• लागू औषध सेवन र छोराछोरी बिचको भेदभावबाट हुने हानीहरुको बारेमा छलफल गर्न लगाउने ।<br>• आफू र आफ्नो घरपरिवारमा यसप्रकारका विकृति र विसङ्गति उत्पन्न हुन नदिनका लागि विद्यार्थीलाई एक आपसमा अभिनय गर्न लगाउने । | परियोजना कार्य:<br>• नगरपालिकाभित्र आफूलाई मन पर्ने कुनै एउटा पर्यटकीय स्थलको अवलोकन भ्रमण गरी त्यहाँका मुख्य विशेषतासहित परिचयात्मक पोष्टर निर्माण गर्नुहोस् ।<br>• स्थानीय नाचहरु नाच्न लगाई नृत्य कलाको सिकाइस्तर मापन गर्ने ।<br>• घरमा खाइने खानाका परिकारहरुको बारेमा बताउन लगाउने ।<br>• विकृति वा कूलतबाट हुने हानीनोक्सानी के के हुन् ? | |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३ | कृषि, पेशा, व्यवसाय, पर्यटन र प्रविधि | • हाम्रा स्थानीय सामग्री (जस्तै : डोको, डालो, सुपो, नाङ्लो, छाप्री, भकारी, मुदुस, पेटारो, कोसी, ठेकी,मदानी, डाडू, पनियो, कराई)को परिचय र उपयोगिता बारे बताउन ।<br>• नगरपालिकाभित्र गरिएका प्रमुख मसलाजन्य उत्पादन, अन्नवाली उत्पादन, तरकारी खेती, फलफूल खेती र पशुपन्छी पालनको व्यावसायिक उत्पादनसम्बन्धी जानकारी दिन ।<br>• स्थानीय प्रविधिमा आधारित उद्योगहरूको परिचय दिन र महत्वबोध गर्न ।<br>• स्थानीय खोलामा माछा मार्न प्रयोग गरिने परम्परागत औजारहरूको जानकारी दिन । | • हाम्रा स्थानीय सामग्रीको परिचय र उपयोगिता ।<br>• नगरपालिकाभित्र गरिएका प्रमुख अन्नवाली खेती, तरकारी खेती, फलफुल खेती र पालिने पशुपन्छीसँग सम्बन्धित व्यावसायिक उत्पादन ।<br>• स्थानीय प्रविधिमा आधारित उद्योगहरूको परिचय र महत्व ।<br>• स्थानीय खोलामा माछा मार्न प्रयोग गरिने परम्परागत औजारहरू।<br>• स्थानीय स्तरमा प्रयोग हुने परम्परागत प्रविधि एवम् औजारहहरू र आधुनिक प्रविधि एवम् औजारहरुको तुलना । | • हाम्रा स्थानीय सामग्री (डोको, डालो, सुपो, नाङलो, छाप्री, भकारी, मुदुस, पेटारो, कोसी, ठेकी, मदानी, डाडु, पनियो, कराई) को परिचय र उपयोगिताबारे जानकार व्यक्तिहरुलाई आमन्त्रण गरी त्यस्ता सामग्रीाहरुको बारेमा बताउन लगाउने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घर तथा समुदायका मानिसले खेती गर्ने मसलाजन्य उत्पादनहरुको नाम बताउन लगाउने र चित्र वा भिडियोको माध्यमद्वारा नगरपालिकाका मानिसले खेती गर्ने मसलाजन्य उत्पदन जस्तै : मेथी, टिमुर, प्याज, लसुन, धनिया, वेसार, अदुवा, पूदिना, तेजपात आदिको परिचय दिन लगाउने र बालीनालीको खेती गरिएको ठाउँमा विद्यार्थीहरुलाई अवलोकन भ्रमणका लागि लैजाने ।<br>• रैथाने बालीहरु र आलुखेतिलाई विशेष महत्वकासाथ प्रस्तुत गर्ने र यसका फाइदाका विषयमा छलफल चलाउन लगाउने ।<br>• नगरपालिकाभित्र व्यावसायिक रुपमा बाखापालन गरिने क्षेत्रको अवलोकन भ्रमणसमेत गराई जानकारी गराउने र त्यस्ता फर्महरुका बारेमा ब्रोशर, पर्चा आदिबाट पनि जानकारी गराउने । | परियोजना कार्य :<br>• तपाईंको विद्यालय वरपर कुनै कृषि कार्य वा व्यवसाय वा कुनै प्रकारको उद्योग सञ्चालन गरेका फर्महरुको अवलोकन गरी त्यहाँ प्रयोग भएको प्रविधि, लगानी र उपलब्ध बजारबारे जानकारी लिन लगाई त्यस सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्न लगाउनुहोस् । यसो गर्दा विभिन्न क्षेत्रका लागि समूहगत परियोजना कार्यमा लगाउन सकिन्छ ।<br>• स्थानीय कृषि कार्यमा प्रयोग गरिने परम्परागत र आधुनिक प्रविधिको तुलना गर्नुहोस् । | ३० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | • स्थानीय स्तरमा प्रयोग हुने परम्परागत प्रविधि एवम् औजारहरू जस्तै: हलो, जाँतो, पानी घट्ट र आधुनिक प्रविधि एवम् औजार जस्तै: ट्रेक्टर, मील आदिको तुलना गर्न । | | • कुखुरापालन, बाखापालन, भेडापालन गर्ने किसानहरुसँग विद्यार्थीहरुको सहभागितामा अन्तर्वार्ता लिई तिनीहरुको पालनपोषण, प्रविधि र मासु खपत हुने बजार सम्बन्धी जानकारी गराउने ।<br>• विभिन्न परम्परागत स्थानीय प्रविधिहरु (जस्तै : जाँतो, ढिकी, कोल, घट्ट, ओखल आदि)को प्रदर्शन गर्ने र ती प्रविधिहरुको परिचय दिन लगाउने ।<br>• परम्परागत प्रविधि र आधुनिक प्रविधिको तुलना गर्न लगाउने ।<br>• स्थानीय प्रविधिमा आधारित औषधी वा जडीबुटीजन्य उत्पादन, माछा मार्ने प्रविधि लगायत स्थानीय प्रविधिको प्रयोग गरी राडीपाखी बुन्ने, दाम्लो नाम्लो बुन्ने, डोको डालो लगायतका निगालोका सामानहरु निर्माण गर्ने कार्यको जानकारी गराउने ।<br>• स्थानीय मानिसहरुले अबलम्बन गर्ने कृषि कार्य वा पेशा व्यवसायको फोटोहरु संकलन गर्न लगाउने । | • कृषि, तरकारी, फलफुल, बाखापालन, कुखुरापालन आदि कार्यमा प्रयोग भएको प्रविधि, लगानी र बजार सम्बन्धी प्रश्नोत्तर गराई उनीहरुको सिकाइस्तर मापन गर्नुहोस् । | |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ४ | जीवनकला र अनिवार्य सिपहरू | • स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, संगीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतीकरण गरेर प्रदर्शन गर्न ।<br>• आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्वहरु मनाउँदा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी र अभ्यास प्रस्तुत गर्न ।<br>• आफू र अरुलाई पनि खुसी बनाउने कलाको विकास र अभ्यास प्रस्तुत गर्न<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास प्रस्तुत गर्न<br>• ध्यान केन्द्रित गर्ने योग तथा शारीरिक अभ्यास गर्न । | • स्थानीय गीत, संगीत र नृत्यहरु ।<br>• आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्वहरु मनाउँदा अपनाइने व्यवहारहरु ।<br>• आफू र अरुलाई खुसी बनाउने कला<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास ।<br>• ध्यान केन्द्रित गर्ने योग तथा शारीरिक अभ्यास ।<br>• समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोगी व्यवहार । | • स्थानीय गीत, संगीत र नृत्यको अभ्यास गर्न लगाउने ।<br>• स्थानीय गीत र नाचहरुको संङ्कलन र सिर्जना गर्न अवसर दिने ।<br>• घरपरिवार र गाउँटोलमा मनाइने उत्सव र चाडपर्वहरुको नाम भन्न लगाउने । त्यस्ता उत्सव र चाडर्वहरुमा हुने गरेका मन पर्ने र मन नपर्ने क्रियाकलापहरुको बारेमा भन्न लगाउने । त्यसरी मनाइने उत्सव र चाडपर्वमा हुने गरेका मन पर्ने क्रियाकलापहरुको अनुसरण, अभ्यास र प्रयोग गर्ने सम्बन्धमा छलफल गर्न लगाउने ।<br>• समाजका जेष्ठ नागरिकहरुलाई कस्तो व्यवहार गर्नुपर्छ ? छलफल चलाउने ।<br>• जङ्कफुड अर्थात बजारमा पाइने तयारी खानाका बेफाइदा र घरमा तयार पारिने खानाहरुका फाइदाहरुका बारेमा भन्न लगाउने ।<br>• विद्यार्थीहरुलाई प्रणव ध्यान, भस्त्रिका प्रणायाम, सिंहासन, गरुडासन आदि सिकाउनका लागि शिक्षक आफैले सबैको सामु गरेर देखाउने । | परियोजना कार्य :<br>• स्थानीय गीत र नाचको सङ्कलन र सिर्जना गरी प्रस्तुत गर्न लगाई सिकाइस्तर मापन गर्ने ।<br>• पत्रु खाना नखाने सम्बन्धी सचेतना बढाउने खालको पोष्टर निर्माण गर्न लगाउने र त्यसको मापन गर्ने ।<br>• ज्येष्ठ नागरिक र अन्य मान्यजनसँग गर्नुपर्ने व्यवहारको सूचि बनाउन लगाउने ।<br>• असल मानिसका गुणहरुको सूची बनाउन लगाउने ।<br>• विषयवस्तुमाथि छलफल, प्रस्तुतिका क्रममा सहभागिता, जिज्ञासा र अभिव्यक्ति सिपको मापन गर्ने । | ३० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | • समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको विकास र अभ्यास प्रस्तुत गर्न ।<br>• परिवार, मान्यजन र पाहुनालाई गरिने अभिवादन, शिष्टाचार, सत्कार एवम् सभ्य व्यवहार प्रदर्शन गर्न ।<br>• हामीले घरमा खाने मुख्य खाना र पत्रु खानाहरूको फाइदा बेफाइदा तुलना गर्न | • परिवार, मान्यजन र पाहुनालाई गरिने अभिवादन, शिष्टाचार, सत्कार एवम् सभ्य व्यवहार ।<br>• हामीले घरमा खाने मुख्य खाना र पत्रु खानाहरूको फाइदा बेफाइदा । | • तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरुलाई प्राणायम, ध्यान र आसनको अभ्यास गर्न लगाई आफूले पथप्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने ।<br>• विद्यार्थीहरुले गरेका ध्यान, प्राणायाम र आसनहरुको नाम र महत्त्वको बारेमा बताउने । | | |
| ५ | हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन | • नगरपालिका भित्रका सामुदायिक वनजङ्गलको परिचय दिन ।<br>• नगरपालिका भित्रका वनमा पाइने वन्यजन्तु र चराहरुको परिचय दिन र महत्व बताउन ।<br>• स्थानीय बोटबिरुवाहरूको परिचय, महत्व तथा उपयोग बताउन ।<br>• घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न ।<br>• घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका बताउन र सदुपयोग गर्न । | • नगरपालिका भित्रका सामुदायिक वनजङ्गलमा पाइने वन्यजन्तु र चराचुरुङ्गिहरु ।<br>• स्थानीय बोटबिरुवाहरूको परिचय, महत्व तथा उपयोग ।<br>• घर र विद्यालयमा बाल बगैंचा निर्माण ।<br>• घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग ।<br>• फोहोरमैला वर्गीकरण र व्यवस्थापन । | • वन्यजन्तु र चराहरुको चित्र देखाउँदै तिनीहरुको बासस्थान, बाँच्नका लागि उपयुक्त हुने मौसम र तिनीहरुको आहाराको बारेमा छलफल गर्न लगाउने<br>• नगरपालिका भित्रको वन क्षेत्रमा पाइने वन्यजन्तु तथा चराहरु र तिनीहरुको महत्वको बारेमा अवलोकन/ चित्र वा भिडियो सामग्रीको माध्यमबाट प्रष्ट पार्ने ।<br>• विद्यालय बगैंचामा फूल र परिसरमा अन्य बिरुवाहरु रोप्न लगाई संरक्षण गर्न लगाउने ।<br>• घर तथा विद्यालय वरपर भएका पानीका स्रोतहरुको पहिचान गर्न लगाउने र त्यस्ता स्रोतहरुको उपयोग के के मा गर्न सकिन्छ? छलफल गर्न लगाउने । | प्रश्नोत्तर:<br>• नगरपालिका भित्र पाइने वन्यजन्तु र चराचुरुंगीको चित्रहरु बनाई पोष्टर बनाउन लगाउने र त्यसको मापन गर्ने ।<br>• विद्यालय बगैंचा निर्माण र वृक्षारोपण कार्यमा विद्यार्थी सहभागिताको स्तर मापन गर्ने । | ३० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | • फोहोरमैला व्यवस्थापनको पहिचान गरी विद्यालयमा फोहोरमैलाको वर्गीकरण गर्न र सोको व्यवस्थापनमा सहभागी हुन ।<br>• व्यक्तिगत सामग्रीको हिफाजतका साथै सरसफाइको परिचय दिन र अभ्यास गर्न ।<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता जनाउन ।<br>• विपद्को परिचय दिन<br>• विपद्को किसिम (प्राकृतिक र मानव सिर्जित) छुट्टयाउन ।<br>• विद्यालयभित्र जस्तै छत, बिजुली, भऱ्याङ्ग, बरण्डा, खेल सामग्री, फर्निचर, शौचालय आदिका कारणले हुने जोखिमहरुको पहिचान गर्न ।<br>• विद्यालयभित्र हुने जोखिमबाट सावधानी अपनाउन ।<br>• भूकम्प र महामारीबाट सुरक्षित हुनको लागि आवश्यक सावधानी अपनाउन । | • व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइ ।<br>• विद्यार्थीहरुको घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता ।<br>• विपद्को परिचय ।<br>• विपदको किसिम (प्राकृतिक र मानव सिर्जित) ।<br>• विद्यालयभित्र हुने सम्भावित जोखिम र अपनाउनु पर्ने सावधानी ।<br>• भूकम्प र महामारीबाट सुरक्षित हुनको लागि अपनाउनु पर्ने आवश्यक सावधानी । | • घर,परिवार,विद्यालय,अस्पताल, कारखाना आदिबाट निस्कने (ठोस: कुहिने र नकुहिने तथा तरल फोहोर) फोहोरहरुलाई व्यवस्थापन गर्नको लागि सही ठाउमा विसर्जन गर्ने, मल बनाउने, प्रशोधन गर्ने आदि जस्ता उपायहरु अपनाउनुपर्ने कुराहरुमा छलफल गराउने र विद्यालयको फोहोरमैलालाई ब्यवस्थापन गर्नका लागि विद्यार्थी सहभागितालाई बढाउने ।<br>• चित्र र पोष्टरका माध्यमबाट विपद् पहिचान गर्न लगाउने ।<br>• श्रव्यदृश्य सामग्रीको माध्यमले भूकम्पको चिनारी गराउने र यससम्बन्धी अनुभव समेत आदानप्रदान गर्न लगाउने ।<br>• चित्रको माध्यमले भूकम्पबाट बच्ने उपायहरू बताउने र त्यस सम्बन्धमा थप छलफल गराउने ।<br>• भूकम्पबाट हुने क्षति कम गर्नका लागि कृत्रिम घटना अभ्यास गराउने ।<br>• चित्र र श्रव्यदृष्य सामग्रीको माध्यमले महामारीको जानकारी दिने ।<br>• विद्यालय परिसरको भ्रमण अवलोकन गरी जोखिमयुक्त स्थानहरू पहिचान गर्न लगाउने र ती स्थानहरु जोखिमयुक्त हुनुको कारणबारे छलफल गर्ने/गराउने<br>• विद्यालयमा हुने सम्भाव्य जोखिमहरूको सूची बनाउन लगाउने ।<br>• विद्यालयमा हुने विभिन्न जोखिमहरूबाट बच्ने उपाय र अपनाउनुपर्ने सावधानीको विषयमा छलफल गर्ने र गराउने । | परियोजना कार्य :<br>• घरबाट निस्कने कुहिने र नकुहिने प्रकारका फोहोरको कम्तीमा एक हप्ताको सूचि बनाई प्रस्तुत गर्न लगाउने ।<br>• विद्यालय परिसरमा हुनसक्ने सम्भावित विपद्हरु के के हुन सक्छन् र त्यस्ता विपद्बाट जोगिनका लागि अपनाउन सकिने आवश्यक सावधानीहरु के के हुन सक्छन्? छलफल गर्न लगाई अभिव्यक्ति सिप मापन गर्नुहोस् । | |

कक्षा ४

| क्र. सं. | विषयवस्तु को क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो तिलागुफा | • नगरपलिकाको नामाकरणको अर्थ जान्न ।<br>• नगरपालिकाको प्रोफाइल<br>• (पार्श्वचित्र) अध्ययन गरी तथ्याङ्कसहित नगरपालिकाको बारेमा जानकारी प्राप्त गर्न । जस्तै: जातजाति, जनसंख्या, बजार, विद्यालय, सडक, उत्पादन, कृषि, पेशा, व्यवसाय आदि । | •नगरपलिकाको नामाकरण ।<br>•नगरपालिकाको प्रोफाइल अध्ययन<br>•(जातजाति, जनसंख्या, बजार, विद्यालय, सडक, उत्पादन, कृषि, पेशा, व्यवसाय आदि) । | • नगरपालिकाको नामाकरण सम्बन्धी अवधारणाका साथै कुनकुन गाउँहरु मिलेर तिलागुफा नगरपालिका बनेको हो भन्ने विषयमा छलफल चलाउने ।<br>• नगरपालिकाको प्रोफाइल हेर्न लगाउने ।<br>• प्रोफाइलमा दिए अनुसार नगरपालिकाको क्षेत्रफल, अवस्थिति, जनसंख्या, मुख्यमुख्य बजार क्षेत्र, सडक, विद्यालय, खोला, नदि, वन क्षेत्र, खानी, उत्पादन, पेशा, व्यवसाय आदिबारे तथ्यांकीय जानकारी गराउने । | •नगरपालिकाको नाम कसरी रहन गयो सोध्ने ।<br><br>•नगरपालिकासँग सम्बन्धित विभिन्न तथ्यगत प्रश्नोत्तर गर्ने । | २० |
| २ | हाम्रो समाज, भाषा, धर्म, संस्कृति र सम्पदा | • स्थानीय जातजातिका मौलिक बाजा, भाका, गीत, नाच अभ्यास गर्न, जानकारी दिन र तिनको साँस्कृतिक सम्बन्ध बताउन ।<br>• प्राकृतिक सम्पदा (जमिन, वनजङगल, गाड, खोला, ताल, पोखरी, पहाड आदि) को परिचय र महत्व वताउन ।<br>• मानव निर्मित सम्पदा<br>• (मन्दिर,अस्पताल, विद्यालय, कूलो, धारा, कुवा आदि) को परिचय र महत्व बताउन । | •स्थानीय जातजातिका मौलिक बाजा, भाका, गीत,नाच, अभ्यास र तिनको साँस्कृतिक सम्बन्ध ।<br>•प्राकृतिक सम्पदा(जमिन, वनजङगल, गाड, खोला, ताल, पोखरी आदिको परिचय र महत्व ।<br>•मानव निर्मित सम्पदा<br>•(जस्तै: मन्दिर,अस्पताल, विद्यालय, कूलो, धारा, कुवा आदि) को परिचय र महत्व । | •स्थानीय बाजा, पोशाक, गरगहनासहित विधार्थी प्रतिभा प्रदर्शन आयोजना गर्ने ।<br>•स्थानीय स्रोत व्यक्तिको सहायताबाट बाजा बजाउन सिकाउने ।<br>•स्थानीय लोकगीतहरु जस्तै: तीज गीत, भजन, देउडा, ठाडी भाका, मागल, आदिको परिचय दिने क्रममा फोटो र भिडियो देखाई सहजीकरण गर्ने ।<br>•स्थानीय मेला, जात्रा तथा चाडपर्वहरुका (तीज, माघे संक्रान्ति, चैते दशैं, असारे संक्रान्ति, भदौ पूर्णिमा) बारेमा चित्र, भिडियो र स्थानीय स्रोत व्यक्तिको सहायता लिई जानकारी गराउने । | •विद्यार्थीलाई समुदायअनुसार कपडा लगाउन भन्ने र ती पोशाकका बारेमा जिज्ञासा राख्ने र सोको आधारमा विद्यार्थी प्रतिक्रियाको मापन गर्ने ।<br><br>•वाद्यवादन, गायन, अभिनय कला, प्रस्तुति वा सिर्जनात्मक पक्षको मापन गर्ने । | ३६ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | • स्थानीय मेला,जात्रा, चाडपर्व (तीज, माघे संक्रान्ति, चैते दशैं, असारे संक्रान्ति, भदौ पूर्णिमा) र स्थानीय लोकगीत (तीज गीत, भजन, देउडा, ठाडी भाका,मागल, चुट्कीला, गीत, आदि) को परिचय दिन र अभ्यास गर्न । | • स्थानीय मेला, जात्रा, चाडपर्व (तीज, माघे संक्रान्ति, चैते दशैं, असारे संक्रान्ति, भदौ पूर्णिमा) र स्थानीय लोकगीत (जस्तै : तीज गीत, भजन, देउडा, ठाडी भाका, मागल, चुट्कीला आदि) । | • आवश्यकता अनुसार सम्बन्धित लोकगीतका जानकार व्यक्तिहरुलाई आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने ।<br>• जमिन, वनजङ्गल, खोलानाला, ताल, पोखरी, नदी आदिको महत्त्व र फाइदाको बारेमा सूची बनाउन लगाउने ।<br>• मानव निर्मित सम्पदा (मन्दिर, अस्पताल, क्याम्पस, विद्यालय, नहर, कुवा आदि) को परिचय र महत्वका बारेमा विद्यार्थीहरुको अनुभव र पूर्वज्ञानको आधारमा छलफल गर्ने । | परियोजना कार्य :<br>• आफ्ना बाबुआमा अथवा अरुलाई सोधेर आफ्नो समुदायमा मनाइने लोकप्रिय स्थानीय चाडपर्वको धार्मिक तथा ऐतिहासिक महत्व बताउन लगाउने र त्यस्तो प्रस्तुतिको मापन गर्ने ।<br>• नगरपालिकामा भएका मुख्यमुख्य मानव निर्मित सम्पदाहरुको अवलोकन गरी तिनीहरुको महत्व उल्लेख गर्नुहोस् । | |
| ३ | कृषि, पेशा, व्यवसाय, पर्यटन र प्रविधि | • आफ्नो घर, समुदाय वा विद्यालयमा गरिने लसुन, अदुवा, प्याज, बेसार, सखरखण्ड, धनिया खेतीमा सहयोग गर्न । | • आफ्नो घर, समुदाय वा विद्यालयमा गरिने लसुन, अदुवा, प्याज, बेसार, सखरखण्ड, धनिया खेती । | • नगरपालिकाभित्रका विभिन्न स्थानमा सबै भन्दा धेरै खेती गरिने बालीनालीहरु जस्तै: आलु, सिमी,धान गहुँ, स्याउ, मकै आदिको चित्र एवम् भिडियोको माध्यमद्वारा जानकारी गराउने । | प्रश्नोत्तर:<br>• क्षेत्र भ्रमणका क्रममा गरिएको अवलोकनका आधारमा प्रतिवेदन लेखन र सो प्रतिवेदन प्रस्तुतिको मापन । | ३० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | . स्थानीय स्तरमा उत्पादित वस्तुहरु (जस्तै : परालको गुन्द्री, चकटी, डोको, सुपो, हँसिया, बाबियोको डोरी, आल्लोको डोरी, ठेकी, मदानी, मदुस, कोर्कों, ओखल, मुसल आदि)को परिचय दिन ।<br>. परम्परागत कृषि औजारहरु (जस्तै : हलो, जुवा, फरुवा, लिड्को, कुटो, कोदाली, बन्चरो, खुकुरी आदि) को चिनारी र कृषि कार्यमा तिनीहरुको प्रयोग तथा महत्व बताउन । | . स्थानीय स्तरमा उत्पादित वस्तुहरु<br>. (जस्तै: परालको गुन्द्री, चकटी, डोको, सुपो, हँसिया, बाबियोको डोरी, आल्लोको डोरी, ढरिया ठेकी, मदानी, मुदुस, कोर्कों, ओखल, मुसल आदि) को परिचय ।<br>. परम्परागत कृषि औजारहरु (जस्तै: हलो, जुवा, फरुवा, लिड्को, कुटो, कोदाली, बन्चरो, खुकुरी आदि )को चिनारी र कृषि कार्यमा त्यस्ता औजारहरुको प्रयोग तथा महत्व ।<br>. तरकारी, तोरी, आलु जस्ता नगदे बालीहरूको खेती प्रविधि, उत्पादन र बजारीकरणको<br>. अवस्था । | .विद्यार्थीहरुलाई उल्लिखित अन्नबाली खेती गरिएको ठाउँमा भ्रमण गराउने र त्यस्ता अन्नबालीहरुको खेती गर्ने तरिका सम्बन्धी जानकारी दिन लिन लगाउने ।<br>.वास्तविक वस्तु वा चित्र वा भिडियोको माध्यमबाट नगरपालिका क्षेत्रमा उत्पादन हुने हस्तनिर्मित सामग्रीहरु : परालको गुन्द्री, चकटी, निगालोको डोको, सूपो, बाबियोको डोरी, आल्लोको डोरी, काठको ठेकी, मदानी, खाट मुदुस, गाबु, साँगू, ओखल,मुसल आदिको परिचय दिने ।<br>.उल्लिखित वस्तुहरुको प्रयोग के के कार्यका लागि गरिन्छ ? बताउन लगाउने र शिक्षकले आवश्यक पृष्ठपोषण दिने ।<br>.आफ्नो घर वा समुदायमा परम्परागत रुपमा कृषिमा प्रयोग गरिने औजारहरुको बारेमा जानकारी दिन लगाउने ।<br>.नगरपालिका अन्तर्गतका विभिन्न गाउँवस्तीमा प्रयोग गरिने परम्परागत कृषि औजारहरु जस्तै : हलो, जुवा, फरुवा, विगारो ,मईमुढो, कुटो, कोदाली, बन्चरो, खुकुरी आदिको परिचय, प्रयोग र महत्व बताउने । | परियोजना कार्य :<br>.आफ्नो छिमेकका पाँच ओटा परिवारमा लगाइने नगदे बाली वा पालिएका पशुपन्छीको नाम, परिमाण र आम्दानीको तालिका बनाउनुहोस् ।<br><br>.परम्परागत रुपमा कृषिमा प्रयोग गरिने औजारहरुको बारेमा भन्न लगाउने र मापन गर्ने ।<br><br>.आफ्नो घर वरपर फलफूलबाट मनग्गे आम्दानी गरिरहेका व्यक्तिहरुसँग भेटी लगानी, बजार र आम्दानीको स्थितिबारे प्रतिवेदन लेख्न लगाई मापन गर्ने । | |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ४ | जीवनकला र अनिवार्य सिपहरू | .समाज र राष्ट्रका असल मानिसहरुका व्यवहार एवम् गुणहरुको पहिचान, असल कार्यहरुको चर्चा एवम् अनुसरण गर्न ।<br>.आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र अभ्यास गर्न ।<br>.अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरुलाई आफ्नो जीवनमा अनुसरण गर्न ।<br>.योग र ध्यान (प्रणव ध्यान, भस्त्रिका, अनुलोम-विलोम प्रणायाम, बक्रासन, शलभासन) को परिचय दिन र अभ्यास गर्न ।<br>.विद्यालय र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको अभ्यास गर्न । | .समाज र राष्ट्रका असल मानिसहरुका व्यवहार एवम् असल कार्यहरु ।<br>.गीत, सङ्गीत र नृत्य ।<br>.योग र ध्यान (प्रणव ध्यान, भस्त्रिका, अनुलोम-विलोम प्रणायाम, बक्रासन, शलभासन)को परिचय र अभ्यास ।<br><br>.परिवार, विद्यालय र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग ।<br>.पौष्टिकतत्वहरु नष्ट नहुने गरी फलफूल र तरकारी खाने तरिका ।<br>.बैयक्तिक स्वास्थ्यका लागि सन्तुलित भोजन र जंक फूडका हानी ।<br><br>•शारीरिक व्यायाम । | •विद्यार्थीलाई आदर्श व्यक्ति पहिचान गर्न लगाई ती व्यक्तिमा भएका असल गुणहरु टिपोट गर्न लगाउने र ती गुणहरु मध्ये आफूसँग नभएका कुनकुन हुन् ? छुट्ट्याउने र राम्रा गुणहरुको अनुसरणका लागि उत्प्रेरित गर्ने ।<br>•स्थानीय गीत, संगीत र नृत्यको अभ्यास गराउने ।<br>•स्थानीय गीत नाचहरुको संङ्कलन र सिर्जना गर्न अवसर दिने ।<br>•समाजका जेष्ठ नागरिकहरुलाई कस्तो व्यवहार गर्नुपर्छ ? छलफल चलाउने । स्थानीय जेष्ठ नागरिकहरुसँग भेट गराई कुराकानी गर्ने अवसर दिने र बालबालिकाले जेष्ठ नागरिकलाई केही उपहार दिने वा सेवा गर्ने प्रबन्ध गर्ने । यस्तो अनुभवलाई प्रतिवेदन लेखनका रुपमा प्रस्तुत गर्न लगाउने ।<br>•हाम्रो खाना, पकाउने विधि र पौष्टिक आहारको सम्बन्ध बताउने । घरमा पकाउने र खाने तरिकाबाट भएका फाइदा बेफाइदाको छलफल चलाई सही तरिकाले पकाउने र खाने व्यवहारको निर्माण गर्न लगाउने । | •विद्यार्थी व्यवहारमा देखिने असल गुणहरुको अभिलेखीकरण गर्ने र मापन गर्ने ।<br><br>•स्थानीय कला, गीत, सङ्गीत, नृत्य आदिको कलात्मक पक्षमा विदार्थी सिपको मापन गर्ने ।<br><br>प्रश्नोत्तर:<br>•जेष्ठ नागरिकप्रति लक्ष्य सहित गरिएको कार्यक्रममा विद्यार्थी सहभागिता र प्रतिवेदनको स्तर मापन गर्ने ।<br><br>•वैयक्तिक स्वास्थ्य अवस्था अवलोकन गरी मापन गर्ने । | २० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | •शरीरलाई आवश्यक पर्ने पौष्टिकतत्वहरु नष्ट नहुने गरी फलफूलहरु र तरकारी खाने तरिकाको जानकारी प्राप्त गरी सोको अभ्यास गर्न ।<br>. बैयक्तिक स्वास्थ्य प्रवर्द्धन गर्न सन्तुलित भोजन र स्थानीय खानाहरुको पहिचान गर्न र जंक फूड नखाने बानीको विकास गर्न ।<br>शारीरिक व्यायाम गर्ने बानीको विकास गर्न । | | •वैयक्तिक स्वास्थ्य सन्तुलित खानाको सम्बन्धमा छलफल गर्न लगाउने र स्थानीय स्वास्थ्य केन्द्रका कर्मचारीलाई स्रोत व्यक्तिका रुपमा प्रयोग गर्न सकिने ।<br>•जङ्कफुड अर्थात बजारमा पाइने तयारी खानाका बेफाइदा र घरमा बनाइने खानाहरुका फाइदाहरुका बारेमा विचारहरु आदानप्रदान गर्न लगाउने ।<br>•विद्यार्थीहरुलाई प्रणव ध्यान, भस्त्रिका प्रणायाम, सिंहासन, गरुडासन आदि सिकाउनका लागि शिक्षक आफैले एकपटक सबैको सामु गरेर देखाउने, अभ्यास गराउने र यिनीहरुको महत्वका बारेमा छलफल गर्ने । | | |
| ५ | हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन | .स्थानीय वन क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरु जस्तैः टिमूर, काउलो, अमला, कुरिल्लो, घुच्ची च्याउ, खिरौंलो, तेजपत्ता, घोडटाप्रे, हात पसारो, गुर्जो, भाँगेचुक, बाँको, सिल्पाउरी, बोजो, पदमचाल्नो, पाट्नी चूक, भुतकेश, कटुको, हातेजरी, बायजरी, निर्बिसी पोकचाल्नो घोडामर्चो, भाँगेइमिलो आदि पहिचान गर्न । | .स्थानीय वन क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरु जस्तैः टिमूर, काउलो, अमला, कुरिल्लो, घुच्ची च्याउ, खिरौंलो, तेजपत्ता, घोडटाप्रे, हात पसारो, गुर्जो, भाँगेचुक, बाँको, सिल्पाउरी, बोजो, पदमचाल्नो,पाट्नी चूक, भुतकेश,कटुको,हातेजरी, बायजरी, निर्बिसी, पोकचाल्नो घोडामर्चो, भाँगेइमिलो आदि । | . स्थानीय वन क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरु जस्तै : टिमूर, काउलो, अमला, कुरिल्लो, घुच्ची च्याउ, खिरौंलो, तेजपत्ता, घोडटाप्रे, हात पसारो, गुर्जो, भाँगेचुक, बाँको, सिल्पाउरी, बोजो, पदमचाल्नो, पाट्नी चूक, भुतकेश, कटुको, हातेजरी, बायजरी, निर्बिसी, पोकचाल्नो, घोडामर्चो, भाँगेइमिलो<br>. आदिको बारेमा प्रत्यक्ष एवम् चित्र र भिडियोको माध्यमद्धारा पहिचान गराउने र तिनीहरुको उपयोगिताको बारेमा एक आपसमा छलफल चलाउने । | परियोजना कार्यः<br>.स्थानीय वन क्षेत्रमा पाइने जडीबुटीहरुमध्ये कम्तीमा पाँच वटा जडीबुटीको नाम, चित्र वा वास्तविक वस्तु र औषधीय गुणको चार्ट बनाई कक्षामा प्रस्तुत गर्न लगाउने र त्यस्तो कार्यको स्तर मापन गर्ने । | २२ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | .नगरपालिका भित्रका वनमा पाइने वन्जजन्तु र चराहरुको परिचय दिन र महत्व बताउन ।<br>.नगरपालिका क्षेत्रमा पाइने ठुला बनस्पतिजन्य रुखहरुको पहिचान गर्न ।<br>.करेसाबारी निर्माणमा सहभागी हुन ।<br>.विद्यालयमा बाल बगैंचा निर्माण र वृक्षारोपण कार्यमा सहभागी हुन ।<br>.वातावरण र विकासको परिचय दिन ।<br>.नगरपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय दिन तथा उपयोग पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्न ।<br>.फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्न ।<br>.स्थानीयस्तरमा वातावरण प्रदूषणको अवस्था पहिचान गर्न । | .नगरपालिका भित्रका वनमा पाइने वन्जजन्तु र चराहरुको परिचय र महत्व ।<br>.नगरपालिका क्षेत्रमा पाइने ठुला वनस्पतिजन्य रुखहरु ।<br>.करेसाबारी निर्माण ।<br>.विद्यालयमा बालबगैंचा निर्माण र बृक्षारोपण कार्यकम ।<br>.वातावरण र विकासको परिचय ।<br>.पानीका स्रोतहरु ।<br>.फोहोरमैलाले स्थानीयस्तरमा पारेको असर ।<br>.वातावरण प्रदूषणको स्थानीय अवस्था ।<br>.फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन । | .नगरपालिका भित्रका वनमा पाइने वन्यजन्तु तथा चराहरुकाबारेमा अवलोकन/चित्र/भिडियोको माध्यमद्धारा परिचय दिने र तिनीहरुको संरक्षणको महत्व बताउने ।<br>.नगरपालिका क्षेत्रभित्र पाइने मुख्य ठूला वनस्पतिजन्य रुखहरुको जानकारी दिने र तिनीहरुको उपयोगिता र महत्वबारे बताउने ।<br>.वनसम्बन्धी थप जानकारीका लागि वन कार्यालयका कर्मचारीलाई स्रोत ब्यक्तिका रुपमा प्रयोग गर्ने ।<br>.विद्यालयमा करेसा बारी, बगैंचा निर्माण र बृक्षारोपण गराई संरक्षण कार्यमा सामूहिक जिम्मेवारी तोक्ने ।<br>.स्थानीयस्तरमा भई रहेका विकास निर्माणका कार्यहरु, यिनीहरुको वातावरण सँगको सम्बन्ध र विकास निर्माणले वातारणमा पारेको असरलाई जोड्दै छलफल चलाउने ।<br>.फोहरमैलाको अवस्था र यसले मानिसको दैनिकि र स्थानीय वातावरणमा पारेको असरका बारेमा चर्चा गर्ने । | प्रश्नोत्तर :<br>•वन्यजन्तु तथा चराहरुको संरक्षणको महत्वको बारेमा वक्तृत्वकला आयोजना गरी विषयवस्तु र सञ्चार सिपको मापन गर्ने ।<br>•विद्यालय करेसाबारी निर्माण वा बृक्षरोपण कार्यमा विद्यार्थीको सहभागिता हेरी स्तर मापन गर्ने ।<br>•वातावरण र विकास विषयक निबन्ध लेखन कार्यक्रम आयोजना गर्ने र निबन्धको स्तर मापन गर्ने । | |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | .फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहयोग गर्न ।<br>.विद्यालय परिसर, आउने जाने बाटो र छरछिमेकमा भएका सम्भावित जोखिमका स्थान पहिचान गर्न र ती ठाउँमा हिँड्दा अथवा कुनै क्रियाकलाप गर्दा अपनाउनु पर्ने सावधानीको जानकारी लिन र सोही अनुसार अभ्यास गर्न । | .विद्यालय परिसर, आउने जाने बाटो र छरछिमेकमा भएका सम्भावित जोखिमका स्थान पहिचान र ती ठाउँमा हिँड्दा अथवा कुनै क्रियाकलाप गर्दा अपनाउनुपर्ने सावधानी । | .स्थानीयस्तरमा प्राकृतिक जोखिम र विपद्का क्षेत्र पहिचान गरी त्यहाँ आवतजावत गर्दा अपनाउनु पर्ने सतर्कतासम्बन्धी अभ्यास कार्य गर्न लगाउने । | .नगरपालिका क्षेत्र भित्र प्राकृतिक जोखिम र विपद्का सम्भावित क्षेत्रहरु पहिचान गर्न लगाई विपद् र जोखिमका कारण पत्ता लगाउन लगाउने र त्यस्ता विपद् र जोखिमबाट जोगिने सम्भावित उपायहरु सुझाउन लगाई प्रस्तुति गर्न लगाउने र त्यस्तो प्रस्तुतिको स्तर मापन गर्ने । | |

कक्षा ५

| क्र सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो तिलागुफा | .नगरपालिकाको अवस्थिति (जस्तै : अक्षांश, देशान्तर र उचाई) पत्ता लगाउन ।<br>.नगरपालिकाका केही महत्वपूर्ण स्थलका नामाकरणबारे बताउन । | .नागरिक बडापत्र ।<br>.नगरपालिका र वडा कार्यालयहरूबाट प्राप्त हुने सेवा, सुविधा र शर्तहरू ।<br>.नगरपालिकाका मुख्य काम,कर्तव्य र अधिकार । | .नगरपालिकाका नगरप्रमुख, उपप्रमुख र वडाध्यक्षले सम्पादन गर्ने प्रमुख कामको सम्बन्धमा कानूनको समेत आधार लिएर छलफल गर्ने । यसका लागि स्थानीय जनप्रतिनिधि वा जानकार अतिथि वा वक्तालाई आमन्त्रण गर्ने ।<br>.वडा तथा नगरपालिकाको कार्यालयमा विद्यार्थीहरुलाई अवलोकन भ्रमण गराउने । | . नागरिक बडापत्रमा उल्लिखित सूचना बारे प्रश्नोत्तर गर्ने ।<br>. नगरपालिका कार्यालयको भ्रमणपश्चात् प्रतिवेदन लेख्न लगाई विद्यार्थीको स्तर मापन गर्ने । | २० |

| क्र सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | . नगरपालिकाको नक्सा बनाई आफ्नो गाउँ,विद्यालय, वडा कार्यालय, मुख्य सडक र बाटाहरु देखाउन ।<br>. नगरपालिकाका मुख्य काम, कर्तव्य र अधिकारबारे बताउन ।<br>. नगरपालिका वरपरका छिमेकी गाउँपालिका तथा नगरपालिकाको नाम, अवस्थिति र मुख्य विशेषताहरू बताउन ।<br>. नगरपालिकाका विभिन्न शिक्षालयहरूमा सञ्चालित कक्षा र कार्यक्रमका बारेमा जानकारी लिन । | . छिमेकी गाउँपालिका तथा नगरपालिकाहरुको नाम, अवस्थिति र मुख्य विशेषताहरू ।<br>. नगरपालिकाभित्रका विभिन्न शिक्षालयहरु । | . नगरपालिकाको नागरिक वडापत्रको अध्ययन गराई त्यहाँबाट प्राप्त हुने सेवा, सुविधा, शर्त र शुल्कसहितका बारेमा विद्यार्थीहरुलाई जानकारी गराउने ।<br>. छिमेकी स्थानीय तहहरुको नाम, अवस्थिति, मुख्य जातजाति र अन्य विशेषताहरुबारे जानकारी गराउने ।<br>. आफ्नो नगरपालिका भित्र सञ्चालित शिक्षालयहरुको अवलोकन भ्रमण गराई त्यहाँ सञ्चालित कक्षा र शैक्षिक कार्यक्रमहरुका बारेमा जानकारी गराउने । | . नगरपालिकामा सञ्चालित शिक्षालय र कार्यक्रमहरुका बारेमा प्रश्नोत्तर गर्ने । | |
| २ | हाम्रो समाज, भाषा, धर्म, संस्कृति र सम्पदा | •स्थानीयस्तरमा मुख्य जातजातिका विशेष पर्वहरूमा गरिने मुख्य क्रियाकलापहरुका बारेमा जानकारी प्राप्त गर्न । विशेष गरी संस्कार, पहिरन, खाना, गीत आदिका बारेमा जानकारी लिन र त्यसको अभ्यास गर्न । | . सामाजिक विकृतिका रुपमा रहेका बालश्रम, बालविबाह, अन्धविश्वास, भूतप्रेत, बोक्सीका कारण समाजमा परेका नकरात्मक असर र त्यस्ता असरहरुलाई न्यूनीकरण गर्नका लागि आवश्यक उपायहरु । | . सामाजिक विकृतिका रुपमा रहेका बालश्रम, बालविबाह, अन्धविश्वास, भूतप्रेत, बोक्सीका कारण समाजमा परेका नकरात्मक असर र त्यस्ता विकृतिका समाधानका बारेमा प्रवचन, नाटक, चित्र, भिडियो, अनुसन्धनात्मक लेख आदिको माध्यमबाट चेतनामूलक प्रस्तुति गर्ने ।<br>. सामाजिक विकृति विरुद्ध समूहसमूहमा नाटक वा गीत वा कविता वा चित्रकला जस्ता सिर्जनात्मक अभिव्यक्ति प्रदर्शन गर्न लगाउने । | प्रश्नोत्तर:<br>•सामाजिक विकृतिविरुद्ध गीत वा कविता वा चित्रकला जस्ता सिर्जनात्मक अभिव्यक्तिमार्फत सन्देशमूलक सामग्री निर्माण गर्न लगाउने र स्तर मापन गर्ने । | ३६ |

| क्र सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | .सामाजिक एवम् सार्वजनिक सम्पतिप्रतिको दायित्वबोध गर्न र संरक्षण कार्यमा सहभागी हुन ।<br>.सम्पदाको संरक्षणमा आफ्नो भूमिका उल्लेख गर्न ।<br>.नगरपालिका भित्र रहेका विभिन्न धार्मिक र साँस्कृतिक स्थल (जस्तै : मठमन्दिर, चर्च, गुफा, कुल देवताका थान, गुठीआदि) को अवस्थिति पत्ता लगाई सूची बनाउन ।<br>.नगरपालिकाका परम्परागत स्थानीय लोकगीत, लोक नृत्य, गाउँ खाने कथा, आहान, पुरान र लोक कथाको बारेमा जानकारी संकलन गरी सुनाउन । | .स्थानीय साझा मेला, चाडपर्वहरूका विशेषता, मनाइने समय र समुदाय ।<br>.सामाजिक विकृति र सुधारका प्रयासहरू ।<br>.तिलागुफा नगरपालिकामा रहेका विभिन्न खोला, धारा, पोखरी, कुवाजस्ता जलसम्पदाले पुऱ्याएको योगदान ।<br>.नगरपालिकामा विद्यमान कला,सँस्कृति र साहित्य ।<br>.तिलागुफा नगरपालिकाका धार्मिक सम्पदाहरु र तिनको महत्व । | .स्थानीय साझा चाडपर्वहरुमा गरिने क्रियाकलापहरुको सूची बनाउने र त्यस्ता कियाकलापहरुमा व्यक्तिको के भूमिका हुन्छ? छलफल गर्ने र विद्यार्थीहरुलाई स्वयम्सेवी कार्य गराउने ।<br>.मानव सम्पदा महत्वपूर्ण कि प्राकृतिक सम्पदा महत्वपूर्ण भनेर कक्षामा बादविबाद प्रतियोगिता सञ्चालन गर्ने ।<br>.सम्पदाहरुको महत्व के छ र यिनीहरुको संरक्षण किन गर्नुपर्दछ भन्ने सम्बन्धमा विभिन्न चित्र र भिडियो क्लीप प्रस्तुती मार्फत सहजीकरण गर्ने ।<br>.नगरपालिका भित्र रहेका विभिन्न धार्मिक र साँस्कृतिक स्थल जस्तै : मठमन्दिर, गुफा, कुल देवताका थान, गुठी आदिको बारेमा विद्यार्थीहरुसँग छलफल गरी त्यस्ता सम्पदाहरुको अवस्थितिको सम्बन्धमा सूचना सङ्कलन गर्ने ।<br>विद्यालय नजिक भएका त्यस्ता स्थलहरुमा विद्यार्थीहरुलाई अवलोकन भ्रमण गराई त्यहाँका पुजारी वा संरक्षण समितिका सदस्यहरुसँग अन्तर्वाता लिई तिनीहरुको धार्मिक तथा ऐतिहासिक महत्व, संरक्षण, व्यवस्थापन आदि पक्षमा जानकारी लिने र प्रतिवेदन लेखन कार्य गराउने ।<br>.नगरपालकिाको कला, साहित्य र साँस्कृतिक विशेषताहरुका सम्बन्धमा सोका जानकार व्यक्तिहरुसँगको सहयोगमा सूचना लिने र यस कार्यमा महत्वपूर्ण भूमिका खेल्ने ब्यक्ति वा समूहको योगदान बताउने । | .साझा चाडपर्वसम्बन्धी प्रश्नोत्तर गर्ने ।<br>.मनव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको महत्वको बारेमा वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्ने र अभिब्यक्ति सिपको मापन गर्ने ।<br>.विभिन्न धार्मिक एवम् पर्यटकीय स्थलका बारेमा आफ्नै कक्षामा वा अर्को कक्षामा जानकारीमूलक प्रस्तुती गर्न लगाई विषयवस्तु र प्रस्तुतिको स्तर मापन गर्ने । | |

| क्र सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३ | कृषि, पेशा, व्यवसाय, पर्यटन र प्रविधि | • स्थानीय पेसा व्यवसाय (जस्तै : गाईपालन, भेडापालन, बाखापालन, कुखुरापालन, भैंसीपालन, बंगुरपालन, खरायोपालन, कालिजपालन, परेवापालन आदि) को परिचय दिन ।<br>• आलु, टमाटर, बेसार, धनिया, गोलभेडा, लसुन, च्याउखेती आदिको सामान्य पचिय दिन र त्यस्तो खेतीको महत्व बताउन ।<br>• मौरी पालनको परिचय दिन र महत्व बताउन ।<br>• स्थानीय मुख्य मुख्य बजारमा भएका पसल तथा व्यवसाय र त्यहाँ उपलब्ध सेवाहरुको जानकारी लिन ।<br>• यस्ता पसल तथा व्यवसायमा प्रयोग भएका प्रविधिहरुको अध्ययन गर्न । | • तरकारी बाली, आलुको परिकार आदि ।<br>• विद्यालय बगैंचामा आलु खेती ।<br>• हस्त निर्मित सामग्रीहरु सुपो, लिउ, काम्लो, जावो, फेरे र परालको गुन्द्री ।<br>• व्यावसायिक कृषिको परिचय दिन कृषि पकेट क्षेत्र ।<br>• मौरी पालन ।<br>• पेशा र व्यवसायको प्रवर्द्धनमा नगरपालिकाको भूमिका ।<br>• व्यावसायिक कृषि तथा अन्य उद्योग, फर्महरूको खेति तथा उत्पादन प्रविधि ।<br>• बजारीकरणको अवस्था ।<br>• डिजिटल साक्षरता सिप । | • आलुका विभिन्न परिकारको बारेमा बताउने । यसक्रममा विद्यार्थीका पूर्व ज्ञान र अनुभवलाई पनि उपयोग गर्ने ।<br>• चित्र वा भिडियो मार्फत नगरपालिका अन्तर्गतका विभिन्न स्थानमा गरिने गाईपालन, भेडापालन, बाखापालन, कुखुरापालन, भैंसीपालन, बंगुरपालन, खरायोपालन, कालिजपालन, परेवा पालन आदिको परिचय दिने ।<br>• विद्यार्थीहरुलाई उल्लिखित पशु तथा पंक्षी पालन गरिएका विभिन्न स्थानहरु मध्ये पशुपालन गरिएको कुनै एक स्थान र पन्छीपालन गरिएको कुनै एक स्थानमा अवलोकन भ्रमण गराई पालन गर्ने तरिका, बजार आदिको जानकारी दिने र विद्यार्थीहरुलाई आवश्यक विवरण टिपोट गर्न लगाई कक्षामा प्रस्तुत गर्न परियोजना कार्य दिने ।<br>• नगरपालिकाभित्रका कृषि पकेट क्षेत्रमा अवलोकन भ्रमण गराई प्राथमिकता दिइएको अन्न वा फलफुल वा तरकारी वा पशुपन्छी पालनको बारेमा लाग्ने लगानी, प्रविधि, त्यसको उत्पादन र बजारीकरणको अवस्था अध्ययन गराउने र सो सम्बन्धीको अध्ययन प्रतिवेदन कक्षामा प्रस्तुत गर्न लगाउने । यसरी विभिन्न पकेट क्षेत्रमा विभिन्न समूहमा विद्यार्थी पठाई अध्ययन कार्य गराउन सकिने छ । | प्रश्नोत्तर:<br>• आलुका विभिन्न परिकार बनाउने र स्वादका बारेमा प्रश्नोत्तर गर्ने ।<br>• परियोजना कार्यको प्रतिवेदन लेखन र प्रस्तुतिको मापन गर्ने ।<br>• कृषि पकेट क्षेत्र भ्रमणको प्रतिवेदन लेखन गराई प्रस्तुति गर्न लगाउने र लेखन तथा प्रस्तुतिको स्तर मापन गर्ने ।<br>• विभिन्न कृषि कार्यमा प्रयोग हुने मल, बिउ, औजार, प्रविधि, किटनाषक औषधि आदिका बारेमा प्रश्नोत्तर गर्ने ।<br>• कम्प्युटर चलाउने सम्बन्धी आधारभूत सिप मापन गर्ने । | ३० |

| क्र सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | . मौरी पालनको परिचय दिने र यसको महत्व बताउने ।<br>. कृषिको व्यवसायीकरण सम्बन्धमा चित्र, भिडियो आदिको माध्यमद्धारा जानकारी दिने ।<br>. कम्प्युटर चलाउने आधारभूत सिपहरु सिकाउने । | | |
| ४ | जीवनकला र अनिवार्य सिपहरू | . भोजन व्यवहार व्यवस्थित गर्न ।<br>. स्थानीय खाना र हाम्रो स्वास्थ्यका लागि आवश्यक पर्ने पौष्टिक खानाको सम्बन्ध पहिचान गर्न ।<br>. आत्म-अनुशासन कायम गर्न ध्यान र योगाभ्यास गर्न ।<br>. समाज र राष्ट्रका असल नागरिक बन्नका लागि आवश्यक पर्ने सिप र स्वभावहरुको अभ्यास प्रस्तुत गर्न ।<br>. थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने स्वभावको अनुसरण गरी खुशी र सुखी हुने स्वभावको वर्णन एवम् अभ्यास प्रस्तुत गर्न ।<br>. आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतीकरण गर्न । | . परम्परादेखि चली आएको जडीबुटीको सेवन, प्राकृतिक चिकित्सा पद्धति र आयुर्वेदिक उपचार ।<br>. प्रतिभा र क्षमताको स्वमूल्याङ्कन ।<br>. गीत, सङ्गीत र नृत्यहरुको सिर्जना र अभ्यास ।<br>. सकारात्मक चिन्तन, सन्तुलित विचार र मर्यादित जीवनशैली<br>. योग र ध्यान (सर्वाङ्गीण व्यायाम, प्रणव ध्यान, उद्‌गीथ प्रणायाम, अनुलोम विलोम प्रणायाम, उर्ध्वताडासन,कोणासन) ।<br>. परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग । | . परम्परागत जडीबुटीबाट गरिने उपचार पद्धतिका बारेमा जानकारी गराउने र यसप्रकारको उपचार पद्धतिको सबल र कमजोर पक्षको तुलना गर्ने ।<br>. विद्यार्थीहरुबाट अपेक्षा गरिने प्रतिभा, क्षमता र राम्रा व्यवहारको सूची बनाई स्तरांकन दिई विद्यार्थीहरुलाई स्वमूल्याङ्न गर्ने अवसर दिने ।<br>. गीत, सङ्गीत र नृत्यहरुको सिर्जना र अभ्यास गर्न लगाउने र त्यस्ता सिर्जनाहरुको एकल वा सामूहिक प्रस्तुति गराउने ।<br>. तिब्वतीयन शान्ति कचौराको धुन बजाउँदै मौन बसाइ अभ्यास गराउने र बालबालिकामा भएका सकारात्मक सबल पक्षहरुलाई पहिल्याउनका लागि प्रश्नहरु गर्दै सोंच्न लगाउने । जस्तै: म नियमित विद्यालय आउँछु । म बिहान सबेरै उठ्छु । मैंले घरमा पनि बाबाआमालाई केही काममा सहयोग गर्छु । मैंले सँधै गृहकार्य गर्ने गरेको छु । मैंले साथीहरुसँग झगडा गर्ने गरेको छैन आदि भन्दै मौन बसाइमा दैनिक पाँच मिनेटसम्म सहभागी गराउने । | . गीत, सङ्गीत र नृत्यहरु सिर्जना र प्रस्तुति गर्न लगाई सिर्जनात्मक कलाको मापन गर्ने ।<br>. सकारात्मक चिन्तन, सन्तुलित विचार र मर्यादित जीवनशैलीको अवलोकन गरी त्यसको मापन गर्ने ।<br>. परम्परागत शैली र स्वास्थ्य संस्थाबाट गरिने उपचार पद्धतिको पक्ष विपक्षमा वाद विवाद प्रतियोगिताको आयोजना गरी उनीहरुको तार्किक क्षमताको मापन गर्ने ।<br>. विद्यार्थीले देखाउने सकारात्मक व्यवहारको स्तर मापन गर्ने । | २० |

| क्र सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | . जीवन र जगतका हरेक कुराहरुभित्र केही न केही असल कुरा हुने कुराको परिचय, बोध र अभ्यास प्रस्तुत गर्न र सकारात्मक सोंचको विकास गर्न ।<br>. समालोचकीय र सिर्जनात्मक चिन्तनको अभ्यास गर्न । | . कक्षामा सहयोगात्मक कार्य, नेतृत्व सिप, सञ्चार सिप आदि जस्ता अनिवार्य सिपको प्रदर्शन । | . विद्यार्थीहरुलाई प्रणव ध्यान, भस्त्रिका, अनुलोम विलोम, वक्रासन, नटराजासन आदि सिकाउनका लागि शिक्षक आफैले एकपटक सबैको सामू गरेर देखाउने ।<br>. तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरुलाई प्राणायम, ध्यान र आसनको अभ्यास गर्न लगाई आफूले पथप्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने ।<br>. विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो क्लीप आदिको प्रयोग र प्रदर्शन गर्ने ।<br>. हाम्रा जेष्ठनागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउँदो इतिहास हुन भन्ने बारेमा विभिन्न दृष्टान्तहरु दिएर स्पष्ट पार्ने ।<br>. जेष्ठ नागरिक र अशक्त मानिसहरुसँग सम्बन्धित समस्याको बारेमा छलफल गर्ने ।<br>. श्रव्यदृश्य सामग्रीलगायत जेष्ठ नागरिकलाई स्रोतव्यक्तिको रुपमा उपयोग गर्ने ।<br>. समूह कार्य, परियोजना कार्य आदिमा सबै विद्यार्थीलाई फरकफरक जिम्मेवारी दिने र दिएको जिम्मेवारी अनुसार प्रस्तुति गर्न लगाउने । | . यसका लागि शिक्षकले विद्यार्थीसँग अपेक्षा गरेका राम्रा व्यवहारको सूची बनाई कक्षाकोठामा टाँसी दिनु उपयुक्त हुन्छ ।<br>. समूह कार्य, परियोजना कार्य आदिमा सबै विद्यार्थीलाई फरकफरक जिम्मेवारी दिने र जिम्मेवारीअनुसार प्रस्तुति गर्न लगाई जिम्मेवारी पूरा गरेअनुसारको स्तर मापन गर्ने । | |

| क्र सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ५ | हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन | . स्थानीय वन क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको प्रशोधन प्रक्रियाको अभ्यास गर्न र त्यस्ता वनस्पतिहरुको उपयोगको परिचय दिन ।<br>. घर तथा विद्यालयमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माण कार्यमा सहयोग गर्न ।<br>. आगो, हिटर, डढेलो, भूक्षय, बाढी पहिरो, असिना, पानी, हावाहुरी, सर्पदंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउको जानकारी र यस्ता परिस्थितिबाट जोगिने सावधानीका उपायहरु बताउन ।<br>. नगरपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान गर्न ।<br>. वातावरण संरक्षणको परिचय दिन । | . स्थानीय वन क्षेत्रमा पाइने औषधीजन्य वनस्पति ।<br>. सामुदायिक वन संरक्षणमा समुदाय र नगरपालिकाको भूमिका ।<br>. आगो, हिटर, डढेलो, भूक्षय, बाढी पहिरो, असिना पानी, हावाहुरी, सर्पदंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउ ।<br>. सडक दूर्घटना ।<br>. विभिन्न खोलानालाबाट हुने कटान तथा डुवान ।<br>. उल्लिखित घटना, दुर्घटना न्यूनीकरणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका ।<br>. वातावरण संरक्षण ।<br>. जलस्रोत प्रदूषणको कारण,असर र प्रदूषण न्यूनीकरणका उपाय र अबलम्बन ।<br>. पानीको संरक्षण गर्ने उपायहरु ।<br>. फोहोरमैला व्यवस्थापनका उपायहरु र तिनको अवलम्बन । | . स्थानीय वनमा पाइने वनस्पतिको प्रत्यक्ष अवलोकन तथा फोटो र भिडियो मार्फत स्थानीय औषधीजन्य जडीबुटीहरु: टिमुर, पाँचऔले, बाँजखोटी, सतुवा, कुरिल्लो, सिलपाउरी, बोजो, चोत्रा आदिको परिचय र महत्वका बारेमा छलफल र सहजीकरण गर्ने । यससम्बन्धी सहजीकरणका लागि स्थानीय जानकारहरुलाई समेत आमन्त्रण गर्न सकिने ।<br>. सामुदायिक वन उपभोक्ता समितिका सदस्यहरुसँग भेटघाट गरी गरी वन संरक्षणमा उपभोक्ता र नगरपालिकाले खेलेको भूमिकाका बारेमा जानकारी लिने ।<br>. आगो, हिटर, डढेलो, भूक्षय, बाढी पहिरो, असिना, पानी, हावाहुरी, सर्पदंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउजस्ता जोखिमयुक्त अवस्थाबाट जोगिनका लागि चित्र एवम् भिडियो मार्फत विद्यार्थीलाई जानकारी गराउने, सावधानीका उपाय बताउने र नोक्सानीको वर्णन गर्ने ।<br>. ट्राफिक सचेतनाको पाठ सम्भव भएमा ट्राफिक प्रहरीबाट र सो सम्भव नभएमा ब्रोशर, चित्र, भिडियो आदिको माध्यमबाट शिक्षक आफैले सहजीकरण गर्ने ।<br>. नदी कटानका कारण, असर र रोकथामका उपायहरु सूचीवद्ध गर्ने । विद्यालय नजिक भएको कटान क्षेत्रको अवलोकन गराई जानकारी गराउने । | . स्थानीय वन क्षेत्रमा पाइने जडीबुटीजन्य वनस्पति र तिनीहरुको औषधीय गुणसहितको चार्ट बनाई प्रस्तुत गर्न लगाउने र मापन गर्ने ।<br>. सामुदायिक वनको संरक्षणमा सामुदायिक वन उपभोक्ता समिति र नगरपालिकाको भूमिकाको सम्बन्धमा वक्तृत्वकला प्रतियोगिता आयोजना गरी विद्यार्थीको सञ्चार सिपको मापन गर्ने ।<br>. ट्राफिक नियमहरुको पोष्टर बनाउन लगाउने । | २२ |

| क्र सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | • नगरपालिका क्षेत्रमा जलस्रोत प्रदूषणको कारण, त्यसका असरहरु र प्रदूषण न्यूनीकरणका उपायहरु बताउनुका साथै ती उपायहरु अवलम्बन गर्न ।<br>• पानीको संरक्षण गर्ने उपायहरु बताउन ।<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैला व्यवस्थापनका उपायहरुको खोजी गर्न र त्यस्ता उपायहरुको अवलम्बन गर्न ।<br>• गोरेटो, घोडेटो, मोटरबाटोमा हिँड्दा र खोला, पुल, पहिरो आदि पार गर्दा अपनाउनुपर्ने सावधानीका उपायहरु जान्न र अवलम्बन गर्न । | • बाटोघाटो, मोटरबाटो, खोला, पुल, पहिरो र यिनीहरु पार गर्दा अपनाउनु पर्ने सावधानीका उपायहरु र अवलम्बन । | • प्राकृतिक विपद्बाट कम क्षति हुने वा जोगिने कार्यमा विद्यार्थी, शिक्षक, अभिभावक र समुदायको भूमिका के के हुन सक्छ? समूह बनाई छलफल गर्न लगाउने । | परियोजना कार्य:<br>• स्थानीय प्राकृतिक विपद् र सम्भावित जोखिम क्षेत्रको अवलोकन भ्रमण गरी यसका कारण, असर र रोकथामका उपायबारे प्रतिवेदन प्रस्तुत गर्न लगाई विषयवस्तु र प्रस्तुति मापन गर्ने । | |

कक्षा ६

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो तिलागुफा | . नगरपालिका अन्तर्गत रहेका विभिन्न विषयगत शाखाहरुको जानकारी लिन ।<br><br>. वडा कार्यालय र विषयगत शाखाहरुले प्रदान गर्ने विशिष्टिकृत सेवाहरुको जानकारी प्राप्त गर्न ।<br>. स्थानीय सरकार सञ्चालन ऐन,नगरपालिकाले बनाएका ऐन आदिका बारेमा जानकारी प्राप्त गर्न । | . नगरपालिका अन्तर्गत रहेका विभिन्न विषयगत शाखाहरु ।<br>. वडा कार्यालय र विषयगत शाखाहरुले प्रदान गर्ने विशिष्टीकृत सेवाहरु ।<br>. स्थानीय सरकार सञ्चाल ऐन र नगरपालिकाले बनाएका ऐनहरु । | . नगरपालिकामा कुन-कुन शाखा वा कार्यालयहरु हुन्छन् ? तिनीहरुको कार्यक्षेत्रका बारेमा जानकारी गराउने ।<br>. व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, बालबालिकाका लागि दिइने विभिन्न प्रकारका छात्रवृत्ति लगायत स्वास्थ्य उपचार, पशु सेवा, कृषि विकास, योजना तथा विकासजस्ता कार्यहरु कहाँकहाँबाट हुन्छन् ? यी सेवा ककसले कुनकुन शर्तअनुसार पाउँछन् ? जस्ता विषयवस्तुको जानकारी गराउने ।<br>. यसका लागि स्थानीय सरकार सञ्चालन ऐन, नगरपालिकाले बनाएका ऐन, बडापत्र साथै सम्बन्धित शाखा वा कार्यालयका कर्मचारीको सहयोग लिनुपर्दछ ।<br>. वडा कार्यालयबाट कुनकुन प्रकारको सेवा कसरी प्राप्त गर्न सकिन्छ भन्ने जानकारी गराउने । वडा सचिवलाई आमन्त्रण गरी सो सम्बन्धमा बताउन लगाउने ।<br>. यस प्रकारका विषयवस्तु शिक्षण गर्दा स्थानीय घटनाका उदाहरण दिंदा उपयुक्त हुने । | प्रश्नोत्तर:<br>. नगरपालिकाका विभिन्न शाखाहरुको नाम भन्न लगाउने ।<br><br>. शाखाहरुले प्रदान गर्ने सेवाहरुका बारेमा सोध्नुहोस् ।<br><br>परियोजना कार्य:<br>. नगरपालिकामा रहेका विभिन्न शाखाहरुको अवलोकन भ्रमण गर्न लगाई त्यस्ता शाखाहरुले प्रदान गर्ने सेवाहरुका सम्बन्धमा पोष्टर निर्माण गर्न लगाई प्रतिवेदन प्रस्तुत गर्न लगाउने र त्यसका आधारमा स्तर मापन गर्ने । | २० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| २ | हाम्रो समाज, भाषा, धर्म, संस्कृति र सम्पदा | . सामाजिक विकृतिका रुपमा रहेका बालश्रम, बालविबाह, अन्धविश्वास, भूतप्रेत, बोक्सीका कारण समाजमा परेका असर र त्यस्ता असरहरुलाई न्यूनीकरण गर्नका लागि आवश्यक उपायहरु अपनाउन ।<br>. स्थानीय साझा मेला, चाडपर्वहरूका विशेषता, मनाइने समय, समुदाय आदिबारे जानकारी दिन ।<br>. सामाजिक विकृतिहरू पहिचान गरी सुधारका प्रयासहरू अभ्यास गर्न ।<br>. तिलागुफा नगरपालिकामा रहेका विभिन्न खोला, नदी, धारा, पोखरी, कुवाजस्ता जलसम्पदाको उपयोगिताबारे बताउन ।<br>. नगरपालिकामा विद्यमान कला, सँस्कृति र साहित्यको सामान्य परिचय दिन ।<br>. तिलागुफा नगरपालिकाका धार्मिक सम्पदाहरुको परिचय र महत्व बताउन । | . सामाजिक विकृतिका रुपमा रहेका बालश्रम, बालविबाह, अन्धविश्वास, भूतप्रेत, बोक्सीका कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनीकरण गर्नका लागि आवश्यक उपायहरु ।<br>. स्थानीय साझा मेला, चाडपर्वहरूका विशेषता, मनाइने समय, समुदाय ।<br>. सामाजिक विकृति र सुधारका प्रयासहरू ।<br>. तिलागुफा नगरपालिकामा रहेका विभिन्न खोला, नदी, धारा, पोखरी, कुवा जस्ता जलसम्पदाको उपयोगिता ।<br>. नगरपालिकामा विद्यमान कला, सँस्कृति र साहित्य ।<br>. तिलागुफा नगरपालिकाका धार्मिक सम्पदाहरु र महत्व । | . सामाजिक विकृतिका रुपमा रहेका बालश्रम, बालविबाह, अन्धविश्वास, भूतप्रेत, बोक्सीका कारण समाजमा परेका असर र त्यस्ता असरहरुलाई न्यूनीकरण गर्ने सम्बन्धी उपायहरु दृष्टान्त सहित बताउने । यस सम्बन्धमा स्थानीय जानकारहरुबाट प्रवचन दिन लगाउनुका साथै विद्यार्थीहरुलाई सन्देशमूलक अभिनय वा नाटक प्रदर्शन गर्न अभिप्रेरित गर्ने ।<br>. स्थानीय साझा मेला र चाडपर्वहरूका विशेषताहरुका बारेमा वास्तविक चित्र वा श्रव्यदृष्य सामग्रीका माध्यमबाट जानकारी गराउने ।<br>. सामाजिक विकृतिहरू हुन नदिनका लागि सन्देशमूलक गीत, नाटक,चित्र, कविताको प्रस्तुति वा वक्तृत्वकला जस्ता कार्यक्रम आयोजना गर्ने ।<br>. स्थानीय जलसम्पदाहरुको स्थलगत भ्रमण गरी तिनीहरुको उद्‌गम, उपयोगिता र विनासका पक्षमा जानकारी गराउने ।<br>. स्थानीय साहित्य, कला, संगीत, गीत र बाध्‌बादनको क्षेत्रमा महत्वपूर्ण योगदान दिने व्यक्ति वा समुदायको बारेमा जानकारी गराउने । | परियोजना कार्य :<br>. स्थानीय जलसम्पदाको उद्‌गम, उपयोगिता र महत्वको बारेमा स्थानीय नागरिकहरुसँग सम्पर्क गरी आफ्नो धारणासहित प्रतिवेदन तयार गर्न लगाउने ।<br>. समुदायमा रहेका सामाजिक विकृतिहरुको पहिचान गरी त्यसका आधारमा चित्रात्मक प्रतिवेदन तयार गर्न लगाउने ।<br>. स्थानीय गित, कथा, कविता रच्न लगाई प्रस्तुत गर्न लगाउने । | ३६ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३ | कृषि, पेशा, व्यवसाय, पर्यटन र प्रविधि | .तरकारी बाली आलुको खेती लगायत अन्य तरकारी खेती गर्ने तरिका बताउन, खेती कार्यमा सहयोग गर्न र विद्यालय बगैंचामा आलु खेती गर्न ।<br>.स्थानीयस्तरमा हातबाट निर्माण हुने सामग्रीहरु (जस्तै: बाख्राको रौं,भेडाको उन, काठ, निगालो आदिबाट बन्ने) सँग परिचित हुन ।<br>.व्यावसायिक कृषिको परिचय दिन र यसको महत्व बताउन ।<br>.मौरी पालनको तरिका बोध गरी यस कार्यमा उचित सहयोग गर्न ।<br>.विभिन्न किसिमका पशुपालन तथा पन्छीपालनसँग परिचित हुन ।<br>.स्थानीय रैथाने बालीसँग परिचित हुन र यिनीहरुको महत्व बताउन ।<br>.बजारीकरण र यसबाट हुने फाइदाको बारेमा अध्ययन गर्न ।<br>.डिजिटल साक्षरता सिपको प्रयोग गर्न । | .स्थानीय क्षेत्रमा पाइने विभिन्न तरकारी बालीहरु ।<br>.उन, बाख्राको बर्खाल, काठ र निगालोबाट बन्ने सामग्रीका प्रकारहरु ।<br>.मौरी पालन ।<br>.<br>.पेशा र व्यवसायको प्रवर्द्धनमा नगरपालिका को भूमिका ।<br>.व्यावसायिक कृषि र यसको महत्व ।<br>.विभिन्न किसिमका पशुपालन तथा पन्छीपालन ।<br>.स्थानीय रैथाने बालीका नमूनाहरु ।<br>.बजारीकरणका उदाहरणहरु ।<br>.डिजिटल साक्षरता । | .भैंसीपालन, गाईपालन, मौरीपालन, कुखुरापालन आदि गर्नुको महत्व बताउन लगाउने ।<br>.यसका लागि श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने र विद्यार्थीहरुलाई स्थलगत अवलोकन भ्रमण गर्न लगाई त्यस्तो पालन के कसरी गरिएको रहेछ सोको टिपोट गर्न लगाउने ।<br>.व्यावसायिक कृषि र निर्वाहका लागि गरिने कृषि बीच फरक बताउने ।<br>.व्यावसायिक कृषिको महत्वबारे थपस्पष्ट पार्ने ।<br>.कृषि पकेट क्षेत्रको उत्पादन, प्राथमिकता, रोजाइको कारण, अन्य सम्भावना र आयआर्जनमा भएका सकारात्मक प्रभावबारे सम्बन्धित किसानसँग विद्यार्थीहरुको अन्तरक्रिया गराउने ।<br>.स्थानीय पेशा र व्यवसायको प्रवर्द्धनमा नगरपालिकाले खेल्ने भूमिकाका बारेमा जनप्रतिनिधिसँग परिसम्वाद गरी जानकारी लिने ।<br>.कम्प्युटर प्रयोग सम्बन्धी थप सिपको विकास जस्तै: वर्ड फाइल, पावरप्वाइन्ट फाइल निर्माण, सामग्री डाउनलोड गर्ने जस्ता कार्य आदिको जानकारी दिने । | प्रश्नोत्तर:<br>.स्थानीयस्तरमा हातबाट निर्मित सामग्रीहरु के के हुन सक्छन ? उदाहरण सहित भन्नुहोस् ।<br>.रैथाने बालिका कुनै चार वटा नाम भन्नुहोस् र यिनका महत्व समेत प्रस्तुत गर्नुहोस् ।<br>परियोजना कार्य :<br>.स्थानीय कृषि पकेट क्षेत्रमा अवलोकन भ्रमण गरी त्यहाँ गरिएको व्यावसायिक कृषि खेतीका सम्बन्धमा अध्ययन गर्न लगाई प्रतिवेदन तयार गर्न लगाउने ।<br>.व्यवसायिक कृषि र निर्वाहमुखी कृषिका विषयमा निबन्ध लेख्न लगाउने । | ३० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ४ | जीवनकला र अनिवार्य सिपहरू | • परम्परादेखि चलि आएको जडीबुटीको सेवन, प्राकृतिक चिकित्सा र आयुर्वेद उपचारको बारेमा परिचय दिन ।<br>• प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ राष्ट्रको जिम्मेवार नागरिक भई अघि बढ्ने क्षमताको अभ्यास प्रस्तुत गर्न ।<br>• गीत, सङ्गीत र नृत्यहरुमा सक्रिय रुपमा सहभागी हुन र सिर्जना गर्ने सिप र कलाको अभ्यास प्रस्तुत गर्न ।<br>• जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीका साथै खुसी र सन्तुलित जीवनका विविध पक्षहरुको जानकारी र अनुसरण गर्न ।<br>• योग र ध्यान (सर्वाङ्गीण व्यायाम, प्रणव ध्यान, उद्‌गीथ प्रणायाम, अनुलोम विलोम प्रणायाम, उर्ध्वताडासन, कोणासन) लाई स्वस्थ र खुशी हुनका लागि अभ्यास गर्न । | • परम्परादेखि चलि आएको जडिबुटीको सेवन, प्राकृतिक चिकित्सा र आयुर्वेद उपचार ।<br>• प्रतिभा र क्षमताको स्वमूल्याङ्कन ।<br>• गीत, सङ्गीत र नृत्यहरु सिर्जना र अभ्यास ।<br>• सकारात्मक चिन्तन, सन्तुलित विचार र जीवनशैली<br>• योग र ध्यान (सर्वाङ्गीण व्यायाम, प्रणव ध्यान, उद्‌गीथ प्रणायाम, अनुलोम विलोम प्रणायाम, उर्ध्वताडासन, कोणासन) ।<br>• परिवार र समाजका जेष्ठनागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग ।<br>• कक्षामा सहयोगात्मक कार्य, नेतृत्व सिप, सञ्चार सिप जस्ता अनिवार्य सिपको प्रदर्शन । | • परम्परादेखि चलि आएको जडीबुटीको सेवन, प्राकृतिक चिकित्सा र आयुर्वेद उपचारको बारेमा स्थानीय जानकारहरुसमेतको सहयोगमा जानकारी दिने र यसप्रकारका पद्धतिका सकारात्मक पक्ष र कमजोरीहरुको तुलना गर्ने ।<br>• विद्यार्थीलाई आत्ममूल्यांकनको अवसर दिने र शिक्षकको अवलोकनका आधारमा विद्यार्थीका सकारात्मक र अपेक्षित व्यवहारको जानकारी दिने ।<br>• थप सकारात्मक सम्बलनका लागि आवश्यकताअनुसार परामर्श कार्य सञ्चालन गर्ने ।<br>• सकारात्मक जीवनका लागि खानपिन, क्रियाकलाप, संगत, रुचि लगायतका पक्षमा जोड दिने ।<br>• विद्यार्थीलाई मन पर्ने वा जानेको गीत गाउन लगाएर वातावरणलाई खुसीमय बनाउने ।<br>• मोवाइल, टिभी, साउण्डसिष्टम, कम्प्यूटर आदिको प्रयोग गरेर विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरु प्रदर्शन गर्दै सोको अनुकरण र अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने ।<br>• विद्यार्थीहरु स्वयम्‌लाई पनि गीत, सङ्गीतको सिर्जना गर्न र स्थानीय वाद्ययन्त्र बजाउनका लागि अवसर र हौसला प्रदान गर्ने । | प्रश्नोत्तर :<br>• परम्परादेखि चलि आएको जडीबुटीको सेवन, प्राकृतिक चिकित्सा र आयुर्वेद उपचारको फाइदा र बेफाइदाका बारेमा कारण र तर्कसहित वादविवादमा सहभागी गराउने र विद्यार्थीका तर्क प्रस्तुतिको स्तर मापन गर्ने ।<br>• विद्यार्थीलाई आत्मपहिचान गर्न लगाई आफ्ना सबल एवम् दूर्बल पक्षको पहिचान गर्न प्रेरित गर्ने र त्यसका आधारमा उनीहरुको स्तर मापन गर्ने । | २० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | . परिवार र समाजका जेष्ठनागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने भावनाको वर्णन र सोको अभ्यास गर्न ।<br>. कक्षामा सहयोगात्मक कार्य, नेतृत्व सिप, सञ्चार सिप जस्ता अनिवार्य सिपको प्रदर्शन गर्न । | | . विभिन्न योग तथा शारीरिक अभ्यास गराउने ।<br>. जेष्ठ नागरिकहरुलाई गर्ने व्यवहारका बारेमा प्रवचन दिने । स्थानीय मामला दिई यस परिस्थितिमा जेष्ठ नागरिकप्रतिको कर्तव्य कसरी पूरा गर्न सकिन्छ छलफल चलाउने ।<br>. सञ्चार तथा अन्य अनिवार्य सिपको विकासका लागि समूह कार्य, सहयोगात्मक कार्य, जिम्मेवारी प्रदान, परियोजना कार्य, प्रतिवेदन लेखन र प्रस्तुति गराउने । | परियोजना कार्य :<br>. नजिकैको वृद्धाश्रम अथवा टोलमा गई वृद्धवृद्धाहरुको संख्या एकिन गर्ने र उनीहरुलाई गर्न सकिने सहयोगका विषयमा सुझावहरु प्रस्तुत गर्न लगाई एक प्रतिवेदन प्रस्तुत गर्न लगाउने र त्यसका आधारमा उनीहरुको स्तर मापन गर्ने । | |
| ५ | हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन | . नगरपालिका अन्तर्गत पर्ने सामुदायिक वनहरु र त्यस्ता वनमा पाइने वनपैदावरहरुको पहिचान गर्न ।<br>. वनमा आधारित आर्थिक क्रियाकलापहरु पहिचान गर्न ।<br>. जडीबुटी खेती र सङ्कलन एवम् विभिन्न स्थानीय जातका जडीबुटीहरुको नर्सरी निर्माण र बिक्री वितरण आदिका बारेमा जानकारी प्राप्त गर्न ।<br>. नगरपालिका क्षेत्रमा वृक्षारोपण कार्यमा सहयोग गर्न ।<br>. वातावरण र दिगो विकासको सम्बन्ध स्थापना गर्न । | . नगरपालिका अन्तर्गत पर्ने सामुदायिक वन र त्यस्ता वनमा पाइने वनपैदावरहरुको पहिचान ।<br>. वनमा आधारित आर्थिक क्रियाकलापहरु ।<br>. जडीबुटी खेती र सङ्कलन एवम् विभिन्न स्थानीय जातका जडिबुटीहरुको नर्सरी निर्माण र बिक्री वितरण आदि ।<br>. नगरपालिका क्षेत्रमा वृक्षरोपण कार्य । | . नगरपालिका अन्तर्गतका वनहरुको अवलोकन भ्रमण गराउने ।<br>. वनसम्बन्धी तयार गरेको भिडियो हेर्न लगाई त्यस्ता वनहरुमा पाइने वस्तुहरु पहिचान गर्न लगाउने ।<br>. वनबाट के कस्ता आर्थिक क्रियाकलापहरु सृजना गर्न सकिन्छ ? छलफल गराउने ।<br>. घर तथा विद्यालयमा उत्पादन गर्न सकिने जडीबुटी पहिचान गरी जडीबुटी खेती गर्ने तरिका बताउने ।<br>. जडीबुटी खेती गर्नको लागि आवश्यक नर्सरी फर्म निर्माण गर्न सकिने कुरा बताउने र त्यस्तो नर्सरी फर्म तयार गर्ने विधि बताउने ।<br>. विद्यालयमा जडीबुटी खेती गर्नको लागि नर्सरी फर्म निर्माण गर्न विद्यार्थीहरुलाई सहभागी गराउने । | प्रश्नोत्तर:<br>. वनबाट प्राप्त गर्न सकिने आर्थिक एवम् अन्य लाभहरुका बारेमा वक्तृत्वकला कार्यक्रम आयोजना गर्ने ।<br><br>परियोजना कार्य :<br>. विद्यालयमा जडीबुटी उद्यान निर्माण गर्न लगाउने । यस कार्यमा विद्यार्थीहरुको संलग्नता एवम् योगदानको आधारमा अभिलेख राखी स्तर प्रदान गर्ने । | २२ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | . आगो, हिटर, डढेलो, भूक्षय, बाढी पहिरो, असिना पानी, हावाहुरी, सर्पदंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउ लगायतबाट हुने दुर्घटना रोकथामका लागि पूर्व तयारी गर्न ।<br>. सडक दूर्घटनाबाट आफू बच्ने र अरुलाई पनि बचाउने उपायहरु बताउन ।<br>. विभिन्न खोलानालाबाट हुने कटान तथा डुवान न्यून गर्न गरिएका र गनुपर्ने कार्यहरुका सम्बन्धमा जानकारी प्राप्त गर्न ।<br>. उल्लिखित घटना तथा दुर्घटना न्यूनीकरणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका प्रदर्शन गर्न ।<br>. सामुदायिक वन संरक्षणमा समुदाय र नगरपालिकाको भूमिका पहिचान गर्न । | . वातावरण र दिगो विकास ।<br>. आगो, हिटर, डढेलो, भूक्षय, बाढी, पहिरो, असिना पानी, हावाहुरी, सर्पदंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउ ।<br>. सडक दूर्घटना ।<br>. विभिन्न खोलानालाबाट हुने कटान तथा डुबान ।<br>. घटना तथा दुर्घटना न्यूनीकरणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका ।<br>. सामुदायिक वन संरक्षणमा समुदाय र नगरपालिकाको भूमिका । | . विद्यालयमा गरिएको नर्सरीबाट उत्पादित बेर्नाहरु विक्री वितरण गर्ने,गर्न लगाउने ।<br>. नगरपालिकाका विभिन्न क्षेत्रमा हुने वृक्षारोपण कार्यमा सम्भव भएमा विद्यार्थीहरुलाई सहभागी गराउने ।<br>. दीगो विकास भनेको के होला ? विचार मन्थन गर्न लगाउने र विद्यार्थीहरुको अनुभवलाई समेटी दिगो विकासको अवधारणा प्रष्ट पार्ने ।<br>. दीगो विकासका लक्ष्यहरुको जानकारी गराउने र नगरपालिकास्तरबाट दिगो विकासको लक्ष्यहरुमध्ये पुरा गर्न सकिने लक्ष्यहरु पहिचान गर्ने ।<br>. दीगो विकास र वातावरण संरक्षण बीचको अन्तरसम्बन्धमा छलफल गराउने ।<br>. डढेलो, आगलागी, भूक्षय,बाढी, सर्पदंश, जङ्गली जनावरको आक्रमण, विषालु च्याउ लगायत वीषजन्य पदार्थ आदिबाट हुने दुर्घटनाका बारेमा जानकारी गराउने ।<br>. राजमार्ग क्षेत्रमा बढिरहेको सडक दूर्घटनाबाट आफू बच्ने र अरुलाई पनि बचाउने उपायहरुको बारेमा छलफल गर्ने ।<br>. ट्राफिक प्रहरीलाई समेत विद्यालयमा आमन्त्रण गरी विद्यार्थीहरुलाई सडक नियमका सम्बन्धमा सहजीकरणका लागि अनुरोध गर्ने । | . दिगो विकास र वातावरण विषयमा निबन्ध लेखन प्रतियोगिता आयोजना गर्ने र विषयवस्तु र प्रस्तुतिको मापन गर्ने ।<br>. नगरपालिकामा हुनसक्ने सम्भावित विपद्, जोखिम, दुर्घटनाको सूची, तिनीहरुको कारण, सम्भावित क्षति र न्युनीकरणका उपायबारे चार्ट बनाई प्रस्तुत गर्न लगाउने र त्यसका आधारमा स्तर मापन गर्ने । | |

| क्र.सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | • खोला नालाबाट हुने कटान तथा डुवानलाई न्यूनीकरण गर्नका लागि गरिएका र गर्नुपर्ने कार्यहरुको बारेमा स्थलगत अवलोकनका माध्यमबाट सहजीकरण गर्ने ।<br>• सामुदायिक वन संरक्षणमा नगरपालिका र उपभोक्ता समितिको भूमिकाका सम्वन्धमा नगरपालिकाका प्रतिनिधि र समितिका पदाधिकारीवीच सम्वाद कार्यक्रम सञ्चालन गर्ने । | | |

कक्षा ७

| क्र.सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो तिलागुफा | • नगरपालिका अन्तर्गतका विषयगत शाखा वा कार्यालयहरूबाट प्राप्त हुने सेवा,सुविधा र शर्तहरूको सूची तयार गर्न ।<br>• नगरपालिकाको प्रशासनिक संरचना बताउन ।<br>• कालीकोट जिल्लाको नक्सा बनाई आफ्नो नगरपालिकाको मुख्य स्थानहरु, मुख्य सडक तथा बाटाहरु, धार्मिक तथा पर्यटकीय स्थल,नदी, खोलानाला र तालहरु भर्न ।<br>• नगरपालिकाको समग्र शैक्षिक अवस्था र प्राविधिक शिक्षाको वर्तमान अवस्थाको प्रस्तुति गर्न । | • नगरपालिका अन्तर्गतका विषयगत कार्यालयहरूबाट प्राप्त हुने सेवा, सुविधा र शर्तहरू ।<br>• नगरपालिकाको प्रशासनिक संरचना ।<br>• कालीकोट जिल्लाको नक्सा र आफ्नो नगरपालिकाका मुख्य स्थानहरु, मुख्य सडक तथा बाटाहरु, धार्मिक तथा पर्यटकीय स्थल,नदी,खोलानाला र तालहरु ।<br>• नगरपालिकाको समग्र शैक्षिक अवस्था र प्राविधिक शिक्षाको वर्तमान अवस्था । | • नगरपालिकाको प्रशासनिक संरचनाको चार्ट देखाउँदै नगरपालिकामा रहेको कर्मचारी दरबन्दी बारे बताउने ।<br>• नगरपालिकाका विषयगत शाखा कार्यालयहरु जस्तै: शिक्षा, युवा तथा खेलकुद शाखा, स्वास्थ्य शाखा, पञ्जीकरण शाखा, पशु सेवा शाखा, प्रशासन शाखा आदिले प्रदान गर्ने सेवाहरुका सम्बन्धमा एक एक गरी बताउने । | • नगरपालिकाको प्रशासनिक संरचनाको चार्ट निर्माण गर्न लगाउने ।<br>• विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी विषयगत शाखा वा कार्यालयको कार्यक्षेत्राधिकारको चार्ट सूची बनाई प्रस्तुत गर्न लगाउने र त्यसको मापन गर्ने । | २० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | . कालिकोट जिल्लाको नक्सा बनाई तिलागुफा नगरपालिका देखाउने अभ्यास गर्ने र तिलागुफा नगरपालिकाको नक्सा बनाई नगरपालिका भित्रका मुख्य सडक, बजार, विद्यालय, धार्मिक एवम् पर्यटकीय स्थल, खोलानाला आदिलाई संकेत गरी देखाउने अभ्यास गर्ने ।<br>. नगरपालिकाको शैक्षिक दृश्यचित्रसहित यहाँका शैक्षिक संस्थाहरुको स्तर र कार्यक्रमहरुका बारेमा जानकारी गराउने । | . तिलागुफा नगरपालिकाको नक्सा बनाई निम्नानुसारका ठाउँ कहाँ पर्दछन् ? देखाउन लगाउने । गाउँ कार्यपालिकाको कार्यालय, प्रहरी चौकि, पर्यटकीय स्थल । | |
| २ | हाम्रो समाज, भाषा, धर्म, संस्कृति र सम्पदा | .विविध सामुदायिक सम्बन्धका अवयवहरूको पालना गर्न ।<br>.विद्यालयभित्रका सामूहिक संरचना जस्तै विज्ञान क्लब, रेडक्रस आदिका क्रियाकलापमा सहभागीभई व्यक्तित्व विकास र सामाजिक कार्य गर्न ।<br>.सामाजिक विकृति र विसङ्गतिको रुपमा रहेको महिला हिंसा, चेलीबेटी बेचबिखन र यौनजन्य हिंसाको परिचय र न्यूनीकरणका उपायहरु बताउन । | . विविध सामुदायिक सम्बन्धका अवयवहरू ।<br>. विद्यालयभित्रका सामूहिक संरचना जस्तैः विज्ञान क्लब, रेडक्रसका क्रियाकलाप, बालक्लब आदि ।<br>.महिला हिंसा, चेलीबेटी बेचबिखन, यौनजन्य हिंसा र यस्ता विकृतिहरुको न्यूनीकरण ।<br>.तिलागुफा नगरपालिकाका पर्यटकीय स्थलहरु । | . तिलागुफा नगरपालिका भित्र बसोबास गर्ने विभिन्न जातजातिका विच रहेको बिहेवारी, मेलापात, पर्म, पैंचो, जन्ती, मलामी लगायतका सामाजिक सद्भाव र रीतिरिवाजहरुका बारेमा दृष्टान्तसहित बताउने । | प्रश्नोत्तर:<br>.सामुदायिक सम्बन्धका विषयमा समीक्षा लेखी प्रस्तुत गर्न लगाउने । | ३६ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | . तिलागुफा नगरपालिकाका पर्यटकीय स्थलहरुको परिचय र महत्व बताउन ।<br>. तिलागुफा नगरपालिकाका प्रमुख जातजाति - ब्राम्ह्ण, क्षेत्री, दलित र जातिय अल्पसंख्यक आदिले मनाउने चाडपर्व, लगाउने वेषभूषा र गरगहना, बोल्ने भाषाका साथै उनीहरु बीचको आपसी सम्बन्धको बारेमा परिचय दिन ।<br>. आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो वडा, नगरपालिका र समग्र मुलुकको हितका लागि काम गर्ने नगरपालिकाका कलाकार, खेलाडी, लेखक, साहित्यकार, राजनीतिज्ञ, सामाजिक अभियन्ता आदिको पहिचान र योगदानको चर्चा गर्न । | .तिलागुफा नगरपालिकाका प्रमुख जातजाति - ब्राम्ह्ण, क्षेत्री, दलित जातिय अल्पसंख्यक आदिले मनाउने चाडपर्व, लगाउने वेषभूषा, गरगहना, बोल्ने भाषाका साथै उनीहरु बीचको आपसी सम्बन्ध ।<br>.आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो वडा, नगरपालिका र समग्र मुलुकको हितका लागि काम गर्ने नगरपालिकाका कलाकार, खेलाडी, लेखक, साहित्यकार, राजनीतिज्ञ, सामाजिक अभियन्ता र तिनीहरुको योगदान । | . समाजमा रहेका जातीय भेदभाव, छूवाछूत, महिला तथा बालबालिका हिंसा, घरेलु हिंसा, कूलत तथा कूप्रथाहरुका नकारात्मक प्रभावका बारेमा जानकारी गराउने र यस्ता कूरितीहरुको अन्त्य गर्न विद्यार्थीहरुलाई प्रेरित गर्ने ।<br>. विभिन्न जातजातिले लगाएका पहिरन र गरगहनाहरु झल्किने गरी फोटो,चित्र र भिडियोहरुको अवलोकन गर्न लगाउने ।<br>.महिला हिंसा, चेलीबेटी बेचबिखन र यौनजन्य हिंसा जस्ता सामाजिक अपराध र त्यस्ता अपराधको न्यूनीकरणका सम्भावित उपायहरुका बारेमा सम्बन्धित क्षेत्रमा कार्य गरेका सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरुलाई समेत बोलाई सचेतनामूलक कार्यक्रम गर्ने । | परियोजना कार्य :<br>. पर्यटकीय स्थलको भ्रमण गरी त्यहाँको विशेषतासहित चित्रात्मक पोष्टर तयार गर्ने ।<br>. सामाजिक कुरीतिहरुको अन्त्य गर्ने उपायहरुको सन्देश बोकेका गीत, कविता र नाटक रचना गर्न लगाई सडक र्‍याली गर्न लगाउने र विद्यार्थीको प्रस्तुतिको मापन गर्ने । | |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | . चित्र,भिडियो, मामला वा घटना वा दृष्टान्तहरु दिँदै यस्ता अपराधहरुको न्युनीकरणको सन्देश दिने गीत,नाटक, सडक नाटक, कविता आदि जस्ता सृजनात्मक कार्यमा संलग्न गराउने र सँगै त्यस्ता कार्यको अभिनय समेत गर्न लगाउने ।<br>. स्थलगत भ्रमण, चित्र तथा भिडियो सामग्रीको माध्यमद्धारा पर्यटकीय स्थलहरुको महत्व र विशेषताहरु बताउने ।<br>. नगरपालिका वा जिल्ला वा राष्ट्रियस्तरका शिक्षाविद्, खेलाडी, साहित्यकार, समाज सुधारक, राजनीतिज्ञहरुको योगदानको चर्चा गर्ने । | . समुदायमा गई वा अन्य स्रोतहरुका आधारमा प्रशिद्ध व्यक्तिहरुको जीवनीमा आधारित रही निबन्ध लेख्न लगाउने र स्तर मापन गर्ने । | |
| ३ | कृषि, पेशा, व्यवसाय, पर्यटन र प्रविधि | . स्थानीय कृषि प्रणालीमा प्रयोग भई रहेको प्रविधिको अध्ययन गर्न ।<br>. सिँचाई प्रणाली, परियोजना र कूलो सिंचाई सुविधाहरूको स्रोत, व्यवस्थापन र पद्धति अध्ययन गर्न ।<br>. तिलागुफा नगरपालिकामा उत्पादन हुने मुख्य अन्न बालीका साथै तरकारीजन्य उत्पादन, फलफूल र पशुपंक्षी पालनको उत्पादनमा प्रयोग हुने प्रविधि र त्यस्ता उत्पादनहरुको बजारीकरणको अवस्था अध्ययन गर्न | . कृषि प्रविधि ।<br>. सिँचाई प्रणाली, परियोजना र कूलो सिंचाई ।<br>. तिलागुफा नगरपालिकामा उत्पादन हुने मुख्य अन्न वाली, तरकारीजन्य उत्पादन,फलफूल र पशुपालन, उत्पादन प्रविधि, उपभोग र बजारीकरण ।<br>. तिलागुफा नगरपालिकामा उत्पादन हुने विभिन्न फलफूलहरु, उत्पादन प्रविधि र उपभोग । | . कृषि कार्यमा नगरपालिकाभित्र के कस्ता प्रविधिको प्रयोग भैरहेको छ ? उदाहरणका लागि हाते ट्रयाक्टर, विषादी स्प्रेयर जस्तै अन्य प्रविधिको पहिचान गर्ने र सूची बनाउने र ती प्रविधि कुनकुन कृषि कार्यका लागि कसरी प्रयोग गरिन्छ ? यसबाट के फाइदा हुन्छ? यसको प्रयोगका क्रममा अपनाउनुपर्ने सावधानी के के हुन् ? जस्ता जिज्ञासाको उत्तर बताउने । | परियोजना कार्य :<br>. स्थानीय कृषि अन्नबाली,तरकारी , फलफूल उत्पादन र पशुपालन, कुखुरापालन र मौरीपालन गरिरहेका किसानहरु कहाँ अवलोकन भ्रमण गरी त्यहाँ प्रयोग भएको प्रविधि, | ३० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | . तिलागुफा नगरपालिकामा उत्पादन हुने विभिन्नफलफूलहरु (स्याउ, ओखर, नास्पति, केरा, कागती आदि) को परिचय, महत्व, खेती प्रविधि र उपभोगका बारेमा बताउन ।<br>. बाखापालन/भेडापालन/मौरीपालन को महत्व र पालन गर्ने तरिका बताउन र उक्त कार्यमा सहयोग गर्न ।<br>. दलहन बाली (सिमी,केराउ, मास, गहत, भटमास, सोइटा, मसुरो आदि) को खेती गर्ने तरिका बताउन र खेती गर्ने कार्यमा सहयोग गर्न ।<br>. होटल व्यवसाय तथा होमस्टे सञ्चालनको सम्भाव्यता पहिचान गर्न ।<br>. डिजिटल साक्षरता सिपको प्रयोग गर्न । | . बाखापालन, भेडापालन, मौरीपालनको महत्व र पालन गर्ने तरिका ।<br>. दलहन बाली (केराउ, मास, सिमी, गहत, भटमास, सोइटा, मसुरो आदि) को खेती ।<br>. होटल व्यवसाय तथा होमस्टे सञ्चालनको सम्भाव्यता ।<br>. डिजिटल साक्षरता सिप । | . तिलागुफा नगरपालिकामा उत्पादन हुने मुख्य अन्न वाली, तरकारी, फलफूल र पशुपंक्षी पालनमा प्रयोग भएको उत्पादन प्रविधि, उपभोग र बजारीकरणको अवस्थाका सम्बन्धमा कृषक समूह वा कृषि शाखाको तथ्यांकका आधारमा छलफल गर्ने ।<br>. तिलागुफा नगरपालिकामा उत्पादन हुने विभिन्न फलफूलहरुको खेतिप्रविधि र उपभोगबारे बताउने ।<br>. शिक्षकले बाखा, मौरी तथा भेडापालन सम्बन्धमा तयार पारिएको श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने र विद्यार्थीलाई अवलोकन गर्न लगाउने र यसका आधारमा यस्ता पालनहरुको महत्व बताउन लगाउने ।<br>. विद्यार्थीहरुलाई विद्यालय नजिकैको बाखा, मौरी तथा भेडापालन गरिएको स्थानमा भ्रमण गराउने र पालन गर्ने तरिकाको अध्ययन गर्न लगाउने । | उत्पादन र बजारको अवस्थाबारे प्रतिवेदन लेखन गरी सो प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।<br>प्रश्नोत्तर :<br>. कृषि सम्बन्धी गतिविधि समेटिएको चित्रात्मक पोष्टर निर्माण गर्न लगाई प्रस्तुत गर्न लगाउने ।<br>. नगरपालिकामा उत्पादन हुने प्रमुख अन्नबाली, तरकारी बाली,दलहन बाली र फलफूल सम्बन्धीको तालिका बनाई प्रस्तुत गर्न लगाउने । | |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | • दलहन बाली (केराउ, मास, गहत, भटमास, सोइटा, मसुरो, सिमी आदि) को खेती प्रविधिबारे छलफल चलाउने ।<br>• नगरपालिकाको कृषि शाखाका प्राविधिक कर्मचारी, चित्र, पोष्टर, भिडियोजस्ता माध्यमको सहयोगबाट थप जानकारी दिने ।<br>• युट्युबका माध्यमबाट कृषि, खेती प्रविधि र हस्त निर्मित सामग्री उत्पादनसम्बन्धी अन्यत्र भएका प्रयासको जानकारी लिने र दिने । | | |
| ४ | जीवनकला र अनिवार्य सिपहरू | • गीत, सङ्गीत र नृत्यहरुमा सक्रिय हुनुका साथै सहभागी हुने सिप र कलाको अभ्यास एवम् प्रस्तुतिकरण गर्न ।<br>• जीवन र जगतलाई सकारात्मक तवरले सोच्ने सिप र बानीको अभ्यास गर्न ।<br>• अरुमा भएका राम्रा आनीबानीको पहिचान, सम्मान र प्रसंशा र त्यस्ता आनीबानीको जीवनमा अनुसरण गर्न ।<br>• विभिन्न स्थानीय खानाका परिकारहरु पकाउन र व्यक्तिगत सरसफाइ गर्ने सिपको विकास र जीवनमा कार्यान्वयन गर्न ।<br>• | • गीत, सङ्गीत र नृत्यहरु सिर्जना एवम् अभ्यास ।<br>• सकारात्मक सोचाइ सिप ।<br>• असल बानी व्यवहार ।<br>• विभिन्न स्थानीय खानाका परिकारहरु ।<br>• योग र ध्यान (सूर्य नमस्कार, प्रणव ध्यान, अनुलोमविलोम, सर्वाङगासन, पश्चिमोत्तासन, आदि) ।<br>• हाम्रा असल आचरण, संस्कार र मूल्य मान्यताहरुको बोध ।<br>• घरपरिवार र समाजका जेष्ठ नागरिक लगायत असहज स्थितिका मानिसहरुप्रति सहयोग । | • विद्यार्थीलाई मन पर्ने वा जानेको गीत गाउन लगाएर वातावरणलाई खुसीमय बनाउने ।<br>• मोवाइल, टिभी, साउण्ड सिष्टम, कम्प्यूटर आदिको प्रयोग गरेर विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरु प्रदर्शन गर्दै सोको अनुकरण र अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने ।<br>• विद्यार्थीहरु आफैले पनि गीत, सङ्गीतको सिर्जना गर्न र स्थानीय बाद्ययन्त्र बजाउनका लागि अवसर दिनूका साथैउनीहरुलाई प्रोत्साहन र हौसला प्रदान गर्ने । | • विद्यार्थीमा सकारात्मक सोंचाइ र असल बानी व्यवहारको अवलोकन गरी स्तर मापन गर्ने ।<br>• विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरु प्रदर्शन गर्न लगाई स्तर मापन गर्ने ।<br>• सकारात्मक पक्षको पहिचान गर्ने सिपको परीक्षण गरी मापन गर्ने । | २० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | . योग र ध्यान (सूर्य नमस्कार, प्रणव ध्यान, अनुलोमविलोम, सर्वाङगासन, पश्चिमोत्तासन, आदि) लाई स्वस्थ र खुशी हुनका लागि अभ्यास गर्न ।<br>. हाम्रा असल आचरण, संस्कार र मूल्य मान्यताहरुको बोध गरी अभ्यास गर्न ।<br>. घरपरिवार र समाजका जेष्ठ नागरिक लगायत असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने सिप र भावनाको विकास र अभ्यास गर्न ।<br>. आहार अनुशासनको अभ्यास गर्न ।<br>. घरपरिवार र व्यक्तिगत सरसफाइ गर्ने सिपको विकास गरी सोको कार्यान्वयन गर्न ।<br>. कक्षाकोठामा वा दैनिक जीवनमा समालोचनात्मक चिन्तन, समस्या समाधान, सिर्जनशीलता जस्ता एक्काइसौं शताब्दीका सिपहरुको अभ्यास गर्न । | . आहार अनुशासन ।<br>. घरपरिवार र व्यक्तिगत सरसफाइ ।<br>. कक्षाकोठामा वा दैनिक जीवनमा समालोचनात्मक चिन्तन, समस्या समाधान र सिर्जनशीलता । | .गीत, सङ्गीतको माध्यमबाट खुसी हुने बानीको विकास गर्न सहजीकरण गर्ने ।<br>.हामी खुसी र स्वस्थ हुने हो भने घटना, विषय र वस्तुभित्र भएका सकारात्मक कुराहरुलाई अवसर ठानी जीवनमा अघि बढ्न सक्नुपर्छ भन्दै विद्यार्थीलाई सकारात्मक हुन प्रेरित गर्ने ।<br>.सकारात्मक सोचका अतिरिक्त खुसी र सन्तुलित जीवनका विविध पक्षहरुको बारेमा विद्यार्थीहरुको बीचमा छलफल गरी सोको अनुसरण गर्न विद्यार्थीलाई प्रेरित गर्ने ।<br>.विद्यार्थीहरुलाई कक्षाकोठा बाहिर लिई वरिपरि हेर्न लगाउने र पाँच मिनेटपछि भित्र आई प्रकृतिबाट मानिसले पाएका असल उपहारहरुको सूचि बनाउन लगाउने ।<br>.कक्षाकोठामा पाँच मिनेट मौन बसाइ अभ्यास गराउने र यस क्रममा मानिसहरुबाट आफूले प्राप्त गरेका असल व्यवहार स्मरण गर्ने र त्यसपछि टिपोट गर्ने जस्ता अभ्यास गराई सकारात्मक सोचाइ सिप विकास गराउने । | .विद्यार्थीका भोगाइ र अनुभूतिलाई अभिव्यक्त गर्ने सिपको मापन गर्ने ।<br><br>परियोजना कार्य :<br>. समाजका असल एवम् चरित्रवान व्यक्तित्वहरुको खोजी गरी तिनीहरुका असल व्यवहारहरुको सूची बनाई पोष्टर निर्माण गर्न लगाउने र त्यसका आधारमा स्तर मापन गर्ने । | |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | • विद्यार्थीहरुका भोगाइ र अनुभूतिहरुलाई समेट्दै राम्रा कुराहरुको पहिचान गरी तिनको सम्मान र प्रशंसा गर्ने बानीको विकास गर्ने ।<br>• हरेक बेलुका सुत्दा र हरेक बिहान उठ्दा कम्तीमा ३/३ वटा खुसी हुने राम्रा कुराहरु सम्झने र सोको डायरीमा टिपोट गर्ने बानीको विकास गराउने ।<br>• परिवार वा समुदायमा अवलोकन गरिएका असल बानी व्यवहार भएका मानिसहरु पहिचान गरी ती व्यवहारहरु टिपोट गरी आफूलाई मन पर्ने व्यवहार कसरी सदुपयोग गर्न सकिन्छ छलफल चलाउने ।<br>• विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो क्लिप आदिको प्रयोग र प्रदर्शन गर्ने ।<br>• योग र ध्यान (सूर्य नमस्कार, प्रणव ध्यान, अनुलोमविलोम, सर्वाङ्गासन, पश्चिमोत्तासन) को अभ्यास गराउने ।<br>• खाद्य सुरक्षा, पाक शिक्षा र आहार विज्ञानसम्बन्धी विज्ञहरुबोलाई प्रस्तुति गर्न लगाउने । | | |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | .पोषणयुक्त खाना र वैयक्तिक सरसफाइको महत्व बताउने ।<br>.हामी सहयोगी किन हुनुपर्छ ? परम्परागत चलनका कुनै पक्ष किन पालना गर्ने वा नगर्ने ? आदि प्रश्नहरु गर्दै विद्यार्थीमा खुला एवम् समालोचनात्मक चिन्तन सिप विकास गर्ने । | | |
| ५ | हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन | .तिलागुफा नगरपालिकाको वन क्षेत्रमा पाइने विभिन्न किसिमका औषधीजन्य विरुवा र जडीबुटीको जानकारी, महत्व ,संरक्षण र त्यस्ता विरुवा र जडीबुटीको प्रयोग गर्न ।<br>.तीला नदी सभ्यताको अध्ययन गर्न ।<br>.भूकम्पको जोखिमको हिसावले घर र विद्यालयमा भएको सबैभन्दा सुरक्षित स्थलको पहिचान गर्न ।<br>.यात्राको समयमा साइकल, स्कुटर वा मोटरसाइकल र सार्बजनिक सवारीबाट हुने जोखिम पहिचान गर्न ।<br>.सडक दुर्घटनाबाट सावधान हुन ।<br>.कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला आदि रोकथामका लागि पूर्व तयारीहरू गर्न । | .तिलागुफा नगरपालिकाको वन क्षेत्रमा पाइने विभिन्न किसिमका औषधीजन्य विरुवा र जडीबुटीको जानकारी, महत्व, संरक्षण र प्रयोग ।<br>.तीला नदीको सभ्यता ।<br>.भूकम्पको जोखिम ।<br>.यात्राको समयमा साइकल, स्कुटर वा मोटरसाइकल र सार्बजनिक सवारीबाट हुने जोखिम र सडक दुर्घटनाबाट सावधानी ।<br>.कोभिड, बर्डफ्लू, डेङ्गु, झाडापखाला आदि रोकथामका लागि गरिने पूर्व तयारीहरू । | . नगरपालिकाभित्रका सामुदायिक वनहरुको प्रत्यक्ष अवलोकन गराउने वा भिडियो वा वनको वृत्तचित्रको अवलोकन गराई वनहरुको परिचय दिने ।<br>. वनमा पाइने वनस्पति तथा वन्यजन्तुहरुको जानकारी गराई तिनीहरुको महत्व र फाइदाका बारेमा बताउने ।<br>. वनमा भएका जडीबुटीजन्य वनस्पतिको पहिचान र महत्वबोध गराई तिनीहरुका औषधीय गुणको चिनारी दिने ।<br>. सामुदायिक वनको संरक्षण गर्ने उपायहरुमा छलफल गराउने । | प्रश्नोत्तर:<br>• वनस्पति,जडीबुटी, वन्यजन्तु र वनबाट हुने फाइदाका विषयमा वक्तृत्वकला वा निबन्धलेखन जस्ता कार्य गराई स्तर मापन गर्ने ।<br>• विपद् व्यवस्थापनमा नगरपालिका र नगरपालिकामा कार्यरत संघसंस्थाको भूमिकाको बारेमा चार्ट वा पोष्टर निर्माण गर्न लगाउने । | २२ |

| क्र.सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | •नगरपालिकास्तरमा विपद् व्यवस्थापनका लागि संलग्न संयन्त्र, संघसंस्था, योजना र कार्यक्रमहरु बारे बताउन ।<br>•विपद् सावधानीको अभिनय गर्न । | •नगरपालिकास्तरमा विपद् व्यवस्थापनका लागि संलग्न संयन्त्र, संघसंस्था, योजना र कार्यक्रमहरु ।<br>•विपद् सावधानीको अभिनय । | • तिला नदिको धार्मिक तथा साँस्कृतिक महत्वबोध गराउने ।<br>• सार्वजनिक यातायातमा सवारी गर्दा वा आफैले सवारी साधन चलाउँदा वा सडकमा हिँड्दा अपनाउनुपर्ने सावधानी र पालना गर्नुपर्ने नियमहरुका बारेमा चित्र, भिडियो र सम्भवभएसम्म ट्राफिक प्रहरीको सहायताबाट जानकारी गराउने ।<br>• झाडापखाला, टाइफाइड लगायत कोरोनाजस्ता महामारी लाग्नुका कारण, लिनु पर्ने सावधानी र त्यस्ता रोगको उपचारबारे जानकारी गराउने ।<br>• नगरपालिकामा विपद् व्यवस्थापनमा संलग्न शाखा,संघसंस्था र यस सम्बन्धी योजना र कार्यकमका बारेमा जानकारी गराउने ।<br>• विपद् व्यवस्थापन सम्बन्धमा विद्यार्थीलाई कृत्रिम घटना अभ्यास गर्न लगाउने । | •दुर्घटना, रोगब्याधि वा विपद् व्यवस्थापनसम्बन्धी सडक नाटक प्रस्तुत गर्न लगाई विषयवस्तु र कला पक्षको स्तर मापन गर्ने ।<br><br><u>परियोजना कार्य :</u><br>•नदी क्षेत्रको स्थलगत अवलोकन गरी नदीबाट हुने फाइदा, नदी कटानका समस्या र नदी संरक्षण सम्बन्धी प्रतिवेदन तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने र स्तर मापन गर्ने । | |

कक्षा ८

| क्र.सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो तिलागुफा | • नगरसभाको गठन, काम, कर्तव्य र अधिकारबारे जानकारी लिन ।<br>• नगरपालिकामा सञ्चालित प्रमुख वा गौरवका योजनाहरुको स्रोत, कार्य र प्रभावबारे बताउन ।<br>• नगरपालिकाभित्र कार्यरत सामुदायिक संघसंस्था र प्राप्त हुने सेवाहरूको जानकारी प्राप्त गर्न । | • नगरसभाको गठन, काम, कर्तव्य र अधिकार ।<br>• नगरपालिकामा सञ्चालित प्रमुख वा गौरवका योजनाहरुको स्रोत, कार्य र प्रभाव ।<br>• नगरपालिकाभित्र कार्यरत सामुदायिक संघसंस्था र प्राप्त हुने सेवाहरू । | • नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम नगर कार्यपालिका र नगरसभाको गठन, काम, कर्तव्य र अधिकारको जानकारी गराउने । नगरसभा सञ्चालनको समयमा भ्रमण गराई संसदीय अभ्यासको जानकारी गराउने ।<br>• नगरपालिकाको योजना शाखाको सहयोगमा नगरपालिकाभित्र सञ्चालित प्रमुख वा गौरवका आयोजनाको क्षेत्र, लगानी स्रोत, काम र प्रतिफलको जानकारी लिने ।<br>• गौरवका आयोजना सञ्चालन स्थलको भ्रमण गरी थप जानकारी लिने ।<br>• नगरपालिकाभित्र कार्यक्षेत्र बनाई सञ्चालनमा रहेका सामुदायिक संघसंस्थाहरु, सहकारी संस्था, बैंक र गैरसरकारी संघसंस्थाहरुका कार्यक्षेत्र,तत्कालीन कार्यक्रम तथा सेवा र त्यस्ता सेवा प्राप्त गर्ने निर्धारित शर्त र लाभान्वित पक्षको बारेमा जानकारी गराउने । | प्रश्नोत्तर:<br>•नगरसभाको गठन प्रकिया बारे सोध्ने ।<br>•नगरपालिकामा सञ्चालित प्रमुख योजनाहरुको बारेमा निबन्ध लेख्न लगाउनुहोस् ।<br>परियोजना कार्य :<br>•विद्यार्थीका फरक फरक समूह बनाई अलगअलग संघ संस्थामा भ्रमण गर्न लगाउने र त्यस्ता संघ संस्थाबाट सञ्चालित योजना, कार्यक्रम, सोको लागत र कार्य प्रगतिको प्रतिवेदन तयार पार्न लगाई पेश गर्न लगाउने सोका आधारमा स्तर मापन गर्ने । | २० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| २ | हाम्रो समाज, भाषा, धर्म, संस्कृति र सम्पदा | . सामाजिक चुनौति र विसङ्गतिका रुपमा रहेका जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंसा, बाल श्रम, बालविबाह आदिको न्यूनीकरणका उपाय पहिचान गरी कार्यान्वयन गर्न ।<br>. साँस्कृतिक विविधताको सम्मान गर्ने सभ्यताको विकास गर्न ।<br>. नगरपालिकाका पर्यटकीय स्थलहरुका विशेषता, संरक्षण र संवर्धनका बारेमा बतउन ।<br>. नगरपालिकाका विभिन्न जातजातिका बीचमा सामाजिक सद्भाव कायम गर्नुका साथै स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा नगरपालिकाको भूमिका बताउन । | . सामाजिक चुनौति र विसङ्गतिका रुपमा रहेका जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंसा, बाल श्रम, बालविबाह आदिको न्यूनीकरणका उपाय ।<br>. साँस्कृतिक विविधता ।<br>. नगरपालिकाका पर्यटकीय स्थलहरुका विशेषता, संरक्षण र संवर्धन ।<br>. सामाजिक सद्भावका साथै स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा नगरपालिकाको भूमिका ।<br>. नगरपालिकाका धार्मिक स्थलहरुका विशेषता, संरक्षण र संवर्धन ।<br>. नगरपालिकास्तरीय मेयर कप खेलकुद प्रतियोगिता ।<br>. बैकल्पिक उर्जा (सोलार, विद्युत, गोवर ग्याँस) । | . समाजमा चुनौति र विसङ्गतिका रुपमा रहेका जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंसा, बाल श्रम, बालविबाह आदिको न्यूनीकरणका लागि सन्देशमूलक प्लेकार्डसहित स्थानीय बजार, टोलमा ऱ्याली प्रदर्शन गर्ने, स्थानीय समाज सुधारक, अगुवा वा नगरपालिकाका उपप्रमुख र न्यायिक समितिका सदस्यहरुबाट प्रशिक्षण दिन लगाउने, सन्देशमूलक नाटक प्रदर्शन गर्ने, वक्तृत्वकला, निबन्ध लेखन आदि जस्ता कार्यहरु गराउने ।<br>. नगरपालिकामा रहेका विविधता झल्किने गरी विभिन्न जातजातिका पहिरन, साँस्कृतिक परम्परा अनुसारका गरगहना आदिसहित विद्यार्थी प्रतिभा प्रदर्शन आयोजना गर्ने ।<br>. प्रतिभा प्रदर्शनबाट विद्यार्थीमा के कस्ता भावना पैदा भए टिपोट गर्न लगाई प्रस्तुति गर्न लगाउने ।<br>. साँस्कृतिक विविधताको सम्मान गर्नुपर्ने सम्बन्धमा दृष्टान्तसहित थप जानकारी प्रस्तुत गर्ने ।<br>. नगरपालिकाभित्रका प्रमुख धार्मिक तथा पर्यटकीय क्षेत्रको भ्रमण गरी त्यहाँका विशेषताहरुबारे जानकारी गराउने । | परियोजना कार्य:<br>• जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंसा, बाल श्रम र बालविबाह न्यूनिकरणका लागि के कस्ता प्रयास गर्न सकिन्छ भन्ने सम्बन्धमा अलग अलग समूह बनाई टोल, समुदायमा पठाउने र त्यसरी तयार भएको प्रतिवेदन पेश गर्न लगाई स्तर मापन गर्ने ।<br>प्रश्नोत्तर:<br>• साँस्कृतिक विविधताको सम्मान विषयक वक्तृत्वकला कार्यक्रम आयोजना गरी अभिव्यक्ति सिप मापन गर्ने । | ३६ |

| क्र.सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | . तिलागुफा नगरपालिकाका धार्मिक स्थलहरुको विशेषता, संरक्षण र संवर्धनका बारेमा बताउन ।<br>. नगरपालिकास्तरीय मेयर कप खेलकुद प्रतियोगिता र त्यसको महत्वको बारेमा जानकारी दिन ।<br>. वैकल्पिक उर्जा (सोलार, विद्युत, गोवर ग्याँस आदि) को परिचय दिन र यसको प्रयोग बारेमा बताउन<br>. नगरपालिकामा रहेको जल, जमीन, जङ्गल, जडीबुटी, र जनशक्तिको विकास गरी नगरपालिकाको समुन्नतिका लागि उपयोग गर्ने बारेमा नगरपालिकाको भूमिका बताउन ।<br>. पर्यटन विकासमा समुदाय र स्थानीय सरकारको सहकार्यको सम्भावना अध्ययन गर्न । | . नगरपालिकामा रहेको जल, जमीन, जङ्गल, जडीबुटी, र जनशक्तिको विकासमा नगरपालिकाको भूमिका ।<br>. पर्यटन विकासमा समुदाय र स्थानीय सरकारको सहकार्य । | . सामाजिक सद्भावका साथै स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा नगरपालिकाको भूमिकाका सम्बन्धमा नगरपालिकाका जनप्रतिनिधिसँग अन्तर्वार्ता,संवाद आयोजना गरी जानकारी लिने ।<br>. मेयर कप खेलकुद प्रतियोगितामा समावेश गरिने खेलहरुको परिचय र तिनको अभ्यास गराउने ।<br>. मेयर कप खेलकुद प्रतियोगितामा विद्यार्थीहरुलाई प्रतियोगीका रुपमा सहभागी गराउने ।<br>. व्यक्तिको वृद्धि र विकासमा खेलकूदको महत्व विषयक संवाद सञ्चालन गर्ने ।<br>. वैकल्पिक उर्जा (लघुविद्युत, सोलार विद्युत, गोवर ग्यास)को प्रविधि र उपयोगको बारेमा यस्ता योजना सञ्चालित स्थलमा गई प्रत्यक्ष अवलोकनसहित जानकारी गराउने ।<br>. नगरपालिकामा रहेको भूमीको उपयोग नीति, वन र वनसम्बन्धी जडीबुटीको विकास नीति र युवा लक्षित कार्यक्रमका सम्बन्धमा नगरपालिकाको भूमिकाबारे जनप्रतिनिधिसँग अन्तरसंवाद गरी जानकारी गराउने ।<br>. नगरपालिकाभित्रको पर्यटकीय विकासमा स्थानीय सरकार र नागरिकको भूमिकाबारे छलफल चलाउने । | . पर्यटकीय स्थलका बारेमा रङ्गीन पोष्टर निर्माण गर्नुहोस् । | |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३ | कृषि, पेशा, व्यवसाय, पर्यटन र प्रविधि | . गाईपालन/बंगुरपालन/माछापालन/कुखुरापालन आदिको महत्व र पालन गर्ने तरिका बताउन र यस्ता पालन कार्यमा सहयोग गर्न ।<br>.बेमौसमी तरकारी (टमाटर, लौका, करेला, भिण्डी, काँक्रा, सिमी, मुला आदि) खेती गर्ने तरिका बताउन र यस्तो खेती कार्यमा सहयोग गर्न ।<br>.नगदेवाली (तोरी, मसुरो, तिल, उखु,प्याज,आलु आदि) को खेती गर्ने तरिका बताउन र उक्त कार्यमा सहयोग गर्न ।<br>.स्थानीयस्तरमा हस्त निर्मित सामग्री बनाउने तरिका बताउन र निर्माण गर्न ।<br>.खाद्य सुरक्षाको लागि कृषिको व्यावसायिक उत्पादनको सम्भावना अध्ययन गर्न । | . गाईपालन/बंगुरपालन/माछापाल/कुखुरापालन आदि ।<br>.बेमौसमी तरकारी (टमाटर, लौका, करेला, भिण्डी, काँक्रा, सिमी, मुला आदि) खेती ।<br>.नगदेवाली (तोरी, मसुरो, तिल, लसुन उखु,प्याज, आलु आदि) खेती ।<br>.स्थानीयस्तरका हस्त निर्मित सामग्रीहरु ।<br>.खाद्य सुरक्षाको लागि कृषिको व्यावसायिक उत्पादन ।<br>.स्वरोजगार एवम् आयआर्जनका वैकल्पिक पेशा ।<br>.बैंक एवम् वित्तीय सस्थाहरूले प्रदान गर्ने सेवा, सुविधा र शर्तहरू ।<br>.समस्या समाधान सिप । | .नगरपालिकामा व्यावसायिक रुपमा गरिदै आएको गाईपालन/बंगुरपालन/माछापालन, कुखुरापालन फर्महरुको स्थलगत अवलोकन गरी यहाँ गरिएको लगानी, प्रयोग भएको प्रविधि र बजारको अवस्थाबारे अध्ययन गर्ने ।<br>.व्यावसायिक रुपमा यस्ता कार्य गर्दा आई पर्ने सम्भावित चुनौति र अवसरको खोजी गर्ने ।<br>.बेमौसमी तरकारी जस्तै:टमाटर, लौका, करेला, भिण्डी, काँक्रा, सिमी, मुला आदिको खेति प्रविधि र सम्भावनाबारे स्थानीय कृषि विज्ञसँग जानकारी लिने ।<br>.नगदेवाली (तोरी, मसुरो, तिल, लसुन उखु, प्याज, आलु आदि) खेतीको वर्तमान अवस्था के छ जानकारी गराउने ।<br>.नगदेवाली (तोरी, मसुरो, तिल, लसुन उखु, प्याज, आलु आदि) खेतीको तरिका, प्रविधि, उत्पादन र बजारको अवस्था र सम्भावनाबारे जानकारी गराउने ।<br>.स्थानीयस्तरमा हस्त निर्मित सामग्रीहरु निर्माण गर्ने अभ्यास गर्ने ।<br>.खाद्य सुरक्षाको लागि कृषिको व्यावसायिक उत्पादनको आवश्यकता र यसको महत्वको सन्दर्भमा विज्ञबाट प्रस्तुति, विद्यार्थीका बीच निबन्ध लेखन र कक्षाकोठामा प्रस्तुति जस्ता कार्य गर्ने ।<br>.नगरपालिकामा स्वरोजगार र आयआर्जनका वैकल्पिक पेशाका क्षेत्रहरु पहिल्याउने । | .व्यावसायिक रुपमा गरिदै आएको गाईपालन/बंगुर पालन/माछापालन, कुखुरापालनसँग सम्बन्धित लगानी, प्रविधि, उत्पादन र बजार अवस्था जस्ता क्षेत्रका प्रश्नहरु सोध्ने ।<br>.कृषि उत्पादनको लगानी, प्रविधि र बजारसँग सम्बन्धित प्रश्नहरु सोध्ने ।<br>.स्वरोजगारमूलक व्यवसायको सम्भावना विषयक वक्तृत्वकला वा निबन्ध लेखन कार्य गराई स्तर मापन गर्ने ।<br>.बैङ्क तथा वित्तीय संस्थाले प्रदान गर्ने सेवा, सुविधा र शर्तको बारेमा चार्ट बनाउन लगाउने । | ३० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | • स्वरोजगार र आयआर्जनका वैकल्पिक पेशाको सम्भाव्यता अध्ययन गर्न ।<br>• बैंक एवम् वित्तीय सस्थाहरूले प्रदान गर्ने सेवा, सुविधा र शर्तहरूबारे सूचना संकलन गर्न ।<br>• समस्या सामाधान सिपको प्रयोग गर्न । | | • साथै यसका लागि आवश्यक लगानीको आँकलन, उत्पादन वा सेवा व्यवसायको बजारको सम्भावना जस्ता पक्षमा स्थलगत अवलोकन गर्ने, विज्ञसँग परामर्श लिने र सफल ब्यक्ति वा व्यावसायिक सफलताका कथा निर्माण गरी प्रस्तुत गर्न लगाउने ।<br>• नगरपालिकाभित्र सञ्चालित बैंक तथा वित्तीय संस्थाहरुबाट प्रदान गरिने सेवा, सुविधा र त्यसका लागि पालना गर्नुपर्ने शर्तका बारेमा जानकारी गराउने ।<br>• सम्बन्धित संस्थाको भ्रमण गरी अन्तर्वार्ता र छलफल गरी जानकारी लिने ।<br>• स्वरोजगारमूलक व्यवसाय सञ्चालनका लागि धेरै चुनौतिहरु छन् । जस्तै: लगानी, कच्चा पदार्थ, उत्पादन, बिक्रि आदि । यस्तो अवस्थामा स्थानीय परिवेशमा बसेर स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न कसरी सम्भव छ ? जस्ता प्रश्न सोधेर विद्यार्थीमा समस्या समाधान सिप विकास गर्ने । | | |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ४ | जीवनकला र अनिवार्य सिपहरू | . गीत, सङ्गीत र नृत्यहरुको सिर्जना र अभ्यास गर्न ।<br>. स्थानीयस्तरका प्रमुख धर्महरुको मूल मर्मका बारेमा संक्षिप्त परिचय र आपसी सद्भावका लागि ध्यान पुऱ्याउनु पर्ने कुराहरु बताउन ।<br>. जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र बानीको अभ्यास एवम् प्रस्तुतीकरण गर्न ।<br>. अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा एवम् त्यस्ता स्वभावहरुको जीवनमा निरन्तर अभ्यास र अनुसरण गर्न ।<br>. श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास गर्न र विद्यालय बगैंचा निर्माण गर्न । | . गीत, सङ्गीत र नृत्यहरुको सिर्जना र अभ्यास ।<br>. स्थानीयस्तरका प्रमुख धर्महरु र आपसी सद्भाव ।<br>. सकारात्मक सोंचाइ सिप ।<br>. असल वानी व्यवहारहरु ।<br>. श्रम र विद्यालय बगैंचा निर्माण ।<br>. विद्यालय हातामा विरुवा रोपण ।<br>. योग र ध्यान (प्रणव ध्यान, उद्‌गीथ, कपालभाती प्रणायाम, अनुलोमविलोम, तिर्यकताडासन, चक्किआसन) ।<br>. घरपरिवार र समाजका जेष्ठ नागरिक एवम् असहज स्थितिका मानिसहरुप्रति सहयोग ।<br>. हाम्रा पुर्खा, वंश तथा गोत्रको पहिचान र महत्व<br>. आहार व्यवहार र सन्तुलित भोजन । | . मोवाइल,टिभी,साउण्ड सिष्टम,कम्प्यूटर आदिको प्रयोग गरेर विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरु प्रदर्शन गर्दै सोको अनुकरण र अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने ।<br>. विद्यार्थीहरु आफैले पनि गीत,सङ्गीतको सिर्जना गर्न र बाद्ययन्त्र बजाउनका लागि अवसर प्रदानका साथै प्रोत्साहन र हौसला दिने ।<br>. समाज र राष्ट्रको जिम्मेवार नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरुको चर्चा गर्ने ।<br>. त्यस्ता आचरण र स्वभावहरु आफूमा पनि विकास गर्नका लागि विद्यार्थीहरुलाई प्रेरित गर्दै उनीहरुले अनुसरण गर्न सक्ने स्वभावको लागि लिखित प्रतिवद्धता समेत गराउने ।<br>. सन्तुलित जीवन जिउनका लागि खुसी र स्वस्थ हुनुपर्ने र त्यसका लागि घटना, विषय र वस्तुभित्र भएका सकारात्मक कुराहरुलाई अवसर ठानी अघि बढ्न विद्यार्थीलाई प्रेरित गर्ने ।<br>. सकारात्मक सोचका अतिरिक्त खुसी र सन्तुलित जीवनका विविध पक्षहरुको बारेमा विद्यार्थीहरुको बीचमा छलफल गरी सोको अनुसरण गर्न विद्यार्थीलाई प्रेरित गर्ने । | . गायन तथा नृत्यको कलात्मक पक्षको मापन ।<br>. धर्मिक सहिष्णुता, सामाजिक विविधता जस्ता विषयमा वक्तृत्वकला वा निबन्ध लेखनको अभ्यास गर्न लगाउने ।<br>. असल बानी व्यवहारको अवलोकन गरी विधार्थीहरुको स्तर मापन गर्ने ।<br>. योगाभ्यास र व्यवहार अवलोकन गरी स्तर मापन गर्ने । | २० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | • विद्यालय हातामा विरुवा रोपण कार्य गर्न र त्यसको संरक्षण गर्न ।<br>• योग र ध्यान (प्रणव ध्यान, उद्गीथ, कपालभाती प्रणायाम, अनुलोमविलोम, तिर्यकताडासन, चक्किआसन) लाई स्वस्थ र खुशी हुनका लागि अभ्यास र प्रयोग गर्न ।<br>• घरपरिवार र समाजका जेष्ठ नागरिक एवम् असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास एवम् अनुसरण गर्न ।<br>• हाम्रा पुर्खा, वंश तथा गोत्रको पहिचान गर्दै यसको महत्व र उपादेयताको बारेमा जानकारी दिन ।<br>• आहार व्यवहार र सन्तुलित भोजनको अभ्यास गर्न । | • समालोचनात्मक चिन्तन, सिर्जनशीलता, सहयोगात्मक व्यवहार र सञ्चार एवम् नागरिक सिपको विकास । | • विद्यार्थीहरुलाई प्रणव ध्यान, उद्गीथ, कपालभाती प्रणायाम, अनुलोमविलोम, तिर्यकताडासन, चक्किआसन आदि सिकाउनका लागि शिक्षकले सबैको सामु आफैले प्रदर्शन गरेर देखाउने ।<br>• तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरुलाई प्राणायाम, ध्यान र विभिन्न आसनहरुको अभ्यास गर्न लगाई सुधारका लागि शिक्षकले पृष्ठपोषण प्रदान गर्ने ।<br>• हाम्रा जेष्ठनागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउँदो इतिहास हुन भन्ने बारेमा विभिन्न दृष्टान्तहरु दिएर स्पष्ट पार्ने ।<br>• अन्य श्रव्य दृश्य सामग्रीका अतिरिक्त जेष्ठ नागरिकलाई नै कक्षामा आमन्त्रण गरेर स्रोतव्यक्तिको रुपमा प्रयोग गर्ने ।<br>• गाउँटोलका जेष्ठ नागरिकसँग भेटघाट र छलफल गरी उनीहरुको अनुभवबाट सिकाइ गर्ने ।<br>• जेष्ठ नागरिक र अशक्त मानिसहरुले सामना गरिरहेका समस्याको बारेमा छलफल गर्ने ।<br>• जेष्ठ नागरिक र अशक्त व्यक्तिलाई व्यक्तिगत वा समूहमा मिली सक्दो सहयोग गर्नका लागि परियोजना कार्य वा अवलोकन भ्रमणको व्यवस्था गर्ने ।<br>• पुर्खा, वंश र गोत्र सम्बन्धी जानकार स्थानीय व्यक्तिलाई आमन्त्रण गरी स्रोतव्यक्तिको रुपमा प्रयोग गर्ने । | <u>परियोजना कार्य :</u><br>• जेष्ठ नागरिकका लागि गर्न सकिने सम्भावित सहयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुत गर्न लगाइ त्यसका आधारमा विधार्थीको स्तर मापन गर्ने ।<br>• समालोचनात्मक, सिर्जनात्मक, सञ्चार र नागरिक सिपको विकास भएको अवस्था अवलोकन गर्ने र मापन गर्ने । | |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | • समालोचनात्मक चिन्तन, सिर्जनशीलता, सहयोगात्मक व्यवहार र सञ्चार एवम् नागरिक सिपको विकास गर्न । | • | • सन्तुलित भोजन, आहार नियम, पौष्टिक खानाका लागि स्थानीय स्तरमा पाइने खानाहरुको उपयोगसम्बन्धी जानकारी सम्भव भए सम्म स्थानीय विज्ञबाट गराउने ।<br>• खुला प्रश्नहरु सोध्ने, विषयवस्तुलाई चित्रात्मक रुपमा प्रस्तुत गर्ने, एकले अर्कोलाई सिकाउने, समूह कार्यमा जिम्मेवारी बाँड्ने, साथी, विद्यालय र समाजका समस्यामा सरोकार राख्ने खालका क्रियाकलापमा समावेश गराई समालोचनात्मक, सिर्जनात्मक, सञ्चार र नागरिक सिपको विकास गर्ने । | | |
| ५ | हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन | • जलवायु परिवर्तनको स्थानीयस्तरमा परेको असर पहिचान गर्न ।<br>• भूकम्पबाट हुने जोखिम न्यूनीकरणका लागि विद्यालय र समुदायको भूमिका प्रदर्शन गर्न ।<br>• सुरक्षित विद्यालयको लागि विद्यार्थीको भूमिका बताउन र सोको कार्यान्वयन गर्न ।<br>• विश्वका प्रमुख महामारीहरू- कोभिड–१९, प्लेग, बर्ड फ्लू, एचआईभी एड्स, हैजा, सार्स आदिको बारेमा बताउन । | • जलवायु परिवर्तनको स्थानीय असर ।<br>• भूकम्पबाट हुने जोखिम न्यूनीकरणका लागि विद्यालय र समुदायको भूमिका ।<br>• सुरक्षित विद्यालय ।<br>• विश्वका प्रमुख महामारीहरू-कोभिड–१९, प्लेग, बर्ड फ्लू ,एचआईभी एड्स, हैजा, सार्स आदि ।<br>• महामारीहरुबाट विश्व समुदायमा भएका सिकाइ ।<br>• किशोरीहरुमा देखिने मास हिष्टेरिया । | • दृष्टान्तसहित जलवायु परिवर्तनको अवधारणाबारे बताउने ।<br>• जलवायु परिवर्तनबाट भएका असरहरुको चर्चा गर्ने ।<br>• जलवायु परिवर्तनबाट स्थानीय बाली, वनस्पति, जनावर, तापक्रम, हिउँ जम्ने वा पग्लने अवस्था,गर्मी वा जाडो लगायत अन्य पक्षमा देखापरेका परिवर्तनहरुको उदाहरण सहित चर्चा गर्ने ।<br>• हरेक व्यक्तिले जलवायु परिवर्तनको असर न्यून गर्नका लागि गर्नसक्ने प्रयासको चर्चा गर्ने ।<br>जस्तै: फोहोर व्यवस्थापन, वृक्षारोपण, वन पैदावरको बचावट, कूलोपानीको व्यवस्थापन, कम धूँवा उत्सर्जन आदि । | • जलवायु परिवर्तनका कारणहरु र यसका असर कम गर्नका लागि गर्न सकिने सम्भावित प्रयासहरुबारे वक्तृत्वकला वा निबन्ध लेखन अभ्यास गराई स्तर मापन गर्ने । | २२ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | • यस्ता महामारीहरुबाट विश्व समुदायमा भएका सिकाइको बारेमा जानकारी दिन ।<br>• किशोरीहरुमा देखिने मास हिष्टेरियाबाट बच्ने उपायको पहिचान गरी कार्यान्वयन गर्न ।<br>• विपद्को सामूहिक प्रतिकार्यका उपायहरू बताउन ।<br>• विपद्को सामूहिक प्रतिकार्यमा विद्यार्थीको भूमिका (जुरेस, स्काउट, इको क्लव लगायत अन्य) बताउन ।<br>• विपद् सम्बन्धी कृत्रिम घटना अभ्यास गर्न ।<br>भू-क्षय, नदी कटान एवम् पहिरोको जोखिम रहेका क्षेत्रको पहिचान गर्न ।<br>• तटबन्धन लगायत रोकथामका लागि नगरपालिकाले गरेका अन्य प्रयासहरुबारे जानकारी लिन । | • विपद्को सामूहिक प्रतिकार्यका उपायहरू ।<br>• विपद्को सामूहिक प्रतिकार्यमा विद्यार्थीको भूमिका (जुरेस, स्काउट, इको क्लव लगायत अन्य)<br>• विपद् सम्बन्धी कृत्रिम घटना अभ्यास ।<br>• भू-क्षय, नदी कटान एवम् पहिरोको जोखिम रहेका क्षेत्रको पहिचान ।<br>• तटबन्धन लगायत भूक्षय रोकथामका लागि नगपालिकाले गरेका अन्य प्रयासहरु । | • प्रमुख महामारीहरू- प्लेग, फ्लू ,एचआईभी एड्स, हैजा, सार्स र कोभिड १९ बाट मानिसले सिकेका पाठहरु र प्रभावको जानकारी गराउने ।<br>• मास हिस्टेरिया हुनबाट जोगिनका लागि पूर्वसतर्कता अपनाउने बारे छलफल गर्ने ।<br>• विपद प्रतिकार्यको अर्थ बताउने र यस सम्बन्धमा नगरपालिका,विद्यालय, अभिभावक, शिक्षक र विद्यार्थीका भूमिका बुँदागत रुपमा प्रस्तुत गर्ने ।<br>• विद्यालयमा रहेका विभिन्न समूहहरु जस्तै: इको क्लब, रेडक्रस,बाल क्लब आदिको कार्यहरु बताउने र विपद्का अवस्थामा यी समूहले गर्ने कार्यहरुको अभ्यास गराउने ।<br>• विपद प्रतिकार्यको कृत्रिम अभ्यास गराउने ।<br>• भू-क्षय, नदी कटान एवम् पहिरोको जोखिम रहेका क्षेत्रको पहिचान गर्ने ।<br>• तटबन्धन लगायत भूक्षय रोकथामका अन्य उपायहरुका बारेमा नगरपालिकाको भूमिका स्पष्ट पार्ने ।<br>• यसप्रकारको क्षेत्रको स्थलगत अवलोकन गरी कारण, क्षति, रोकथाम लगायत अन्य पक्षमा प्रवितेदन तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने । | • प्रमुख महामारी रोगका सूची बनाई यिनका कारण, लक्षण र क्षतीको तालिका बनाउन लगाउने ।<br>• इकोक्लब, रेडक्रस र बाल क्लब जस्ता समुहको कार्य के के हुन सक्छन् ? चार्टमा देखाउन लगाउने । | |

भाग : छ

**१२. प्रयोगात्मक तथा परियोजना कार्य (यहाँ दिइएका कतिपय परियोजना वा प्रयोगात्मक कार्य विषयवस्तुको विस्तृतीकरण खण्डमा पनि परेका छन् । शिक्षण र मूल्याङ्कनका क्रममा यी कार्यहरुको प्रयोग गर्नु आवश्यक हुन्छ)**

कक्षा ४

१. तिलागुफा नगरपालिका पहिलेका कतिवटा गाउँ विकास समिति (नाम समेत) का कति ओटा वडाहरु मिलाएर बनाइएको हो ? अहिले जम्मा कतिवटा वडाहरु छन् ? शिक्षक, घरमा भएका अभिभावक र छरछिमेकमा भएका जानकार महानुभावहरूसँग सोधपुछ गरी तलको तालिकामा भरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | नगरपालिका निर्माण गर्दा समावेश गरिएका साविकका गाउँ विकास समिति र वडाहरू | जानकारी दिने व्यक्तिहरूको नाम र नाता सम्बन्ध |
|---|---|---|
| | | |
| | | |
| | | |

२. तपाईंको नगरपालिकाको कुल क्षेत्रफल कति रहेको छ ? र नगरपालिकामा जम्मा कतिवटा वडा छन्? तिनीहरुको क्षेत्रफल कति कति रहेको छ ? जनसंख्या र क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो र सबैभन्दा सानो वडाहरु कुन कुन हुन् ? विषय शिक्षकसँगको परामर्शमा नगरपालिकाका सम्बन्धित पदाधिकारीसँग सोधपुछ गरी निम्न तालिकामा आवश्यक विवरण भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | वडाको विवरण | वडा नं. | क्षेत्रफल | जानकारी दिने व्यक्ति |
|---|---|---|---|---|
| १ | तपाई बसेको वडा | | | |
| २ | सबैभन्दा ठुलो अर्थात धेरै क्षेत्रफल भएको वडा | | | |
| ३ | सबैभन्दा सानो अर्थात कम क्षेत्रफल भएको वडा | | | |
| ४ | सबैभन्दा धेरै जनसङ्ख्या भएको वडा | | | |
| ५ | सबैभन्दा कम जनसङ्ख्या भएको वडा | | | |

३. तपाईले आफ्नो वडाका कुन कुन ठाउँमा गएर प्रत्यक्ष अवलोकन गर्नु भएको छ ? त्यहाँ जाँदा तपाईंले देखेको र अहिले सम्म सम्झिरहेको कुरा के हो ? तलको तालिकाका आधारमा विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| प्रत्यक्ष गएर अवलोकन गरेका आफ्नो वडाका स्थानहरू | अहिलेसम्म सम्झिरहेको विषय वा स्थान | सम्झनुको कारण | कैफियत |
|---|---|---|---|
| (क) | | | |
| (ख) | | | |
| (ग) | | | |
| (घ) | | | |

४. तपाई भएको नगरपालिकाका प्रमुख धार्मिक, साँस्कृतिक र ऐतिहासिक स्थलहरुको नाम के के हो ? तीमध्ये तपाईं आफैले अवलोकन गरेका स्थलहरु कुन-कुन हुन् ? अभिभावक र जानकार छिमेकीको सहयोगले तलको तालिका भरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

| अभिभावक र जानकार छिमेकीको सहयोगले जानकारी भएका धार्मिक, साँस्कृतिक एवम् ऐतिहासिक स्थलहरु | आफू स्वयम् गएर अवलोकन गरेका धार्मिक, साँस्कृतिक एवम् ऐतिहासिक स्थलहरु |
|---|---|
| | |

५. तपाईंले आफ्नो वडा वा नगरपालिका ⁄ गाउँपालिकाका अन्य वडामा गएर अवलोकन गरेको प्राकृतिक सम्पदाहरुः जमीन, वनजङ्गल, गाड, खोला, ताल, पोखरीमध्ये कुनै एउटा सम्पदाको नाम लेख्नुहोस् । उक्त सम्पदामा जाँदा तपाई कोसँग जानु भएको थियो ? उहाँको नाम र उहाँसँगको नाता सम्बन्ध पनि लेख्नुहोस् र त्यहाँ गएर अवलोकन गर्दा स्मरण भएका कुराहरूको विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. आफ्नो घर वा विद्यालयमा खेती गरिने लसुन, दद्, अदुवा, प्याज, बेसार, सखरखण्ड र धनिया खेतीमध्ये कुनै एक खेतीमा सहयोग गर्नुहोस् । बिउ राख्नेदेखि उत्पादन, प्रयोग र बिक्रीसम्मका प्रक्रियाहरुमाके कस्ता कार्यहरु गरियो ? ती सबैको प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. आफ्नो घर वा समुदायस्तरमा उत्पादित वस्तुहरू परालको गुन्द्री, चकटी, डोको, सुपो, बाबियोको डोरी, आल्लोको डोरी, ढरिया, ठेकी, मदानी, खिरे, खाप, मदुस, कोर्को, ओखल, मुसल आदिमध्ये कुनै एकको निर्माण कार्यको अवलोकन गर्नुहोस् । निर्माण गर्दा चाहिने सामग्रीहरु, निर्माण गर्ने तरिका र निर्मित सामग्रीको प्रयोग के के कार्यका लागि गरिन्छ ? विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. आफ्नो घरपरिवार वा छरछिमेकमा भएका जेष्ठ नागरिकलाई के भनेर बोलाउनु हुन्छ ? उहाँको नाम के हो ? उहाँको शारीरिक अवस्था कस्तो छ ? ती जेष्ठ नागरिकले तपाईंप्रति गर्ने व्यवहार कस्तो छ ? दिक्क लाग्दो वा रमाइलाग्दो ? उनीहरूलाई तपाईंले मन पराउनु हुन्छ कि मन पराउनु हुन्न ? यसको कारणसहित उल्लेख गर्दै  तपाईंले उहाँहरूबाट सिकेको कुरा के के हुन् ? सङ्क्षेपमा लिखित प्रतिवेदन बनाइ प्रस्तुत गर्नुहोस् ।

९. तपाईंले के के काम गर्दा तपाईका परिवारका सदस्यहरू खुसी हुनुहुन्छ ? घरपरिवारमा गएर उहाँहरूसँग सोधपुछ गर्नुका साथै उहाँहरुमध्ये को-कसले गर्ने कुन-कुन कुराहरू तपाईंलाई मन पर्छ ? यो क्रियाकलापबाट तपाईंले के सिक्नु भयो ? यी सबैलाई समेटेर प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।

१०. तपाईंको गाउँबस्तीमा विभिन्न अवसरमा नाँचिने नाँचहरू देख्नु भएको छ कि छैन ? देखेको भए देखेको आधारमा र नदेखेको भए देखेका मानिससँग सोधेर कुनै एउटा नाँचमा गरिने क्रियाकलाप, लगाउने पोशाक र बजाउने बाजाहरूको नाम तलको तालिकामा भर्नुहोस ।

| नाचको नाम | नाचमा गरिने क्रियाकलापहरू | नाचमा लगाउने पोशाकहरू | नाचमा बजाउने बाजाहरू |
|---|---|---|---|
| | | | |

११. तपाईंले घरपरिवारमा गएर परिवारका सदस्यहरूको सामू आफूले मन परेको गीत गाउनुहोस् वा मन परेको गीतमा नाँच्नुहोस् । तपाईको गीत सुनेर वा नृत्यको अवलोकन गरेर को-कोले के-के भन्नु भयो ? उहाँहरूको कुरा सुनेर तपाईंलाई कस्तो महसुस भयो ? तपाईंले गाएको वा नाँचेको गीतको नामसहित उल्लिखित सबै कुरा टिपोट गरेर कक्षामा प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।

१२. तपाईंको गाउँबस्तीमा तपाईंले चिनेको असल नागरिकको नाम के हो ? तपाईंले उहाँसँग भेट गरेर उहाँले गरेका राम्रा कामहरुको बारेमा सोधपुछ गरेर टिपोट गर्नुहोस् । उहाँसँग भेट हुन सक्ने अवस्था नभएमा उहाँको परिवार वा उहाँको सम्बन्धमा तपाईंको आफ्नो परिवारका सदस्यसँग सोधपुछ गर्नुहोस् यो क्रियाकलापबाट तपाईले के सिक्नु भयो ? आदि कुरालाई समेटेर प्रतिवेदन तयार गर्नुहोस् ।

१३. तपाईंले विद्यालयमा सिकेका प्राणायाम र आसनहरू घरमा पनि गएर आफ्नो अभिभावकले देख्ने गरी अभ्यास गर्नुहोस् । तपाईले गरेको अभ्यास देखेर अभिभावकले तपाईंलाई के भन्नु भयो ? तलको तालिकामा भर्नुहोस् ।

| विद्यालयमा सिकेर घर गई अभ्यास गरेका प्राणायामको नाम | विद्यालयमा सिकेर घर गइ अभ्यास गरेका आसनहरूको नाम | अभ्यास गरेको देखेरे अभिभावकले दिएको प्रतिक्रियाको विवरण |
|---|---|---|
| | | |

१४. तपाईं हिन्दु धर्मावलम्बी हो भने कम्तिमा एकजना इसाइ वा एकजना इस्लाम धर्म मान्ने साथीसँग परिचय गरी उनीहरूले मान्ने पर्व क्रिसमस वा ईदमा के के गरिन्छ वा के के परिकार खाइन्छ भन्ने कुरा साथीले भनेको आधारमा आफ्ना विचार सहित प्रतिबेदन बनाएर कक्षामा प्रस्तुत गर्नुहोस् अथवा तपाईं ईसाइ वा इस्लाम धर्म मान्ने व्यक्ति हो भने पनि हिन्दू धर्म मान्ने साथीको दशैंका बारेमा त्यसरी नै प्रतिबेदन तयार गरी कक्षामा पेश गर्नुहोस् ।

१५. स्वास्थ्य चौकीको नर्स वा अन्य कुनै कर्मचारीलाई भेटी स्वास्थ्य चौकीले प्रवाह गर्ने सेवा र सेवा लिन अपनाउनु पर्ने प्रक्रियाका बारेमा तलको तालिकाको आधारमा प्रतिवेदन बनाई पेश गर्नुहोस् ।

| स्वास्थ्य चौकीले प्रवाह गर्ने सेवाहरू | सेवा लिनका लागि अपनाउनु पर्ने प्रक्रियाहरू |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |

१६. सोधखोज तथा अवलोकनको माध्यमबाट तिलागुफा नगरपालिका भित्र पाइने वन्यजन्तु तथा चराहरुको सूची बनाउनुहोस् । उक्त वन्यजन्तु र चराहरुको महत्व तथा संरक्षण गर्ने तरिकासमेतलाई तलको तालिकामा भर्नुहोस् ।

| क्र.सं. | वन्यजन्तु/चराको नाम | पत्ता लागेको स्रोत वा माध्यम | महत्व | संरक्षणको तरिका |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

१७. घर वरपरको खाली जमीन वा विद्यालय वा करेसाबारीमा उपयोगी बोटबिरुवाको वृक्षारोपण गर्नुहोस् । बिरुवा हुर्कनको लागि आवश्यक पर्ने तत्वहरू - पानी, मल आदि पनि प्रदान गर्नुहोस् । करिब १ महिनामा बिरुवाको बृद्धि कति भयो, बिरुवामा के कस्ता परिवर्तनहरू आए ? अवलोकन गरी प्राप्त विवरणहरू टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१८. घरबाट निस्कने फोहोरहरूको वर्गीकरण (कुहिने र नकुहिने एवम् तरल र ग्याँस) गर्नुहोस् । फोहोरमैला व्यवस्थापन गर्ने तरिकाहरू अवलम्बन गर्नुहोस् । यसको लागि फोहोर तरल (नाली, शौचालय तथा बाथरुमबाट निस्कने तरल, भान्साबाट निस्कने फोहोर), कुहिने र नकुहिने ठोस फोहोर, ग्याँस (वायु) आदिको व्यवस्थापन गर्ने तरिकाहरूलाई आफू, आफ्नो परिवारले विशेष ध्यान दिनुहोस् । यी कार्यबाट फोहोर व्यवस्थापन गर्दा के के प्रगति भयो ? गरेका कार्यहरूको टिपोट तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१९. हाम्रो गाउँबस्तीमा सामाजिक चुनौती र विसङ्गतिको रुपमा रहेको जातीय वा लैङ्गिक विभेदले हाम्रो विकासमा के कस्तो बाधा पुऱ्याइरहेको छ ? यस्तो विभेदलाई न्यूनीकरण गर्न विद्यालय र समाजका अगुवाहरुले के कस्तो काम गर्नुपर्दछ ? समुदायका कम्तिमा कुनै दुई जना जानकारहरुसँग सोधपुछ गरेको आधारमा प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२१. विगत एक वर्षभित्र समुदायमा घटेका विपद्हरूको सूची अभिभावकलाई सोधी तयार गर्नुहोस् । ती विपद् घट्नुका कारणहरू र भएको क्षति लेखी तलको तालिका भर्नुहोस् ।

| क्र. सं. | विपद्को नाम | सम्भावित कारण | भएको क्षति |
|---|---|---|---|
| | | | |

२२. विद्यालयबाट घर जाँदा बाटो वा सडकको अवलोकन गरी विद्यालय जाँदा आउँदा हुनसक्ने सम्भावित जोखिमहरू पहिचान गर्नुहोस् । ती जोखिमबाट सुरक्षित रहन गर्नुपर्ने उपायहरू र तपाईंको भूमिका समेत उल्लेख गरी प्रतिबेदन तयार गर्नुहोस् ।

२३. आगलागी, बाढी र पहिरोबाट बच्नका लागि गरिने कृत्रिम घटना अभ्यासमा सहभागी भई उक्त कृत्रिम घटनामा सहभागी भएको आधारमा गरिएका प्रकृयाहरू बुँदागत रुपमा टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**कक्षा ५**

१. तपाईंको गाउँपालिका नगरपालिकामा भएका जम्मा वडाहरु र उक्त वडाहरु अन्तर्गत पर्ने गाउँबस्तीका नामहरु आफ्नो छिमेकी वा समुदायको जानकार व्यक्तिसँग सोधपुछ गरेर तलको तालिकामा भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| वडा नं. | गाउँबस्तीका नामहरु | जानकारी दिने व्यक्तिको नाम |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |

२. वडामा भएका गाउँटोलहरूको नाम लेख्नुहोस् र ती गाउँटोलहरूमा कुन कुन जातिको बसोवास रहेको छ ? सकेसम्म ती क्षेत्रमा आफैले प्रत्यक्ष गएर अवलोकन गरी तलको तालिकाका आधारमा विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| आफ्नो वडामा भएका गाउँटोलका नाम | बसोवास गरेका जातजातिहरू | बढी बसोवास भएको जातजाति | कैफियत |
|---|---|---|---|
| (क) | | | |
| (ख) | | | |
| (ग) | | | |

३. तपाईं कहिलेकाहीँ आफ्नो बाहेक नगरपालिकाको अन्य कुनै विद्यालयमा यस भन्दा पहिले जानु भएको छ कि छैन ? जानु भएको छ भने त्यही गएको आधारमा र नगएको भए विषय शिक्षकसँग अनुमति लिएर कक्षाका विद्यार्थीहरूको समूह बनाई कुनै विद्यालयमा जानुहोस् र उक्त विद्यालय र तपाईंको विद्यालयका के कस्ता भिन्नताहरू छन् ? तपाईंको विद्यालयमा भन्दा त्यहाँ के राम्रो छ र त्यहाँको विद्यालयमा भन्दा तपाईंको विद्यालयमा के राम्रो छ ? उल्लिखित कुरा समेटेर प्रतिवेदन बनाइ विषय शिक्षकलाई पेश गर्नुहोस् ।

४. तपाईं स्काउट, इको क्लव, रेडक्रसमध्ये कुनै एकमा आवद्ध भएको कारण उक्त संस्थाले तोकेको काममा सहभागी हुनुहोस् । उक्त काम के थियो ? उक्त काम गर्दा तपाईं एक्लै हुनुहुन्थ्यो वा समूहमा ? उक्त काम गर्दा तपाईंलाई कस्तो अनुभूति भयो र उक्त कामले के फाइदा भयो ? उक्त काम माथिकामध्ये कुन संस्थामा आवद्ध भएको कारण गर्नु भएको हो ? यी सबै कुरा उल्लेख गरेर प्रतिवेदन तयार गरी कक्षामा पेश गर्नुहोस् ।

५. आफ्नो घर वा विद्यालय वा समुदायमा खेती गरिएको आलु, टमाटर, केराउ, सिमी खेती मध्ये तपाईं संलग्न र सहभागी भएर उत्पादन गरिएको तरकारी खेती कुन हो ? उक्त तरकारी खेती कसरी गरिँदोरहेछ ? तपाईंलाई त्यसबाट के कुराको सिकाइ भयो ? आफ्ना अनुभवहरू समेटेर प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. तपाईंका परिवारमा भएका अभिभावकहरूमध्ये कुनै दुई अभिभावकको नाम र नाता सम्बन्ध उल्लेख गर्दै उहाँहरुसँग भएका तपाईंलाई मन पर्ने बानी व्यवहारहरू तलको तालिकामा लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| अभिभावकको नाम र नाता सम्बन्ध | नाता सम्बन्ध | उहाँसँग भएका मनपर्ने बानी र व्यवहारहरू |
|---|---|---|
| (१) | | |
| (२) | | |

७. विद्यालयमा आएदेखि अहिलेसम्म विद्यालयबाट तपाईंले के के राम्रा बानी, सिपहरू सिक्नु भयो ? तपाईंले सिकेका बानी र सिपहरूको बारेमा तपाईंका परिवारका सदस्यहरूले के भन्नु हुन्छ ? तपाईंले सिकेको कुन सिप वा बानीले तपाईंका परिवारका कुन कुन सदस्यलाई बढि खुसी बनाएको छ ? तपाईंको सिकाइले तपाईंलाई के फाइदा भएको महसुस गर्नु भएको छ ? यी सबै कुराका आधारमा लिखित विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. तपाईंलाई घरपरिवारमा भएको कुनै कुरा झट्ट सम्झिँदा वा अवलोकन गर्दा नराम्रो लागेकोमा सकारात्मक किसिमले सोच्दै जाँदा त्यो भित्र पनि के कुरा राम्रो देख्नु भयो ? तपाईंले देखेको वा सोचेको उक्त राम्रा कुराको बारेमा घरपरिवारका सदस्यहरूसँग छलफल गर्दा क-कसले के के भन्नु भयो ? यसबाट तपाईंलाइ के अनुभूति भयो? उल्लिखित सबै कुरा समेटेर लिखित प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

९. तिलागुफा नगरपालिकाका परम्परागत स्थानीय लोकगीत, लोक नृत्य, गाउँ खाने कथा र लोक कथामध्ये कुनै तीनवटाको बारेमा गाउँका जानकार मानिसहरुसँग सोधपुछ गरी हरेकको तीन तीनवटा उदाहरणहरु सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

१०. घरपरिवारमा कुनै उत्सव वा चाडपर्व मनाउँदा तपाईं सहभागी भइ गरेका कार्य के के हुन् ? तपाईंले मन पराएका कुरा के के हुन् ? उक्त चाडपर्वलाई अफ रमाइलो र सबैजना खुसी भई सहभागी हुनका लागि के गरेको भए हुन्थ्यो ? यस सम्बन्धमा तपाईंको आफ्नो विचारसहित आफ्ना परिवारका केही सदस्यहरूको बिचारलाई समेत समेटेर प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

११. तपाईंले आफूमा मीठो बोल्ने, थोरै बोल्ने र विस्तारै बोल्ने बानीको विकास गरेपछि तपाईंलाई के फाइदा भयो र तपाईंको परिवर्तन भएको बानीको सम्बन्धमा तपाईंका परिवारका सदस्य र तपाईंका नजीकका साथीहरूको के प्रतिक्रिया रहेको छ ? सबै कुरा तलको तालिकामा भरी कक्षामा प्रस्तुत गर्नुहोस् । यदि यो बानीमा परिवर्तन भएको छैन भने परिवर्तन गरेर त्यसको एकहप्ता पछि प्राप्त प्रतिक्रियाका आधारमा यो प्रतिवेदन बनाइ पेश गर्नुहोस् ।

| परिवर्तन भएको बानी | घरपरिवारको प्रतिक्रिया | नजीकका साथीहरूको प्रतिक्रिया |
|---|---|---|
| (१) पहिले भन्दा मीठो बोल्ने | | |
| (२) पहिले भन्दा थोरै बोल्ने | | |
| (२) पहिले भन्दा विस्तारे बोल्ने | | |

१२. तपाईंले सिकेका आसन र प्राणायाममध्ये घरमा पनि गएर कुन कुन आसन र प्राणायाम गर्नुहुन्छ ? तपाईंले उक्त काम गर्दा तपाईको घरपरिवारका कुन कुन सदस्यले के के भन्नु हुन्छ ? ती काम गर्दा तपाईलाई कस्तो महसुस हुन्छ ? तपाईंले घरमा गएर गर्ने कुनै आसन र प्राणायाममध्ये कुनै एकबाट हुने फाइदाको बारेमा परिवारका कुन कुन सदस्यले के भन्नुहुन्छ ? तपाईंलाई यसबाट के सिकाइ भयो? यी सबैलाई सङ्क्षेपमा लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

१३. वडा कार्यालयमा गएर वा त्यो सम्भव नभए त्यहाँको कुनै कर्मचारीलाई भेटेर वडा कार्यालयले नागरिकका निम्ति प्रवाह गर्ने सेवा र सेवा लिन अपनाउनु पर्ने प्रक्रियाका बारेमा तलको तालिकाको आधारमा प्रतिबेदन बनाई पेश गर्नुहोस् ।

| वडा कार्यालयले प्रवाह गर्ने सेवाहरू | सेवा लिनका लागि अपनाउनु पर्ने प्रक्रियाहरू |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |

१४. सामाजिक चुनौती र विसङ्गतिको रुपमा समाजमा रहेको जातीय भेदभाव, छुवाछुत र लैङ्गिक हिंसाका कारण हाम्रो समाजमा के कस्ता नराम्रा असरहरु परेका छन् ? यस्ता सामाजिक विसङ्गतिहरुलाई न्यूनीकरण गर्न के गर्न सकिन्छ ? समाजमा तपाईले असल ठान्नु भएको कुनै एकजना महिला र एकजना पुरुषसँग उल्लिखित प्रश्नहरु सोधेर प्राप्त जवाफलाई आफ्नो समेत विचार समावेश गरी तयार गरिएको प्रतिबेदन कक्षामा प्रस्तुत गर्नुहोस् ।

१५. घर वरपर पाइने औषधीजन्य वनस्पतिहरू (टिमुर, पाँचऔले, बाँजखोटी, सतुवा, कुरिल्लो, पोकचाल्नो, पदमचाल्नो सिलपाउरी, बोजो र चोत्रामध्ये कुनै चारवटा वनस्पतिको पहिचान गरी ती वनस्पतिहरुको कुन भागले के कस्तो औषधीको रुपमा काम गर्दछन् ? परिवार वा छरछिमेकका जानकार मानिसहरुसँग सोधपुछ गरी निम्न विवरण सहितको प्रतिबेदन तयार गरेर कक्षामा पेश गर्नुहोस् ।

| क्र.सं. | औषधीजन्य वनस्पतिको नाम | औषधीको रुपमा प्रयोग हुने वनस्पतिको भाग र औषधी गर्ने विधि | उपचार हुने रोग |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

१६. घरबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने मुख्य तीन तरिकाहरू : कम प्रयोग, पुन: प्रयोग र पुन: चक्रण विधि प्रयोग गर्नुहोस् । यी तीन व्यवस्थापनका उपायहरु अवलम्बन गर्दा के के फाइदा भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१७. कक्षा ५ का विद्यार्थीहरू विभिन्न समूहमा बाँडिनुहोस् र विद्यालयबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने मुख्य तीन तरिकाहरू : कम प्रयोग, पुन: प्रयोग र पुन: चक्रण विधि प्रयोग गर्नुहोस् । यी तीन व्यवस्थापनका उपायहरु अवलम्बन गर्दा के के फाइदा भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१८. शरीरलाई आवश्यक पर्ने पौष्टिक तत्वहरु नष्ट नहुने गरी तरकारी र अन्य खाने कुरा तयार पार्ने र खाने तरिकाको बारेमा कक्षामा छलफल गरेको र आफ्नो परिवारका मानिसहरुले प्रयोग गरेको तरिकामा के फरक छ ? कक्षामा छलफल गरेको तरिकालाई घरमा पनि प्रयोग गर्नका लागि तपाईको भूमिका के रहन्छ ? तपाईले निर्वाह गरेको भूमिकाले परिवारमा पौष्टिक तत्वहरु नष्ट नहुने गरी तरकारी र अन्य खाने कुरा खाने सवालमा आनीबानी र व्यवहारमा परिवर्तन भयो कि भएन ? यी सबै कुरालाई समेटेर प्रतिबेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस् ।

१९. तपाईंको गाउँवस्तीको कुनै पाँचवटा घरपरिवारमा गएर उक्त घरपरिवारमा शौचालय र स्वच्छ खानेपानीको व्यवस्था छ कि छैन ? शौचालय र स्वच्छ खानेपानीको व्यवस्था नभएको भए उक्त परिवारहरुले दिशापिसाव र खानेपानीका लागि के उपाय गरिरहेका छन् ? त्यसबाट उनीहरुले भोगिरहेको समस्या के हो ? सम्बन्धित घरपरिवारको अवलोकन र सोधपुछका आधारमा विवरण तयार पारी कक्षामा पेश गर्नुहोस् ।

२०. आफ्नो घर वा घरवरपर वा विद्यालयमा हुने पानीको प्रदूषण सम्बन्धमा अध्ययन गर्नुहोस् र प्राप्त विवरणलाई तलको तालिकामा भर्नुहोस् ।

| क्र.स. | प्रदूषण भएको स्थान | प्रदूषणको कारणहरू | प्रदूषणबाट परेको असर | प्रदूषण न्यूनीकरण गर्न गरिएका प्रयासहरू | प्रदूषण न्यूनीकरण गर्न भविष्यमा गर्नुपर्ने कार्यहरू |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

२१. चाडपर्व वा मेलामा (पैठ र अन्य जात्रा) हुनसक्ने जोखिम एवम् दुर्घटनाहरुको सूची बनाउनुहोस् । ती जोखिम तथा दुर्घटनाहरु के कारणले हुने गर्दछन् र ती जोखिम तथा दुर्घटनाहरु हुन नदिन वा त्यस्ता जोखिम वा दुर्घटनाबाट बच्न के गर्न सकिन्छ ? यस सम्बन्धमा तपाईं भन्दा जानकार व्यक्ति वा आफूभन्दा माथिल्लो कक्षामा अध्ययन गरिरहेका विद्यार्थीहरुसँग सोधपुछ गरेको आधारमा प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

**कक्षा ६**

१. तपाईंको गाउँपालिका/नगरपालिकामा के कस्ता रमणीय तथा पर्यटकीय स्थलहरू छन् ? ती स्थानहरु के कारणले रमणीय र पर्यटकीय स्थलको रुपमा चिनिन्छन् ? उक्त स्थानहरूमा तपाईं आफैले अवलोकन गर्नु भएको छ भने आफूले अवलोकन गरेका आधारमा र आफूले अवलोकन नगरेको भए अन्य जानकार व्यक्तिसँग सोधपुछ गरी तलको तालिकामा भरेर कक्षामा पेश गर्नुहोस् ।

| भएका रमणीय पर्यटकीय स्थलहरू | पर्यटन स्थल रहेको गाउँटोल र वडा नं. | उक्त स्थान रमणीय हुनुपर्ने कारण | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

२. यस तिलागुफा नगरपालिकामा भएको कुनै प्रसिद्ध धार्मिक स्थलहरुमध्ये आफूले अवलोकन गरेको कुनै एक धार्मिक स्थलको बारेमा निम्नलिखित विवरणको आधारमा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| धार्मिक स्थलको नाम र ठेगाना | धार्मिक स्थलको परिचय र इतिहास | धार्मिक स्थलप्रतिको मानिसको आस्था र महत्व |
|---|---|---|
| | | |

३. तिलागुफा नगरपालिकाका जनप्रतिनिधिहरूमध्ये तपाईंले गरेको अध्ययन, भेटघाट र सोधपुछको आधारमा तल लेखिएका जनप्रतिनिधिहरूको विवरण देहायको तालिकामा भरी कक्षामा पेश गर्नुहोस् ।

| नगरपालिकाका पदाधिकारीहरू | उनीहरूले गर्ने प्रमुख काम | कैफियत |
|---|---|---|
| (क) नगर प्रमुख | | |
| (ख) नगर उपप्रमुख | | |
| (ग) वडाध्यक्ष | | |
| (घ) वडा सदस्य | | |

४. मेयर कप तथा राष्ट्रपति रनिङ्शिल्ड खेलकुद प्रतियोगितामा समावेश हुने खेलहरुको सूची बनाउनुहोस् । तीमध्ये तपाईंको रुचि कुन कुन खेलमा रहेको छ ? खेलमा रुचि राख्ने र खेललाई नै आफ्नो मुख्य पेशा सम्झेर काम गरिरहेका केही खेलाडीहरुको दृष्टान्त दिएर खेलजगतलाई आकर्षक र मर्यादित बनाउनका लागि को-कोले के-के भूमिका निर्वाह गर्नुपर्दछ ? खेलप्रति रुचि भएका र खेलको बारेमा विज्ञता हासिल गरेका व्यक्तिहरुको विचारहरुका आधारमा उल्लिखित प्रश्नहरुको जवाफलाई समेटेर प्रतिबेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. आफ्नो घर वा विद्यालयमा पशुपालन वा अन्नबालीहरू (धान, मकै, गहुँ, जौं) को खेती कार्यमा सहभागी हुनुहोस् । यसरी सहभागी हुँदा पालन वा खेती गर्ने तरिका, उत्पादन भएको वस्तु, प्रयोगको अवस्था, विक्री वितरण सम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. आफ्नो घर वा विद्यालयमा गरिने कुनै एक तरकारी खेती (आलु, साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी) मा सहभागी हुनुहोस् । खेती गर्दा चाहिने सामग्रीहरू, खेती गर्ने तरिका र उक्त खेती कार्यमा सहभागी, उत्पादित तरकारी र प्रयोग तथा बजारीकरण सम्बन्धी विवरण समावेश गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. स्थानीय स्तरमा तयार गरिने हस्त निर्मित सामग्रीहरूमध्ये कुनै एक सामाग्री निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

८. तपाईंको छरछिमेकमा कुन कुन धर्म मान्ने मान्छेहरू छन् ? तीमध्ये हरेक धर्म मान्ने एक एक जनालाई आफैले भेटघाट गरी सोधपुछ गर्नुहोस् र उनीहरूले भनेको आधारमा विभिन्न धर्म मान्नुको कारण र उक्त धर्म मान्दा गर्ने क्रियाकलापहरूलाई समेटी निम्न तालिकाका आधारमा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | धर्मको नाम | भेटेर कुराकानी भएको मानिसको नाम | धर्म मान्नुको कारण | धर्म मान्दा गरिने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

९. तपाईको गाउँवस्तीमा माघे संक्रान्ति वा नागपञ्चमीमध्ये कुनै एक मनाउँदा के के गरिन्छ ? मनाउनु पर्ने सनातन मान्यता के रहेको छ ? यस विषयमा गाउँवस्तीको एकजना महिला र एकजना पुरुष जानकारसँग सोधपुछ गरी सोको आधारमा तपाईले गरेको सिकाइ सहितको प्रतिबेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

१०. घरपरिवार वा टोलछिमेकमा तपाई समेत सहभागी भएको कुनै चाडपर्व वा उत्सव मनाउँदा के के गरिएको थियो ? उक्त अवसरमा तपाईंले चिनेका कुन कुन मानिसहरू थिए ? तपाईंले उक्त चाडपर्व वा उत्सवमा के के गर्नु भयो र के के खानु भयो ? अति नै मन परेका कुराहरू के के थिए? यी सबै क्रियाकलापबाट तपाईंले सिकेको कुरा के हो ? आफ्नो विचारलाई समेत समेटेर प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

११. तपाईं र तपाईंको परिवारको सदस्य वा तपाईंको कुनै साथी मिलेर गाउँबस्तीमा भएको अशक्त र असहज अवस्थाको व्यक्तिलाई सहयोग गर्नुहोस् । तपाईंले उक्त सहयोग गर्दा उक्त अशक्त र असहज अवस्थाको व्यक्तिमा के परिवर्तन पाउनु भयो ? उहाँले तपाईंहरूलाई के भन्नु भयो र कस्तो व्यवहार गर्नुभयो ? त्यतिबेला तपाईलाई कस्तो अनुभूति भयो ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन बनाइ पेश गर्नुहोस् ।

१२. घरका अभिभावक र छरछिमेकसँग सोधपुछ गरेको आधारमा कक्षामा छलफल गरे बाहेकका आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो गाउँटोल, समाज र समग्र मुलुकको हितका लागि काम गर्ने गाउँबस्तीका मानिसहरूमध्ये कुनै ५ जनाको नाम र उनीहरुले गरेका राम्रा कामहरू देहायको तालिकामा भरी प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | असल मानिसहरूको नाम, ठेगाना | उनीहरुले गरेका राम्रा कामहरूको विवरण |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

१३. तपाईंले विद्यालयमा सिकेका प्राणायाम र आसनहरू घरमा पनि गएर आफ्नो अभिभावकले देख्ने गरी अभ्यास गर्नुहोस् । तपाईंले गरेको अभ्यास देखेर अभिभावकले तपाईंलाई के भन्नु भयो ? तलको तालिकामा भर्नुहोस् ।

| विद्यालयमा सिकेर घर गइ अभ्यास गरेका प्राणायामको नाम | विद्यालयमा सिकेर घर गइ अभ्यास गरेका आसनहरुको नाम | अभ्यास गरेको देखेर अभिभावकले दिएको प्रतिक्रियाको विवरण |
|---|---|---|
| | | |

१४. अभिभावकको सहयोगले आफ्नो घर वरपर पाइने वनस्पतिहरुमध्येबाट केही औषधीजन्य वनस्पतिका नमूनाहरु सङ्कलन गरी अभिभावक र छिमेकीहरूलाई यसको महत्वको बारेमा सोध्नुहोस् र आफूले पनि कक्षामा सिकेको कुरा उहाँहरूलाई भन्नुहोस् । तपाईंले कक्षामा सिकेको कुरा र उनीहरूले भनेको कुरामा के भिन्नता र के समानता छ ? यी सबै कुरा समेटेर आफ्नो विचार समेत राखी प्रतिवेदन लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

१५. विद्यालयको नर्सरी निर्माण कार्यमा सहभागी हुनुहोस् । नर्सरीबाट उत्पादित बेर्नाहरूलाई खाली ठाउँमा रोप्नुहोस् । कक्षाका विद्यार्थीहरू समूहगत रुपमा विभिन्न समूहमा बाँडिनुहोस् र बेर्ना हुर्कनको लागि आवश्यक वस्तुहरूको नियमित रुपमा प्रवाह गर्नुहोस् । करिब २/३ महिनामा उक्त बेर्नाहरूको वृद्धिको अवलोकन गर्नुहोस् । यो कार्य गर्दा आफूले गरेका कार्यहरू र भएको प्रगतिलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

१६. घर वरपरको खाली ठाउँ वा कौसी वा बरण्डामा सागसब्जी तथा दैनिक रुपमा घरमा प्रयोग गर्न सकिने अन्य वनस्पति खेती गर्नुहोस् । नियमित रुपमा उक्त सागसब्जी तथा वनस्पतिको उत्पादन हुन आवश्यक पर्ने वस्तुहरू (पानी, मल, गोडमेल) प्रदान गर्नुहोस् । उत्पादित वस्तुहरु उपभोग गर्नुहोस् र बढी भएको उत्पादित वस्तुको बिक्री वितरण गर्नुहोस् । यी सबै कार्यहरूलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१७. घर वा घरवरपर वा विद्यालयमा हुने प्रदूषणका प्रकारहरू पहिचान गर्नुहोस् र उक्त प्रदूषणको गहन अध्ययन गरी प्राप्त विवरणलाई तलको तालिकामा भर्नुहोस् ।

| क्र.सं. | प्रदूषणको प्रकार | प्रदूषणका कारक तत्व तथा कारणहरू | प्रदूषणबाट भएको असर | प्रदूषण न्यूनीकरण गर्न अपनाइएका प्रयासहरू | प्रदूषण न्यूनीकरण गर्न भविष्यमा चाल्नुपर्ने कदमहरू | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वायु प्रदूषण | | | | | |
| २ | जल प्रदूषण | | | | | |
| ३ | जमिन प्रदूषण | | | | | |
| ४ | ध्वनि प्रदूषण | | | | | |

१८. विगत एक वर्षभित्र समुदायमा घटेका विपद्हरूको सूची अभिभावकलाई सोधी तयार गर्नुहोस् । ती विपद् घट्नुका कारणहरू र भएको क्षति लेखेर तलको तालिका भर्नुहोस् ।

| क्र. सं. | विपद्को नाम | सम्भावित कारण | भएको क्षति |
|---|---|---|---|
| | | | |

१९. चाडपर्वको समयमा हुनसक्ने सम्भावित जोखिमहरू पहिचान गर्नुहोस् । ती जोखिमबाट सुरक्षित रहन गर्नुपर्ने उपायहरूको सम्बन्धमा परिवारका अभिभावकहरूलाई सोधेर तपाइको भूमिका समेत उल्लेख हुने गरी एउटा प्रतिबेदन तयार गर्नुहोस् ।

२०. तल उल्लिखित प्रमुख विपद्हरू घट्ने समयका आधारमा अभिभावकसँग छलफल गरी प्रकोप पात्रो तयार पार्नुहोस् ।

| विवरण | बैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | | | | | | | | | | | | |
| पहिरो | | | | | | | | | | | | |
| हावाहुरी | | | | | | | | | | | | |
| चट्याङ | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| भूकम्प | | | | | | | | | | | | |
| सर्पदंश | | | | | | | | | | | | |
| जङ्गली जनावरको आक्रमण | | | | | | | | | | | | |

कक्षा ७

१. तिलागुफा नगरपालिकामा हालको अवस्थामा विद्यालय तहमा प्राविधिक धारको अध्ययनको अवस्था कस्तो छ ? प्राविधिक धारका विद्यालयहरु छन् वा छैनन् ? हाम्रो नगरपालिकामा प्राविधिक शिक्षाका चुनौति र अवसरहरु के के रहेका छन्? प्राविधिक शिक्षासँग सम्बन्धित नगरपालिकामा भएका तथ्याङ्कको विश्लेषण र नगरपालिकामा भएका सम्बन्धित क्षेत्रका जानकारहरुसँग गरेको भलाकुसारीका आधारमा समूहमा प्रतिबेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तिलागुफा नगरपालिका अन्तर्गत भएका कम्तिमा कुनै तीनवटा सरकारी कार्यालयहरुको स्थलगत अवलोकन गरी उक्त कार्यालयले प्रवाह गर्ने सेवाको बारेमा निम्नानुसार विषयवस्तु समावेश गरेर समूहमा प्रतिबेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | तिलागुफा नगरपालिका अन्तर्गत रहेका सरकारी कार्यालयहरु | प्रवाह गर्ने सेवा | सेवा लिने आवश्यक पर्ने कागजात |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

३. तपाईंलाई हाम्रा स्थानीय लोकबाजा - दमाहा, मादल, हार्मोनियम, खैंजडी, ढोल, बाँसुरी वा अन्य कुनै बाजा बजाउन आउछ ? यदि कुनै पनि बाजा बजाउन आउदैन भने घरपरिवार, साथी वा बाजा बजाउन जान्ने मानिसको सहयोगले कम्तिमा एउटा बाजा बजाउन सिक्नुहोस् । तपाईंलाई कुनै बाजा बजाउन पहिले नै आउछ वा तपाईंले बाजा बजाउन सिक्नु भयो भने तपाईंले बजाएको बाजाको तालमा गीत गाउन वा नृत्य गर्नका लागि घरपरिवारका सदस्य वा साथीहरुलाई अनुरोध गर्नुहोस् । तपाईंको बाजाको ताल मिल्यो कि मिलेन ? गाउने, नाच्ने वा अन्य स्रोताहरुले यसबारेमा के भन्छन् ? यी सबै कुराहरु र तपाईंको समेत बाजा सिक्दाको अनुभूति समेटेर प्रतिबेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. आफ्नो घर वा विद्यालयमा बाखापालन/भेडापालन/मौरीपालन वा दलहनबालीहरू (सिमी, केराउ, मास, गहत, भटमास, सोइटा, मसुरो) मध्ये कुनै एकको खेती कार्यमा सहभागी हुनुहोस् । यसरी सहभागी हुँदा पालन वा खेती गर्ने तरिका, उत्पादन भएको वस्तु, प्रयोगको अवस्था, बिक्री वितरण सम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. हस्त निर्मित सामग्रीहरुमध्ये (जस्तै डोको, सुपो, हलो, कुटो,कोदालो, स्याँकू आदि) कुनै एक सामग्री निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

६. तपाईंलाई कुन कुन खानेकुराका परिकारहरू तयार गर्न अर्थात पकाउन आउँछ ? तपाईंले पकाउन सिकेका मध्ये कुनै एउटा खाने कुरा पकाउने क्रममा के कस्ता विधि र तरिकाहरु अपनाएर पकाउनु भयो ? उक्त परिकार पकाउँदा आफ्नो अनुभूति र अनुभव सहित आवश्यक पर्ने सामग्री र पकाउने विधिलाई क्रमसँगै लेखी तयार भएको प्रतिवेदनलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. हाम्रो परिवार र समुदायमा परम्परादेखि चलिआएका प्रचलन र रीतिरिवाजहरू के के छन् ? तिनीहरुमध्ये कुन कुन प्रचलन र रीतिरिवाजले हामीलाई सभ्य र खुसी बनाउन सहयोग गरिरहेका छन् ? पूर्वीय दर्शनको बारेमा केही जानकारी राख्ने तपाईंको टोलका कुनै व्यक्तिका विचारसहित यसबाट आफूले आर्जन गरेको भावना र सिकाइलाई समेत समेटेर प्रतिबेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।

८. तपाईंले हरेक दिन विहान उठ्दा र बेलुका सुत्दा राम्रो कुराहरूको टिपोट गर्ने बानीले तपाईंको जीवनमा पारेको सकारात्मक प्रभाव के हो ? यसको बारेमा तपाईंका परिवारका सदस्य र साथीहरूको भनाइ के छ ? तपाईंको स्वभाव र आचरणमा यसबाट भएको परिवर्तन वा सिकाइ के हो ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन बनाइ प्रस्तुत गर्नुहोस् ।

९. तपाईंको घरपरिवारका सदस्यहरूसँग मिलेर तपाईंले अहिलेसम्म गरेका शारीरिक श्रमसँग सम्बन्धित प्रमुख पाँच कामहरू के के हुन् ? तपाईंको उक्त काममा भएको सहभागिताको सम्बन्धमा तपाईंको परिवारका सदस्यहरूको भनाइ के कस्तो छ र तपाईंलाई उक्त काममा सहभागी हुँदा के कस्तो अनुभूति भयो ? उल्लिखित सबै कुरा समेटेर प्रतिबेदन बनाइ पेश गर्नुहोस् ।

१०. घरपरिवार वा छरछिमेकमा भएका जेष्ठ नागरिकसँग भेटघाट गरी उहाँले आफ्नो जीवनमा गरेका राम्रा कुराहरू के के रहेछन् ? उहाँलाई कुन कुराको धेरै सम्झना आउँदो रहेछ ? कुन कुरा गरेकोमा उहाँ धेरै खुसी हुनुहुँदो रहेछ ? उनीहरूले भनेको आधारमा तपाईंले खुसी हुनका लागि के सिक्नु भयो ? आदि कुरा समेटेर प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

११. तपाईंले अहिलेसम्म सिकेका र अभ्यास गरेका योगासनहरूको नाम र ती आसनहरूबाट तपाईंलाई भएको फाइदाको बारेमा समेत उल्लेख गरी तयार गरेको प्रतिबेदन कक्षामा प्रस्तुत गर्नुहोस् ।

१२. तपाईंले आफूले गरेको अवलोकनको आधारमा तिलागुफा नगरपालिकामा भएका कम्तिमा एक-एकवटा पर्यटकीय स्थल, पार्क, पोखरी र धार्मिक स्थलहरूको नाम लेखी तिनीहरूको महत्त्व र संरक्षण गर्नुपर्ने कारणबारे तलका तालिकामा भरी प्रस्तुत गर्नुहोस् ।

| क्र. सं. | तिलागुफा नगरपालिकामा भएका पर्यटकीय र धार्मिक स्थल एवम् ताल, पार्कहरुको नाम | महत्व | संरक्षण गर्नु पर्ने कारण |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

१३. अभिभावकको सहयोगले जङ्गल वा घरवरिपरिबाट कम्तिमा ५ वटा औषधीजन्य विरुवा, जडीबुटी एवम् घाँसपातको नमूना सङ्कलन गरी निम्न तालिकामा भरेर कक्षामा पेश गर्नुहोस् ।

| क्र.सं. | औषधीजन्य बोटविरुवा, जडीबुटी र घाँसपातको नाम | महत्त्व र प्रयोग (कुन रोगको लागि उक्त विरुवाको कुन भाग कसरी प्रयोग गरिन्छ) |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

१४. गड्यौला मल बनाउने विधिअनुसार घरमा वा विद्यालयमा गड्यौला मल बनाउने कार्यमा सहभागी हुनुहोस् । तयार भएको गड्यौला मललाई प्रयोग गर्ने विधिअनुसार तरकारी खेती, पुष्पखेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभव समेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

१५. घर तथा विद्यालयमा करेसाबारी/बगैँचा निर्माण गरी वा कौसी वा बरण्डा वा गमलामा तरकारी खेती/पुष्प खेती/फलफूल खेती गर्नुहोस् । यसबाट उत्पादित वस्तुहरू, तिनीहरूको उपयोग, भएको फाइदा सम्बन्धी विवरणलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१६. हरित घरको अवधारणाअनुसार घर वरपरको खाली ठाउँमा उपयोगी हुने वनस्पति रोप्नुहोस् । उक्त वनस्पति हुर्कनाको लागि आवश्यक पर्ने तत्वहरू नियमितरुपमा प्रदान गर्नुहोस् । वनस्पति हुर्केको अवस्थाको चित्र वा भिडियो तयार गरी कक्षामा देखाउनुहोस् ।

१७. कक्षाका विद्यार्थीहरू पाँच समूहमा विभाजन हुनुहोस् र समूहगत रुपमा हरित विद्यालयको अवधारणा अनुसार विद्यालय वरपरको खाली ठाउँमा उपयोगी हुने वनस्पति रोप्नुहोस् । उक्त वनस्पति हुर्कनको लागि आवश्यक पर्ने तत्वहरु नियमितरुपमा प्रदान गर्नुहोस् । वनस्पति हुर्केको अवस्थाको चित्र वा भिडियो तयार गरी कक्षामा समूहगत रुपमा प्रस्तुत गर्नुहोस् ।

१८. निम्नानुसारको सूची प्रयोग गरी आफ्नो घर भूकम्पबाट कति सुरक्षित छ, घरको अवलोकन एवम् अभिभावकसँग गरिएको छलफलको आधारमा प्रतिवेदन तयार गर्नुहोस् ।

| क्र.सं. | सूचकहरू | सुरक्षित छ | सुरक्षित छैन | कारण |
|---|---|---|---|---|
| **संरचनात्मक** | | | | |
| १ | पर्खाल | | | |
| २ | छत वा छानो | | | |
| | | | | |
| | | | | |
| **गैरसंरचनात्मक** | | | | |
| १ | दराज | | | |
| २ | टि.भी. | | | |
| | | | | |
| | | | | |

१९. कुनै २ जना मोटरसाइकल वा स्कुटर चालकलाई भेटी मोटरसाइकल वा स्कुटरबाट यात्रा गर्दा हुने सम्भाव्य जोखिम र सावधानीका उपायहरूसहित तलको तालिका पूरा गर्नुहोस् र सोका आधारमा 'मोटर साइकल' वा 'स्कुटर' मा सुरक्षित यात्रा विषयक एक निबन्ध लेख्नुहोस् ।

| क्र.सं. | मोटरसाइकल वा स्कुटर चालकको नाम | संभावित जोखिमहरू | सावधानीका उपायहरू |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

२०. नजिकैको स्वास्थ्य संस्थाका सवास्थ्यकर्मीलाई भेटी कोभिड, बर्ड फ्लू ,डेङ्गु र झाडापखाला कसरी सर्छन् र तिनीहरूबाट बच्ने उपायहरू के हुन् भनेर सोध्नुहोस् । सो सम्बन्धमा तलको खाका प्रयोग गरी प्रतिवेदन तयार गर्नुहोस् ।

| रोगको विवरण | कोभिड | बर्ड फ्लू | डेङ्गु | झाडापखाला |
|---|---|---|---|---|
| रोग सर्ने कारण | | | | |
| रोगबाट बच्ने उपाय | | | | |

**कक्षा ८**

१. कस्ता आयोजनाहरुलाई गौरवको आयोजना भनिन्छ ? कार्यसम्पादनको सवालमा अरु आयोजना र गौरवका आयोजनामा के भिन्नता छ ? तिलागुफा नगरपालिकाले कुन कुन आयोजनाहरुलाई गौरवका आयोजना भनी नामाकरण गरेको छ ? सम्बन्धित क्षेत्रका पदाधिकारी वा यससम्बन्धी जानकार व्यक्तिलाई भेटी प्राप्त गरेको सूचनाका आधारमा उल्लिखित प्रश्नहरुको जवाफसहित कुनै दुइवटा गौरवका आयोजनाहरुको विवरण तलका तालिकामा भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | विवरण | १ | २ |
|---|---|---|---|
| १ | आयोजानाको नाम | | |
| २ | आयोजना आरम्भ भएको मिति र स्थान | | |
| ३ | आयोजना सम्पन्न हुनु पर्ने मिति | | |
| ४ | आयोजना सम्पन्न भएको मिति | | |
| ५ | आयोजनाको कुल लागत | | |
| ६ | आयोजनामा सहयोग गर्ने मुलुक | | |
| ७ | आयोजनाबाट हुने प्रमुख उपलब्धिहरू | | |
| ८ | आयोजना सम्पन्न हुने क्रममा देखिएका समस्याहरू | | |
| ९ | तपाईको अनुभूति | | |

२. तिलागुफा नगरपालिकाले जारी गरेका ऐन र नियमावलीहरू देहायको तालिकामा लेखी उक्त ऐन वा नियमावली जारी गर्नु पर्ने खास कारण के हो ? नगरपालिकाका पदाधिकारी र सम्बन्धित जानकारहरूसँग सोधपुछ र अध्ययन गरी आफ्नो विचार समेतका आधारमा तलको तालिकामा भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| तिलागुफा नगरपालिकाले जारी गरेका ऐन र नियमावली | जारी गर्नुपर्ने खास कारण | कैफियत |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४ | | |
| ५ | | |
| | | |

३. कर्णाली प्रदेशको नक्सा बनाइ त्यहाँ भएको तपाईको जिल्ला र नगरपालिकाको नक्सामा प्रमुख पर्यटकीय स्थल, जिल्ला सदरमुकाम, प्रमुख सडक र शहर, प्रमुख नदी र ताल आदि भरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. तिलागुफा नगरपालिकामा सञ्चालनमा रहेका मध्ये निम्न उद्योग र कलकारखानाहरुको समूहगत रुपमा अवलोकन गरी उक्त उद्योग र कलकारखानाहरुले सामान उत्पादन गर्ने प्रक्रियाको बारेमा प्रतिबेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | उद्योग तथा कलकारखानाहरु | आवश्यक पर्ने कच्चा पदाथ | उत्पादन प्रक्रिया | उत्पादन हुने सामानको नाम |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

५. तपाई सहभागी भएको बालक्लवले अहिलेसम्म के कस्ता कामहरु गर्दै आइरहेको छ ? बालक्लवमा सहभागी भएर तपाईले आफूमा के कस्ता सीप र क्षमताको विकास गर्नुभयो ? तपाईंको बालक्लवको भावी योजना के कस्ता क्रियाकलापहरु गर्ने रहेको छ ? साथीहरुसँग आवश्यक छलफल गरेको र बालक्लवका अभिलेखहरु अध्ययन गरेको आधारमा उल्लिखित कुराहरुलाई समेटेर प्रतिबेदन बनाइ कक्षामा पेश गर्नुहोस् ।

६. तिलागुफा नगरपालिकास्तरीय मेयरकप खेलकुद प्रतियोगितामा समावेश हुने खेलहरू र खेल खेल्दा आवश्यक पर्ने सामग्री र खेलाडी संख्या तलको तालिकामा भरी सोको प्रतिवेदन कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | खेलका नामहरु | खेल खेल्दा आवश्यक पर्ने सामग्री | आवश्यक पर्ने न्यूनतम खेलाडी संख्या |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

७. कक्षामा छलफल गरे बाहेकका आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो गाउँटोल, समाज र समग्र मुलुकको हितका लागि काम गर्ने तिलागुफा नगरपालिकाका महानुभाव (साहित्यकार, कलाकार, समाजसेवी, खेलाडी, शिक्षाविद्, शिक्षक, वन तथा वातावरण विज्ञ आदि) हरू र उनीहरूले सम्पादन गरेका कामहरू तालिकामा भरी प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | व्यक्तिको नाम | कार्य क्षेत्र | सम्पादन गरेका कार्यहरू |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

८. आफ्नो घर वा विद्यालयमा गरिने कुनै एक नगदेबाली (तोरी, मसुरो, मास, सिमी) को खेती कार्यमा सहभागी हुनुहोस् । खेती गर्दा चाहिने सामग्रीहरु, खेती गर्ने तरिका र उक्त खेती कार्यमा सहभागी, उत्पादित तरकारी र प्रयोग तथा बजारीकरण सम्बन्धी विवरण समावेश गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

९. हस्त निर्मित सामाग्रीहरू (स्याँखु, डोको, छाप्री, गुन्द्री आदि) मध्ये कुनै एक सामग्री निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

१०. तपाईंको घरमा को को हुनु हुन्छ ? उहाँहरूले के के काम गर्नु हुन्छ ? उहाँहरूले गर्ने कामले तपाईं वा तपाईंको परिवारलाई के कस्तो फाइदा भइरहेको छ वा फाइदा हुने देख्नु भएको छ ? घरका जेष्ठनागरिक वा आफूभन्दा अग्रजसँग सोधपुछ गरी यसबाट तपाईंले सिकेको कुरालाई समेत समेटेर प्रतिवेदन बनाउनुहोस् ।

११. तपाईंले आफू भविष्यमा के हुने उद्देश्य राख्नु भएको छ ? यो उद्देश्य राख्नुमा तपाईंसँग हाल भएका के कस्ता सक्षमताहरूले तपाईंको मनोबल बढाएका हुन् ? तपाईंको यो उद्देश्यको बारेमा तपाईंका परिवारका सदस्य र साथीहरूले के भन्नु हुन्छ ? तपाईंले आफ्नो जीवनको लागि गरिएको उद्देश्य निर्धारणले तपाईंलाई के असर परेको छ ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।

१२. कस्तो जीवनलाई सन्तुलित जीवन भनिन्छ ? सन्तुलित जीवनले मानिसलाई कसरी खुसी प्रदान गर्न सहयोग गर्दछ ? यससम्बन्धमा आफ्नो गाउँवस्तीका केही बयोबृद्ध र केही समकक्षीहरूको जमघट गराइ उनीहरूबाट व्यक्त विचारहरूलाई समेट्दै यसबाट तपाईंले आर्जन गरेको अनुभूति र सिकाइलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

१३. तपाईंको परिवारको गोत्र र वंश के हो ? तपाईंको पूर्खा तपाईं अहिले भएको स्थानमा कहाँबाट आउनु भएको हो ? तपाईंको वंशजहरूको बसोबास विशेषगरी कहाँ कहाँ छ ? तपाईंको मामातिरको र तपाईंको परिवारतिरको वंश र गोत्र एउटै हो कि फरक हो ? विहेबारी लगायतका काम गर्दा गोत्र र वंशको ख्याल किन गर्ने गरिन्छ? यसको कारण के हो ? यो सम्बन्धमा तपाईंका घरपरिवारका अग्रज लगायत समाजका मानिसहरुले के भन्छन् ? यसबाट तपाईंले आर्जन गरेको नयाँ अनुभूति वा सिकाइ के हो ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस् ।

१४. घरायसी तथा विद्यालयबाट निस्कने ठोस फोहोरको प्रयोग गरी विन र पिट कम्पोष्टिङ विधिबाट मल बनाउनुहोस् । आवश्यकताअनुसार उक्त तयारी मललाई तरकारी खेती, पुष्पखेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभवसमेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

१५. हाम्रो समाजमा सामाजिक चुनौतिको रुपमा जरा गाडेर रहेको बालबिबाह र लैङ्गिक बिभेदले पारेका नकारात्मक प्रभावहरु के के हुन् ? यसलाई कसरी न्यूनीकरण गर्न सकिन्छ ? न्यूनीकरणमा को-कोले के-कस्तो भूमिका निर्वाह गर्न सकिन्छ? आदि विषयमा विद्यालयमा बक्तृत्वकला प्रतियोगिताको आयोजना गरी सोको प्रतिबेदन विद्यालयमा पेश गर्नुहोस् ।

१६. निम्नानुसार सूची प्रयोग गरी हाम्रो विद्यालय भूकम्पबाट कति सुरक्षित छ? विद्यालय परिसर र भवनहरूको अवलोकन एवम् शिक्षकहरूसँग छलफल गरी एक प्रतिवेदन तयार गर्नुहोस् ।

| क्र.सं. | सूचकहरू | सुरक्षित छ | सुरक्षित छैन | कारण |
|---|---|---|---|---|
| **संरचनात्मक** | | | | |
| १ | पर्खाल | | | |
| २ | छत वा छानो | | | |
| | | | | |
| **गैरसंरचनात्मक** | | | | |
| १ | दराज | | | |
| २ | बेन्च डेस्क | | | |
| | | | | |
| | | | | |

१७. घरायसी तथा विद्यालयबाट निस्कने ठोस फोहोरको प्रयोग गरी बिन र पिट कम्पोष्टिङ विधिबाट मल बनाउनुहोस् । आवश्यकता अनुसार उक्त तयारी मललाई तरकारी खेती, पुष्पखेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभव समेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

१८. कक्षाका विद्यार्थीहरू समूहमा विभाजन हुनुहोस् र मल बनाउने विभिन्न विधिमध्ये विद्यालयबाट निस्कने कुहिने फोहोरको प्रयोगबाट बिन कम्पोष्टिङ वा पिट कम्पोष्टिङ मध्ये कुनै एक विधिबाट मल तयार गर्नुहोस् र आवश्यकता अनुसार करेसाबारी, पुष्पखेती, जडीबुटी खेती वा अन्य खेतीमा प्रयोग गर्नुहोस् ।

१९. सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेको जातीय विभेद, बाल हिंसा, महिला हिंसा, चेलीबेटी बेचबिखन, दाइजो प्रथाले हाम्रो समाजमा के कस्ता नराम्रा असरहरु पारिरहेको छ ? यसले गर्दा मानव सभ्यताको उन्नयनमा के कस्ता अप्ठ्याराहरु देखा परेका छन् ? यस प्रकारका सामाजिक विकृतिहरुको न्यूनीकरण गर्नका लागि विद्यालय, विद्यार्थी, नागरिक समाज, संघसंस्था र नगरपालिकाले के कस्ता भूमिका निर्वाह गर्दै आइरहेका छन् र अझै अपेक्षित सुधारका लागि के कस्ता कामहरु गर्न जरुरी छ ? यो क्षेत्रका जानकारहरुसँग छलफल गरी आफ्ना विचार समेतका आधारमा उल्लिखित प्रश्नहरुका जवाफलाई समेटेर प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२०. पाँच समूहमा कक्षाका विद्यार्थीहरू विभाजन हुनुहोस् । तपसिलका कार्यहरू तपसिलका समूहले सम्पन्न गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

| समूहको नाम | समूहले गर्नुपर्ने कार्यहरु |
|---|---|
| ऊर्जा समूह | विद्यालयमा प्रयोग भएका ऊर्जाका प्रकार (सौर्य ऊर्जा, विद्युत आदि), ऊर्जाको प्रयोग, सिकाइ, प्रशासनिक कार्य, कम्प्युटर सञ्चालन आदि) |
| पानी समूह | विद्यालयमा प्रयोग भएको पानीको स्रोतहरू (धारा,कुवा, इनार, आकासे पानी आदि), पानीको प्रयोग (सिँचाइ, पिउने, सफाइ गर्ने वा अन्य), पानीको संरक्षणका कार्यहरू । |
| सरसफाइ समूह | विद्यालयको खेलमैदान, कक्षाकोठाको सरसफाइ आदि । |
| फोहोरमैला व्यवस्थापन समूह | विद्यालयबाट निस्कने फोहोरको प्रकार (कुहिने, नकुहिने, तरल, ग्याँस वा अन्य), फोहोरमैला व्यवस्थापनका उपायहरू । |
| हरियाली प्रवर्द्धन समूह | वृक्षारोपण, पुष्पखेती, जडीबुटी खेतीको कार्य |

२१. प्रविधि अर्थात Google Search गरी तल उल्लेखित महामारीसँग सम्बन्धित विवरण संकलन गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र. सं. | महामारीहरू | महामारी पत्ता लागेको वर्ष | महामारी सुरु भएको देश | महामारीको कारण | मृत्यू भएका मानिसको संख्या | औषधि | सुरक्षाका उपायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | ब्ल्याक डेथ | | | | | | |
| २ | प्लेग | | | | | | |
| ३ | फ्लू | | | | | | |
| ४ | हैजा | | | | | | |
| ५ | कोभिड–१९ | | | | | | |

२२. विपद्को समयमा सूचना अति आवश्यक हुन्छ । सूचनाको माध्यमबाट सामूहिक प्रतिकार्य समयमै हुन्छ । त्यसकारण जुनसुकै विपद्मा प्रयोग हुने गरी तलको तालिकामा आकस्मिक सम्पर्क व्यक्ति र आकस्मिक सम्पर्क नम्बरहरू (Emergency Contact Numbers) खोजी कक्षामा टाँस्नुहोस् ।

| क्र.सं. | सम्पर्क गर्नुपर्ने व्यक्ति | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**भाग : सात**

## १३. सिकाइ सहजीकरण विधि र प्रक्रिया

### (क) कक्षा १-३ को सिकाइ सहजीकरण विधि र प्रक्रिया

पाठ्यक्रमले विद्यार्थीहरुबाट अपेक्षा गरेका सिकाइ उपलब्धि सहज र सरल तरिकाले हासिल गर्न/गराउन शिक्षक तथा विद्यार्थीहरुले गर्ने सम्पूर्ण क्रियाकलापहरु सिकाइ सहजीकरण प्रक्रियाभित्र पर्दछन् । एकीकृत पाठ्यक्रमले सिकाइ उपलब्धिको आधारमा मूल्याङ्कन गर्ने गरी विद्यार्थी मूल्याङ्कनको खाका तय गरेको छ । दैनिक सिकाइ सहजीकरणको क्रममा नै निर्धारित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्न शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रुपमा मूल्याङ्कनलाई प्रयोग गर्नुपर्ने कुरा वर्तमान पाठ्यक्रमले उल्लेख गरेकाले सोही बमोजिमका सिकाइ क्रियाकलापहरु अवलम्बन गर्नुपर्ने हुन्छ । यस पाठ्यक्रमले सिकाइलाई प्रभावकारी र दिगो बनाई उनीहरुको स्थानीय विषयवस्तु र आवश्यकता अनुसारको ज्ञान, सिप र अभिवृत्तिको विकासको सुनिश्चितताको अपेक्षा गरेको छ । जसका लागि बालबालिका केन्द्रित, अन्तर क्रियात्मक, सहयोगात्मक तथा प्रत्यक्ष अनुभवमा आधारित शिक्षण विधि र रणनीतिहरुको प्रयोगमा जोड दिनुपर्ने हुन्छ । यस अनुसार कक्षाकोठामा हुने शिक्षणमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, श्रव्यदृश्य सामग्री, सन्दर्भ सामग्रीका अतिरिक्त सकेसम्म स्थानीय स्तरमा उपलब्ध तथा स्वनिर्मित स्रोत र साधनहरुलाई शैक्षणिक सामग्रीको रुपमा प्रयोग गर्नु पर्छ । समयको माग बमोजिम सिकाइलाई निरन्तरता दिन तथा युग सापेक्ष सिकाइका लागि शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई स्थान दिनु पर्छ र वेभमा

आधारित सिकाइलाई वैकल्पिक सिकाइको माध्यमको रुपमा प्रयोग गर्न शिक्षकले आफूलाई आवश्यक पर्ने ज्ञान र सिपको विकास गरी आवश्यकता अनुसार प्रविधिका साधनहरुको प्रयोग गर्नुपर्ने हुन्छ ।

कक्षा १-३ को पाठ्यक्रमले एकीकृत सिकाइलाई जोड दिएकाले शिक्षण सिकाइ सहजीकरणका क्रियाकलापहरुलाई पाठ्यक्रममा दिइएका सिकाइ उपलब्धि र विषयवस्तुको प्रकृतिअनुसार स्थानीय विषयका क्षेत्रहरु र अन्य विषयहरु (नेपाली, अङ्ग्रेजी, गणित र हाम्रो सेरोफेरो) मा भएका मिल्दाजुल्दा विषयवस्तुलाई अन्तरसम्बन्ध कायम गरी सहजीकरण गर्नुपर्छ । स्थानीय विषयमा रहेका कतिपय विषयवस्तुहरु सहजीकरण गर्दा आवश्यकता अनुसार स्थानीय विज्ञहरुको ज्ञान र सिपलाई उपयोग गर्न उहाँहरुलाई कक्षाकोठामा आमन्त्रण गरी अनुभव तथा सिपको प्रदर्शन एवम् अन्तरक्रियाको अवसर सिर्जना गर्नु पर्ने छ। सिकाइलाई सहकार्यात्मक र प्रत्यक्ष अनुभवमा आधारित बनाउन स्थलगत अध्ययन, समूहकार्य तथा प्रयोगात्मक अभ्यासमा जोड दिनु पर्ने छ । स्थानीय विषयमा उल्लिखित विषयवस्तुहरु विद्यार्थीहरुको आफ्नै सेरोफेरोका रहेकाले सैद्धान्तिक भन्दा प्रयोगात्मक तरिकाले सिकाइ सहजीकरण गर्नमा शिक्षकले ध्यान दिनुपर्ने हुन्छ । स्थानीय कला, संस्कृति, धर्म, चालचलन, रीतिरिवाज, पेसा, व्यवसाय, प्रविधिहरुको प्रयोग, संरक्षण, विकास गर्न स्वयम् विद्यार्थीहरुको प्रत्यक्ष उपस्थिति भएपछि मात्र उक्त विषयवस्तुहरुको ज्ञान, सिप र अभिवृत्तिको विकास गराउन सहज हुन्छ । सिकाइलाई दिगो बनाउन सिकेका व्यवहारहरुलाई अभ्यास गर्ने तथा वास्तविक जीवनमा प्रयोग गर्ने अवसर प्रदान गर्नुपर्ने छ। साथै सिकाइ सहजीकरण प्रक्रियाहरुले अनुभव, खोज, चिन्तन, तर्कद्धारा सिकारुको निर्णय क्षमता विकास गरी ज्ञानको विकास र रुपान्तरण गर्न सहयोग गर्नुपर्छ ।

यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्नु पर्नेछ :

- कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत ढाँचामा विकास गरिएको र यस अन्तर्गत बहुविषयक (विषयहरु अलग अलग तर मिल्दाजुल्दा विषयवस्तुलाई सँगै सिकाउने) र अन्तरविषयक (अन्य विषय र विषयभित्रका विषयवस्तुहरुमा अन्तरसम्बन्ध कायम गरी सिकाइ गराउने) रहेको हुँदा बहुविषयक ढाँचाको सिद्धान्त अनुसार सिकाइ सहजीकरणको योजना बनाइ सिकाइ सहजीकरण गर्नुपर्ने छ ।
- पाठ्यक्रमको बहुविषयक ढाँचा (अन्य विषयसँग मिल्दा सिकाइ उपलब्धि तथा विषयवस्तुलाई सँगै सहजीकरण गर्ने र नमिल्ने विषयवस्तुलाई निश्चित क्रममा राखेर सरल देखि जटिलताको सिद्धान्तअनुसार सहजीकरण गर्ने) अनुरुप एकीकृत सिकाइका लागि शिक्षकले एकिकृत पाठ्यक्रमको अध्ययन र अन्य शिक्षकहरुसँग समेत समन्वय गरी सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।
- कक्षा १-३ मा अध्ययन गर्ने बालबालिकाको संज्ञानात्मक विकासको अवस्थालाई दृष्टिगत गरी उनीहरुको धारणा विकासमा सहयोग पुऱ्याउन शिक्षणमा ठोस सामग्रीको प्रयोगलाई प्राथमिकताका साथ स्थान दिनु पर्नेछ ।
- सिकाउनु पर्ने विषयवस्तु/धारणालाई उनीहरुको दैनिक जीवनसँग सम्बन्धित गरी रोचक र मनोरञ्जक ढङ्गले प्रस्तुत गर्नुपर्ने छ ।
- मनोरञ्जनपूर्ण सिकाइका लागि खेल, गीत, नृत्य र अभिनय विधिको प्रयोग गर्नुपर्ने छ ।
- बालबालिकाको दिगो सिकाइका लागि उनीहरुलाई प्रशस्त अभ्यासको अवसर दिनुपर्ने छ ।
- विद्यार्थीले प्रत्यक्ष अनुभव गरेर तथा विद्यार्थी आफै सक्रिय भई सिक्न सक्ने, विश्लेषणात्मक चिन्तनबाट अर्थ निर्माण गर्न सक्ने विषयवस्तुहरुमा विषयवस्तुको प्रकृति हेरी प्रयोग, परियोजना कार्य, सर्वेक्षण, समस्या समाधान, खोज, आगमन वा निगमन विधिको प्रयोग गर्नुपर्ने छ। यो पाठ्यक्रमको विषयवस्तुहरुले

स्थानीयतासँग प्रत्यक्ष सरोकार राख्ने भएकाले सिकारुलाई प्रत्यक्ष अवलोकन र अनुभव प्रदान गर्न स्थलगत भ्रमणको व्यवस्था मिलाउनु पर्नेछ ।

- सिकारुहरुले आफूले जानेका र हासिल गरेका ज्ञान, सिप र अनुभवहरु एक आपसमा आदानप्रदान गरी सहपाठीहरुको सहयोग र सहकार्यमा सिक्न उपयुक्त तरिकाहरु अवलम्बन गर्नुपर्ने छ ।
- सामाजिक सुधार, जनचेतना र वातावरण संरक्षणमा आफ्नो स्तरबाट योगदान दिन तथा नेतृत्व सिप विकासमा प्रेरित गर्न साना चेतनामूलक भिडियो बनाई सामाजिक सञ्जालमा लोड गर्ने, यस्तै चित्रहरु सार्वजनिक ठाउँमा टाँस्ने जस्ता अभियान तथा सामाजिक कार्यहरुमा सहभागी गराउनुपर्ने छ ।
- कक्षाकोठालाई रमाइलो तथा जीवन्त बनाई राख्न तथा युग सापेक्ष प्रविधियुक्त सिकाइका लागि उपलब्ध श्रव्य दृश्य सामग्रीहरु, विद्युतीय सामग्रीहरु तथा वेभमा आधारित सामग्री र विधिहरुलाई सकेसम्म प्रयोग गर्ने कोशिस गर्नुपर्ने छ ।

### (ख) कक्षा ४-८ को सिकाइ सहजीकरण विधि र प्रक्रिया

तिलागुफा नगरपालिकाभित्रका सबै वडाहरुका स्थानीय विषयवस्तु र आवश्यकतालाई समेटी यस पाठ्यक्रममा विषयवस्तुहरु राखिएको हुँदा उक्त विषयवस्तुको व्यावहारिक ज्ञान, सिप र अभिवृत्ति विकासका लागि कक्षाभित्र वा बाहिर आफ्नो घर, समुदाय, संघसंस्था, धार्मिक स्थल, पेसा र व्यवसायस्थल, विकासका पूर्वाधारहरु, वन सम्पदा, जलसम्पदामा भ्रमण गरी पञ्चज्ञानेन्द्रीयद्वारा प्रत्यक्ष अवलोकन तथा प्रयोग गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गर्ने गरी शिक्षण सिकाइ सहजीकरण गर्नुपर्छ । पाठ्यक्रममा विषयवस्तु तथा सिकाइ उपलब्धि हासिल गर्न विद्यार्थीहरूले कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन लेखन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा, नमुना निर्माण, प्रयोग, फोटो जस्ता रोचक वस्तुहरू मार्फत् अपेक्षित उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको छ । विद्यार्थीहरूलाई कुनै पनि विषयवस्तु सिकाउँदा जीवन्त सिकाइ वातावरण तयार गर्नु पर्दछ । यसका लागि शिक्षण सिकाइको विधि, पद्धति तथा उपागमलाई विद्यार्थी केन्द्रित र सामग्री केन्द्रित गर्दै प्रयोगात्मक क्रियाकलापबाट गरेर सिक्ने अवस्थाको सुनिश्चितता गर्नु पर्दछ । अझ स्थानीय पाठ्यक्रम स्थानीय परिवेश, सन्दर्भ, पहिचान, पेसा व्यवसाय र प्रविधिसँग बढि नजिक तथा परिचित हुने भएकाले सान्दर्भिक शिक्षण सिकाइ मार्फत बालबालिकाहरुमा पाठ्यक्रमले तोकेका सक्षमता र सिकाइ उपलब्धि हासिल गराउन प्रयत्नशील रहनुपर्छ ।

| क्र.सं. | शिक्षण विधि | प्रयोग गर्न सकिने विषयवस्तुहरु |
|---|---|---|
| प्रयोग १ | गर्न सकिने छ : प्रयोगात्मक विधि | गरेर सिक्ने क्रियाकलापहरु यस विधि अन्तर्गत पर्दछन् । जस्तै : बिरुवा तथा जनावरको हेरचाह, वृक्षरोपण, पशुपालन, पंक्षीपालन, तरकारी खेती, गायन, वादन, नृत्य, अभिनय, हस्तकला र चित्रकलाद्वारा प्रदर्शन आदि । |
| २ | अवलोकन र परियोजना विधि | गरेर सिक्ने, सँगै बसेर सिक्ने, प्राकृतिक वातावरणमा सिक्ने, सिपको विकास हुने गरी एकल वा समूह, कक्षाकोठाभित्र तथा बाहिर यो विधि प्रयोग गर्न सकिन्छ । जस्तै : स्थानीय सेवाहरुको जानकारी, विभिन्न धार्मिक स्थल, जलसम्पदा, वन सम्पदा, नमुना निर्माण, पेसा, व्यवसाय र प्रविधिको अवलोकन गरी प्रतिवेदन तयारी गर्ने तथा एकल र समूहगत तथा कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर गरेर सिक्ने, पञ्च ज्ञानेन्द्रीयहरुको प्रयोगद्वारा सिक्ने क्रियाकलापहरु यस अन्तर्गत पर्दछन् । |

| क्र.सं. | शिक्षण विधि | प्रयोग गर्न सकिने विषयवस्तुहरु |
|---|---|---|
| ३ | क्षेत्र भ्रमण विधि | कक्षाकोठा बाहिर रहेका वस्तुहरुको प्रत्यक्ष अवलोकन गरी प्राप्त जानकारीको अभिलेख राख्ने (प्रतिवेदन, चित्र, चार्ट, भिडियो आदि) । जस्तै : धार्मिक स्थल, पर्यटकीय क्षेत्र, वन सम्पदा, पोखरी, ताल, खेती (तरकारी खेती, फलफूल खेती, पुष्पखेती), विभिन्न पालन (पशुपालन, पंक्षीपालन) आदि । |
| ४ | छलफल विधि | कुनै विषयवस्तुको बारेमा समूहगत, जोडीगत, कक्षागत रुपमा छलफल गरी निष्कर्ष निकाल्न प्रयोग गरिन्छ । जस्तै : सामुदायिक वनको महत्व, संरक्षण गर्ने उपायहरु, धार्मिक सम्पदाको संरक्षणका उपायहरु, बालबगैंचाको महत्व, हरित विद्यालयको लागि अवलम्बन गर्नुपर्ने पक्षहरु आदि । |
| ५ | समस्या समाधान विधि | कुनै समस्या दिई समाधानको लागि उपायहरु पहिचान गरी समाधान गर्ने कार्य यस विधिमा गरिन्छ । जस्तो : पुष्प खेती गर्ने, बासको चोयाबाट डालो बुन्ने, मकैको प्वाखबाट चकटी बुन्ने, वृक्षारोपण गर्ने, सरसफाइ गर्ने आदि । |
| ६ | प्रश्नोत्तर | जुन सुकै विषयवस्तुको उठान गर्दा, परियोजना कार्य वा क्षेत्रभ्रमण वा कक्षा कार्य वा समूह कार्य गराउँदा, विषयवस्तुको प्रस्तुती अघि, प्रस्तुतीकरणको समय र अन्तमा, सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । |
| ७ | घटना (मामला) अध्ययन | वरपरको कुनै विशेष घटनाको अध्ययन गरी त्यसको बारेमा प्रतिवेदन तयार गर्न लगाइ प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । बाढी, पहिरो, आगलागी, चट्यांग, तरकारी खेती, कुखुरापालन आदि । |
| ८ | प्रदर्शन विधि | कुनै वस्तु देखाएर सिकाउने विधि प्रदर्शन विधि हो । सामग्रीको अभाव भएको बेला शिक्षकले वस्तु वा चित्र प्रदर्शन गरेर सिकाउने गर्दछन् । जस्तै : तिलागुफानगरपालिकाको नक्सा आदि । यसमा श्रव्यदृश्य सामग्रीको प्रदर्शन समेत पर्दछ । जस्तै : तरकारी खेती, पशुपालन, कुखुरापालको भिडियो आदि । |
| ९ | सोधखोज विधि | विद्यार्थीमा नयाँ नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने जस्ता सिपको विकास गराउने, समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षको सोधखोज गरी वास्तविकता पत्ता लगाउने कार्यमा यस विधिको प्रयोग गर्न सकिन्छ । |
| १० | कथाकथन विधि | विषयवस्तुलाई रमाइलो, आकर्षक, उत्प्रेरणात्मक तरिकाले प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । जस्तै : धार्मिक स्थल, पेसा, व्यवसाय, प्रविधिको प्रयोग, संरक्षण, विकास र प्रवर्द्धन आदिलाई कथात्मक तरिकाले प्रस्तुत गर्न सकिन्छ । |

माथि उल्लेख गरिएका विधिहरुका साथै विषयवस्तुको प्रकृतिअनुसार अन्य विधिहरुको समेत प्रयोग गर्न सकिन्छ। विधिहरुको साथै विद्यार्थीको सिकाइलाई थप आकर्षक, तार्किक, समालोचनात्मक, सहभागितामूलक बनाउन विभिन्न रणनीति तथा तरिकाहरुको प्रयोग गर्न सकिन्छ । जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

(अ) मष्तिष्क मन्थन, (आ) जिग्सअ, (इ) सोच-जोडीमा छलफल-आदान प्रदान, (ई) जोडीमा पढाइ र जोडीमा सारांश, (उ) संक्षिप्त लेखन, (ऊ) परस्पर शिक्षण, (ए) घुलमिल/स्थिर/जोडी, (ऐ) ग्यालरी हिडाइ, (ओ) फिसबल छलफल, (औ) प्यानल छलफल आदि ।

## १४. विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अभिन्न अङ्गका रूपमा विद्यार्थीको नियमितरुपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ । यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइस्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । स्थानीय पाठ्यक्रममा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरुलाई आवश्यकताअनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्रभ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत संलग्न गराई सोही बमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको एकिन गर्नुपर्ने हुन्छ र आवश्यकताअनुसार सहजीकरण गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ, अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइस्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ । आधारभूत तहको विद्यार्थी मूल्याङ्कनलाई कक्षा १-३ को मूल्याङ्कन र कक्षा ४-८ को मूल्याङ्कनमा विभाजन गरी चर्चा गरिएको छ ।

### (क) कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कन

कक्षा १-३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ । पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुका साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइस्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइस्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुने छ ।

(अ) **मूल्याङ्कन विधि र प्रक्रिया**

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ। विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गरी राख्नुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात, विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्यको सही तरिकाले मूल्याङ्कन गर्ने साधनसमावेश गर्नु उपयुक्त हुने छ ।

(आ) **मूल्याङ्कनका तरिका र साधन**

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोतसाधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ। यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

सामान्यतया स्थानीय विषयकोपठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिकाहरु अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रुजु सूची, श्रेणीमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधनहरु प्रयोग गर्न सकिन्छ ।

(इ) विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ। यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुऱ्याउने प्रयास गर्नुपर्दछ। उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ। यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनु पर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनः अभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइक्षेत्रका सिकाइउपलब्धिहरूको सिकाइ परीक्षण पश्चात् सो सिकाइक्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरीप्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरसहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ। विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयद्वारा विद्यार्थीको सिकाइस्तरको सुनिश्चित गर्न, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका योजना निर्माणका लागि गरिन्छ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ। मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइपश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धिसहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावि सिकाइका योजना तय गर्नुपर्छ। प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावसँग छलफल सबैका लगि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ। नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थीका सबल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ। यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ।

**(ई) विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन र प्रयोग**

(१) **विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा व्यवस्थापन गर्नु पर्ने अभिलेखहरु:**

- प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ।
- कार्यसञ्चयिका फायलमा विद्यार्थीको व्यक्तिगत, पारिवारिक तथा स्वास्थ्य सम्बन्धी विवरण, कक्षा कार्य, परियोजना कार्य, उपलब्धि प्रतिशतका अभिलेख, हाजिरी विवरण, विद्यार्थीको प्रगति स्पष्ट हुन सहयोग पुग्ने खालका विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिलेवार मिलाई राख्नुपर्छ। यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ। यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्धसूची भित्री कभर पृष्ठमा राखिनुपर्छ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ। शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ।

(२) **विद्यार्थीको कार्यसञ्चयिकाको प्रयोग किन ?**

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन,
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन,
- अभिभावकले विद्यार्थीको कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न,

- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न,
- विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधार गर्न ।

**(उ) विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका**

(१) मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ ।

(२) हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गनुपर्छ। यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

(३) सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनेल सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ। यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनःमूल्याङ्कन गरी फाराममा उल्लेख भएअनुसार अभिलेखित गनुपर्छ ।

(४) सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ। शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।

(५) विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिको संख्या}} \times \text{१००}$$

(६) उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :

| क्र.सं. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Non Graded) |

(७) कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धिस्तरको अङ्कका आधारमा विद्यार्थीको विषयक्षेत्रगत समग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ। विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नानुसार निकाल्नुपर्छ :

$$\text{विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिको संख्या}} \times \text{१००}$$

**(ख) विद्यार्थी मूल्याङ्कन (कक्षा ४-८)**

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुवै किसिमका मूल्याङ्कन गरिनेछ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ। निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ ।

सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ। यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

**(अ) आन्तरिक मूल्याङ्कन**

आन्तरिक मूल्याङ्कनको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ। यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| सि. नं. | मूल्याङ्कनका पक्ष | अंक भार |
|---|---|---|
| १ | सहभागिता | ४ |
| २ | प्रयोगात्मक/परियोजना | ३६ |
| | (क) प्रयोगात्मक तथा परियोजना कार्यको तयारी (योजना) | ६ |
| | (ख) प्रयोगात्मक तथा परियोजना कार्य सञ्चालन र प्रतिवेदन/चार्ट तयारी/चित्र/तालिका तयारी र अभिलेखीकरण | २० |
| | (ग) परियोजना कार्य तथा प्रयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुतीकरण | ६ |
| | (घ) अन्तर्वार्ता | ४ |
| ३ | त्रैमासिक परीक्षा | १० |
| | **जम्मा** | **५०** |

निर्णयात्मक मूल्याङ्कनको कूल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिनेछ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिनेछ ।

**द्रष्टव्य :**

- सहभागिताअन्तर्गत उपस्थिति तथा सिकाइमा सहभागिता र सक्रियता पर्दछन् ।
- आन्तरिक मूल्याङ्कन तोकिएको भारमा नै गर्नुपर्ने छ । उक्त भारअनुसार नै अक्षराङ्कन पद्धतिअनुसार विद्यार्थीलाई नतिजाको ग्रेडसिट दिन सकिने छ ।
- त्रैमासिक परीक्षालाई ५० प्रतिशत अङ्कभारमा सञ्चालन गरी तोकिएको १० प्रतिशत अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ ।
- त्रैमासिक परीक्षामा सुरुदेखि पठनपाठन भएका सबै पाठ तथा एकाइबाट बाह्य परीक्षाको विशिष्टीकरण तालिकालाई आधार मानेर प्रश्न निर्माण गरी परीक्षा सञ्चालन गर्नुपर्ने छ ।
- एक शैक्षिक सत्रमा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ । उक्त परीक्षाको नतिजालाई निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्नुपर्ने छ ।
- वार्षिक रुपमा विद्यार्थीलाई ग्रेड सिट प्रदान गर्दा आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत अङ्कभार (सहभागिता ४, परियोजना कार्य, प्रयोगात्मक कार्य ३६, त्रैमासिक परीक्षा १०) को छुट्टै ग्रेड तथा बाह्य परीक्षाको ५० प्रतिशत अङ्कभारको छुट्टै ग्रेड कायम गरी आन्तरिक र बाह्य मूल्याङ्कन दुवैको औसत ग्रेड पोइन्ट (ग्रेड पोइन्ट एभरेज) कायम हुने गरी ग्रेड सिट तयार गर्नुपर्ने छ ।
- विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्नेछ । विशेष आवश्यकता भएका विद्यार्थीको मूल्याङ्कन गर्दा आवश्यकताअनुसार दृश्य तथा ठुला मुद्रित सामग्री, स्पर्शात्मक सामग्रीलगायतको उपयोग गर्नुपर्ने छ । प्रतिक्रियामा आधारित मूल्याङ्कनका लागि उपकरण, टङ्कण, साङ्केतिक भाषा वा सङ्केत प्रयोग गर्न उत्प्रेरित गर्नुपर्ने छ । कठिन तहको अपाङ्गता भएका विद्यार्थीलाई उनीहरूको स्तर, रुचि र आवश्यकताका आधारमा समय तालिका बनाई सोअनुसार मूल्याङ्कन गर्नुपर्नेछ ।

**विद्यार्थी मूल्याङ्कनको नतिजा विवरण (ग्रेड शिट) यसप्रकार हुनेछ :**

विद्यालयको नाम : ................................

विद्यार्थीको नाम :.................................... लिङ्ग:......................

कक्षा : ............ रोल न.......... जन्म मिति :.......................

**नतिजा विवरण (Grade Sheet)**

| क्र. सं. | विषय | पाठ्यघण्टा | ग्रेड | ग्रेड पोइन्ट | अन्तिम ग्रेड | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नेपाली (सैद्धान्तिक)<br>नेपाली (आन्तरिक) | २.५<br>२.५ | | | | |
| २ | अङ्ग्रेजी (सैद्धान्तिक)<br>अङ्ग्रेजी (आन्तरिक) | २.५<br>२.५ | | | | |
| ३ | गणित (सैद्धान्तिक)<br>गणित (आन्तरिक) | २.५<br>२.५ | | | | |
| ४ | विज्ञान तथा प्रविधि (सैद्धान्तिक)<br>विज्ञान तथा प्रविधि (आन्तरिक) | २.५<br>२.५ | | | | |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा (सैद्धान्तिक)<br>सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा (आन्तरिक) | २.५<br>२.५ | | | | |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला (सैद्धान्तिक)<br>स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला (आन्तरिक) | १.५<br>१.५ | | | | |
| ७ | मातृभाषा वा स्थानीय विषय (सैद्धान्तिक)<br>मातृभाषा वा स्थानीय विषय (आन्तरिक) | २<br>२ | | | | |
| **ग्रेड पोइन्ट औसत (Grade Point Average)** | | | | | | |

विषय शिक्षकको हस्ताक्षर : प्रधानाध्यापकको हस्ताक्षर :

नाम : मिति : नाम :

**(आ) आवधिक मूल्याङ्कन**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ। प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट प्रश्न समेटिएको हुनुपर्नेछ। यस विषयको प्रश्नहरु विशेष गरेर ज्ञान, बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ। अन्तिम परीक्षाको प्रश्नपत्र निर्माण गर्दा तपसिलको विशिष्टीकरण तालिकाको आधारमा गरिनेछ। यस पाठ्यक्रममा कक्षा ४-८ को विशिष्टीकरण तालिका विकास गरिएको छ। यसको आधारमा अन्तिम परीक्षा (५० पूर्णाङ्क) को प्रश्नपत्र बनाई मूल्याङ्कन गर्नु पर्नेछ।

## विशिष्टीकरण तालिका

विषय : स्थानीय पाठ्यक्रम (कक्षा ४-८)

| क्र. सं. | विषयक्षेत्र | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्च क्षमता | | | जम्मा प्रश्न संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो |
| १ | हाम्रो तिलागुफा | २ | १ | १ | | | | | | | | | | | | |
| २ | हाम्रो समाज, भाषा, धर्म, संस्कृति र सम्पदा | | | | २ | २ | १ | | | | | | १ | | | |
| ३ | कृषि, पेशा, व्यवसाय, पर्यटन र प्रविधि | | | | | | | २ | २ | २ | | | | | | |
| ४ | जीवनकला र अनिवार्य सिपहरु | | | | | | | | | १ | २ | २ | १ | | | |
| ५ | हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन | | | १ | | | | | | | २ | १ | | | | |
| जम्मा | | २ | १ | २ | २ | २ | १ | २ | २ | ३ | ४ | ३ | २ | १० | ८ | ८ |

**पुनश्च** : अंकभार अति संक्षिप्त १, संक्षिप्त २ र लामो ३ रहने छ। सामान्यतया अति संक्षिप्त प्रश्नहरू वस्तुगत प्रश्नहरू हुन् । संक्षिप्त प्रश्नको जवाफ ३-५ वाक्यमा र लामो उत्तर ७-१० वाक्यको अपेक्षा गरिएको छ ।

## अनुसूची १
## स्थानीय विषयको थिमगत उपलब्धि विवरण
## मूल्याङ्कन अभिलेखीकरण फाराम : कक्षा १

**विषय : स्थानीय पाठ्यक्रम (हाम्रो तिलागुफा)**

**विद्यार्थीको नाम :** **रोल नम्बर :**

### १. हाम्रो तिलागुफा

| सिकाइ उपलब्धि | मूल्याङ्कनका संभावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| आफ्नो परिवारका सदस्य तथा आफू बसेको गाउँटोलको नाम बताउन । | प्रश्नोत्तर | | | | |
| आफ्नो गाउँ वरपर रहेका नदी, खोला र बाटाको नाम बताउन । | प्रश्नोत्तर | | | | |
| आफ्नो विद्यालयको नाम र ठाउँ बताउन । | प्रश्नोत्तर | | | | |
| आफ्नो नगरपालिकाको नाम बताउन । | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### २. हाम्रो समाज, भाषा, धर्म, संस्कृति र सम्पदाहरु

| सिकाइ उपलब्धि | मूल्याङ्कनका संभावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| स्थानीय जातजातिहरू अनुसारका अभिवादन गर्न । | प्रश्नोत्तर | | | | |
| स्थानीय खेलहरूको सामान्य अभ्यास गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| हाम्रो सेरोफेरोका विभिन्न धार्मिक सम्पदाहरूको पहिचान गर्न । | प्रश्नोत्तर | | | | |
| आफू र आफू वरिपरिका जातजातिले मनाउने चाडपर्व, गीत, नाच र बाजाहरूको सामान्य परिचय दिन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| परिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरुमा गरिने क्रियाकलापहरु बताउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

३. कृषि, पेशा, व्यवसाय, पर्यटन र प्रविधि

| सिकाइ उपलब्धि | मूल्याङ्कनका संभावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| आफ्नो घरमा प्रयोग गरिने केही अन्नबाली,गेडागुडी, फलफूल, तरकारीको नाम र स्वाद बताउन । | प्रश्नोत्तर | | | | |
| आफ्नो घरमा वा छिमेकमा पालिने जनावर, पँक्षीको परिचय दिन । | प्रश्नोत्तर, अवलोकन | | | | |
| परिवारका सदस्यहरूकोपेशा, व्यापार व्यवसायको परिचय दिन । | प्रश्नोत्तर, अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

४. जीवनकला र अनिवार्य सिप

| सिकाइ उपलब्धि | मूल्याङ्कनका संभावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| आफ्नो सामानको स्याहार गरी सुरक्षित राख्न । | प्रश्नोत्तर | | | | |
| साथीलाई सिकाउने, सहयोग गर्ने जस्ता सहयोगात्मक व्यवहार गर्न । | प्रश्नोत्तर, अवलोकन | | | | |
| आफूलाई मन पर्ने साथीहरुमा भएका असल स्वभावहरुको पहिचान र अभ्यास गर्न । | प्रश्नोत्तर, अवलोकन | | | | |
| स्थानीयस्तरमा प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण,अवलोकन र अभ्यास गर्न । | अवलोकन, प्रश्नोत्तर | | | | |
| जङ्कफूड (पत्रु खाना) पचिान गर्न र नखाने बानी विकास गर्न । | प्रश्नोत्तर, अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### ५. हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन

| सिकाइ उपलब्धि | मूल्याङ्कनका संभावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| स्थानीय रुखबिरुवा, जडीबुटी, जंगली जनावर र ढुँगा खानीको नाम भन्न । | प्रश्नोत्तर, अवलोकन | | | | |
| स्थानीय धारा, कुवा, खोला, नदी जस्ता जलस्रोतहरूको नाम बताउन । | प्रश्नोत्तर, अवलोकन | | | | |
| घर, छिमेक र विद्यालयमा भएका बगैंचा, फूलबारीको संरक्षण गर्न । | प्रश्नोत्तर, अवलोकन | | | | |
| घर तथा विद्यालयमा भएको फोहर व्यवस्थापन गरी सरसफाइ कायम गर्ने कार्य गर्न । | प्रश्नोत्तर, अवलोकन | | | | |
| लाइनमा हिड्न,पालो पर्खन,जोखिम क्षेत्रमा नजान, कक्षाकोठामा सुरक्षित तरिकाले कार्य गर्न । | अवलोकन | | | | |
| स्थानीयस्तरमा भईरहेका र हुन सक्ने बिपद्हरु जस्तै: सडक दुर्घटना,करेन्ट लाग्ने,आगलागी, डुबान आदिबाट हुने विपद्हरुको चित्रात्मक पहिचान गर्न । | अवलोकन | | | | |
| विद्यालय र घरमा आउँदाजाँदा बाटोमा हुने जोखिमहरु जस्तै: बाटो बिग्रने, खोलानाला तर्ने, हावाहुरी चल्ने, बाटो काटने आदीको पहिचान गरी सावधानी अपनाउन । | अवलोकन र प्रश्नोत्तर | | | | |
| कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरु जस्तै: चोटपटक, करेन्ट, पहिरो खस्ने, ढुङ्गा खस्ने, आगलागि आदिको परिचय र सोबाट बच्ने सामान्य उपायहरु बताउन र सोको अनुसरण गर्न । | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत     शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## अनुसूची २
## स्थानीय विषयको थिमगत उपलब्धि विवरण
## मूल्याङ्कन अभिलेखीकरण फाराम : कक्षा २

विषय : स्थानीय पाठ्यक्रम (हाम्रो तिलागुफा)

विद्यार्थीको नाम : रोल नम्बर :

### १. हाम्रो तिलागुफा

| सिकाइ उपलब्धि | मूल्याङ्कनका संभावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| आफ्नो गाउँ वरपरका मुख्य टोल एवम् बाटोहरूको नाम, अवस्थिति र संक्षिप्त विशेषता बताउन । | प्रश्नोत्तर | | | | |
| आफ्नो घर नजिकै रहेका बजारको पहिचान गर्न । | प्रश्नोत्तर | | | | |
| लागुफा नगरपालिकाका नगरप्रमुख,उपप्रमुख र आफ्नो वडाका वडा अध्यक्ष र सदस्यहरूको नाम बताउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| नगरपालिकाको नक्सामा आफ्नो र छिमेकी वडाहरू पहिल्याउन । | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### २. हाम्रो समाज, भाषा, धर्म, संस्कृति र सम्पदाहरु

| सिकाइ उपलब्धि | मूल्याङ्कनका संभावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| स्थानीय जातजातिले बोल्ने भाषाको प्रयोग गरी अभिवादन गर्न र आफ्नो परिचय दिन र आफ्नो समुदायका वेषभूषाहरूको जानकारी दिन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| स्थानीय खेलहरूको सामान्य अभ्यास गर्न । | प्रश्नोत्तर | | | | |
| आफ्नो वडामा रहेका पर्यटकीय एवम् साँस्कृतिक स्थलहरुको पहिचान गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| हाम्रा वडाभित्र रहेका विभिन्न जातजाति र भाषाभाषी हरुको पहिचान गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| हाम्रो वडामा रहेका विभिन्न जातजातिहरुले मनाउने प्रमुख चाडपर्वहरुमा गरिने प्रमुख क्रियाकलापहरु भन्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| नगरपालिकाका प्रमुख ठाउँहरु र बजारहरुको संक्षिप्त परिचय दिन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### ३. कृषि, पेसा, व्यवसाय, पर्यटन र प्रविधि

| सिकाइ उपलब्धि | मूल्याङ्कनका संभावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| हाम्रा स्थानीय चुल्हो (अगेनो, भट्टि चुलो, सुधारिएको र ग्याँस चुलो) र परम्परागत भाँडाकुँडा जस्तै: हुन्डो, खट्करो, अम्खोरा,ताउलो, कलश पन्यु, डाडु, कराइ, ताप्के, करुवा, गाग्री, ताइताप्के, माना, पाथी, ठेकी, गाबु मदानी आदि) को पहिचान गर्न र प्रयोग गर्ने तरिका बताउन । | प्रश्नोत्तर | | | | |
| घरायसी कृषि उपज खेती जस्तै: अन्नबाली र तरकारी खेती गरिने तरिका, उपयोग गरिने तरिकाबारे जानकारी गराउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| घरमा पालिने पशुपंक्षी र तिला खोलामा पाइने माछा र उपयोगबारे जानकारी दिन । परीवार र छिमेकमा गरिने पेशा, ब्यवसायमा प्रयोग भैरहेका परम्परागत प्रविधिको परिचय दिन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### ४. जीवनकला र अनिवार्य सिप

| सिकाइ उपलब्धि | मूल्याङ्कनका संभावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| कक्षाकोठाका सामानको स्याहार गरी सुरक्षित ठाउँमा राख्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| साथीहरूलाई सहयोग गर्न र सहकार्य गर्ने जस्ता व्यवहार प्रदर्शन गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| आफूलाई मन पर्ने गीत, सङ्गीतर नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास प्रस्तुत गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र चाडपर्वहरु मनाउँदा गर्न हुने र गर्न नहुने कुराहरुको सूची बनाई जीवनमा त्यसको अभ्यास प्रस्तुत गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको अभ्यासका लागि कक्षाकोठाको सरसफाइ र सजावटमा ध्यान दिन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने बानीको अभ्यास प्रस्तुत गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| जङ्कफूड (पत्रु खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरु वर्णन गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## ५. हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन

| सिकाइ उपलब्धि | मूल्याङ्कनका संभावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| नगरपालिका भित्रका वनमा पाइने वन्जजन्तु र चराहरुको पहिचान गर्न । | प्रश्नोत्तर | | | | |
| वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरु पहिचान गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| करेसाबारी निर्माणमा सहभागी हुन । | प्रश्नोत्तर | | | | |
| विद्यालयमा बाल बगैंचा र वृक्षारोपणमा सहभागी हुन । | अवलोकन र प्रश्नोत्तर | | | | |
| नगरपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय दिन तथा उपयोग पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्न । | अवलोकन | | | | |
| फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्न । | अवलोकन र प्रश्नोत्तर | | | | |
| स्थानीय जल र वनको महत्व र उपयोगिता बताउन । | अवलोकन | | | | |
| हावाहुरी, चट्यांङ्ग, बाढि, आगलागी, पहिरो, सर्पदंश र जङगली जनावरको आक्रमण आदिबाट हुने विपद्को पहिचान र परिचय दिन । | प्रश्नोत्तर | | | | |
| घरभित्र हुने जोखिमहरु (छत, भऱ्याङ, बरण्डा, हातहतियार आदि) को परिचय दिन । | अवलोकन र प्रश्नोत्तर | | | | |
| घरभित्र हुने जोखिमहरूबाट बच्ने उपायहरु बताउन र सोको अनुसरण गर्न । | प्रश्नोत्तर, परियोजना कार्य | | | | |
| कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने वर्षा, हावाहुरी, करेन्ट, चट्याङ, बाढि, पहिरो र जङगली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरु बताउन । | अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br><br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

# अनुसूची ३
## स्थानीय विषयको थिमगत उपलब्धि विवरण
## मूल्याङ्कन अभिलेखीकरण फाराम : कक्षा ३

विषय : स्थानीय पाठ्यक्रम (हाम्रो तिलागुफा)

विद्यार्थीको नाम :                                   रोल नम्बर :

१. हाम्रो तिलागुफा

| सिकाइ उपलब्धि | मूल्याङ्कनका संभावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| तिलागुफा नगरपालिकाको भौगोलिक अवस्था एवम् हावापानीको परिचय दिन । | प्रश्नोत्तर | | | | |
| नगरपालिकाको नक्सा हेरी विभिन्न विषयवस्तुको जानकारी दिन । | अवलोकन र प्रश्नोत्तर | | | | |
| आफ्नो विद्यालयको परिचय दिन । | प्रश्नोत्तर | | | | |
| नगरपालिकामा रहेका विभिन्न बजार एवम् त्यहाँ पाइने सेवा वा व्यवसायको परिचय दिन । | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

२. हाम्रो समाज, भाषा, धर्म, संस्कृति र सम्पदाहरु

| सिकाइ उपलब्धि | मूल्याङ्कनका संभावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| नगरपालिकाभित्रका विभिन्न मुख्य समुदायमा प्रचलित संस्कार र मनाइने चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलाप वर्णन गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| नगरपालिकाका जातजाति (बाहुन, क्षेत्री, ठकुरी, दलित, अल्पसंख्यक) को परिचय दिन र विशेषता बताउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| स्थानीय परम्परागत खेलहरूको परिचय दिन र खेलहरुको अभ्यास गर्न । | अवलोकन र प्रश्नोत्तर | | | | |
| पर्यटकीय स्थलसहित तिलागुफाको परिचय दिन र विशेषता बताउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| तिलागुफा नगरपालिकाभित्र नाँचिने विभिन्न नाँचहरु (देउसी, भैलो,तीज, धामी नाँच, देउडा नाँच, झ्याउरे नाच) को परिचय दिन । | अवलोकन र प्रश्नोत्तर | | | | |
| हाम्रो भान्साका परिकार (आटो, ढिँडो, गुन्द्रुक, बडी कर्कलो, गाभा, लहरे पाप्रो, चाना, खाँदिको अचार, लाडु, अर्सा, सेलरोटी, दाल भात, खिर, सातु आदि) को महत्व र विशेषता बताउन । | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

३. कृषि, पेसा, व्यवसाय, पर्यटन र प्रविधि

| सिकाइ उपलब्धि | मूल्याङ्कनका संभावित साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| हाम्रा स्थानीय सामग्री (डोको, डालो, सुपो, नाङलो, छाप्री, भकारी, मुदुस, पेटारो, कोसी, ठेकी, मदानी, डाडु, पनियो, कराइ) को परिचय र उपयोगिता बारे बताउन । नगरपालिकाभित्र खेती गरिने प्रमुख अन्नबाली, तरकारी खेती, फलफूल खेती र पालिने पशुपन्छीको व्यावसायिक उत्पादनसम्बन्धी जानकारी दिन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| स्थानीय प्रविधिमा आधारित उद्योगहरूको परिचय दिन र तिनीहरुको महत्वबोध गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| स्थानीय खोलामा माछा मार्न प्रयोग गरिने परम्परागत औजारहरूको जानकारी दिन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| स्थानीयस्तरमा प्रयोग हुने परम्परागत प्रविधि एवम् औजारहहरू जस्तै: हलो, जाँतो, पानी घट्ट र आधुनिक प्रविधि एवम् औजार जस्तै: ट्रेक्टर, मील आदिको तुलना गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |


४. जीवनकला र अनिवार्य सिप


| सिकाइ उपलब्धि | मूल्याङ्कनका संभावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| स्थानीयस्तरमा आफूलाई मनपर्ने गीत,संगीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र तिनीहरुको प्रस्तुतिकासाथ प्रदर्शन गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्वहरु मनाउँदा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी र अभ्यास प्रस्तुत गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| आफू र अरुलाई पनि खुसी बनाउने कलाको विकास र अभ्यास प्रस्तुत गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास प्रस्तुत गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ध्यान केन्द्रित गर्ने योग तथा शारीरिक अभ्यास गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको विकास र अभ्यास प्रस्तुत गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |


| सिकाइ उपलब्धि | मूल्याङ्कनका संभावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| परीवार, मान्यजन र पाहुनालाई गरिने अभिवादन, शिष्टाचार, सत्कार एवम् सभ्य व्यवहार प्रदर्शन गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| हामीले घरमा खाने मुख्य खानाहरू र पत्रु खानाहरूको फाइदा बेफाइदा तुलना गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## ५. हाम्रो वन, वातावरण र विपद् व्यवस्थापन

| सिकाइ उपलब्धि | मूल्याङ्कनका संभावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| नगरपालिका भित्रको सामुदायिक वनजङ्गलको परिचय दिन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| नगरपालिका भित्रका वनमा पाइने वन्यजन्तु र चराहरुको परिचय दिन र महत्व बताउन । | प्रश्नोत्तर | | | | |
| स्थानीय बोटबिरुवाहरूको परिचय, महत्व तथा उपयोग बताउन । | प्रश्नोत्तर | | | | |
| घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न । | प्रश्नोत्तर | | | | |
| घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका बताउन र सदुपयोग गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| फोहोरमैला व्यवस्थापनको पहिचान गरी विद्यालयमा फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहभागी हुन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| व्यक्तिगत सामग्रीको हिफाजत, सरसफाइको परिचय दिन र सोको अभ्यास गर्न । | प्रश्नोत्तर | | | | |
| घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता जनाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| विपद्को परिचय दिन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| विपद्को किसिम (प्राकृतिक र मानव सिर्जित) छुट्टयाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| विद्यालयभित्र जस्तै:छत, बिजुली, भर्याङ ,बरण्डा, खेल सामग्री, फर्निचर, शौचालय आदिमा हुने जोखिमहरुको पहिचान गर्न । | प्रश्नोत्तर | | | | |
| विद्यालयभित्र हुने जोखिमबाट सावधानी अपनाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| भूकम्प र महामारीबाट सुरक्षित हुनका लागि आवश्यक सावधानी अपनाउन। | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |












प्रकाशक

तिलागुफा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

गाम्ने, कालिकोट

कर्णाली प्रदेश, नेपाल